३१२
# भक्तपुर
मासिक
Bhaktapur Monthly
श्रावण २०७९
ISSN 2705-4454




## 'ख्वप सः' को वार्षिकोत्सव

- नेमकिपाको मत देशघाती नागरिकता विधेयकको विपक्षमा
- सङ्घीयता कार्यान्वयनमा देखिएका चुनौती र समाधानका उपायहरू
- जगन्नाथ मन्दिर फेरि ठडिएला
- भाषासेवी मास्टर पशुपतिभक्त धौभडेल
- सय वर्षपछिको भक्तपुर
- मार्क्सको पर्यावरणीय शिक्षा
- नेपालको भूराजनीतिक अलमल
- भक्तपुर नपाका गतिविधि




भक्तपुर नपाबाट आयोजित २०७९ सालको गाईजात्रा पर्व (सापारू) को तयारीमा संस्कृतिकर्मीहरूको भेला (साउन ५ गते)



भक्तपुर नगरपालिकामा सापारू (गाईजात्रा) पर्वमा प्रदर्शन हुने सांस्कृतिक प्रदर्शनीका सांस्कृतिक मूल्याङ्कनकर्ताहरूको भेला (साउन १७ गते)

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì{ #(★cÆ (★g}; ⁼!$@★lj=; ⁼@)&(;fpg★A.D.2022

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)






'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

> ‘देशी भाषाको अनादर राष्ट्रिय आत्महत्या हो । विदेशी भाषाद्वारा शिक्षा पाउने पद्धतिले अपार हानी हुन्छ ।’– महात्मा गान्धी

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | ‘समाजवादउन्मुख अर्थनीतिले मात्रै देश विकास सम्भव छ’ | सुनिल प्रजापति | ३ |
| २) | नेमकिपाद्वारा संरा अमेरिकी युद्धपिपासु कदमको विरोध प्रेस वक्तव्य | नारायणमान बिजुक्छेँ (रोहित) | ६ |
| ३) | फोहोरमैला व्यवस्थापनको लागि सङ्घ, प्रदेश र स्थानीय तहहरूबीच समन्वय र सहकार्य आवश्यक | सुनिल प्रजापति | ७ |
| ४) | सङ्घीयता कार्यान्वयनमा देखिएका चुनौती र समाधानका उपायहरू | सुनिल प्रजापति | ९ |
| ५) | सय वर्षपछिको भक्तपुर (२) | नारायणमान बिजुक्छेँ | १२ |
| ६) | जगन्नाथ मन्दिर फेरि ठडिएला | गौरीबहादुर कार्की | १६ |
| ७) | इतिहास के हो र किन ? | विश्वमोहन जोशी | २१ |
| ८) | भूगोल के हो ? | विष्णुभक्त राजचल | २५ |
| ९) | भाषासेवी मास्टर पशुपतिभक्त धौभडेल | ओम धौभडेल | २९ |
| १०) | समालोचनाया सिद्धान्त (५) | प्रो माणिकलाल श्रेष्ठ | ३२ |
| ११) | मार्क्सको पर्यावरणीय शिक्षा | मार्टिन इम्प्सन | ३५ |
| १२) | ङालाकेगु जात्राको ज्योतिषीय महत्त्व र वैज्ञानिकता | डा.वीरेन्द्रप्रसाद कायस्थ | ४० |
| १३) | बक्सिङका राष्ट्रिय खेलाडी तथा निर्णायक दिनेश बासुकला | राजकुमार लघु | ४६ |
| १४) | विषाक्त खाद्यान्न आयातको विकल्पमा वैज्ञानिक कृषि फार्म सञ्चालन आवश्यक | सत्यराम कासिछ्वा | ४९ |
| १५) | नेपालको भूराजनीतिक अलमल | काओ लियाङ | ५० |
| १६) | भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय | – | ५२ |
| १७) | नगरपालिका गतिविधि | – | ६६ |
| १८) | ‘ख्वप सः’ को वार्षिकोत्सव | – | ७४ |
| १९) | वृक्षारोपण | – | ८५ |
| २०) | नियमित पाक्षिक सरसफाइ | – | ८६ |
| २१) | विजयीलाई बधाई र मतदातालाई धन्यवाद | – | ८७ |
| २२) | विविध समाचार | – | ८९ |
| २३) | का. शोभा प्रधान (बिजुक्छेँ) को श्रद्धाञ्जली सभा | – | १०० |
| २४) | संक्षेपमा | – | १०२ |
| २५) | नेपालको नागरिकता भनेको कागजको खोस्टा हो ?(सम्पादकको पृष्ठ) | – | ११६ |

**साथमा** बसिबियाँलो–२०/नेपालमा कोरोना–१०३/कृषि प्रधान देश छ मेरो–सुनिता गाइसी–१०४/केही गजल–नरेन्द्रप्रसाद जोशी–१०४/ख्वप अस्पताल–१०५/विश्वमा कोभिड–१९ को स्थिति–११०/२००६ सालको नगरपञ्चायत ऐन (६)–११२/हाम्रो स्वास्थ्य–११५



नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
**नगरको विकासमा सघाऔं ।**

# 'समाजवादउन्मुख अर्थनीतिले मात्रै देश विकास सम्भव छ'




– सुनिल प्रजापति,
प्रमुख, भक्तपुर नगरपालिका

नेपालको संविधान २०७२ को प्रस्तावनामा समाजवादको आधार तयार गर्ने उल्लेख छ भने धारा ४ मा नेपाल समाजवादउन्मुख, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भनी परिभाषित गरेको छ। साथै राज्यको निर्देशक सिद्धान्तमा समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य रहेको स्पष्ट पारिएको छ।

उत्पादनका मुख्य मुख्य साधनहरू सामाजिकीकरण, शिक्षा र स्वास्थ्य उपचारजस्ता जनताका आधारभूत आवश्यकताका विषयहरू निःशुल्क, रोजगारीको सुनिश्चितता र आर्थिक समानता हुने राजनैतिक व्यवस्था नै समाजवाद हो। संविधानअनुसार नेपाल त्यही दिशातर्फ उन्मुख हुनुपर्छ। हाम्रो नीति, योजना र कार्यक्रमहरू त्यही अनुरूप बन्नुपर्छ।

संविधानले निर्दिष्ट गरेको उद्देश्य प्राप्तिको लागि समाजवादी अर्थ नीतिबिना सम्भव हुँदैन। **विकास भनेको कुनै एउटा जिल्ला वा मन्त्रीको निर्वाचन क्षेत्र होइन।** समग्र देशलाई केन्द्रमा राखेर बनाएको योजनाबद्ध विकासले मात्रै देशलाई समृद्ध बनाउँछ। योजनाबद्ध र व्यवस्थित विकास गर्न नसक्दा कृषि, जलश्रोत, वन जङ्गल, जडिबुटी जस्ता प्रकृतिक श्रोत र साधनले सम्पन्न र सम्भावनै सम्भावनाको देश भएर पनि विकास हुन सकेन। उपलब्ध सीमित स्रोत र साधनलाई जनताका असीमित इच्छा आकाङ्क्षा पूरा गर्न अधिकतम सदुपयोग गर्नु योजना निर्माणको मुख्य उद्देश्य हुने गर्छ। **समाजवादी अर्थनीति अनुसार योजना निर्माण गर्दा व्यक्तिगत लाभ–हानिसँग होइन, सिङ्गो समाजको कल्याणलाई ध्यान दिएर योजनाहरू बनाउने गर्छ।** आत्मनिर्भर अर्थतन्त्रको विकासले मात्रै देशको विकास सम्भव छ। ७०–८० लाख युवाहरू विदेश पठाएर, देशको भए भरका कल कारखानाहरू कौडीको मूल्यमा निजीकरण गरी सम्पूर्ण सामान विदेशबाट आयात गर्नुपर्ने अवस्थाबाट देश अगाडि बढ्न सक्दैन।

योजनाबद्ध आर्थिक विकास पूर्वसोभियत सङ्घबाट सुरु भएको हो। पुँजीवादी देशहरूले २–३ सय वर्षमा गरेको विकास सोभियत सङ्घले ३०–४० वर्षमा गरेर देखायो। यो समाजवादी अर्थनीतिकै कारण सम्भव भएको हो। पुँजीवादी देशहरूले व्यक्तिगत फाइदाको निम्ति नाफालाई ध्यान दिएर उत्पादन गर्ने गर्छन् भने समाजवादी मुलुकहरूले त्यसको ठीक विपरीत समाजको आवश्यकतालाई प्राथमिकतामा राख्ने गर्छन्।

सङ्घ, प्रदेश र स्थानीय तहले राज्यको उद्देश्य प्राप्तिको लागि आ–आफ्नो स्रोत र साधनहरूको परिचालन गर्न योजनाहरू बनाएका हुन्छन्। केन्द्रीय तहमा राष्ट्रिय योजना आयोग र प्रदेश तहमा प्रदेश योजना आयोगको व्यवस्था छ **तर स्थानीय तहमा योजनासम्बन्धी कुनै स्पष्ट कानुनी बन्दोबस्त छैन।** स्रोत र साधनको अधिकत्तम प्रयोग हुने ठाउँ स्थानीय तह हो। कुनै पनि काम योजनाबद्ध हुन सकेन भने योजना असफल हुने मात्रै होइन राज्यकै निम्ति त्यो ठूलो चुनौती बन्न सक्छ।

स्थानीय तहहरू निर्वाचन घोषणापत्रलाई आधार बनाई नीति तथा कार्यक्रम तयार गरी त्यसैको आधारमा बजेटको व्यवस्था गर्दै अघि बढ्दैछन्। धेरै स्थानीय तहहरूले उपलब्ध स्रोतसाधन र जनशक्तिको आधारमा आवधिक योजनाहरू निर्माण गर्दैछन्।

राष्ट्रिय योजना आयोगले पन्ध्रौं आवधिक योजना बनाइसक्दा पनि त्यसले व्यवस्थित रूपमा देश विकासलाई अगाडि बढाउन सकेन। **योजना आयोगले बनाएका योजनाहरू मन्त्रालय र विभागका दराजहरूमा थन्किरहने, मन्त्री र सांसदहरूले खल्तीबाट निकालेका योजनाअनुसार काम हुने गरुन्जेल देशमा योजनाबद्ध विकास सम्भव छैन।** पहाडी सडक निर्माणमा इन्जिनियरले बनाएको नक्साभन्दा डोजर चालकले बनाएको सडकको आधारमा नक्सा बनाउने चलन छ। त्यसले एकातिर पहिरोको जोखिम बढेको छ भने अर्कोतिर वन जङ्गलको अनियन्त्रित ह्रास भई वातावरणमा प्रतिकूल असर परेकोतर्फ सबैको गम्भीर ध्यान जानु आवश्यक छ।

# नेपालमा सङ्घीयता र चुनौतीहरू :

नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयन भएको पनि ५ वर्ष भयो। प्रतिगमन विरोधी आन्दोलनमा सङ्घीयताको विषय उठेको थिएन। अन्तरिम संविधान २०६३ घोषणासँगै तराई आन्दोलन चर्केपछि त्यसलाई सम्बोधन गर्ने क्रममा संविधान संशोधन गरी सङ्घीयता संविधानमा उल्लेख हुन पुगेको हो। नेपालको संविधानले सङ्घीयतालाई निरन्तरता दिएको छ। विश्वमा धेरै प्रकारका सङ्घीयताका नमूनाहरू छन्। नेपालमा सङ्घीयताका सकारात्मक र नकारात्मक पक्षबारे बौद्धिक क्षेत्र र जनताबीच व्यापक छलफल र अन्तरक्रिया भएन। परिणाम अहिले सङ्घीय लोकतान्त्रिक गणतन्त्र 'बाँदरको हातमा नरिवल' जस्तै भएको छ।

नेपाल मजदुर किसान पार्टी सङ्घीयता कुनै सिद्धान्त र विचार नभइ राज्य सञ्चालनको एउटा ढाँचा मात्रै भएकोमा प्रष्ट थियो। कतिले सङ्घीयता प्राप्ति पछि जनताका सबै समस्याहरू समाधान हुने बताएका थिए। त्यो सत्य नभएको अहिले प्रष्ट भयो। **नेपाल मजदुर किसान पार्टीले विकेन्द्रीकरण र स्वायत्तताको पूर्ण कार्यान्वयन भएमा नेपालको लागि सङ्घीयता आवश्यक नभएको विचार त्यसबेला नै अघि सारेको थियो।** स्थानीय तह अधिकार सम्पन्न र बलियो भयो भने प्रजातन्त्रको जग बलियो हुन्छ र जनता बलिया हुन्छन्।

सङ्घीयताको अर्थ राज्यशक्ति बाँडफाँट हो। नेपालको संविधानको धारा ५६(२) मा राज्य शक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले संविधान र कानून बमोजिम गर्ने उल्लेख छ। यसले सङ्घ, प्रदेश र स्थानीय तह आ–आफ्नो क्षेत्रभित्र काम गर्न स्वायत्त र स्वतन्त्र छन्, कोही कसैको मातहत वा नियन्त्रणमा बस्न नपर्ने स्पष्ट छ।

तर हाम्रा प्रधानमन्त्री र मन्त्रीहरू नै सङ्घीयताबारे अस्पष्ट र संविधानविपरीत अभिव्यक्तिहरू दिनुहुन्छ। एकजना पूर्व प्रधानमन्त्रीले 'प्रदेश र स्थानीय तह' सङ्घको इकाइ मात्र भएको सार्वजनिक अभिव्यक्ति दिनुभयो। पूर्वमुख्यमन्त्रीले 'स्थानीय तह प्रदेशअन्तर्गत हुनुपर्छ' भन्नुभयो। यसले शासक दलका नेतृत्व तहमा बस्नेहरू स्थानीय तहलाई अधिकार दिनै नचाहेको पुष्टि गर्दछ।

संविधानले सङ्घ, प्रदेश र स्थानीय तह गरी ३ तहको सरकार स्वीकारेको अवस्थामा जिल्ला समन्वय समितिको आवश्यकता र औचित्यमाथि प्रश्न उठ्नु स्वाभाविक हो। कर उठाउने र खर्च गर्ने कुनै अधिकार नभएको जिल्ला समन्वय समिति खारेज गर्नु नै देशको हितमा हुनेछ।

संविधानको मूल मर्म र भावनाअनुसार जिल्लास्तरीय संरचनाहरू खारेज भई स्थानीय तह मातहतमा आइसक्नुपर्ने हो तर त्यसलाई सङ्घ सरकारले विभिन्न बहानामा पुनःस्थापित गर्ने प्रयास गर्दैछ। एउटै भूगोलभित्र एउटै विषयका धेरै संरचनाहरूले काम गर्दा बढी खर्चिलो हुनुका साथै काममा दोहोरोपना हुने गर्छ। **संविधानले जिल्लास्तरीय संरचनाको कल्पना नगरेको हुँदा ती सबै संरचनाहरू पालिकाअन्तर्गत लान ढिला गर्नुहुन्न।** कृषि, शिक्षा, स्वास्थ्य, वन, खानेपानी, नगर विकास, पुरातत्त्वलगायतका जिल्लास्तरीय संरचनाहरू यथावत रहनु सङ्घीय भावनाविपरीत छ।

संविधानले शिक्षामा मा.वि. तहसम्म सम्पूर्ण एकल अधिकार स्थानीय तहलाई दिएको छ। तर सङ्घले छुट्टै जिल्लास्तरीय संरचना खडा गरी कक्षा ८ भन्दा माथिका सबै कामहरू गर्दैछ। सिद्धान्ततः जसले तलब खुवाउँछ कर्मचारीहरू उसैको नियन्त्रणमा रहने गर्छन्। शिक्षकहरूलाई पालिकाले तलब खुवाउने तर उस माथिको नियन्त्रण सङ्घको रहनु उचित होइन।

प्रदेशहरूले जनताको हितमा योजनाबद्ध कामलाई अगाडि बढाउन नसक्दा प्रदेशको औचित्यमाथि नै प्रश्न उठ्यो। एक कार्यकाल पूरा हुन लाग्दासमेत प्रदेशको नामाकरणसम्म गर्न नसक्नु विडम्बना हो। अझ पालिकास्तरबाट हुने कतिपय स–साना विकास निर्माणको कामसमेत प्रदेश र सङ्घले गर्न खोज्दा जनतामा सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्यको राम्रो सन्देश गएन।

कतिपय विषयहरू सङ्घ र प्रदेशहरूले कानुन नबनाएसम्म स्थानीय तह अगाडि बढ्न नसक्ने अवस्थामा छन्। संविधानमा धेरै ओटा विषयमा 'प्रदेश कानुनबमोजिम' भन्ने उल्लेख गरिएको हुँदा स्थानीय तहले समस्या भोग्दैछन्।

स्थानीय तह कर्मचारीहरूको लागि प्रदेशको मुख ताक्नु पर्ने अवस्था छ। कर्मचारीको सरुवा, बढुवा र भर्नाको अधिकार स्थानीय तहबाट खोसिएको छ। आफैले कर्मचारी भर्ना गर्न नपाउने अवस्थामा कसरी स्थानीय तह बलियो र अधिकार सम्पन्न हुनसक्छ ?

सङ्घ र प्रदेशले स्थानीय तहलाई सामानीकरण अनुदान बढाउनुपर्नेमा सशर्त अनुदान बढाउँदैछ। **स्थानीयले सिफारिस गर्ने, सङ्घ र प्रदेशले योजना छनौट गर्नु विगतको एकात्मक राज्य व्यवस्थाकै निरन्तरता हो।** स्थानीय तहलाई जनताको आवश्यकता र प्राथमिकता थाहा हुने हुँदा योजना छनोटको सम्पूर्ण अधिकार स्थानीय तहलाई नै दिइनुपर्छ। अझ स्थानीय तहलाई अनुदान वितरणको लागि संविधानमै वित्त आयोगको व्यवस्था गरिएको छ। तर सरकारले अन्तर सरकारी वित्त हस्तान्तरण ऐन बनाएर लागू गर्‍यो र वित्त आयोगलाई सरकारको मातहतको इकाइको रूपमा विकास गर्न खोज्दैछ।

## सेवा प्रवाहमा भक्तपुर नगरपालिका :

### शिक्षा :

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले २०५८ सालमा १५ वर्षभित्र भक्तपुरमा **'एक घर एक स्नातक'** बनाउने घोषणा गर्नुभयो। त्यतिबेला भक्तपुर शिक्षामा निकै पछि परेको नगर थियो। कतिपयले त्यसलाई असम्भव र महात्त्वाकाङ्क्षी योजना भनी आलोचना पनि गरे। भक्तपुर नगरपालिकाले २०५६ सालमा ख्वप उ. मा. वि., २०५८ सालमा ख्वप कलेज र ख्वप इन्जिनियरिङ कलेजको स्थापना, २०६० सालमा ख्वप बहुप्राविधिक अध्ययन संस्थान, २०६५ सालमा ख्वप कलेज अफ इन्जिनियरिङको स्थापना र त्यसपछि शारदा कलेज र शारदा मावि जोडिएपछि ७ ओटा शैक्षिक संस्था सञ्चालन गर्दैछ। भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूमा हाल ७२ जिल्लाका ७ हजार विद्यार्थीहरू अध्ययनरत छन् भने **शिशुस्याहारदेखि स्नातकोत्तर तहसम्मका शैक्षिक संस्थाहरू नगरपालिकाले सञ्चालन गर्दैछ।** रु. ५ लाखसम्म शैक्षिक ऋण, वार्षिक ३ करोडभन्दा बढी रकम बराबरको छात्रवृत्ति प्रदान, भूगोल, इतिहास, संस्कृति, राजनीतिशास्त्र र नेपालभाषामा उच्च शिक्षा हासिल गर्न पी. एच. डी. सम्मका विद्यार्थीहरूलाई पूर्ण छात्रवृत्तिको व्यवस्था, विद्यार्थीहरूमा पठन संस्कृतिको विकासको लागि आधुनिक र सुविधा सहित नगरस्तरीय जनज्योति पुस्तकालय र वडा वडामा पुस्तकालयको सञ्चालन गर्दै सामुदायिक शिक्षण संस्थामा भौतिक पूर्वाधारहरूको उचित व्यवस्थासहित स्तरीय शिक्षा प्रदान गर्दैछ।

### स्वास्थ्य :

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित १०० बेडको ख्वप अस्पतालले दैनिक ७०० भन्दा बढी बिरामीलाई न्यून शुल्कमा स्वास्थ्य उपचार सेवा प्रदान गर्दै आएको छ। नगरवासीहरूलाई सहज स्वास्थ्य उपचारको लागि घरदैलो नर्सिङ सेवा र वडा वडामा चिकित्सकसहित स्वास्थ्य केन्द्रहरू स्थापना गरी उपचार सेवा प्रदान गर्दै आएको छ। त्यसबाहेक आँखा उपचार केन्द्र, श्वासप्रश्वास पुनःस्थापना केन्द्र, आयुर्वेदिक स्वास्थ्य केन्द्र सञ्चालनमा छन्। ख्वप अस्पतालले **बितेको ११ महिनामा १ लाख ५७ हजार भन्दा बढी सेवाग्राहीहरूलाई स्वास्थ्य उपचार सेवा प्रदान गरेको छ।**

### सम्पदा संरक्षण :

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले आजभन्दा दुई दशकअघि **'सय वर्षपछिको भक्तपुर'** नामको एक पुस्तक लेख्नुभयो। त्यसमा उहाँले भक्तपुरलाई संसारकै एउटा सुन्दर नगरको कल्पना गर्नुभयो। पुस्तकको एक पङ्क्ति यस्तो छ : 'भक्तपुरका सबै घरहरू मौलिक शैलीका, झिँगटीले छाएका, इँटा माटोबाट बनेका कलात्मक हुनेछन्। नगरका सबै ठाउँ बाहिरी पर्यटकहरूले भर्ने छन्। रातीको समयमा सबै पाटीहरूमा भजन गाइने छ र परम्परागत नाच देखाइनेछ। हरेक घरमा दुइ तीन ओटा विदेशी भाषा बोल्न सक्ने युवाहरू हुनेछन्। साँचो अर्थमा भक्तपुर नगर बिहान हेर्दा प्राचीन शहरजस्तो दिउँसो हेर्दा खुला विश्वविद्यालयजस्तो र राती हेर्दा झिलिमिली बत्तीले भरिएको कलात्मक र मौलिक शैलीका घरहरूले एउटी सुन्दरीजस्ती देखिने छ। यो नगर भित्र सवारी साधन चल्ने छैन। सबै मानिस पैदल हिँड्ने छन्।'

२०७२ सालको भूकम्पले भक्तपुरका धेरै घरहरू र सम्पदाहरूलाई क्षति पुऱ्यायो। विदेशीको सहयोगबिना भक्तपुरका जनताले आफ्नै पहलमा क्षतिग्रष्ट १२४ ओटा सम्पदाहरू पुनःनिर्माण र जीर्णोद्धार सम्पन्न गरिसकेका छन् भने दर्जनौं सम्पदाहरू पुनः निर्माणको क्रममा छन्। सय वर्ष पछिको भक्तपुरको दीर्घकालीन योजनाको आधार तयार गर्न भक्तपुर नगरपालिकाले पुरानो नगर भित्र घर निर्माण गर्ने घरधनीलाई इँटा, झिँगटी र काठको लागि अनुदान दिने क्रम चालू छ। जर्मनी सरकार र नेपाल सरकारबीच भक्तपुरको १० ओटा सम्पदा पुनः निर्माणको लागि रु. १ अर्ब २० करोड (१ करोड युरो) अनुदान सम्झौता भएकोमा **सम्झौतामा उल्लेखित शर्तहरू जनताको स्वाभिमानमा आँच पुग्न सक्ने देखेर त्यो रकम भक्तपुर नगरपालिकाले स्वीकार गरेन।**

### सरसफाइ :

घरघरबाट कुहिने र नकुहिने फोहोर अलग अलग सङ्कलन गरी सम्पूर्ण फोहोरको उचित व्यवस्थापन गर्दैछौं। घरबाट निस्किने फोहोर कम गर्न स्थानीय जनता, शिक्षकहरूसबैलाई कम्पोष्ट मल बनाउने, कौसी खेती, कृषि प्राविधिक तालिम जस्ता सघन तालिमहरू दिँदैछौं। त्यसलाई अहिले पनि निरन्तरता दिँदै आएको छ। **कुहिने फोहोरको कम्पोष्ट मल बनाएर बिक्री गर्दै त्यसबाट केही आम्दानी पनि गर्दैछौं।**

### खेलकुद :

सबै नागरिक स्वस्थ हुन पाउने अधिकार सुरक्षित राख्न चोक चोकमा व्यायामशाला, नियमित ६ ओटा खेलको प्रशिक्षण, विद्यालयहरूमा पूर्णकालीन खेल प्रशिक्षकहरूको नियुक्तिका साथै अन्तर नगर खेलकुद र अन्तर विद्यालय खेलकुद प्रतियोगिता सञ्चालन गर्दै **खेलकुदलाई नागरिक जीवनको अभिन्न अङ्गको रूपमा विकास गर्ने प्रयास** गर्दैछौं। साथै ठाउँ ठाउँमा खेलकुद कभर्ड हलको निर्माणको

## नेमकिपाद्वारा संरा अमेरिकी युद्धपिपासु कदमको विरोध
## प्रेस वक्तव्य

'चीनको अभिन्न अङ्ग थाइवानमा भ्रमण नगर्न चीनले बारम्बार गरेको आग्रह र भ्रमण गरेको खण्डमा परिणाम खतरनाक हुने चेतावनीबीच २ अगष्ट, मङ्गलबार संयुक्त राज्य अमेरिकाको प्रतिनिधिसभाको सभामुख नान्सी पेलोसी थाइवान पुगेको र उत्तेजनात्मक अभिव्यक्ति दिएको खबर सार्वजनिक भयो। चीनले त्यस कार्यलाई चीनको सम्प्रभुतामाथि ठाडो हस्तक्षेप, भूअखण्डतामाथि खलल पुऱ्याउने तथा थाइवान जलडमरुमा शान्ति र स्थिरतामाथि गम्भीर क्षति पुऱ्याएको बतायो। चीनले 'आगोसँग खेल्नेले भस्म हुन तयार हुनुपर्ने' कडा प्रतिक्रियासमेत दियो। संरा अमेरिका स्वयम्ले विगतमा 'एक चीन नीति' लाई स्वीकार गरेको यथार्थ जगजाहेर हुँदाहुँदै 'चिनियाँ मुख्य भूमिबाट थाइवानलाई अलग्ग' बनाउने धम्कीपूर्ण अभिव्यक्ति दिनु साम्राज्यवादी आक्रामक नीति निन्दनीय छ। त्यो कार्य सन् १९७१ मा गरिएको संयुक्त राष्ट्रसङ्घको २५७८ घोषणा विपरीत छ र विभिन्न कालखण्डमा चीन-संरा अमेरिकाबीच भएका अन्य सम्झौताको मर्मविपरीत पनि छ।

संरा अमेरिकाले युद्ध उत्तेजनात्मक गतिविधि केही समयदेखि तीव्र पारेको जगजाहेर छ। 'चीन घेर्ने नीति' अन्तर्गत हिन्द-प्रशान्त रणनीति, एमसीसी, क्वाड, अउकस आदि नीति र सङ्गठन निर्माण गरी क्षेत्रीय शान्ति तथा विश्वशान्ति खल्बल्याउने कार्य हो। चिनियाँ भूमिमा अस्थिरता फैलाउने, थाइवानमा क्रियाशील विखण्डनकारी सङ्गठनलाई पोस्ने, दक्षिणी चीन सागरमा उत्तेजनात्मक गतिविधि गर्ने र चीनविरुद्ध 'शीत युद्ध' को अभ्यास गर्ने कार्य गर्दै आएको सर्वविदित छ। त्यसैको सिलसिलाअन्तर्गत पेलोसीको थाइवान भ्रमण भएको प्रस्ट छ। निश्चयपनि, यसको परिणाम बाइडेन प्रशासनले भोग्नुपर्ने छ भन्ने चिनियाँ घोषणा देशभक्तिपूर्ण छ।

नेपाल मजदुर किसान पार्टीले संरा अमेरिकी साम्राज्यवादको एसियामा नयाँ युद्ध थोप्ने चालबाजीको विरोध गर्दै आएको छ। नेमकिपा एसिया महादेश र विश्वमा अशान्ति फैलाउने कार्य बन्द गर्न माग गर्दछ। चीनको सम्प्रभुताको कदर गर्नु र 'एक चीन नीति' साँचो अर्थमा पुनः अडिग भएर प्रस्तुत हुनु स्वयम् संरा अमेरिकाको निम्ति हितकारी हुनेतर्फ नेमकिपा बाइडेन प्रशासनको ध्यानाकर्षण गर्दछ।

थाइवान चीनको अभिन्न अङ्ग हो भन्नेबारे नेपाली शान्तिप्रिय जनता तथा कामदार जनता दृढ छन्। एसियाली र संसारका अन्य मानिसहरूझैं नेपाली जनता पनि युद्ध चाहँदैनन्, शीतयुद्ध अगाडि बढेको मन पराउँदैनन्। तसर्थ, नेमकिपा र नेपाली कामदार तथा शान्तिकामी नेपाली जनता संरा अमेरिकी सरकारको संसारका विभिन्न भाग र देशहरूमा झगडाको 'आगो झोस्दै' हिंड्ने कार्यको विरोध एवम् निन्दा गर्दछ। विश्वभरि शान्ति, विकास र मानव जातिको 'साझा भविष्य' का निम्ति प्रयत्नरत चीन, चिनियाँ कम्युनिस्ट पाटीको नेतृत्व तथा चिनियाँ जनताको उद्देश्यप्रति नेमकिपा ऐक्यबद्धता प्रकट गर्दछ, साम्राज्यवाद र अन्यायपूर्ण युद्धको विरोध गर्दछ र संरा अमेरिकालाई आफ्नो युद्धपिपासु नीति तुरुन्त त्यागनसमेत आग्रह गर्दछ।'

नारायणमान बिजुक्छेँ (रोहित)
अध्यक्ष, केन्द्रीय समिति
नेपाल मजदुर किसान पार्टी

२०७९ साउन १८

क्रम जारी छ।

व्यवस्थित सहर निर्माणको लागि १६५३ रोपनी जग्गामा देको मिवा इतापाके **आवास योजना** सञ्चालनमा छ भने **सहकारी ऐन** बनाई सहकारी संस्थाहरूलाई नियमन गर्दैछौं।

स्वायत्तताको अभ्यास गर्दै आएको भक्तपुर नगरपालिकाले **आफ्ना हरेक गतिविधि जनसमक्ष पुऱ्याउन** 'भक्तपुर' मासिक, 'ख्वप पौ' पाक्षिक (नेपालभाषा), ख्वप सः एफएम कार्यक्रम, भक्तपुर खबर डट कम अनलाइन पत्रिका, भक्तपुर म्युनिसिपालिटी फेसबुक पेज नियमित सञ्चालन गर्दै आएकोमा अब 'ख्वप टेलिभिजन' सञ्चालन गर्न स्वीकृति पाइ सकेको हुँदा छिटै परीक्षण प्रसारण सुरु गरिनेछ।

**युवाहरूलाई सीपमूलक तालिम** दिई आत्मनिर्भर बनाउन चिनियाँ भाषा, जापानी भाषा, डकर्मी, सिकर्मीलगायत कृषिसँग सम्बन्धित धेरै किसिमका तालिमहरू दिंदैछौं।

आफ्नो कामलाई व्यवस्थित गर्न नगरपालिकाले हालसम्म **कूल ४८ ओटा कानुन बनाई** ती सबै कानूनहरू कार्यान्वयनमा छ।

संविधान र कानुनले प्रदान गरेको अधिकार क्षेत्रभित्र रही भक्तपुर नगरपालिकाले नीति निर्माण गर्ने, त्यसको कार्यान्वयन गर्ने र व्यापक जनताको हितको निम्ति शिक्षा र स्वास्थ्यजस्ता विषयहरू न्यून शुल्कमा सेवा प्रदान गर्दै **समाजवादउन्मुख काम गर्दै आएको** प्रष्ट पार्न चाहन्छु। धन्यवाद।

*(नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा आयोजित दुईदिने 'चौथो राष्ट्रिय सम्मेलन' अन्तर्गत असार २४ गते भएको 'सङ्घीय व्यवस्थामा नीति, योजना र सेवा प्रवाह' विषयक कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले व्यक्त गर्नुभएको मन्तव्य)*

# फोहोरमैला व्यवस्थापनको लागि सङ्घ, प्रदेश र स्थानीय तहहरूबीच समन्वय र सहकार्य आवश्यक



– सुनिल प्रजापति

स्वच्छ र सफा वातावरणमा बस्ने सबै नागरिकको मौलिक हक हो। फोहोरमैला व्यवस्थापन हामी सबैको लागि चुनौती बन्दै छ। मानव सभ्यताको विकाससँगै फोहोरमैलाको उत्पत्ति भएको देखिन्छ। तर त्यतिबेला फोहोर व्यवस्थापन आजको जस्तो समस्याको विषय थिएन। अहिले पनि ग्रामीण क्षेत्रमा बसोबास गर्नेहरूका लागि कुनै समस्याको विषय होइन किनभने किसानहरू खानपानबाट बाँकी रहेका वस्तुहरू वस्तुभाउलाई खुवाउने वा कम्पोष्ट मल बनाउने गर्छन्। प्लाष्टिकजन्य वस्तुहरू जलाइने वा सामान्य रूपमा फोहोर व्यवस्थापन गर्ने गर्दै आएका छन्।

सहरी क्षेत्रमा फोहोर व्यवस्थापन झनै चुनौती बनेको छ। पहिले पहिले फोहोर व्यवस्थापन गर्न खोला किनारमा फाल्ने गर्थे भने पछि नगरपालिकाको अवधारणाको विकाससँगै फोहोरमैला व्यवस्थापनको जिम्मेवारी नगरपालिकालाई तोकियो। सफाइ मजदुरको व्यवस्था गरी नगरपालिकाहरूले आफै फोहोरको व्यवस्थापन गर्दै आएकोमा सन् १९८१–१९९३ सम्म जर्मन प्राविधिक सहयोग एजेन्सी (जीटीजेड) ले जिम्मेवारी लियो। मौलिक शैलीमा फोहोर व्यवस्थापन गर्दै आएकोमा विदेशी सङ्घ संस्थाको प्रवेशसँगै समस्या देखियो। देशमा राजनैतिक परिवर्तनपछि कर्मचारीहरूमा फेरबदल, फोहोरमासमेत राजनीतिको फोहोरी खेलको प्रवेशले समस्या झन जटील हुन पुग्यो। त्यसैको निरन्तरताको रूपमा अहिले काठमाडौँ उपत्यकाले फोहोर व्यवस्थापनको समस्या भोगिरहेको छ।

विश्वका कतिपय विकसित देशहरूले फोहोरलाई आम्दानीको राम्रो स्रोत बनाइरहेको देख्छौँ। स्केन्डेनेभियन देशहरू (स्विडेन, नर्वे, फिनल्याण्ड, आइसल्याण्ड र डेनमार्क) ले फोहोरलाई राम्रो आयको स्रोतको रूपमा लिन्छन्। सन् २०२० सम्ममा स्विडेनले डम्प गर्नुपर्ने फोहोर १ प्रतिशतमा पुऱ्याउने लक्ष्य लिएकोमा सफल भएको र अहिले स्विडेनले बेलायत, नर्वेलगायतका देशहरूबाट फोहोर खरिद गरेर ऊर्जा निकाल्दै त्यसबाट राम्रो आम्दानी गरिरहेको पाउँछौँ। **ती देशहरूले पहिले डम्प गरिराखेको फोहोरसमेत निकाल्दै ऊर्जामा रूपान्तरण गरिरहेको सुन्छौँ।** के नेपालले त्यस्ता देशहरूबाट सिक्न सक्दैन ? त्यहाँका बस्तीहरूबीच ठाउँ–ठाउँमा लामो चिम्नी भएका इन्सिनरेटरहरू देख्न सकिन्छ। न गन्ध न धुँवाको समस्या छ त्यहाँ। कसरी सम्भव भयो त्यो ?

नेपालमा भक्तपुर नगरपालिकाले अस्पतालको फोहोर जलाउने इन्सिनरेटर ल्याउन प्रयास गऱ्यो। वातावरण मन्त्रालयले **'कानुनमा व्यवस्था नभएको'** भन्दै पटक पटक फिर्ता पठायो। के अस्पतालहरूको फोहोर व्यवस्थापनको काम स्थानीय तहको मात्रै जिम्मेवारी हो ? सहजकर्ताको भूमिका केन्द्र र प्रदेशले खेल्नुपर्ने होइन ? हामी आशा गर्छौं – उपत्यकामा रहेका सबै अस्पतालहरूको फोहोर सङ्घ सरकारले उचित व्यवस्थापन गर्न कानुनी व्यवस्था होस्।

जापानले ज्वलनशील, जल्न नसक्ने, पुनःप्रयोग गर्न नसकिने र ठूला आकारका फोहोर अलग अलग व्यवस्थापन गर्ने गर्छ। सबै नागरिकहरूले फोहोरको प्रकारअनुसार विभिन्न रंगको प्लाष्टिकको झोला प्रयोग गर्छन्। त्यहाँका नागरिकहरू फोहोर व्यवस्थापनमा अत्यन्त सचेत भएको बताइन्छ। त्यहाँ कुहिने फोहोरमा एउटा पनि नकुहिने फोहोर राखिएको हुँदैन भनिन्छ। करिब ५ लाख बासिन्दाहरू बस्ने ठाउँमा झन्डै १० मेगावाटको बिजुली निकाल्ने व्यवस्था, त्यही बिजुली जनताको लागि सस्तोमा प्रयोग गर्न सरकारले नै बिक्री गर्ने गरेको सुन्दा हामीलाई आश्चर्य लाग्छ।

नेपालले जापान र स्केन्डेनेभियन देशहरूले गरेजस्तै गर्न नसकेपनि नयाँ नयाँ प्रविधिको आधारमा फोहोर व्यवस्थापन गर्न खोजिएमा नसकिने भने होइन। **फोहोरबारे जनचेतना जगाउनु मुख्य कुरा हो।** स्थानीय तहको महत्त्वपूर्ण जिम्मेवारी पनि यही हो। भक्तपुर नगरपालिकाले फोहोरमैला व्यवस्थापन सम्बन्धी दुईओटा ऐन बनाएर कार्यान्वयन गर्दै आएका छौँ –

१) भक्तपुर नगरपालिका क्षेत्रको सरसफाइ सम्बन्धी ऐन २०७६, र

२) भक्तपुर नपाको वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी ऐन २०७७।

उपरोक्त ऐनहरूलाई कार्यान्वयन गर्दै आएको भक्तपुर नगरपालिकाले सरसफाइको लागि १४० जना कर्मचारी, सोहीअनुसारको गाडीहरू र झन्डै वार्षिक रु. १३ करोड खर्च गर्दै आएको छ। ती ऐनहरूमा जथाभावी फोहोर गर्नेहरूका लागि दण्ड जरिवानाको व्यवस्था गरिएको छ। जनतालाई दण्ड जरिवानाभन्दा सचेतनालाई नै नगरपालिकाले जोड दिँदैछ। हरेक दिन वडा वडामा फोहोर सङ्कलन गर्न जाने गाडीहरूमा फोहोर गर्नेहरूलाई गरिने कारबाहीबारे सूचना जारी गरिएको हुन्छ। आजभन्दा ४ वर्ष अघिदेखि कुहिने र नकुहिने फोहोर अलग अलग दिन सङ्कलन गर्दै आएका छौँ। हाम्रो अध्ययनले ६५ प्रतिशत कुहिने र ३५ प्रतिशत नकुहिने फोहोर (११ प्रतिशत प्लास्टिक) निस्कने देखिन्छ। **कुहिने फोहोरबाट कम्पोष्ट मल निर्माण गरी किसानहरूलाई सस्तोमा बिक्री गर्दै आएको र पुनःप्रयोग गर्न सकिने फोहोर बिक्री गरी त्यसबाट केही पैसा आर्जन** गर्दै आएका छौँ। सल्लाघारी र हनुमानघाटमा २ ओटा **फोहोर पानी प्रशोधन केन्द्र निर्माण** गर्दै खोला सफाइ गर्ने क्रममा छौँ। जग्गाको अभावमा छुट्टै डम्पिङ साइट नहुँदा भक्तपुर नपालाई समस्या भइरहेको छ।

फोहोरलाई स्रोतबाटै कम गर्ने र छुट्याई सङ्कलन गर्ने नीतिअनुसार भक्तपुर नगरपालिकाले प्रत्येक घरमा २/२ ओटा **बाल्टिन र कम्पोष्ट बिन** वितरण गरेको थियो भने कम्पोष्ट मल बनाउन सघन रूपमा नगरवासीहरूलाई तालिम दिँदैछौँ। **कौसी खेती र कम्पोष्ट मल बनाउने व्यापक तालिमले कुहिने मल घरघरबाटै निस्कन कम भएको र फोहोर मैला व्यवस्थापनमा केही सहज भएको** हाम्रो अनुभव छ।

**नेपालमा ऐन–कानूनको समस्या होइन, समस्या कार्यान्वयनको हो।** यसअघि नै वातावरण तथा सरसफाइसम्बन्धी थुप्रै ऐन–कानूनहरू निर्माण भइसकेका छन्। ती कानूनहरूमा वातावरण सुधारदेखि सरसफाइको काममा घर परिवारदेखि नै जिम्मेवार बनाउनुपर्ने उल्लेख छन्। तर कार्यान्वयन क्षेत्र निकै कमजोर छ।

निजी क्षेत्रलाई फोहोर सङ्कलन गर्ने जिम्मेवारी दिनु उचित होइन। **निजीलाई दिएकै कारण काठमाडौँ उपत्यकामा फोहोरको समस्या देखिएको हो।** निजी क्षेत्र नाफाको निम्ति काम गर्ने व्यापारी हो। उसले जनताको स्वास्थ्यमा प्रतिकूल असर पर्छ पर्दैन भन्दा नाफातिर बढी ध्यानकेन्द्रित गरेको हुन्छ। यसर्थ निजी क्षेत्रलाई फोहोरमैला व्यवस्थापनको जिम्मेवारी दिन नहुनेमै जोड दिन्छौँ र स्थानीय तहहरूले सङ्घ र प्रदेश सरकारको समन्वय र आर्थिक सहयोगमा उचित व्यवस्थापनतर्फ ध्यान दिनु जरुरी छ।

## केही सुझावहरू :

**क)** फोहोर व्यवस्थापनबारे स्पष्ट कानुनको व्यवस्था हुनुपर्ने, कानुनमा सङ्घ, प्रदेश र स्थानीय तहको आ–आफ्नो जिम्मेवारी तोकिनु पर्ने,

**ख)** फोहोरमैला व्यवस्थापनको जिम्मेवारी निजी क्षेत्रलाई नदिने कुरा कानुनमै स्पष्ट उल्लेख हुनुपर्ने,

**ग)** नगरपालिकाहरूले फोहोरबाट ग्यास, कम्पोष्ट मल बनाएको अवस्थामा सङ्घ र प्रदेश सरकारले उचित आर्थिक सहयोगको व्यवस्था गर्नुपर्ने,

**घ)** घरघरबाटै कुहिने र नकुहिने वस्तुहरू छुट्याएर सङ्कलनमा सहयोग गर्न नागरिकको कर्तव्यमा राख्नुपर्ने,

**ङ)** स–साना ग्यास प्लान्ट, कम्पोष्ट मल कारखाना बनाउन सरकारले प्रोत्साहित गर्नुपर्ने,

**च)** होटल, रेष्टुरेन्ट, उद्योग–कारखाना र अस्पतालहरूले स–साना इन्सिनरेटर प्रयोग गर्न सरकारले सहुलियत दिनुपर्ने,

**छ)** हरियाली प्रवर्द्धनलाई विशेष जोड दिनुपर्ने,

**ज)** घर–घरमा कम्पोष्ट मल बनाउन उत्साहित गर्नुका साथै कौसी खेतीसम्बन्धी तालिम दिई कुहिने फोहोर घरबाटै कम गर्ने नीति लिनुपर्ने,

**झ)** फोहोर व्यवस्थापनमा अध्ययन अनुसन्धान गर्नेहरूको लागि आर्थिक सहयोगको नीति लिनुपर्ने, र

**ञ)** फोहोर गर्नेहरूलाई कडा दण्ड जरिवानाको व्यवस्था गर्नुपर्ने।

संविधानको भावनाअनुसार सबै नागरिक स्वच्छ र सफा वातावरणमा बस्न पाउने हक सुनिश्चितताको लागि सङ्घ, प्रदेश र स्थानीय तहहरूले आ–आफ्नो क्षेत्रबाट समन्वय र सहकार्यको भूमिका खेल्नुका साथै सबै नागरिकलाई आ–आफ्नो कर्तव्यप्रति सचेत बनाउन आवश्यक छ। यसैमा फोहोरमैला व्यवस्थापनसम्बन्धी कानुनको सार्थकता रहनेछ। **सफाइ गर्नु सबै नागरिकको साझा जिम्मेवारी हो भन्ने भावनाबाट अगाडि बढौँ।** काठमाडौँ उपत्यका सफा, सुन्दर र स्वच्छ बनाउन सबैले आ–आफ्नो क्षेत्रबाट सहयोग गरौँ!

*(२०७९ साउन ६ गते, शुक्रबार फोहोरमैला व्यवस्थापन राष्ट्रिय नीति २०७९ अनुकूल हुने गरी फोहोरमैला व्यवस्थापनसम्बन्धी काठमाडौँ उपत्यकाका स्थानीय तहका प्रमुख र उपप्रमुखहरूबीच भएको अन्तरक्रियात्मक छलफल कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिबाट व्यक्त मन्तव्य)*

# सङ्घीयता कार्यान्वयनमा देखिएका चुनौती र समाधानका उपायहरू



– सुनिल प्रजापति, प्रमुख–भक्तपुर नगरपालिका

सङ्घीयता नेपालको लागि राज्य सञ्चालनको नयाँ प्रणाली वा अभ्यास हो। जनआन्दोलनको बेला सङ्घीयताबारे चर्चा नभए पनि तराई आन्दोलनलाई सम्बोधन गर्ने क्रममा अन्तरिम संविधान २०६३ मा सङ्घीयता थप गरिएको हो। कतिपय राजनैतिक दलका नेतृत्वले सङ्घीयता स्थापित भएमा '१० वर्षभित्र नेपाल स्वीट्जरल्याण्ड वा सिंगापुर बनाउने' सपना पनि नबाँडेका होइनन्। तर बौद्धिक जगत र जनताबीच सङ्घीयताबारे व्यापक छलफल र अन्तरक्रियाबिना पारित भएको हुँदा आज कार्यान्वयनमा सकस भइरहेको छ। नेपालको संविधान (२०७२) ले सङ्घीयतालाई संस्थागत गरेपछि अहिले हामी त्यसको अभ्यास गर्दैछौँ। संविधान र कानुनमा सङ्घीयता आए पनि शासन सत्तामा बस्ने नेता, प्रधानमन्त्री, मन्त्रीहरू र माथिल्लो तहका सङ्घीय कर्मचारीहरूमा भने एकात्मक शासन व्यवस्थाकै सोच र चिन्तन कायम छ।

सङ्घीयताको अर्थ अधिकार र जिम्मेवारीको बाँडफाँट हो। संविधानले सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार प्रष्ट पारेको छ। संविधानको धारा ५६ (२) मा **'राज्य शक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुन बमोजिम गर्नेछन्'** भन्ने उल्लेख छ। हाम्रा पूर्वप्रधानमन्त्री प्रदेश र स्थानीय तह सङ्घको 'इकाइ' मात्र हुन् भन्न पछि पर्नु भएन। वास्तवमा प्रदेश र स्थानीय तह न सङ्घको इकाइ हो न ती सरकारहरू कसैको मातहतमा बस्नु नै पर्छ। संवैधानिक व्यवस्थाअनुसार सङ्घ, प्रदेश र स्थानीय तह आ-आफ्नो क्षेत्रमा स्वायत्त र स्वतन्त्र छन्। संविधानको धारा ६० मा **'सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजश्व उठाउन सक्नेछन्'** भन्ने व्यवस्था छ।

सङ्घीयताको ५ वर्षको अभ्यासले कतिपय प्रदेशहरूले आफ्नो औचित्य पुष्टि गर्न नसकेको आवाज पनि उठ्यो। २/४ लाखको वडास्तरीय योजनासमेत प्रदेशस्तरको योजनामा समावेश गर्न खोज्दा प्रदेशको औचित्यतामाथि प्रश्न उठेको हो। सङ्घ, प्रदेश र स्थानीय तहले योजना छनौट गर्दा निश्चित सीमा हुनुपर्ने हो। सङ्घले रु.२५ करोडभन्दा माथिको योजना, प्रदेशले रु. ५ करोडदेखि २५ करोडसम्मको योजना र ५ करोडभन्दा कमको योजना स्थानीयको जिम्मा लगाएको भए आजको जस्तो अन्योल हुने थिएन।

वास्तवमा प्रदेशले आफ्नो अधिकार क्षेत्रको काममा ध्यान नदिई बारम्बार सरकार परिवर्तनको फोहोरी राजनैतिक खेलमा मात्रै दलहरू केन्द्रित हुनाले आजको अवस्था आएको हो। जनताको सेवा सुविधामा भन्दा मन्त्री र मन्त्रालयको सङ्ख्या बढाउनेतर्फ ध्यान दिनाले प्रदेश सरकारप्रति जनताको नकारात्मक दृष्टिकोणको विकास भयो। आफ्नो औचित्यता अरू कसैले होइन, आफैले पुष्टि गर्नुपर्छ।

स्थानीय तहले बनाउने अधिकांश कानुनमा **'प्रदेश कानुनबमोजिम'** भन्ने उल्लेख छ तर प्रदेशले कानुन निर्माण नगर्दा धेरै स्थानीय तहहरूले काममा असहजता महसुस गरेका छन्। यसबारे प्रदेश सरकारहरूले सोच्नुपर्ने हो। ७ प्रदेशमध्ये ५ वर्षको अवधिमा एउटा प्रदेशले त नामसम्म राख्न सकेको छैन। सङ्घीय संरचना सफल वा असफल बनाउने सङ्घ, प्रदेश र स्थानीय तहमा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूको साझा जिम्मेवारी हो।

स्थानीय तहको अधिकार संविधानमै सूचिकृत भएको

नेपालको इतिहासमै यो पहिलो पटक हो । सङ्घ र प्रदेशमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका छुट्टाछुट्टै व्यवस्था छ भने स्थानीय तहले ती तीनै निकायहरूको अधिकार प्रयोग गर्न सक्छन् । यस अर्थमा स्थानीय तह पहिलेको तुलनामा धेरै हदसम्म अधिकारसम्पन्न छन् । सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयले मात्रै सङ्घीयताको प्रभावकारी कार्यान्वयन सम्भव छ ।

सङ्घीयताको राजनैतिक, वित्तीय र प्रशासनिक पक्षबारे बुँदागत रूपमा निम्नबमोजिम प्रस्तुत गर्दछु :

## राजनैतिक पक्ष

- सङ्घ र प्रदेश सरकारको ५ वर्षको अवधिमा पटक पटक सरकारको फेरबदल भयो । सङ्घमा २ पटक प्रधानमन्त्री र बागमती प्रदेशमा ३ पटक मुख्यमन्त्रीको फेरबदल भयो । अन्य प्रदेशहरूको अवस्था पनि त्योभन्दा फरक भएन । यसले शासक दलहरूप्रति नै जनताको वितृष्णा भयो । सरकारी दलहरूलाई भाग पुऱ्याउन मन्त्रालय टुक्र्याउने, मन्त्रीहरूको सङ्ख्या बढाउने जस्ता गलत कार्यहरू भए । यसले राज्यलाई अनावश्यक आर्थिक भार पर्न गयो र जनताले प्रदेशहरू खारेज गर्नुपर्ने सम्मको आवाज उठाए ।
- सङ्घीय शासन व्यवस्था कार्यान्वयनमा आएपछि विगतका जिल्लास्तरीय सबै संरचनाहरू खारेज भई पालिकास्तरमा आउनुपर्ने हो । विभिन्न बहानामा सङ्घले जिल्लास्तरीय संरचनाहरूलाई पुन:स्थापना गर्ने कोसिस गर्दैछ ।
- सङ्घीयतासँग बाझिएका सबै कानुन २०७२ फागुनसम्म परिमार्जन गर्ने, तीन तहको साझा अधिकार सूचीमा रहेका शिक्षा, विद्युत, सिँचाइ, जलस्रोत, वन, सञ्चार, खानी, उद्योग, यातायात, कृषिलगायत क्षेत्रहरूका कानुन २०७५ चैतसम्म तयार गर्ने जस्ता निर्णय गरिए पनि सरकारले काम गर्न सकेन । अहिले विभिन्न संरचनाले काम गरिरहँदा व्यवस्थित रूपले अगाडि बढ्न सकेन ।

## वित्तीय पक्ष

- सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय तहलाई समानीकरण अनुदान बाँडफाँट गर्न संविधानमा वित्त आयोगको व्यवस्था गरिएको छ । तर नेपाल सरकारले वित्त आयोगलाई एउटा प्रशासनिक एकाइजस्तो व्यवहार गरेको गुनासो छ । अन्तर सरकारी वित्त हस्तान्तरण ऐन बनाएर ऐनको आधारमा काम अगाडि बढाउँदा आयोगको काम ओझेलमा परेको अनुभव गरिँदैछ ।
- सङ्घ, प्रदेश र स्थानीय तीनओटै तहले पुँजीगततर्फ योजनाअनुसार खर्च गर्न नसकेको यथार्थ हो । स्थानीय तहको हकमा केन्द्र र प्रदेशले समयमा बजेट नपठाउँदा पुँजीगत खर्च कम हुन गएको देखिन्छ । आ.व. को अन्तिम समयमा मात्रै बजेट निकासा पठाउने परम्पराको अन्त्य हुनु जरुरी छ ।
- सङ्घ र प्रदेशले समानीकरण अनुदान बढाउनुपर्नेमा ठीक उल्टो सशर्त अनुदान बढाउने गरेको छ । स्थानीय तहलाई जनताको आवश्यकता र प्राथमिकता के हो भन्ने थाहा हुन्छ । सशर्त बजेट बढाउनुको अर्थ स्थानीय तहहरूमाथि केन्द्र र प्रदेशको नियन्त्रण कायम गर्न खोज्नु हो । त्यो सङ्घीयताको मर्मविपरीत छ । यसर्थ समानीकरण अनुदान बढाउनु कानूनी र व्यवहारिक दृष्टिले उचित हुनेछ ।
- सङ्घ, प्रदेश र स्थानीय तहमा व्यापक आर्थिक अनियमितताका समाचारहरू बाहिरिएका छन् । पारदर्शिताको अभाव नै यसको मुख्य कारण हो । राज्यका हरेक योजना ठेक्कापट्टामा गराउने नीति अर्को कारण हो । सबै खर्च पारदर्शी गर्ने व्यवस्था हुन आवश्यक छ ।

## प्रशासनिक पक्ष

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहमा प्रदेश लोकसेवाले मात्र स्थायी कर्मचारी पठाउने व्यवस्था छ । स्थानीय सरकारको रूपमा संवैधानिक व्यवस्था भएपछि कर्मचारीको लागि प्रदेशको मुख ताक्नुपर्ने व्यवस्था प्रगतिशील होइन । स्थानीय स्वायत्त शासन ऐन, २०५५ मै स्थानीय निकायलाई चाहिने आवश्यक कर्मचारी स्थानीय निकाय आफैले भर्ना गर्ने, आवश्यक सेवा सुविधाको व्यवस्थाको अधिकार थियो । कर्मचारीको कारण स्थानीय तहहरूले काम गर्न निकै समस्या भोग्दैछन् । अझ ५ वर्षसम्म प्रदेश लोकसेवाले कर्मचारी भर्नाको कुनै काम गर्न नसक्नु विडम्बना नै हो । त्यसैले स्थानीय तहलाई आवश्यक पर्ने कर्मचारीहरू आफैले भर्ना गर्ने अधिकार दिइनुपर्छ र स्थानीय तहलाई बढी जिम्मेवार बनाउँदै लानुपर्छ ।
- शिक्षकहरूलाई स्थानीय तहले तलब खुवाउने र नियन्त्रण सङ्घ सरकारले गर्ने उचित होइन । संविधानअनुसार विद्यालयहरू हेर्ने जिम्मा स्थानीय तहको हो तर शिक्षक सरुवा, बढुवादेखि अधिकांश कामहरू सङ्घ स्वयम्ले गर्दैछ । तलब खुवाउने र नियन्त्रण एकै ठाउँबाट हुनुपर्ने

सामान्य मान्यतासमेत पालना भएन । कतिपय शिक्षकहरू स्थानीय तहअन्तर्गत बस्न चाहिरहेका छैनन् । शिक्षकहरू सङ्घअन्तर्गत रहने व्यवस्थाका लागि केही शिक्षक सङ्घहरू लाग्दैछन् । शिक्षकहरू भर्ना, सेवा–सुविधालगायत सम्पूर्ण प्रशासनिक कामसमेत स्थानीय तहलाई दिनु उचित हुनेछ । यसबाट शिक्षकहरूलाई व्यवस्थित गर्न र शैक्षिक प्रगतिको लागि महत्त्वपूर्ण योगदान पुग्ने विश्वास छ ।

## सङ्घीयता कार्यान्वयनका चुनौती र समाधानका उपायहरू

- बेलाबखत प्रधानमन्त्री, मुख्यमन्त्री भइसकेकाहरूबाटै 'प्रदेश र स्थानीय तह सङ्घका इकाइमात्र भएको र स्थानीय तहहरू प्रदेश अन्तर्गत हुनुपर्छ' भन्नेजस्ता अस्पष्ट, संविधान र सङ्घीयताको भावनाविपरीत अभिव्यक्ति आउनु सङ्घीयताको लागि चुनौती हो । सरकारमा बसेका जिम्मेवार पदाधिकारीहरूले यस्ता संविधानको भावना र सङ्घीयताविरोधी भावना अभिव्यक्त गर्न बन्द गर्नुपर्छ ।
- सङ्घ, प्रदेश र स्थानीय सरकारको व्यवस्था हुँदाहुँदै जिल्ला समन्वय समितिको व्यवस्था अर्को चुनौती हो । त्यसको कुनै आवश्यकता र औचित्य छैन । संविधान संशोधन गरेर जिल्ला समन्वय समिति खारेज गर्नु नै उपयुक्त हुनेछ ।
- संविधानको भावनाअनुसार जिल्लास्तरीय संरचनाहरू कृषि, शिक्षा, स्वास्थ्य, भूमिसुधार, नगर विकास, वन, खानेपानी, पुरातत्त्व जस्ता एकाइहरू पालिकाअन्तर्गत ल्याइनुपर्छ । यस्तो गर्न सकिए स्थानीय जनताले घरदैलोमै सरकार भएको अनुभव गर्न पाउनेछन् ।
- जिल्ला शिक्षाको सम्पूर्ण जिम्मेवारी स्थानीय तहलाई र त्यसमाथिका शिक्षाको काम प्रदेश र सङ्घले गर्ने व्यवस्था हुन आवश्यक छ । सीटीइभिटी अन्तर्गतका प्राविधिक तथा व्यवसायिक विद्यालय पनि स्थानीय तह अन्तर्गत सञ्चालनमा ल्याइनु पर्छ ।
- स्थानीय तहको लागि सङ्घ र प्रदेशले बनाउनुपर्ने आवश्यक कानुनहरू निर्माण गरी नदिँदा साझा अधिकार सूचीमा रहेका धेरै कामहरू हुन सकेनन् । अझ कतिपय विषयमा सङ्घ आफैले कानुन संशोधन गरी स्थानीय तहको अधिकारसमेत खोस्न थालेको पाइएको छ । पुरातत्त्व विभाग स्थानीय तहअन्तर्गत आइसकेको र बजेटसमेत नगरपालिकामा पठाइसकेकोमा पछि कानुन संशोधन गरी बजेट फिर्ता लगेको ताजा उदाहरण हो । प्रदेशहरूले संविधानबमोजिम बनाउनुपर्ने कानूनहरू बनाई स्थानीय तहहरूलाई काम गर्न सहज बनाउनु आवश्यक छ ।
- सङ्घीयता लागू भएको ५ वर्ष भइसक्दा पनि शान्ति सुरक्षाको सबै व्यवस्था सङ्घले नै गर्दैछ । प्रदेश गृहमन्त्री प्रहरीबिना बस्नुपरेको छ । प्रदेश गृहमन्त्रीभन्दा प्रजिअ शक्तिशाली देखिएको छ । के नेपाली जनताले यस्तै सङ्घीयता खोजेका थिए ? प्रदेश र स्थानीय तहले संविधानले प्रदान गरेका अधिकारहरूसमेत सङ्घ सरकारसित माग्दै हिँड्नुपर्ने स्थिति राम्रो होइन ।

देश हितविपरीत एमसीसी र नागरिकता विधेयक पारित गर्नेजस्ता कार्यहरूले नेपाल विदेशीहरूको उपनिवेश हुने बाटोतर्फ अगाडि बढ्दैछ । सिक्किमीकरण र फिजीकरणको बाटोबाट देश आत्मनिर्भर र स्वाधीन बन्न सक्दैन । हामी नेपाललाई स्वतन्त्र, सार्वभौमसत्तासम्पन्न सुरक्षित नेपाल बनाउनेतर्फ अग्रसर हुनैपर्छ । सङ्घीयताको प्रभावकारी कार्यान्वयन भएमा देशको शीघ्र समृद्धि असम्भव छैन । सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य गरी अगाडि बढौँ ।

*(सङ्घीय संसद राष्ट्रिय सभा सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको आयोजनामा भएको सङ्घीयतासम्बन्धी राजनीतिक, वित्तीय, प्रशासनिक, संरचनागत पक्षहरूलगायत सङ्घीयता कार्यान्वयनको अवस्था, समस्या⁄चुनौती र समाधानका उपायका सम्बन्धमा साउन १६ गते आयोजित छलफल कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्य)*

के गर्दै छ
भक्तपुर नगरपालिका ?
थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्
■ 'भक्तपुर' मासिक
■ 'ख्वप पौ'
■ http://bhaktapurmun.gov.np
■ www.bhaktapurkhabar.com
■ www.facebook.com/BhaktapurMunicipality/
■ ख्वप सः (भक्तपुर एफएममा) बुधबार बिहान ७:३० – ८:३० र शुक्रबार साँझ ६:३० – ७:३० सम्म
■ अडियो नोटिश फोन नं. १६१८ ०१६६१०००९६




# सय वर्षपछिको भक्तपुर -@_



नारायणमान बिजुक्छें

## gkfnsf]snf / ;+s[tsf]cWoogsf lglDt cfjZos k[7el'd

नेपाल र नेपाली कला-संस्कृति (चित्रकला, वास्तुकला, काष्ठकला, मूर्तिकला, नाचगान, हास्यव्यङ्ग्य, चाडपर्व, खेलकुद, शृङ्गार आदि) बारे छलफल गर्दा काठमाडौँ उपत्यकाको उत्पत्ति, त्यहाँ प्रवेश गरेका प्राचीन जातिहरू, तिनीहरूको स्थिति (समाज विकासको चरण), भाषा र प्रभावबारे जानकारी आवश्यक छ । ती जातिहरूमाथि विजय गर्ने अन्य जातिहरूको प्रभाव र संसर्गबाट बनेको वर्णशङ्कर वा सम्मिलित कला र संस्कृति हो ।

तर यसबारे छलफल गर्दा आजसम्म प्रकाशित देशी र विदेशी इतिहासकारहरूको भन्दा भिन्न मत राख्नुपर्ने देखिन्छ अर्थात् पुराना व्याख्यालाई पुनर्विचारको खाँचो अनुभव हुन्छ । भाषाको ज्ञानको अपर्याप्तता, साधनको कमी, लेखनको उद्देश्य र पूर्वाग्रहकै कारणले पनि नेपालसम्बन्धी इतिहासबारेका धारणाहरू र टुङ्गो अपूर्ण छन् । आवश्यक अध्ययन र चिन्तनको अभावले पनि त्यस अपूर्णता र कमीलाई सहयोग पुऱ्याउँछ । नेपालको इतिहाससम्बन्धी नयाँ दृष्टिकोणबारे विचार गरौँ ।

**१)** २ देखि ४ हजार वर्ष अगाडि उत्तरतिरबाट मंगोल, चिनियाँ र भोटे जातिहरूका मध्यपाषाण युगका मातृसत्तात्मक दलहरू उपत्यकामा प्रवेश गरे । उपत्यका त्यसबेला ठूलो दह भएको हुँदा ती दलहरू साँक्वो (बज्रयोगिनी), फुच्व (फुचो), ध्यमाच्वः (धेमाचो) जस्ता उँचो ठाउँमा बस्न पुगे । मातृसत्तात्मक समाजमा पिताको ज्ञान नहुने र छोराछोरी आमाको नामबाट चिनिन्छन् । मध्यपाषाण युगमा आगोको आविष्कार भैसकेको हुन्छ र मान्छेको मासु पनि खाने गरेको हुन्छ । जीविकाको मुख्य साधन कन्दमूल, शिकार र पशुपालन हुन्छ । समाजको विकासमा यसलाई घुमन्ते र बर्बर अवस्था भनिन्छ । टोकरीमा माटो लिपेर भाँडा बनाउन जानेपछि, पशुपालनको विकास र पशुको निम्ति घाँसको खेतीले कृषिको आरम्भमा त्यो समाज पुग्छ । अनि त्यो समाजको घुमन्ते स्वभाव घट्छ र गाउँको रूप लिन्छ । छाप्रो र इँटको निर्माण हुन्छ ।

बज्रयोगिनी त्यस्तै एक जातिको प्रतीक हो । 'बज्र' ले 'ढुङ्गेयुग' को सङ्केत दिन्छ । 'योगिनी' शब्दले मातृ जातिलाई जनाउँछ । त्यहाँ सधैँ बलिरहने आगोले आगोको आविष्कार र सलाइको अभावको प्राचीनकाललाई औँल्याउँछ । 'रातो' र 'पहेँलो' माईको रङ्गले मंगोल र चिनियाँ माताहरूको प्रतिनिधित्व गर्छ । चिनियाँ भाषामा रातोलाई 'होंग' भनिन्छ र नेवारी भाषामा 'ह्याउँ' । 'ह्वाङ्ग हो' को चिनियाँ अर्थ 'पहेँलो नदी' हो । नेवारी भाषामा पहेलो रङ्गलाई 'म्हासु' भनिन्छ । यसकारण बज्रयोगिनीको 'म्हासु ख्वः माजु' र 'ह्याउँ ख्वः माजु' ले चिनियाँ र मंगोल माताको अर्थ दिन्छ ।

**२)** अहिलेसम्म प्रकाशित इतिहासअनुसार ३,००० वर्ष अगाडि नै मञ्जुश्रीले दह बनेको उपत्यकाको पानीलाई चोभार डाँडा काटी खोलिदिएका हुन् ।

'मञ्जुश्री' हिन्दु वा संस्कृत शब्द देखिनुको अर्थ पछि नेपाल पसेका आर्य जातिको व्याख्याको कारण हो । त्यसको ठीक शब्द 'मञ्चु सेसं' हुनुपर्छ । चिनियाँ भाषामा मंगोल जातिलाई 'मञ्चु' र 'सेसं' को अर्थ 'गुरु' वा 'शिक्षक' हो । 'मञ्चु सेसं' लाई भाषागत र श्रुतिगत दोषले 'मञ्जुश्री' भनेको हुनुपर्छ ।

**३)** दहको पानी घट्दै गएपछि फूच्वः को बस्ती गोदावरी, बज्रयोगिनीको बस्ती साँको (साँखु) मा झऱ्यो । यही रीतले ल्हासा पा ससुद्यो (ल्हासापाको सरस्वती हाल महामञ्जुश्री सरस्वतीस्थान थाकलमाथ) भक्तपुर जिल्लाको सुडाल गाउँको डाँडाको बस्ती पनि तल झऱ्यो ।

चिनियाँ भाषामा 'को' को अर्थ 'देश' हुन्छ । भोटेहरूको देशलाई नेवारी भाषामा 'साँय् को' भनियो र पछि 'साको' र आर्यहरूले त्यसलाई 'साँखु' उच्चारण

गरे ।

'सरस्वती' संस्कृत वा आर्यहरूको शब्द हो। सरस्वती यसकारण ल्हासाबाट होइन भारतबाट आउनु पर्ने हो। तर ल्हासाबाट हरेक वर्ष जाडोमा गुरुमाहरूको दल आवतजावत भैरहन्थ्यो, उपत्यकामा बसोबास गरेका पुराना दलहरू ल्हासाबाट आएका गुरुमाहरूलाई एकदिन अगाडि तेल लगाउन जान्थे, भोलिपल्ट ऊनको काम र चताम्हारी (रोटी) बनाउन सिक्न जान्थे। यो चलन आज पनि चलेकै छ। यसकारण उपत्यकामा बसोबास गरेका सुरुका जातिहरू उत्तरतिरबाटै आएको प्रमाणित हुन्छ।

'फूच्वः' डाँडामा पनि माताकै रूपमा पूजा गर्छन्। त्यहाँ पनि कपास, ऊन चढाउँछन्, धागो काट्ने र चताम्हारी बनाउन सिक्ने गर्छन्। चिनियाँ भाषामा 'फँ' को अर्थ 'हावा' वा 'बतास' हुन्छ। च्वःको अर्थ नेवारी भाषामा 'शिखर' वा 'चुच्चो' वा 'चुली' हो। 'फूच्वः' को अर्थ यसरी 'हावा लाग्ने डाँडो' हो।

**४)** भारतबाट आएका पछिल्ला जाति र आक्रामक जातिहरूले नेपाल उपत्यकामा शासन गरेपछि ठाउँका नामहरू पनि फेर्दै गए। साम्राज्य विजयपछि सांस्कृतिक आक्रमण जुनसुकै देशको इतिहासमा पनि पाइन्छ।

यसरी नै 'साँय गाँ' भोटेहरूको गाउँ 'साँगा' बन्यो र 'भों दे' (भोटेहरूको देश) 'बनेपा' मा फेरियो।

**५)** उत्तर भारतमा आर्यहरू र किलाल (किराँत) हरूको अन्तिम लडाइँ आजको नालापानीमा भएको कुरा वेदहरूमा लेखिएको छ। किराँतहरूको पराजयपछि तिनीहरूको केही भाग पूर्वतिर लागेको हुनुपर्छ अथवा केही शताब्दी अघि नै उत्तरतिरबाट पूर्वी भारतमा आएका किराँतहरू नै ३,००० वर्ष अगाडि नेपालको उपत्यकामा प्रवेश गरेको हुनुपर्छ।

ईसा पूर्व ८४० अर्थात् २,८२८ वर्ष अगाडि काठमाडौँमा पहिलो किराँत राजा यलम्बर वा येलुङ भए। नेवारी भाषामा काठमाडौँलाई 'यें' भनिन्छ र पाटन वा ललितपुरलाई 'यल' वा 'येलाय्' भनिन्छ। यस अर्थमा काठमाडौँ र पाटनको स्थापना किराँत राजाकै नाममा निर्माण गरेको हुनुपर्छ। आज पनि तामाङ्ग भाषामा काठमाडौँलाई 'यम्बू' भन्छ, पाटनलाई 'यल' र भक्तपुरलाई 'ख्वपः' र 'खोपृङ्ग' भनिन्छ। भक्तपुरलाई नेवारी भाषामा आज पनि 'ख्वप' भनिन्छ।

पछि भारतबाट आएका शासकहरूले नै काठमाडौँ, पाटन र भक्तपुरलाई भारतेली भाषा वा संस्कृत भाषासँग मिल्ने नाम दिएको देखिन्छ।

**६)** किराँत कालमै भारतबाट अनेक जातिहरू आई किराँत राजाहरूसँग लडे र विजय पाएको इतिहासले बताउँछ तर किराँतकालको व्यवस्थित इतिहास नेपाली भाषामा छैन।

*(किराँत कालको इतिहास भक्तपुरका एक शिक्षक जगतबहादुर अमात्यसँग थियो। त्यसलाई प्रकाशित गर्न नपाउँदै उनको मृत्यु भयो। उनका छोरा भू.पू. डी.एस.पी. आनन्द अमात्यलाई पनि त्यसबारे घचघच्याउँदा मौन बसे।)*

नेपालमा विस्तारै भारतको हिन्दू धर्मावलम्बी र बौद्ध धर्मावलम्बीहरू आएर राज्य गर्न थाले। ५२० ईसा पूर्व अर्थात् २५०९ वर्ष अगाडि नेपालमा गौतम बुद्धको आगमन र बुद्धधर्मको प्रचार र प्रभावको अनुमान गर्न गाह्रो छैन।

२०० इस्वीमा अर्थात् १८ सय वर्ष अगाडि नेपालमा भारतबाट लिच्छविहरू आई शासन गर्न थाले। लिच्छविकालमै नेपालमा कला र संस्कृतिको नयाँ जग हालेको र विकास गरेको भनिन्छ। झन्डै ८०० वर्ष अगाडि नेपालमा मल्ल राजाहरूले शासन गर्न थाले। मल्ल राजाहरूले नेपाल उपत्यकाको समाज व्यवस्था, कला, संस्कृति र अर्थतन्त्रको विकास गरे। मल्ल राजाहरू स्वयम् संस्कृत भाषा र साहित्यका ज्ञाता र अनुरागी थिए, तिनीहरूले नेवारी भाषा र साहित्यलाई पनि स्थान दिए। यसका कारणबारे थप अध्ययनको आवश्यकता छ।

**७)** मल्ल राजाहरूको काललाई नेपाली समाजको दासमालिकहरूको 'स्वर्णयुग' भन्न सकिन्छ। ईसाको छैटौँ शताब्दीसम्म उत्तरतिरबाट आई बसेका भोटे जातिहरू बाग्मती अञ्चल र त्यसका छेउछाउका विभिन्न गाउँ-ठाउँ, भीर-पाखामा बसोबास गरिआएका थिए। तिनीहरूलाई नै अन्तिम समयमा मल्ल राजाहरूले व्यवस्थित बसोबास गराएको देखिन्छ।

दासयुगमा मालिकहरूले विजित जातिमाथि आ-आफ्नो आवश्यकता र जातिको विशेषता हेरी काम दिने गरिन्थ्यो। त्यस बन्दोबस्तले श्रमको विभाजन र कार्यदक्षताको विकास गर्‍यो। नेपालमा पनि लिच्छवि र मल्ल कालमा यसको अपवाद देखिन्न। काठको काम गर्ने सिकर्मी, ईँट र घरको काम गर्ने अवः (डकर्मी), माटाका भाँडाकुँडा बनाउने कुम्हः, फलामको काम गर्ने नकर्मी, कपडा रङ्गाउने छिपा, तोरी पेल्ने (तेल निकाल्ने) समी, तामा वा धातुको काम गर्ने तमः आदि कामअनुसारको

जातलाई निश्चित गरे। श्रम विभाजन र जातको पूर्ण बन्दोबस्त जयस्थिति मल्लको पालामा गरिएको इतिहासले बताउँछ।

ती जातिहरूको बसोबास पनि निश्चित टोलमा देखिन्छ। कुम्हालेहरू सुजम्हरी र तालाक्व, अवाले (डकर्मीहरू) तुछिमला, छिपाहरू गोल्मढीको पलिखेल, तमः (ताम्राकार) को चासुखेलमा बसोबास छ। यस्तै सिकर्मी भार्वाचो र अन्य जातिहरूको पनि टोलको बन्दोबस्त गरिएको देखिन्छ। टोललाई नेवारी भाषामा 'त्वा' भनिन्छ र चिनियाँ भाषामा 'त्वा' को अर्थ जिल्ला वा क्षेत्र हुन्छ। पूँजीवादको विकास नहुँदासम्म पेरिसमा मात्रै होइन दासयुगको अवशेष सामन्ती युगको अन्त्य र पूँजीवादको शुरुसम्म अन्य पुराना युरोपेली नगरहरूमा समेत जातिका आधारमा इलाकाको बन्दोबस्त भएको पाइन्छ।

**८)** बर्बर जातिहरू र अन्य आक्रामक जातिहरूको आक्रमणबाट राजधानीलाई बचाउन नगरमा ठूल्ठूला पर्खालले घेर्ने, बिहान र बेलुका आवतजावतको निम्ति ठाउँ-ठाउँमा ढोकाहरू र पहराको बन्दोबस्त चीनका  प्राचीन नगरमा जहाँ पनि थियो। त्यस्तै भक्तपुरमा अहिले पनि लायकु (दरबार स्क्वायर), मंगलतीर्थ (१४ वडा) मा र भार्वाचो (१७ वडा) मा ढोका छँदैछ। तर ठाउँ-ठाउँमा पर्खालको भग्नावशेष देखिएता पनि भक्तपुर विकास परियोजनाले ठाउँ-ठाउँका ढोकाहरूको ढुङ्गे चिह्नलाई राखेर नेपालको इतिहासको उत्खननको निम्ति उत्सुकता बढाइ दिने काम गरेको छ।

'ध्वाकां पिने' (ढोका बाहिर) को नेवारी अर्थ हिजोको सन्दर्भमा शौच गर्ने ठाउँको सङ्केत दिन्छ। यसको अर्थ पहिले अभिजात वर्गको मात्रै 'न्हया' अर्थात् बग्ने चर्पीको बन्दोबस्त थियो। अन्य सामान्य जनता नगर बाहिर जाने अनुमान गर्न सकिन्छ। पोडे, कुसले, गाइने आदि 'पानी नचल्ने' जातहरू ढोका बाहिरै राखिएको देखिन्छ। आज पनि तिनीहरूका पुराना घरहरू नगर बाहिरै देखिन्छन्।

**९)** हरेक जात र समूहको कार्यदक्षता त्यस जातिको भौगोलिक परिस्थितिले निर्धारित गरेको हुन्छ। नदीको किनारमा बस्ने जातिका मानिसहरू पौडी खेल्ने, डुङ्गा बनाउने र खियाउने, नदीको धार, माछा मार्ने, माछाको प्रकार र स्वभावको ज्ञान नदीभन्दा टाढा बस्ने जातिको तुलनामा बढी हुनु स्वाभाविक छ। नरम ढुङ्गाको बाहुल्य हुने ठाउँमा बस्ने जातिहरूमा ढुङ्गाकै सिलौटा, ढिकी, जाँतो, मूर्ति र अन्य ढुङ्गे सामान बनाउन सिपालु हुनुमा आश्चर्य मान्नु पर्दैन। त्यस्तै नरम काठको जङ्गल नजिक बस्ने जातिहरूले ठेकी, भाँडो, थाल र अन्य काठको सामान बनाउन जान्नु पनि स्वाभाविक हो। त्यसै आधारमा पनि दासयुगमा श्रमको विभाजन गरेको हुन्छ र जात फेर्दा दक्षता लोप हुने हुँदा काम र जात फेर्न नपाउने बन्दोबस्त थियो।

**१०)** भूमिको प्रकार, उचाई र अक्षांश हेरेर वन-जङ्गल, वनस्पति र पशुपंक्षी हुर्केको हुन्छ। त्यही वन-जङ्गलको नजिक बस्ने जातिहरू त्यहाँ पाइने बाघ, भालु, हात्ती, बाँदर, सर्प, मुजुर, सिंह आदि पाल्छन् र तिनीहरूबारे राम्रो ज्ञान हासिल गर्छन्। ती पशुपंक्षीकै दिनचर्याको नक्कल नै सिंह नाच, भालु नाच, मुजुर नाच, बाँदर नाच, पुलुकिसी (मान्द्रोको हात्तीको जात्रा) आदि नाच र ख्यालः (हास्यव्यङ्ग्य) को विकास भएको हुनुपर्छ। त्यही पशुपंक्षी पाइने कविला वा Tribe वन्य जातिको जात वा थर भएको हुनुपर्छ। यसरी माकजु, फाँजु, भजु, धोंजु, खिचाजु, छुँजु, किसिजु, कोजु आदि जातको विकास भयो।

मोर्गनले अमेरिकी आदिवासीहरूको अनुसन्धान गर्दा पनि त्यस्तै पशुपंक्षीको नामबाट मानिस र समूहको नामाकरण भेटेका थिए। चीनमा पनि सिंह र ड्रायगन (पखेटा भएको अजिङ्गर) को नाच र चाडपर्व छ। भारतको दरभंगामा घोडाको नाच छ भने उडिसामा बाघको नाच छ। समाज विकास भैसकेको भए भारत र नेपाल तराईका सर्प र बाँदरको चटक र प्रदर्शन देखाउने मानिसहरूको जात वा थर नै सपेरा र बाँदर बन्ने थियो।

**११)** किराँत कालपछि नेपाल उपत्यकामा आएका भारतेली लिच्छविदेखि मल्ल कालसम्मका शासकहरूले संस्कृत भाषा, साहित्य, धर्म र संस्कृति पनि ल्याएका थिए। तिनीहरूले उपत्यकामा बसोबास गरी आएका मंगोल वा नेवार जातिमा आफ्नो धर्म प्रचार गरे, त्यस अनुसारको मठ-मन्दिर र मूर्तिहरू बनाउन लगाए र नाचगानलाई पनि प्रचार प्रसार गरे। यस प्रकार नेवारहरूबाट बनाइएका रचनात्मक निर्माणका धरोहरहरू नेवार वा मंगोल जातिका मिहिनेत, श्रम र सीप हुन् भने बुद्धि र चिन्तन आर्यहरूका हुन्। अर्को भाषामा नेवारहरूकै रगत पसिनामा हिन्दू राजाहरूको मठ, मन्दिर र मूर्तिकला र संस्कृतिको भवन बनेको हो। चित्रकला, मूर्तिकला, काष्ठकला, सङ्गीत, नाच र चाडपर्वमा पनि यही तस्बिर देखिन्छ, नवदुर्गा, भजन, दाफा, नाच टोलीहरूमा पनि यही तस्बिर देखिन्छ।

१२) यूरोपको जिप्सी जाति जस्तो एक बर्बर मातृसत्तात्मक र घुमन्ते उत्तरबाट आएको एक जातिलाई नै मल्ल राजाहरूले नवदुर्गाको गणमा परिणत गरेको हुनुपर्छ । जिप्सी जातिको आज पनि कुनै देश छैन । युरोपमा तिनीहरू ३ हजार वर्ष अगाडि भारतबाट पसेका हुन् । रुसी कवि पुश्किनको 'जिप्सी' भन्ने एक खण्डकाव्य नेपाली भाषामा अनुवादसमेत भइसकेको छ । त्यस जातिबारे चोरी गर्ने, आफ्नै जातिमा विवाह, फोहोरी, एक ठाउँमा नबस्ने, नाचगान मन पराउने आदि चर्चा गरिन्छ । यसले पश्चिम नेपालको कुसुन्डा र राउते जातिको सम्झना गराउँछ, तर अलि फरक । २-३ वर्ष अगाडि भक्तपुरमा रुसको एक जिप्सी टोलीको सांस्कृतिक कार्यक्रममा स्वागत गर्दा पहिले महिलाहरूलाई सम्मान गर्नुपर्ने कुरा थाहा नपाएर अप्ठेरो परेको थियो । यसले मातृसत्तात्मक अवशेषलाई नै देखाउँछ । नवदुर्गाको गणको जातिलाई नेवारी भाषामा 'गाथा' र 'उजजू' भन्ने चलन छ । 'उजजू' को अर्थ 'उदङ्ग्याउनु' प्रचार वा प्रदर्शन गर्ने हुन आउँछ । तिनीहरूका महिलाहरू घर घरमा गई फूल दिई चामल लिने गर्छन् । माथिल्लो जातिको छोरीको विवाह गरी पठाउँदा एकजना 'मालीं तता' भनी एक महिला पनि दुलहीसँगै पठाइन्छन्, पहिले तामदान वा 'दू' तिनीहरूले नै बोक्ने गर्थे । यसबाट तिनीहरूलाई 'दासदासी' र पछि मात्रै विकास भएको जातको रूपमा अनुमान गर्न सकिन्छ । त्यसरी नाच्ने र डुल्ने मातृसत्ताको जातलाई मल्ल राजाहरूले नवदुर्गाको रूप दिई हिन्दू संस्कृतिमा परिष्कार गरे । वर्षको एकजना नरबलि दिने, खप्परमै जाँड खाने, मान्छेका खप्परकै आकारको माला लगाउने, नवदुर्गाको गण जाँदा बाटोमा सुँगुर देखे घेरेर मार्ने, रगत पिउने र 'पोस काय्गु' भनी पालैपालो सबैले आलो रगत खाने, नाचगानमा माछा मार्ने आदि विधिले तिनीहरू पछि मल्ल राजाहरूबाटै नयाँ रूप दिइएका जातिहरू हुन् भन्न गाऱ्हो छैन ।

**भक्तपुरको कला-संस्कृति वा नाचगानबारे ध्यान दिँदा तलका कुराहरूमा समेत ध्यान दिनु आवश्यक हुन्छ-**

१) भारतबाट आएका सबैजसो शासकहरूले संस्कृत भाषा, साहित्य र धर्मसमेत लिएर आएको हुँदा तिनीहरूले जग हालेको सबैजसो नाचगानमा भारतीय नाटचशास्त्र, सङ्गीत र नृत्यको प्रभाव भएकै हुन्छ ।

२) दाफा र भजनका गीतहरूमा हिन्दू देवीदेवताहरू र शासकहरूको गुणगान गराउने बन्दोबस्त गराएका हुन् ।

३) जयस्थिति मल्लले जातको नयाँ बन्दोबस्त गर्दा मैथल ब्राम्हणहरूको सल्लाह लिएका थिए र मल्ल राजाहरूको वैवाहिक सम्बन्ध भारतको तिरहुतसँग थियो अथवा तिनीहरूको सम्बन्ध वैशाली राज्यसँग थियो ।

४) हरेक महिना र दिनअनुसारको फरक फरक राग-अलाप र नाचगानको शास्त्रीय बन्दोबस्त अशिक्षित र तल्लो वर्गले गर्न सक्ने कुरा होइन । त्यसमा माथिल्ला स्तरकै नृत्य-काव्य, सङ्गीत र साहित्यका ज्ञाताहरूकै काम हुनुपर्छ ।

५) नेवारी भाषाको लिपि र गीतमा मैथली लिपि र सङ्गीतको अलग्याउनै नसक्ने प्रभाव देखिन्छ । भारतमा पछि मुसलमानहरू र बेलायती साम्राज्यवादको आक्रमण र प्रभावले भारतको प्राचीन कला र संस्कृतिको प्रगति अवरुद्ध भयो । नेपाल त्यसैबेला कला र संस्कृतिको प्रगतिको चुलीमा थियो । धेरै भारतीय पण्डित र ज्ञाताहरूले नेपालको शरण लिए र कला-संस्कृतिलाई सुरक्षित राखे । यसैकारण पछि नेपाललाई 'प्राचीन भारतको सङ्ग्रहालय' भन्न पुगेको होला । नेपालमा आधुनिक यातायात सुविधाको विकास नहुनु, मेसिन युग र शुभलाभको पूँजीवादको प्रवेश नहुनु, पुरानै अर्थतन्त्रमा समाज रहिरहनाले मात्रै भक्तपुरमा पुराना कला र संस्कृतिको अवशेष बाँकी रहन सकेको थियो, त्यो आज ऱ्हासको प्रक्रियामा छ ।

६) चीन, तिब्बत, भुटान, सिक्किम र लद्दाखमा पनि मुकुण्डो नाच छ, मुखाकृतिको सूक्ष्म भाव र अभिनयको विकास नभएको बेलामा विकास भएको नृत्य नै मुकुण्डो नाच हुन्छ । भाषा, अभिव्यक्ति, सङ्गीत र साहित्यको विकासले नृत्यमा मुखाकृतिको सूक्ष्मत्तम भावको समेत अभिनय गर्नु पर्दा मुकुण्डो झ्याउ बन्यो र नाटकको विकास भयो । यस अर्थमा पशुपंक्षीको नाच र मुकुण्डो नाच नृत्य र सङ्गीतको प्रारम्भिक रूप मात्रै हो । सिंह नाच र ढोकाको दुवैतिर सिंहको मूर्ति राख्ने चलन प्राचीन चीनमा प्रशस्त छ । यसकारण नेपालमा मुकुण्डो नाच, सिंह प्याखँः जस्ता नाचहरूलाई मल्ल राजाहरूले हिन्दूत्व प्रदान गरेको हुनुपर्छ ।

७) गद्य साहित्यको विकास हुनुभन्दा अगाडि पहिले पद्य वा काव्य साहित्यको विकास भएको थियो । त्यसैको छाप भजन र प्रशस्तिहरू पनि वेद र पुराणहरूकै आधारमा बनेका हुन् । आजको गीतिनाटक त्यसकै क्रम हो ।

**(क्रमशः)**

# जगन्नाथ मन्दिर फेरि ठडिएला



गौरीबहादुर कार्की

भक्तपुर दरबार परिसरको पूर्वतर्फ त्रिपुरासुन्दरी मन्दिरको दक्षिण पश्चिम तुलाछेँ टोलमा सानो जगन्नाथ मन्दिर रहेकोछ। भक्तपुरका राजा प्राण मल्लको पालामा नेपाल संवत् ६६३ ज्येष्ठ सुदी १५ (सन् १५४३, विसं १६००) मा आज (२०७९ जेठ) भन्दा ४७९ वर्ष अगाडि यो मन्दिर स्थापना भएको देखिन्छ। स्थापना गर्दा स्वर्ण कलश र ध्वजा चढाएर १२ दिनसम्म लक्षाहुती यज्ञ गरिएको थियो। जगन्नाथ प्रतिष्ठा विधि बनाइएको ठ्यासफूबाट देखिन्छ। त्यतिबेलाका प्रधानमन्त्री भाजु कसले मन्दिर बनाएका थिए। पूर्वतर्फ अग्लो शिला स्तम्भमा गरुडको कलात्मक मूर्ति अद्यापी रहेकोछ।



हालको जगन्नाथ मन्दिर भक्तपुर

जगन्नाथ भन्नाले विश्वका स्वामी, भारतको उडिसाप्रान्तको समुद्रतटवर्ती पुरी सहरको कृष्ण मन्दिर, चारधाम मध्येको एक धाम भन्ने बुझिन्छ। नेपाल र भारत दुवै सनातन धर्मावलम्वी देश भएकाले भारतमा जस्तै नेपालमा पनि हिन्दु देवी देवताको मन्दिर स्थापना र पूजाआजा हुँदै आएको पाइन्छ। भारतको यो जगन्नाथ धाम ८०० वर्ष पुरानो मानिन्छ। कतिपय भारतीय धामहरू नेपालमा पनि स्थापना गरिएका छन्। आजमात्र नभई ४।५ सय वर्ष अगाडि देखिनै नेपालमा भारतीय धामहरूको स्थापना र पूजाआजा सञ्चालन हुँदै आएको पाइन्छ।

भारतको उडिसा पुरीमा ठूला आँखा भएको नाक नभएको काठको जगन्नाथ भगवानको मूर्ति रहेको छ। बलदेव र सुभद्रा तीनैओटा मूर्ति त्यही रूपका छन्।



मन्दिरका मूर्तिहरू



सफाइ गरेपछिको सुभद्राको मूर्ति

पुरीको जगन्नाथ धाममा तीन देवता मानिने जगन्नाथ (श्रीकृष्ण नील वर्ण), सुभद्रा (श्रीकृष्णकी बहिनी, रक्त वर्ण)

र बलराम (श्रीकृष्णका दाजु, स्वेत वर्ण) को काठको मूर्ति रहेका छन्। प्रत्येक वर्ष नयाँ मूर्ति बनाएर राखिन्छ। नेपालको चण्डेश्वरीको मूर्ति काठबाट बनेको छ। नेपालमा अन्यत्र कतै पनि काठको मूर्ति पाइँदैनन्। नेपालको यो जगन्नाथ मन्दिरमा भने बलदेव, सुभद्रा र जगन्नाथका तीनओटै मूर्ति शिलाका रहेका छन्। जगन्नाथको मूल थलो रहेको भारतको उडिसाको समुद्र किनारमा रहेको ८०० वर्ष पुरानो जगन्नाथ पुरीमा तत्कालीन नेपाल मण्डलको जस्तो धातु वा शिलाको मूर्ति रहेको पाइँदैन। मल्लकालमा शिला र धातुको मूर्ति बनाउने चलन अनुसार नेपालमा हाम्रो भक्तपुर त्रिपुरासुन्दरी हाता तुलाछैं टोलको जगन्नाथ मन्दिरमा भने शिलाको पूर्णकदको तीनओटै सुन्दर कलात्मक मूर्ति रहेका छन्। शिलाकै आशनमा आयुधहरूसहित मूर्ति कुँदिएको पाइन्छ। त्यतिबेलाको नेपाल मण्डलको कलाकारिता र चलनअनुसार शिलाको मूर्ति बनाइएको देखिन्छ। भारतको जगन्नाथ मन्दिरको रत्न वेदीमा नेपालका राजाले चढाएको लाख शालिग्राम रहेको मानिन्छ।

तुलाछैं टोलको मूल मन्दिरको पूर्वतर्फ गरुडको अग्लो शिला स्तम्भ रहेकोछ।



गरुड स्तम्भ

सोभन्दा पूर्वतर्फ मार्कण्डेय कुण्ड रहेको थियो। कुण्डको चारैतिर चारओटा शिवलिङ्ग थिए, अहिले २ ओटा मात्र रहेका छन्। सो पूर्व अर्को ब्यास कुण्ड रहेको थियो भनिन्छ। एउटा शिवलिङ्ग सुकुलढोका जाने बाटोको भूइँतले घरको माथि सार्वजनिक रूपमा खुला राखिएको थियो। एक कवले भूइँतले घर बनाउन नक्सा पास गरियो। तर त्यहाँ जमिनमा रहेको महादेव भने एकतले घरको छतमा सार्वजनिक रूपमा पूजा गर्न खुला गर्ने गरी नक्सा पास गरियो भनिन्छ। २ फिटको सिँढीबाट छतमा जाने बाटो राखिएको छ। तर हाल फलामे ढोका बन्द गरिएको छ।



शिव लिङ्ग

गरुड स्तम्भभन्दा पूर्वतर्फ मन्दिरकै जग्गामा विद्यालय बनाउन तीन कोठाको डीपीसी गरेको पाइन्छ। पछि रोकिएछ। केही जग्गा निजीमा दर्ता गरिसकेको भनाइ पाइयो।




उमामहेश्वरको मन्दिर

यो मन्दिर परिसरको पूर्व दक्षिण कुनामा रहेको शिखर शैलीको उमामहेश्वरको ढुङ्गे देवल अद्वितीय रहेकोछ। जो दरबार परिसरको सिद्धिलक्ष्मीकै जस्तो छ। मन्दिरको अढाई फुटको मूर्ति चोरिएपछि नयाँ बनाएर राखिएको पाइन्छ। मन्दिर क्षेत्र परिसर भने सरकारी क्षेत्रलगायतको अतिक्रमणमा परेकोछ।

जगन्नाथ मन्दिर र उमामहेश्वर मन्दिर परिसरका साविक स्रेस्ताका यथावतरूपमा सार्वजनिक कायम गराउनु पर्दछ। जसको लागि नगरपालिका र सरकारले छानबिन गर्नुपर्ने हो।

दरबार परिसरका पुरातात्त्विक ९९ चोक नै खाली गराउनेतिर भक्तपुर नगरपालिका लागेको छ। साविकको कैलाशकुट भवन रहेको श्रीपद्म उमावि, शारदा मावि, विद्यार्थी निकेतन उमावि परिसर लगायत क्षेत्र पनि पुरातात्त्विक अन्वेषणको क्षेत्र भएकाले खाली गराउनु आवश्यक भन्नेतिर नगरपालिका रहेको पाइन्छ।



दायाँ कभर्ड हल, बायाँ अरनिको सभा हल

मन्दिरको उत्तरपट्टि भजन घर थियो। सो खाली ठाउँ देखेर पन्चायतकालमा खेलकुद परिषद्बाट जीम हल बनाइयो। दक्षिणतिर पनि खाली फराकिलो ठाउँ भएकाले भक्तपुर नगरपालिकाले अरनिको सभा हल बनायो। अहिले पनि यी दुवै भवन मौजुद नै छन्। तर ४०।५० वर्ष पुराना भएकाले जीर्ण भइसकेका छन्। नगरपालिकाभने अरनिको सभाहल अन्य फराकिलो क्षेत्रमा पुनर्निर्माण गर्ने तरखरमा रहेको छ। यो जगन्नाथ मन्दिर क्षेत्र पनि कभर्ड हल र अरनिको सभाभवनले अतिक्रमण गर्नु पूर्वको अवस्थामा कायम राख्नुपर्दछ। यो पुरातात्त्विक सार्वजनिक सम्पत्ति हो। साविकको मन्दिर परिसरलाई कभर्ड हल, सभागृह आदि अन्य काममा प्रयोग गर्नु गराउनु हुँदैन। मन्दिर परिसरकै रूपमा राखिनु पर्दछ। लगभग ४०० वर्ष पुरानो पुरातात्त्विक क्षेत्रमा भएको सानो कभर्ड हल पनि जीर्ण भइसकेकाले अन्यत्र उपयुक्त ठाउँमा सार्नु नै वेश हुन्छ। त्यस्तै अरनिको सभाभवन पनि जीर्ण भइसकेकोले पुरातात्त्विक साँगुरो ठाउँमा राख्न उचित हुँदैन। आधुनिक सभा भवनमा १५००।२००० सिट क्षमताको उचित पार्किङ स्थल भएको खुला ठाउँमा बनाउनु उचित हुन्छ। नगरपालिकाले विकास गर्न लागेका कुनै स्थानमा राख्नु समयोचित हुन्छ। कभर्ड हल र अरनिको सभाभवन भत्काएर सोही ठाउँमा नयाँ भवन बनाउनेतिर नगरपालिका लागेमा ९९ चोक खाली गराउने उसको आकाङ्क्षामा तुषारापात हुन जानेछ।

भक्तपुरमा जगन्नाथका ४ ओटा मन्दिर रहेका छन्। त्रिपुरासुन्दरी चोक तुलाछेँको मूल मन्दिर, पशुपति मन्दिर पश्चिम, हनुमान घाट र टौमढी टोलबाट दक्षिणमा अन्य जगन्नाथ मन्दिर रहेका छन्। काठमाडौँको टेकू र पाटनमा मल्ल कालमा जगन्नाथ मन्दिर बनेका थिए। भक्तपुरका राजा यक्ष मल्लले (सन् १४२८-१४८२) चार धामलगायत ५ ओटा मन्दिर द्वारिकानाथ, बदरीनाथ, केदारनाथ, रामेश्वर र जगन्नाथको मन्दिर दरबार अगाडिनै बनाउन लगाएका थिए।

अन्य हिन्दू मन्दिर नष्ट गराएझैँ मुगल राजा औरङ्गजेबले सन् १६६९ मा काशी विश्वनाथ मन्दिर नष्ट गराएका थिए। त्यतिबेलाका पाटनका चौतारा अर्थात् प्रधानमन्त्री भगीरथ भैयाले दरबारको अगाडि पश्चिमतर्फ मङ्गलबजारमा संवत् १७३५ (नेपाल संवत् ७९८ माघ शुक्ल षष्ठीका दिन) मा विश्वनाथको ३ तले मन्दिर बनाए। अचेल यो मन्दिरलाई भैया देगल वा भाइदेवल वा भाइदेगः मन्दिर भनिन्छ। काशीको विश्वनाथ मन्दिर भत्काइदिएको ८ वर्षपछि भक्तालुहरूको दर्शन पुजनको लागि यो मन्दिर बनाइदिएका हुन्।

त्यतिबेला जगन्नाथ पुरी धाम जान सजिलो थिएन। पैदलै जानु पर्दथ्यो। भाइदेगः जस्तै तीर्थ गएर फर्केपछि तत्कालीन प्रधान भाजु कसले जगन्नाथ मन्दिर निर्माण गराएको देखिन्छ।

नेपालमा बाह्रौँ शताब्दीदेखिनै भूकम्पले सम्पदाहरूको विनाश गर्दै आएको पाइन्छ। १८९० सालको महाभूकम्पमा भत्केका कतिपय मन्दिर पनि साविक स्वरूपमा बनाइएन। १९९० सालको भूकम्पमा भत्केका कतिपय मन्दिर कुनै बनाइएन भने कुनै जेनतेन पुजा चलाउन एकतले, वा मूर्तिमात्र खडा गरेर छाडिएको पाइन्छ। भक्तपुरमा फसिदेगः, उमामहेश्वर, यन्त्रवत्सला आदि मन्दिरहरू स्वरूप बिगारेर बनाइयो। नारायण मन्दिर (शारदा मावि), मसानेश्वर, लापाँदेग, उमामहेश्वर खौमा आदि मन्दिर नै बनाइएन। काठमाडौँ रानीपोखरीको बालगोपालेश्वरको प्रताप मल्लकालीन शिखरशैलीको मन्दिर भत्काएर जङ्गबहादुरले गुम्बज शैलीमा बनाए।

यो जगन्नाथ मन्दिर पनि संवत् १८९० र सोभन्दा अगाडि र १९९० सालको भूकम्पले भत्कायो। त्यसपछि मूर्तिसम्म बचाएर राख्न भूइँतले मन्दिर बनाइयो।



जगन्नाथको १४.८ रोपनी क्षेत्रफलको परिसर

गुठी संस्थानको भद्रकालीमा रहेको स्रेस्ता अनुसार यो परिसर १४.८ रोपनी (१.९ एकड) क्षेत्रफलको धेरै ठूलो थियो। उत्तरतर्फ सडक रहेको, सडकमै पूर्वतर्फ त्रिपुरासुन्दरी माताको मन्दिर रहेको छ। अझ केही पूर्व उनै माताको द्यः छँ रहेको छ। माताको मन्दिर र द्यः छँको बीचबाट पूर्वतर्फको सडक सुकुल ढोका सडकमा मिसिन पुग्छ। सो सडक र मन्दिर द्यः छँबाहेक दक्षिणतर्फ ठूलो र फराकिलो परिसर यो जगन्नाथ मन्दिरको रहेको थियो। त्रिपुरासुन्दरी मन्दिरको पश्चिम र जगन्नाथ परिसरको पूर्वमा गहिरो कलात्मक ऐतिहासिक ढुङ्गेधारा अद्यापी रहेकोछ।



ढुङ्गे धारा

यो मन्दिर क्षेत्रबारे भक्तपुर नगरपालिकाले इतिहासविद् डा.पुरुषोत्तम लोचन श्रेष्ठको संयोजकत्वमा अध्ययन गराएकोमा उत्खनन सम्बन्धी प्रतिवेदन पेश भइसकेकोछ।

जगन्नाथ मन्दिर मूलबाटोबाट भित्र परेकाले वा ओल्डफिल्डले नदेखकाले उनका नेपाली चित्रकार राजमानले समेत यो मन्दिरको चित्र कोरेको पाइएन। न त फोटो नै पाउन सकियो। १९८७ सालमा कोरेको एउटा चित्र भने पुरोहित विनोदराज शर्माबाट प्राप्त भएको भनी 'भक्तपुर'




'भक्तपुर' मासिकमा प्रकाशित तस्बिर

मासिक २०५६ साल वैशाखमा प्रकाशित भएको पाइन्छ। जुन तस्बिर 'भक्तपुर' मासिक सङ्ख्या २०८, असोज २०७१ को अन्तिम गातामा पुनःछापिएको पाइन्छ।



मन्दिर परिसरको नक्सा

मन्दिर परिसरको नक्सा भक्तपुर मासिक २०५४ जेठ पछाडिको कभर पृष्ठमा विनोदराज शर्माको सौजन्यमा प्रकाशित भएको पाइन्छ।

हाल यो मन्दिर पुनर्निर्माण गर्नको लागि पुरातत्त्व विभागले मन्दिरको जगको अवस्था अध्ययन र अनुसन्धान

गरिरहेको छ। मन्दिरको देखिएको स्वरूप पुरीकै जस्तो देखिन्छ। सोही स्वरूपमा मन्दिर पुनर्निर्माण गरिनु पर्दछ। मन्दिर परिसरका अतिक्रमणलाई हटाइनु पर्दछ।



भारत जगन्नाथ पुरीको मन्दिर



पुरीको रथयात्रा



भक्तपुरमा जगन्नाथको रथ यात्रा

## बासिबियाँलो



चित्रको माथि दिइएकाजस्तै वस्तुहरू कहाँ कहाँ छन्?



एउटैजस्तो देखिए पनि दुई चित्रमा केही फरक छन्, फेला पारेर चिनो लगाउनुहोस्। (चित्र : इन्टरनेट)

**सन्दर्भ स्रोतः**

- पुष्पाञ्जली कोजूको थेसिस STATUS OF HISTORIC URBAN LANDSCAPE: A CASE STUDY OF JAGANNATH TEMPLE IN TULACHHEN, BHAKTAPUR DISTRICT PROJECT WORK SUBMITTED TO KATHMANDU UNIVERSITY CENTRE FOR DEVELOPMENT STUDIES NATIONAL COLLEGE, BALUWATAR, KATHMANDU, NEPAL Sep 2014.

- आभार : Dr Shova Hyanmikha

(सूर्यविनायक-८, भक्तपुर, २४ जेठ २०७९)

**विशेष**

# इतिहास के हो र किन ?



विश्वमोहन जोशी

'निश्चित रुपले यस्तो भएको हो' भन्ने अर्थ दिने 'इति-ह-आस' तीन शब्दहरू मिलेर 'इतिहास' शब्द निर्माण भयो। युनानी भाषामा 'Historia' शब्दले 'सत्य तथ्यको अन्वेषण' वा वास्तविक रूपले के भयो ? वा 'हेरेर जान्नु र सिक्नु' भन्ने अर्थ दिन्छ। त्यही युनानी भाषाको 'Historia' शब्दबाट अङ्ग्रेजी भाषाको 'History' शब्दको निर्माण भयो। छोटोमा भन्नु पर्दा विगतका घटनाहरूको विवरण नै इतिहास हो। त्यसो भन्नुको मतलब मानव सभ्यताको विकास क्रमका सम्पूर्ण घटनाहरूबारे सत्य तथ्य र तर्क तथा प्रमाणहरूको आधारमा ब्यथस्थित एवं क्रमबद्ध रूपमा गरिएको यथार्थ वर्णन नै इतिहास हो। सम्पूर्ण ज्ञान विज्ञान, सभ्यता आदिको विवरणहरूका ढुकुटीका रूपमा रहेको इतिहास विषय सर्वव्यायी र विशाल छ। विगतका घटनाहरूको विवरण सङ्कलन गर्ने र घटना स्वयम्को अर्थमा इतिहास शब्दको प्रयोग गरिएको पाइन्छ।

यस धर्तीमा अस्तित्वमा रहेका हरेक प्राणी देश, वस्तु, वनस्पति, विद्या, शास्त्र, दर्शन आदिको आ-आफ्नै इतिहास हुन्छ। ती सबैको उत्पत्ति, विकास र समाप्ति आदि बारेको वर्णन इतिहासले मात्र गर्दछ। कुनै पनि समाज वा देशको इतिहास भन्नाले त्यसको विगतको सामाजिक, आर्थिक, राजनैतिक, प्रशासनिक, सांस्कृतिक, वैज्ञानिक आदि पक्षको तथ्य र प्रमाणहरूको आधारमा क्रमबद्ध रूपले ब्याख्या र विवेचना गरिएको वर्णन भनी बुझ्नु पर्दछ। इतिहास मानवीय गतिविधिहरूमा आधारित भएकोले पृथ्वीमा मानव जातिको सृष्टि भएदेखि नै इतिहासको प्रारम्भ भएको मानिन्छ। शुरुमा पौराणिक गाथाहरू र राजामहाराजा वीर योद्धाहरूको विवरणमा इतिहास सीमित रह्यो। अर्थात् साहित्यको एक हाँगाको रूपमा इतिहास रहेको थियो।

प्राचीनकाल अर्थात ई.पू. पाँचौं- शताब्दीतिर युनान र पर्सिया (ईरान) बीचको युद्धको बारे सत्य तथ्य विवरणहरू खोजबीन तथा विश्लेषण गरी क्रमबद्ध रूपमा घटनाहरूको यथार्थ चित्रण काथात्मक वा गद्यात्मक रूपमा प्रस्तुत गर्दै युनानी विद्वान Herodotus (४९० ई.पू.-४२५ ई.पू.) ले Historica नामक ग्रन्थ लेखे। उनले Historica अर्थात History वा इतिहास शब्द सर्वप्रथम प्रयोग गर्दै यसको मर्म, मूल्य र मान्यताको उजागर गरे। त्यसैले उसलाई कथात्मक वा गद्यात्मक इतिहासका पिता भनिन्छ। मानिसको स्वभावनै चिन्तनशील, कृयाशील र श्रृजनशील भएकोले इतिहास लेखन विधि शैलीमा अनेकौं आयामहरू थपिँदै गयो र आजको स्वरूपमा इतिहास हामी सामू उपस्थित भएको छ।

विषयवस्तु र क्षेत्रहरूको आधारमा इतिहासको वर्गीकरण गरिएको पाइन्छ। जस्तै राजनैतिक, संवैधानिक, प्रशासनिक, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक सैनिक, कूटनैतिक, वैज्ञानिक, विश्व आदिको इतिहास। इतिहास आफैमा एउटा कुनै विषय होइन जस्तो भूगोल, राजनीति, गणित, वनस्पतिशास्त्र आदि विषयहरू हुन्। तर इतिहास मानवज्ञान र अनुभवहरूको ढुकुटी भएकाले यसमा सबै विषयहरूको वर्णन पाइन्छ। विगतका घटना सम्बन्धी सत्य तथ्य प्रमाण र विवरणहरू सङ्कलन र अध्ययन गर्दा त्यसको प्रयोग, निरीक्षण विश्लेषण गरी प्रमाणित भएपछि मात्र स्वीकारिन्छ। यस आधारमा इतिहास विज्ञान जस्तै हो। त्यसैले यसलाई सामाजिक विज्ञानको रूपमा स्वीकारिसकेको छ। यस विधिबाट प्राप्त विवरणलाई सुन्दर र सरल भाषामा व्यक्त गरिँदा इतिहासलाई कलाको रूपमा लिइन्छ। अतः इतिहासमा कला र विज्ञान दुवैको विशेषताहरू पाइन्छन्।

इतिहास विषयको बारे एउटा निश्चित सर्वमान्य परिभाषा त पाइएको छैन तर विभिन्न विद्वानहरूले आ-आफ्नै शैलीमा यसलाई परिभाषित गरेका छन्। ती विभिन्न परिभाषाहरूबाट इतिहास के हो ? भनेर बुझ्न हामीलाई ठूलो मद्दत मिल्दछ। त्यस्ता केही विद्वानहरू र उनीहरूले दिएका परिभाषाहरू निम्न छन् -

prof. Ghate - 'It is a scientific Study and a record of our complete past.'

Prof. Rapson- 'History is a connected accountg the course of events or progress of ideas.'

E.H. Carr - 'History is an unending dialogue between the present and the past.'

John Bengall Bury - History is not a branch of literature ... History is science neither less not

more... ’

Henri Pirenne - History is the story of the actions and achievements of human living in the societies.’

अक्सफोर्ड शब्दकोष अनुसार ‘इतिहासमा कुनै देश समाज तथा मनुष्यसित सम्बन्धित सम्पूर्ण घटनाहरूको उल्लेख हुन्छ ।’

Dr. Serbpalli Radhakrishnan- History is the whole power of a Nation.

महान दार्शनिक एवम् चिन्तक कार्ल मार्क्स (ई.सं. १८१८-१८८३) को सोचाइमा इतिहासको अवधारणाको आधार आर्थिक सिद्धान्त हो । सामाजिक परिवर्तनको मूल कारण आर्थिक हुन्छ । राजनीति, धर्म तथा संस्कृतिलाई आर्थिक कारणले प्रभावित गर्दछ । ऐतिहासिक प्रगतिको मूल कारण प्राचीन तथा नवीन सामाजिक सङ्गठनबीचको सङ्घर्ष नै थियो । साम्यवादबाट नै नयाँ इतिहासको प्रारम्भ तथा प्राचीन प्रथाको अन्त्य हुन्छ । वर्ग सङ्घर्षलाई नै उनले इतिहासको शक्तिको रूपमा स्वीकार्दै भनेका छन् - “अहिलेसम्म सबै समाजको इतिहास वर्ग सङ्घर्षको इतिहास हो ।”

आवश्यकता, उपयोगिता र फाइदाहरूकै आधारमा कुनै पनि वस्तु महत्त्व निर्धारण गरिन्छ । अथवा त्यसलाई बेवास्ता गर्दा के कति हानि हुन्छ ? यसले पनि केही अर्थ राखेको हुन्छ । इतिहास विषयको परिचय पाएपछि नै हामीलाई यस विषयको महत्त्वबारे केही जानकारी पाएकै हुनुपर्दछ । कुनै पनि क्षेत्र वा विषयबारे हामीलाई वर्तमान अवस्थामा जानकारी चाहेमा त्यसको विगतलाई केलाउनु पर्ने हुन्छ । जस्तो कुनै पनि चिकित्सकले बिरामीलाई निरीक्षण गर्दा बिरामीको विगतको अवस्थाबारे थाहा पाउन खोज्दछ ।

हाम्रा विभिन्न संस्कार र संस्कृतिहरू जात्रा पर्वहरू सम्पन्न गर्दा विगतकै परम्परालाई आधार मानिन्छ । कुनै पनि जाति, वर्ग, समाज र देश आदिको पहिचान उल्लेख गर्दा विगतकै क्रियाकलाप र अवस्थाहरूलाई आधार मान्नु पर्ने हुन्छ । कुनै पनि व्यक्ति, परिवार, समाज र देशसँगको सम्बन्ध विगतकै आधारमा आधारित हुन्छ । कुनै पनि शासक, शासन पद्धति, नीति, देश आदिको उत्थान कसरी भयो, अन्त्य कसरी भयो वा अहिलेसम्म किन रह्यो आदि प्रश्नहरूको उत्तर त्यससँग सम्बन्धित इतिहासले मात्र दिन सक्दछ । विभिन्न समयमा विभिन्न वैज्ञानिकहरूले धेरै अध्ययन, अनुसन्धान र प्रयोग, निरीक्षण, परीक्षण आदि गरेर मात्रै मानव समाज अहिलेको ‘उन्नत’ विज्ञान र प्रविधिको युगमा पुगेको यथार्थ वैज्ञानिक इतिहासले दिन सकेको हो । वर्ग सङ्घर्षका कारण घटना र त्यसले ल्याएको परिणाम बुझ्न मानव समाजको वर्ग संङ्घर्षको इतिहासलाई पढ्नु पर्दछ । अर्थात् कुनै विषयको पूर्ण र परिपक्व ज्ञान हासिल गर्न तिनीहरूको विगतकै अवस्थाहरूबाट जानकारी लिनु आवश्यक छ । त्यसैले विगत भन्नु नै इतिहास हो । इतिहास भन्नु नै ज्ञान र अनुभवको ढुकुटी हो ।

इतिहासले विज्ञान, ज्ञान, कला, भाषा, साहित्य, सामाजिक, राजनीतिक, दार्शनिक सिद्धान्तहरूमा र आर्थिक विकाससँग सम्बन्धित मानब समस्याहरूको समाधानमा दिशा निर्देश गर्दछ । यो अतितको वर्णनमात्र नभई वर्तमानलाई आफ्नो भविष्य निर्माण गर्न जीवन्त प्रेरक तत्त्व पनि हो । प्राचीन युगमा युनानी तथा रोमनहरूले ज्ञान विज्ञान, कला संस्कृति, साहित्यमा गरेका उन्नति र गौरवबाट प्रभावित भएर नै पन्ध्रौं शताब्दीको अन्ततिर युरोपमा पुनर्जागरणको युगको शुरुवाट भयो र आजको अवस्थामा युरोप पुग्यो । यी सबैको प्रेरणाको श्रोत इतिहास नै हो । यो ज्ञान, अनुभव र सूचनाको खानी हो । मानव आफैमाथि परेका विभिन्न प्राकृतिक प्रकोपहरू र विभिन्न असमानता, उत्पीडन र शोषणाको विरुद्ध गरेका सङ्घर्षहरू र उपलब्धिहरू इतिहासमा नै सञ्चित भई बस्दछ । विगतमा भए गरेका गल्तीहरू नदोहोर्‍याउन र उचित कार्यहरूलाई निरन्तरता दिई आजको मानव जीवनलाई अझ उन्नत अवस्थामा पुर्‍याउन इतिहासले शिक्षा दिन्छ । त्यसैले बुझ्नेलाई श्रीखण्ड नबुझ्नेलाई खुर्पाको बीँड सरह हो इतिहास ।

यसरी इतिहासको महत्त्व र आवश्यकताबारे हामीले जति चर्चा गरे पनि वर्तमान अवस्थामा हाम्रो देशमा इतिहासप्रति चासो रहेको महसुस हुँदैन ।

नेपालका उच्च शिक्षाको शुरुवात राणा प्रधानमन्त्री चन्द्र शम्शेरको पालामा सन् १९१८ मा काठमाडौंमा त्रिचन्द्र कलेजको स्थापनाबाट भयो । पछि वि.सं. २०१६ मा नेपालमै त्रिभुवन विश्वविद्यालयको स्थापना भएपछि यहाँ विभिन्न स्थानहरूमा कलेजहरू खोलिए र नेपालकै इतिहासको पठन पाठन पनि हुँदै गयो ।

वि.सं. २०५८ सालसम्म इतिहास विषय लिई अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या राम्रै थियो । तर पछि गएर क्रमैसँग यस विषयप्रति विद्यार्थीहरूको आकर्षण कम हुँदै गयो । यसो हुनुको पछाडिको अवस्था र कारणहरू निम्न अनुसारको भएको देखिन्छ-

१. प्लस टु (+2) प्रणाली अनुरूप विद्यालयहरूमा इतिहास विषयलाई खासै महत्त्व दिइएन र स्नातक तथा स्नात्तकोत्तर तहमा यस विषय अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या कमी भयो ।
२. हाम्रो देशको अर्थतन्त्रका पर्यटन उद्योगको ठूलो महत्त्व छ । यसलाई हाम्रो इतिहास, कला, संस्कृति, पुरातत्त्वले उल्लेख्य रूपमा मद्दत पुऱ्याउँछ । त्यसको लागि हाम्रो देशका इतिहास महत्त्वपूर्ण आधार भएर पनि यस विषयले रोजगार बजारको आधारमा प्राथमिकता पाउन सकेन ।
३. सरकार र समाज बढी मात्रमा विज्ञान, प्रविधि र वाणिज्य शिक्षातर्फ केन्द्रित भयो र विद्यार्थी तथा अभिभावकको आकर्षण पनि त्यतैतिर ढल्कियो ।
४. इतिहास विषयसँग सम्बन्धित निकायहरूमा समेत इतिहास विषयका शिक्षित वर्गलाई खासै प्राथमिकता दिइएन ।
५. हाम्रो देशको प्रशासनिक क्षेत्रहरू र अन्य निकायहरूको सेवा प्रवेश गर्ने व्यक्ति विशेषलाई हाम्रो देशका इतिहास विषयको ज्ञान आवश्यक भएको तथ्यलाई खासै महसुस गरिएन ।
६. इतिहास विषयका आवश्यकता र महत्त्वबारे पनि मानिसहरूले खास बुझेनन् र यसको महत्त्वबारे आवश्यक रूपले प्रचार प्रसार पनि भएन ।
७. मानवता, नैतिकता, देशभक्ति, स्वाभिमान, राष्ट्रिय गौरव, स्वावलम्बी, ज्ञान तथा परिश्रमलाई भन्दा कुनै पनि तरहले भौतिक सुख सम्पत्तिको प्राप्तिनै जीवनको प्रमुख उद्देश्यको रूपमा लिइने प्रवृत्ति बढ्दै गयो ।
८. देशका नीति निर्माताहरूले इतिहास विषयको महत्त्व र आवश्यकतालाई खासै ध्यान नदिएको कारण यो विषयको अध्ययन अध्यापन अनिवार्य भएन । सामाजिक शिक्षा अन्तर्गत यस विषयलाई थोरै ध्यान दिए तापनि यसको छुट्टै महत्त्वलाई ख्याल नगरी ऐच्छिक विषयको रूपमा एउटा कुनामा यसो स्थान दिइएको छ । तर अनिवार्य विषय बनाउन कहिले विचार गरिएन । यसले गर्दा विद्यालय तहदेखिका विद्यार्थीहरू यो विषयसित अपरिचित भए । चिने जाने माया मोह, नचिने को हो को हो ?- इतिहास विषयको अवस्था पनि यस्तै रह्यो ।
९. यस विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तक पनि समय र आवश्यकताअनुसार परिमार्जित कमै मात्र हुन सक्यो । यस विषयलाई श्रमसित जोडिएर अध्ययन/अध्यापन खासै गराइएन ।

अन्य देशहरूमा इतिहास विषयमा विशेष महत्त्व दिएको हामी पाउँछौँ । सर्वसाधारण पनि आफ्नो देशको इतिहास पढ्न रुची राख्दछन् । देशको गौरवलाई विशेष महत्त्व दिन्छन् । तर हाम्रा युवा पुस्तामा मात्र हैन अरूमा पनि देशप्रतिको माया, गौरव, हाम्रो सभ्यता, संस्कृति, कलाकृति, साहित्य र इतिहासप्रति सशक्त रूपमा चासो नहुँदा हामीमा जति राष्ट्रिय गौरवको अनुभूति हुनुपर्ने हो त्यति छैन । आफ्नो जीवनको गन्तव्य, उद्देश्यको रूपमा विदेश, विदेशी शिक्षा र संस्कृतिलाई ग्रहण गर्न लालायित छन् । यसको मतलव विदेशी तथा पाश्चात्य शिक्षा, ज्ञान, विज्ञान, संस्कृति सिक्नै हुँदैन भनेको कदापी हैन, आवश्यक कुराहरू सिक्नै पर्दछ । तर त्यो साध्यको रूपमा हैन साधनको रूपमा मात्र । हाम्रो देश र जनताको उन्नति हाम्रो शिक्षाको प्रमुख उद्देश्य हुनु पर्दछ ।

मानिसहरू आफ्नो आवश्यकता पूर्तिका लागि, अस्तित्वको सुरक्षाको लागि र विकासका लागि मानिसहरू आपसमा मिली अन्तर सम्बन्धित भई एक निश्चित स्थानमा बसेको समूहलाई नै सामान्यत समाज भनिन्छ । समाज सदैव गतिशिल र परिवर्तनशील हुन्छ । आवश्यकता, विभिन्न प्राकृतिक समस्याहरूको समाधान र शोषणका विरुद्ध गरिने सङ्घर्षहरूका कारणले गर्दा समाजको विकासमा विभिन्न चरणहरू देखापरे जस्तो प्रारम्भिक समाज, कृषि समाज वा सामन्ती समाज, औद्योगिक समाज हुँदै अहिलेको आधुनिक समाज वा सूचना समाजमा बीसौँ शताब्दीको अन्त्यतिर आएर प्रवेश गरेका छौँ । सर्वहारा वर्गका गुरु कार्ल मार्क्सले समाजका विकासका विभिन्न चरणाहरूमा पाइने विशेषताहरूको आधारमा आदिम साम्यवाद, दास समाज, सामान्तवाद, पूँजीवाद, समाजवाद र साम्यवाद नाम दिएका छन् । उहाँको विचार अनुसार अहिले हामी पूँजीवादी समाजमा छौँ । वास्तवमा समाजको विकासका निर्णायक शक्ति र इतिहासका निर्माता श्रमजीवी जनता नै हुन् । उनीहरूकै श्रमबाट शहर बस्ती, देश, कलाकृति, पुरातात्त्विक र ऐतिहासिक महत्त्वका कृतिहरू, सभ्यता, संस्कृतिको निर्माण र विकास हुन्छ । त्यसैले जनता जनार्दन अर्थात जनता नै ईश्वर हुन् भनिन्छ । समाज परिवर्तनका विभिन्न घटनाक्रमहरू र तत्कालीन परिवेशहरूको विकास वा उतार चढावबारे समाजका प्रत्येक चेतनशील मानवले जानकारी राख्नै पर्दछ र त्यसको लागि उसले मानव समाजका विकासक्रमको इतिहाससित परिचित हुनै पर्दछ । त्यस्तो इतिहासको अनभिज्ञताले हामीलाई कुनै पनि हाम्रा कलाकृति, सभ्यता, संस्कार, संस्कृति, सङ्घर्ष, बलिदान, त्याग, परिश्रम, देशप्रेम

आदिको मूल्य र मान्यता तथा महत्त्वलाई बुझ्दैनौँ। अनि आफ्नै देश र समाजमा रहेर पनि विदेशीको दास जस्तो भएर जीवन निर्वाह गर्नुपर्ने हुन्छ। त्यसैले आफ्नो पहिचान कायम गरी राख्न इतिहासले ठूलो सहारा दिन्छ।

कुनै पनि देश भन्नाले एउटा निश्चित भूगोल मात्र हैन। त्यहाँ बस्दै आएका जनता र उनीहरूको संस्कार, संस्कृति, सभ्यता, विधान, सार्वभौमिकता सम्पन्न कानूनी राज्य, शासन व्यवस्था, स्वतन्त्रता, क्षेत्रीय अखण्डता आदिको समष्टि रूप नै देश हो। देशको यस्तो स्वरूप स्थापित गर्न हजारौँ वर्ष लगाएर जनताले आफ्नो श्रम, प्रयत्न, बलिदान गरेका थिए। भौगोलिक परिवेशलाई सक्दो रूपमा आफ्नो अनुकूल पार्न धेरै रगत र पसिना बगाएका थिए।

आजको हाम्रो देश नेपालको स्वरूप स्थापित गर्न हजारौँ वर्ष पहिलेदेखिका हाम्रा पूर्वजहरू जो श्रमिक थिए, कलाकार थिए, वीर योद्धा थिए, ज्ञानी, त्यागी थिए, कुशल शासक एवम् प्रशासक थिए, विचारक एवम् चिन्तक थिए, तिनीहरू सबैको अथक एवम् निरन्तर प्रयासबाट मात्रै सम्भव भएको थियो। यस दौरानमा हामीले कहाँ गल्ती गर्‍यौँ? कहाँ चुक्यौँ? समस्याको समाधान कसरी गर्‍यौँ? कसरी सफलता पायौँ? अब हामीले के गर्नु पर्दछ? देशको गौरवलाई स्थापित गरी राख्न मात्र हैन, गौरवको विकास कसरी गर्न सक्छौँ? यसमा हाम्रो भूमिका कस्तो हुनु पर्दछ? कतै हामी अहिले चुकेका त छैनौँ? यी सबै प्रश्नहरूको उत्तर हाम्रो देशको इतिहास बुझे पछि मात्र दिन सक्छौं। देश र जनताको वर्तमान अस्तित्व र गौरव त्यसको विगतका क्रियाकलापहरूमा, अवस्थाहरूमा आधारित हुन्छ। देशले मलाई के दियो भन्नु भन्दा देशलाई म के दिन सक्छु र के दिएँ? यो प्रश्न महत्त्वपूर्ण हुन्छ। हाम्रो पूर्वीय दर्शनमा जन्म दिने आमा र जन्मेका ठाउँलाई स्वर्गसँग दाँजेर त्यो भन्दा पनि प्यारो छ भनिन्छ। यी सब तथ्यहरूसित परिचित हुन हाम्रो विगतको घटनाक्रमहरू बुझ्नु पर्ने हुन्छ। विगत भन्नु नै इतिहास हो। हाम्रो देश र जनताको मान सम्मान गर्ने, देशभक्ति भावनाको वृद्धि गर्न हाम्रो देशको इतिहासबाट ठूलो प्रेरणा प्राप्त हुन्छ। अनि हामी र हाम्रो देश अग्रगतितिर उन्मूख हुन्छौं। यसै सन्दर्भमा विद्वान वी.पी. मेनकाले भनेका छन्– "जो राष्ट्र आफ्नो इतिहास र भूगोलबाट विमुख हुन्छ त्यो राष्ट्रको विनास सुनिश्चित छ।" देश, राष्ट्र, मुलुक जे भनौँ त्यसलाई जोगाउने र विकसित गर्ने काम हामी देशवासी जनताको हो। यही शिक्षा हामीलाई इतिहासले दिन्छ। त्यसैले कुनै देश वा समाजको स्थायित्व र विकासका लागि इतिहास विषयको अध्ययन र अध्यापन अनिवार्य रूपले भइरहनु पर्दछ।

आजभोलि काम गरेर मनग्य आय आर्जन गर्दै प्रशस्त भौतिक सम्पत्तिको जोरजाम र सुखसयलमा जीवन बिताउनुलाई जीवन सफल भएको ठान्दछन्। सामान्य सोच यस्तै हुन्छ। श्रम, प्रयत्न, खोजवीन, अनुसन्धान, अध्ययन, सङ्घर्ष, बलिदान, त्याग आदिलाई निरन्तरता नदिई बीचैमा आराम गरी बसेमा के हाम्रो मानव समाज सदैव प्रगति उन्मुख र विकसित हुन सक्ला? के भौतिक सम्पत्तिको जोरजाम गर्दैमा हामी सुखी खुशी हुन्छौं? यदि हुन्छ भने धेरै धनी मानिसलाई किन रातभर शान्तिपूर्वक निद्रा लाग्दैन, विकसित र सर्वशक्तिमान भनिएको संयुक्त राज्य अमेरिका किन आफूलाई सदैव असुरक्षित थानी विश्वका विभिन्न देश र स्थानहरूमा आफ्नो सैनिक अखडा स्थापित गर्दैछ? अरु देशले गरेको उन्नति, अरुको स्रोत साधनमा किन डाहा गर्दछ? राजदरबारको सुखभोग त्याग्ने सिद्धार्थ गौत्तम बुद्धलाई खुसी र सफल महामानव मान्ने कि नमान्ने? शहीदहरूको जीवन उज्ज्वल भएको ठान्ने कि नठान्ने? त्यसैले महाकवि लक्ष्मी प्रसाद देवकोटा लेख्छन्– 'सुख त्यो कहाँ छ?......अरुलाई दिनु जहाँ छ।' तर यो कुरा पनि सत्य र व्यवहारिक हो कि हामी सबै गौत्तम बुद्ध, अमर शहीद जस्तै बन्न सक्तैनौँ। त्यसैले हामीले मध्यम मार्ग अपनाउनु पर्दछ अर्थात् भविष्य बनाउन हामीले केही ज्ञान, सीप, शिक्षा, क्षमता हासिल गर्नै पर्दछ। त्यसलाई प्रयोग गरेर हामी आय आर्जन गरी जीवनयापन गर्दछौं। आफ्नो जीवनलाई सकेसम्म सफल, उज्ज्वल, सुखी, खुशी पार्ने प्रयास गर्दछौँ। बस यतिमा मात्र हामीले आफूलाई सीमित नराखी आफ्नो परिवार, समाज, आफ्ना गाउँ ठाउँ, देश र समस्त विश्वकै भलाइको लागि केही गर्नु पनि पर्दछ। हामी किसान, मजदुर, शिक्षक, कर्मचारी, व्यापारी, उद्योगी, नेता, राजनीतिकर्मी, वैज्ञानिक, वकिल, डाक्टर, इन्जिनियर, प्रहरी, सैनिक, चिन्तक तथा दार्शनिक केही भएर काम गर्दा आफ्नो व्यक्तिगत फाइदाको लागि मात्र हैन आफ्नो समाज, देश र जनताको लागि केही योगदान गर्नै पर्दछ। त्यसो गरे मात्र हामीलाई धेरै पछिसम्म अरूले सम्झन्छन्। जस्तो अमर शहीदहरू, चिन्तक, योद्धाहरू, वैज्ञानिकहरू, विद्वानहरू, चिन्तकहरू, नेताहरू, सुधारकहरूलाई स्मरण गर्दै उनीहरूका देनहरूबारे अहिले मात्र हैन धेरै पछिसम्म चर्चा गर्दै उनीहरूप्रति कृतज्ञता अर्पण गरिरहनेछौँ र हामी कुनै पनि तरहले प्रेरणाका श्रोत बन्न सकौँ। मानवता, दया, माया, करुणा, शान्ति, ➲

**विशेष**

# भूगोल के हो ?



विष्णुभक्त राजचल

पृथ्वीको उत्पति सँगै यहाँ विभिन्न क्रियाकलापहरू हुँदै गएर पछि विभिन्न तत्त्वहरूले क्रमिक रूपमा जन्मलिए। भौतिक वातावरणको सृजना पश्चात मानिसको यस पृथ्वीमा जन्म भयो। वातावरण अन्तरगत रहेर मानिस हुर्कियो, उसमा विभिन्न जिज्ञासाहरू पलाए। आवश्यकता अनुसार, विभिन्न वस्तुहरू आविष्कार हुन थाले। यसरी पृथ्वी र यस अन्तरगतका विभिन्न तत्त्वहरू ग्रह एवं उपग्रहहरू एवं असिम अन्तरिक्ष सम्बन्धी ज्ञानको प्रस्फुरण हुन गयो। यसलाई मानिसले भूगोलको संज्ञा दिए। प्राचीन समयमा गोलो पृथ्वी र त्यसको वर्णनलाई नै भूगोल भनिन्थ्यो। तर आज भूगोलको अर्थ र क्षेत्र विशाल भैसकेको छ। पृथ्वी र यससँग सम्बन्धित अन्य रहस्यहरूको पुष्टि भूगोलद्वारा नै हुन्छ।

विश्वका प्रसिद्ध भूगोल वेत्ताहरूले भूगोलको परिभाषा फरक फरक दिएका छन्। यसको अध्ययन खासगरेर दुई किसिमबाट गर्न सकिन्छ भनेका छन्। जसमा मानव भूगोल र भौतिक भूगोल दुई पक्ष पर्दछन्। भूगोलको परिभाषा जे दिएपनि सारमा भूगोल भन्नाले यो पृथ्वी र यसमा रहेका मानिस, सम्पूर्ण प्राणी र वनस्पतिसित सम्बन्धित विभिन्न तत्त्वहरू र प्राकृतिक प्रकृयाहरू वैज्ञानिक प्रमाणका साथ प्रस्तुति भन्ने बुझिन्छ। विभिन्न प्रकारका चट्टान, खनीज पदार्थ, समुद्र, वायुमण्डलीय अवयवहरू, पृथ्वीको आकृति, जीव प्राणी र वनस्पतिको विशेषताको वर्णन, वितरण आदिबारे अध्ययन नै भूगोल हो। यस अर्थमा विश्व

---

➲ न्याय, समानता, स्वतन्त्रता, सामाजिक न्याय स्थापित गर्न गराउन हाम्रो केही भूमिका रहोस्। माटो, पानी, ताप, हावा, रुख, विरुवा, चन्द्र, सूर्य आदिले हामीलाई आ-आफ्नो सामर्थ्य प्रदान गरिरहेकोले नै हामी जीवित छौं। तपाई भएर नै मेरो अस्तित्व बचेको हो। यस धर्तीका सारा वनस्पति, चराचुरुङ्गी, पशुपंक्षी, कीट पतङ्ग, प्राणी सबैको सामूहिक अस्तित्वको कारणले नै मावन जीवन पनि सम्भव भएको हो। हरेकले आ-आफ्नो क्षमता, योग्यता अनुरूप केही न केही दिएर नै समाजले निरन्तरता पाइरहेको हो। दिने कोही नभए लिनेले कहाँबाट लिने ? त्यसैले आजको अध्ययनले भोलि त्यस किसिमको ज्ञान हासिल गर्न सकोस्। कुनै पनि खालको शोषण नभएको, सामाजिक न्याय भएको, एकले अर्काको श्रमलाई सम्मान गर्न तत्पर रहेको, आ-आफ्नो व्यक्तित्व विकासका लागि सबैले समान अवसर पाएको र मावनताले भरिएको समाज निर्माण गर्नमा हामीले सक्दो भूमिका निर्वाह गर्न तत्पर रहने खालको व्यवहार हामीले गर्न सके मात्र हाम्रो भविष्य उज्ज्वल भएको मान्नु पर्दछ। यस्तो भावनात्मक एवम् मानवताबाट प्रभावित भएको शिक्षा, इतिहासबाट मात्र हामी पाउँदछौं। त्यसैले इतिहास अध्ययन गरेर विद्यार्थीहरू मात्र हैन अरुले पनि आफ्नो भविष्य उज्ज्वल बनाउन इतिहास अध्ययन गर्नु जरुरी छ। इतिहास र अनुभवहरूलाई राम्ररी बुझेर जीवनका हरेक क्षेत्रमा हामीले आफूलाई स्थापित गर्न सकेमा वास्तविक रूपमा भविष्य उज्ज्वल मात्र हैन सफल भएकै हुन्छ। त्यसैले अङ्ग्रेज विद्वान Francis Bacon ले भनेका छन् कि - 'History makes man wise.' अर्थात् इतिहासले मानिसलाई बुद्धिमान बनाउँछ।

**सन्दर्भ ग्रन्थ सूची**


१. काफ्ले, माया प्रसाद/वि.सं. २०५८-२०५९/विश्वको इतिहास, विराटनगर, काठमाडौँ : भुवन प्रकाशन।
२. गौत्तम, राजेश/वि.सं. २०५१/इतिहास लेखनको इतिहास /काठमाडौँ/रत्नपुस्तक भण्डार
३. पाँडेय, सरदार रुद्रराज/वि.सं. २०१८/हाम्रो नेपाल/काठमाडौँ : तुल्सीराज पाँडेय।
४. रेग्मी, रामराज/वि.सं. २०६०/मानव समाजको रूपान्तरण/ पोखरा-२ : ग्रामीण सामुदायिक विकास प्रतिष्ठान।
५. लुइँटेल, चक्रपाणी र पुरुषोत्तम/वि.सं. २०७१/समकालीन समाज/काठमाडौँ : निमा पुस्तक प्रकाशन।
६. हिन्दी पुस्तक
- कार, इ.एच.- इतिहास क्या हे (नयाँ दिल्ली, सन् १९६१)
७. अङ्ग्रेजी पुस्तक
– Adhikari, K.K.– A Brief Survey of Nepali Historiography (Kathmandu–1980 A.D.)
८. लेखहरू
- थापा, के.वि. र बुढाथोकी, सि.वि.- इतिहास विषयको अध्ययनमा विद्यार्थीको न्यूनता : समस्या र समाधान
- भट्टराई (जैसी) गुनाखर - इतिहास अध्ययनको महत्त्व - HISTORIA Journal and History and culture Vol. VI and VIII Publication– P.N, Campus, Pokhara


*(लेखक अवकाशप्राप्त सहप्राध्यापक हुनुहुन्छ।)*

व्रम्हाण्ड र गतिशील समय नै भूगोल हो। वैज्ञानिक दृष्टिकोणले प्रमाणको आधारमा कल्पनाशील विषय वस्तुहरू सत्य तथ्यको रूपमा प्रमाणित गरेर देखाइदिनु नै भूगोल हो। भूगोल भनेको के होइन ? सबैथोक भूगोल हो। भूगोल सत्य तथ्य प्रमाणित ज्ञानको भण्डार हो। अतः भूगोलको परिभाषा अत्यन्त विशाल छ।

## मानव जीवनमा भूगोलको अध्यनको महत्व

भूगोलमा भौतिक विज्ञान, भूगर्भ विज्ञान, जनसङ्ख्या तथा वातावरण विज्ञान, जलवायु विज्ञान, प्राणी तथा वनस्पति विज्ञान, नक्षत्र विज्ञान, आर्थिक तथा कृषि विज्ञान आदिको सैद्धान्तिक, व्यवहारिक तथा प्रयोगात्मक अध्ययन गरिन्छ। पृथ्वीको रचना, यसको आयु, विकास, धरातलीय पदार्थ, चट्टान, विभिन्न आकृति, महाद्वीप, यसको निर्माण, पर्वतको निर्माण, ज्वालामुखी र भूकम्प, नदी, हिमनदी, भूमिगत पानी, ऋतुअपक्षय, स्थल विनास आदि कुराहरूको विस्तृत उल्लेख भूगोलमा भएको हुन्छ। यस्तै भूगोलमा राजनीतिक शास्त्र, अर्थशास्त्र, समाजशास्त्र, व्यापार वाणिज्य, भू सर्वेक्षण, पारवहन, जलविद्युत, खनीज, मानव कला सभ्यता, सागरीय गतिविधि, वायुमण्डलीय गतिविधि इत्यादिको पनि अध्ययन हुन्छ। यस्तो जटिल एवं गहकिला कुराहरू जुन मानव जीवनसँग घनिष्ठ सम्बन्ध छन् त्यस्ता विषयहरूको विस्तृत अध्यन भूगोलमा हुने भएकोले यसको महत्त्व अत्यन्त ठूलो र उच्च छ।

देश र समाजको विकासको लागि अति महत्त्वपूर्ण भूमिका निभाउने प्रादेशिक योजना, नगर योजना, राष्ट्रिय योजना, क्षेत्रीय विकासका विभिन्न पक्षहरू, प्राकृतिक साधनहरूको परिचालन तथा व्यवस्था र एकाइहरूको अवस्थिति तथा वितरवण आदि पक्षहरूमा भूगोल अध्ययनको महत्त्वपूर्ण स्थान छ।

आफूभन्दा निकै टाढा टाढा पर्ने देश, महादेशहरूको स्थिति, सिमाना, प्राकृतिक दृश्यहरू, शहरहरू, राजधानी, सागर, महासागर, नदी, ताल आदिको वास्तविक अवयवहरू बिनाखर्चमा एकै ठाउँमा बसेर पनि अध्ययन गरी जानकारी हासिल गर्न सकिन्छ।

यस प्रकारले मानवजीवनमा प्रभावित पार्ने, माटो, घाम, पानी, वायु, वर्षा, वाढी, पहिरो, पहाड पर्वत, हुरी बतास इत्यादिबारे कारण र प्रमाण सहित विस्तृत अध्ययन गरी मानव जीवनलाई अनुकुल पार्न सकिने भएको हुँदा भूगोलको अध्ययन अति महत्त्व छ।

नेपालमा भूगोल शिक्षाको अध्ययनको थालनी भएको एक शताब्दी बितेको छैन। ई.सं. १९०१ को समयमा प्रधानमन्त्री देवशमशेरले जयपृथ्वीबहादुर सिंहको सहयोगले विद्यालय तहको नयाँ शिक्षामा भूगोल विषय सर्वप्रथम प्रवेश गराएको थियो। ई.सं. १९३४ मा एस.एल.सी. बोर्ड स्थापना भएपछि यो विषयले विद्यालयमा व्यवस्थित र सङ्गठित हुने अवसर पायो। त्यस बखतका पाठ्यक्रम र शिक्षक अधिकांश त भारतीय थिए। नेपाली पाठ्य सामग्रीको ठूलो अभाव थियो।

ई.सं. १९१८ मा त्रिचन्द्र कलेज खुलेको केही वर्ष पछि ई.सं. १९२१ मा प्रकाशित 'संसारको आनन्द' नामका पद्यात्मक भूगोल नै पहिलो भूगोलको पुस्तक थियो।

देशमा पहिलो कलेज खोलेको २९ वर्ष पछि, ई.सं. १९४७ मा मात्र उच्च शिक्षामा भूगोल विषय पढाउन थाल्यो। यसपछि ई.सं. १९५० मा. बी.ए. मा भूगोल समावेश भयो। यसपछि मात्र नेपाली भाषामा विद्यालय तहका भूगोलका कामचलाऊ केही पुस्तक निस्के। यसै ताका लोकमान सिंह, खड्गमान मल्ल, नेत्रबहादुर थापा, गंगाधर उपाध्याय, सुहोमनाथ, केदारनाथ, शरणहरि श्रेष्ठले भूगोलका सानातिना पुस्तक लेख्न थालनी गरे।

उच्च शिक्षामा भूगोल जगाउन स्व.जगतबहादुर बुढाथोकी, प्रा. उपेन्द्रमान मल्ल, मंगलराज जोशी आदिको प्रयास एवं संलग्नता प्रारम्भ भयो र भूगोल विषयमा उच्च शिक्षातर्फ जग हालियो।

ई.सं. १९६० मा त्रिभुवन विश्वविद्यालयमा भूगोल विभाग खुल्यो। ई.सं. १९६१ मा नेपाल भौगोलिक संस्थाको स्थापना भयो।

विद्यालय तहका भूगोलमा ई.सं. १९६४ पछि पं. उदयराज शास्त्री, लोकमान सिंह, शरणहरि श्रेष्ठ आदिले प्रारम्भिक तहका भौगोलिक पुस्तकहरू प्रकाशन गरे। नयाँ शिक्षापछि मानविकी र शिक्षाशास्त्रमा भूगोलको प्रर्याप्त पाठ्यक्रम विकास भयो। ई.सं. १९७२ पछि एम.ए. र एम. एड. मा भूगोल समावेश गरी शिक्षाको स्तर उकास्ने कार्यारम्भ भयो र यसको स्तरीय थालनी भयो। ई.सं. १९८७ मा त्रि.वि. को मानविकी तर्फ केन्द्रीय भूगोल शिक्षण विभागको स्थापना भयो र त्रि.वि.को शिक्षाशास्त्र तर्फ भूगोल शिक्षालाई सामाजिक शिक्षा अन्तरगत राखियो। राष्ट्रिय योजना आयोगमा भूगोलका दुई जना प्राध्यापक सदस्य रहने व्यवस्था पनि थालनी भयो।

यसरी अग्रज गुरुवर्गाहरूले भूगोलको महत्त्व र उपयोगितालाई बुझेर आफ्नो अथक प्रयास र प्रयत्नद्वारा विद्यालयस्तर र महाविद्यालय तथा उच्च शिक्षालयसम्म यसको पठन पाठनलाई समावेश गरी विकास गरेको पाइन्छ।

## भूगोल विषयप्रति आकर्षण

भौगोलिक विविधताले भरिपूर्ण पहाडी मुलुक नेपालमा भूगोल विषय लिएर अध्ययन गर्ने विद्यार्थी वृद्धि हुँदै जानुपर्नेमा त्यसको ठीक उल्टो कम हुँदै जानु देश र समाजको लागी विडम्बनाको विषय भएको छ। भूगोल विषयको महत्त्व र उपयोगिता नबुझेर यसरी भूगोल विषयप्रति आकर्षण कम भएको त पक्कै होइन होला।

अमेरिका, क्यानाडा, जापान, स्विडेनजस्ता युरोपेली मुलुकहरूको के कुरा भारत, पाकिस्तान, बङ्गलादेश, फिलिपाइन, श्रीलङ्का जस्ता विकासशील मुलुकहरूमा समेत यो विषयको अध्ययनमा प्राथमिकतासाथ अगाडि बढिरहेको बेलामा नेपालमा यस विषयप्रतिको आकर्षण घट्नु अवश्य पनि गम्भीर विषय हो।

जहाँसम्म लाग्छ पछिल्लो समयमा आएर बरोबर सरकारमा पुगेर सत्ता सम्हालेका प्रमुख दलका नेताहरू, मन्त्री र प्रधानमन्त्रीहरूको अदूरदर्शीता, अकर्मण्यता वा अपरिपक्व विचार एवं क्रियाकलापले गर्दा परिणाम यस्तो देखेको हुनसक्छ। व्यक्तिगत एवं दलगत स्वार्थ, पद लोलुप्तता, भ्रष्टाचार र कमिसन प्राप्त गरी छिटै धनी हुने विचारले समय परिस्थिति हेरेर राष्ट्रिय योजना, आयोजना निर्माणमा ध्यान दिइएन जस्को परिणाम यस्तो महत्त्वपूर्ण विषयतार्फ ध्यान केन्द्रित हुन नसकेर पनि हुनसक्छ।

शिक्षा जस्तो पवित्र सेवामा लाग्ने कर्मचारीहरू र विश्वविद्यालय, शिक्षालय सञ्चालनमा लाग्ने उच्च पदस्थ पदाधिकारीहरूले आफ्नो पदीय दायित्वलाई बिर्सेर वा नेता रिझाउनेमा लाग्नाले, नेताप्रति बफादार देखाउने, व्यक्तिगत लाभ लिनेमा बढी व्यस्त भएकोले पनि हुनसक्छ। आफूमा भएको विद्वता, सीप, दक्षता, इज्जत मान प्रतिष्ठा देखाएर देश र समाजको विकास गर्नुपर्ने विद्वानहरू नै आर्थिक चलखेल, भागबन्डामा लागेर राष्ट्रको ढुकुटी रित्याउने बदमासी एवं फोहोरी खेलमा बढी दिलचस्पि दिएकोले पनि यस्तो भएको हुनसक्छ।

सरकारले आफ्नै देशका शिक्षालय, विश्वविद्यालयहरू समयको माग अनुसार, देशको परिस्थिति अनुसार सुधार गर्दै गुणस्तरी उत्पादनमुखी पढाइ सञ्चालनतर्फ ध्यान दिएर सुधार गर्दै लानुको सट्टा विदेशी विद्यालय विश्वविद्यालयतर्फ आकर्षित पार्ने क्रियाकलापबाट कयौँ लगनशील युवा विद्यार्थीहरू विदेशमा गएर अध्ययन गर्न जानाले पनि यस्तो भएको हो।

अहिले आएर माध्यमिक शिक्षाको तहमा भूगोल विषयलाई सामाजिक शिक्षाको विषयमा राख्ने गरेको हुँदा एक त विस्तृत पढाइ हुन सकेन अर्को तर्फ भूगोल पढाउने विषय शिक्षकको अभावमा साधारण शिक्षकले जसोतसो झारातार्ने तरिकाले भूगोल विषयको अध्यापनले गर्दा भूगोलको गहिराइमा पुग्न सकेन। परिणाम स्वरूप भूगोलको महत्त्व बोध हुन नसकेर यसको अकर्षण कम भएको मान्नु पर्छ। यस्तै उच्च शिक्षालय र विश्वविद्यालयका प्राध्यापकहरू भूगोल विषयलाई अन्वेषणात्मक एवं प्रयोगात्मक क्रियाकलापबाट टाढिएर पन्छाउ प्रवृत्तिमा लाग्ने गरेको हुनाले पनि यस प्रति आकर्षण कम हुन गएका हुनसक्छ।

## देश र समाजको लागि अति आवश्यक

पृथ्वीको भौगोलिक एवं वातावरणीय स्वरूप थाहा पाउन, पृथ्वी र सूर्यको सम्बन्ध देखाउन, मौसम र हावापानी बुझ्न, माटो र प्राकृतिक वनस्पतिको बनोट र वितरणबारे जानकारी पाउन, कृषि, बस्ती, यातायात, वाणिज्य व्यापार बुझ्न विभिन्न विषय वस्तुको तथ्य-तथ्याङ्क नक्साङ्कन गर्न, यस विषयको अध्ययन देश र समाजको लागि अति आवश्यक छ।

पृथ्वीको स्थानगत वातावरणीय प्रभाव र परिवेशलाई प्रक्षेपण गर्न, पृथ्वीको परिवेशमा भएका वायुमण्डल, जीव मण्डल, जलमण्डल र स्थलमण्डलीय गतिविधि र सामाजिक सम्बन्ध स्थापितबारे थाहा पाउन पनि भूगोलको अध्ययन आवश्यक छ।

देशको वास्तविक स्थिति थाहा पाई स्थानीय स्तरमा उपलब्ध स्रोतहरूको आधारमा स्थानीय जनजीवनलाई समृद्ध पार्ने अति उपयोगी योजनाहरू तयार पारी कार्यान्वयनमा ल्याउन यसको अध्ययन आवश्यक छ।

छिमेकी मुलुकहरू र विश्वका अन्य मुलुकहरूसँग विभिन्न पक्षहरूमा सन्धि, सम्झौता गरी सहयोग आदान प्रदान गरेर सहअस्तित्वको भावना विकास गरी राष्ट्रलाई सधैँ स्वतन्त्र, सार्वभौमिकता कायम राखेर समाजलाई समृद्धशाली बनाउन भूगोलको अध्ययन आवश्यक छ। यस्तै छिमेकी मुलुकहरूबीच बेला बखतमा हुने सीमा विवाद, अतिक्रमण, हस्तक्षेपबाट कहाँ के कति अनुकूल वा प्रतिकूल असर पारेको छ सो जानकारी लिई आवश्यक कदम चालेर समस्या निर्क्योल गरेर मानवीय मूल्य, मान्यता, स्वतन्त्रता, शान्ति, सम्झौता अनुरूप भाइचारा, मित्रला बढाउन पनि भूगोलका बारे धेरै कुराहरू थाहापाउनु अत्यावश्यक छ।

भौगोलिक परिस्थिति अनुसार मानव हितलाई ध्यानमा राखेर राजनीतिक, प्रशासनिक, शैक्षिक सुविधालाई ध्यानमा राखी स्थानीय, सिमाङ्कन, क्षेत्रीय र प्रादेशिक

सिमाङ्कन नक्साङ्कन गर्नुपर्ने हुन्छ । देशमा औद्योगिकरण, कृषिकरण र व्यापारिकरण गर्न र यसलाई सरल र सुविधाजनक रूपमा सञ्चालन गर्न भू-सर्वेक्षण, नापी नक्साङ्कन गरेर वर्गीकरण गर्नुपर्ने हुन्छ । यसको लागि पनि भूगोलको अध्ययन आवश्यक छ ।

देशमा राष्ट्रिय जनगणना, कृषि गणना, औद्योगिक र आर्थिक गणना गरेर त्यसलाई तथ्याङ्कीय दृष्टिकोणले विश्लेषण गरी स्थानीय, परियोजना, राष्ट्रिय योजना तर्जुमा गरेर देश र समाजको विकास, आर्थिक विकास, रोजगारीको सृजना गर्नुपर्ने हुन्छ । जुन देश र समाजको लागि अत्यन्त आवश्यक छ ।

अहिले विश्वव्यापी भूमण्डलिकरणले गर्दा यति विशाल संसार पनि एउटा सानो कोठामा सीमित हुन पुगिसकेको अवस्था छ । विश्वको कुनै पनि स्थानमा भएका जुनसुकै घट्नाको असर एकैक्षणमा संसारभरि पुग्ने अवस्थामा छ । यसकारण कुन स्थानमा के कस्तो घटनाले मानव जनजीवनमा के कस्तो प्रभाव पार्न सक्ने हो सो बाट सुरक्षित हुन आवश्यक योजनाहरू तयार पारेर कार्यान्वयनमा ल्याउन यसको अध्ययन आवश्यक छ ।

अध्यापक, प्राध्यापक भएर विद्यालय महाविद्यालयमा सेवा गरी रोजगारी उपलब्ध गर्न, सर्वसाधारणलाई भूगोलका विभिन्न पक्षहरूबारे बताउन सक्षम हुन पनि यसको अध्ययन आवश्यक भएको हो ।

## भविष्य उज्ज्वल पार्ने अवसर

डा. अल्फ्रेड, बेगनर त्रीवर्थ, फिन्च, मोर्गान, थर्नवरी जस्ता अनेकौँ विद्वानहरूले भूगोल मै आफ्नो भविष्य निर्माण गर्नु भयो । डा. टोनी हेगनले नेपालमा भूगोल सम्बन्धी विभिन्न अन्वेषनात्मक कार्य गरी आफ्नो देन छाडेर जानुभयो । भूगोलका विभिन्न पक्षहरू जस्तै ऐतिहासिक भूगोल, भौतिक भूगोल, राजनीतिक भूगोल, आर्थिक भूगोल, जनसङ्ख्या र जनसाङ्ख्यकीय भूगोल, सांस्कृतिक भूगोल, जलवायु विज्ञान भूगोल र प्रयोगात्मक भूगोल आदिमा विस्तृत अध्ययन, स्थलगत भ्रमण गरी अन्वेषणात्मक कार्यमा लागेर आफ्नो कर्मक्षेत्र निर्माण गर्ने अवसर यसमा प्रसस्त छन् ।

भूगोल विषयले सैद्धान्तिक मात्र नभएर प्राविधिक ज्ञान पनि दिने एउटा विज्ञान हो । विद्यालयस्तरमा नक्सा लेखन कार्य, अक्षांश, देशान्तर र समय निर्धारण कार्य, प्रतिवेदन लेखन जस्ता क्रियाशील प्रयोगात्मक सीप सिकाइन्छ । उच्च शैक्षिक तहमा नक्साङ्कण र नक्सातयार पार्ने कार्य, भू-सर्वेक्षण, अग्लो होचो निर्धारण, नदी, हिमनदी र वायुको वेग, तिब्रता, फैलावटको निर्धारण कार्य, प्रोफाइल लेखन जस्ता अनेकौँ प्रयोगात्मक क्रियाकलापहरू सिकाइने हुँदा आफ्नो सीप र दक्षता प्रदर्शन गर्ने अवसर यसमा पाइन्छ । यसले आफ्नो भविष्यलाई उपयुक्त दिशातर्फ मोड्न सक्षम बनाउँछ ।

डा.सूर्यलाल अमात्य, डा.पितामबर शर्मा, डा. मङ्गलसिद्धि मानन्धर, डा.बालगोपाल केसी जस्ता उच्चस्तरीय योजनाविद्हरू भूगोलले तयार पारेका हुन् । त्यसकारण भूगोलको अध्ययनबाट योजनाविद्, उच्च पदस्थ श्रेणीका पदाधिकारी, वैज्ञानिक, प्राध्यापक, अध्यापक भएर देश र समाज भित्र प्रतिष्ठा प्राप्त सेवक बनी सेवा गर्ने उज्ज्वल भविष्यको अवसर प्राप्त हुन्छ ।

भूगोलको अध्ययनबिना राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थिति, स्थलीय पहिचान, वास्तविक प्रस्तुतिकरण र मूल्याङ्कण गर्न सक्षम नहुने हुनाले राष्ट्रिय राजनीति समेत अस्तव्यस्त हुनसक्छ । अतः भविष्यमा असल, चरित्रवान, इमानदार, अनुशासित र कुशल चालकभई देशको शासन सञ्चालन गर्ने हालका विद्यार्थीहरूमा भूगोल विषयको ज्ञान हुनु अत्यावश्यक । यसले मात्र देश र समाजको भविष्य उज्ज्वल हुन्छ ।

भूगोल विषय राम्रो र महत्त्वपूर्ण विषय हो । यसलाई आधारभूत तहदेखि विश्वविद्यालय स्तरसम्म अध्ययन अध्यापनलाई निरन्तरता कायमै राख्नु नितान्त आवश्यक छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिति र समयको मागअनुसार यसलाई पनि परिमार्जन गरेर सुधार गर्दै लानुपर्छ । सैद्धान्तिक भन्दा विषयगत प्रयोगात्मक अध्ययन अध्यापनलाई विशेष जोड दिनुपर्छ । यस विषयलाई कहिले पनि कठीन विषय सम्झनु हुँदैन । भूगोल विषय लिएर अध्ययन गर्ने विद्यार्थीहरूलाई प्रोत्साहित गर्न छात्रवृत्ति वा अन्य कुनै किसिमको सहयोग प्रदान गर्नु अत्यावश्यक छ । यस विषयलाई सकेसम्म अनिवार्य गर्ने र यस विषय लिएर अध्ययन गर्नेहरूलाई पनि विभिन्न क्षेत्रहरूमा अवसरहरू प्रदान गरी आकर्षित गर्नुपर्ने देखिन्छ । हाल भक्तपुर नगरपालिकाले भूगोल विषय अध्ययन गरेर उच्च शिक्षा हासिल गर्न चाहनेहरूलाई पनि प्रोत्साहन स्वरूप छात्रवृत्तिको व्यवस्था गरेको निकै प्रशंसनीय छ । यसलाई चीरकालसम्म निरन्तरता कायम राखोस् भन्ने कामना गर्छु । भूगोल विभिन्न पक्षहरूको वितरण सम्बन्धी विवरण दिने विषयको रूपमा नभई समस्या समाधानमूलक शास्त्रको रूपमा विकास गर्दै लैजानुपर्छ ।

*(लेखक पूर्व प्रधानाध्यापक हुनुहुन्छ ।)*



# भाषासेवी मास्टर पशुपतिभक्त धौभडेल



ओम धौभडेल

भक्तपुरको माटोमा जन्मी भक्तपुरको शिक्षा क्षेत्रको सेवा गर्ने एक अतुलनीय ब्यक्तित्वको रूपमा मास्टर पशुपतिभक्त धौभडेललाई चिनिन्छ । विशेष गरी आफ्नो मातृभाषाको सेवा गर्ने मास्टर पशुपतिभक्त धौभडेल नेपालभाषाको साथै अङ्ग्रेजी भाषाको शिक्षकको रूपमा सबै माझ लोकप्रिय हुनुहुन्थ्यो । आफ्नो जीवनको अधिकांश समय नेपालभाषाको साहित्य लेखन तथा नेपालभाषाका नयाँ साहित्यकारहरू जन्माउन लागी परेका धौभडेलको जन्म एक शिक्षित परिवारमा भएको थियो । धौभडेल खलकमा पहिलो सरकारी जागिर खाने ब्यक्ति स्व. विष्णुभक्त धौभडेल थिए । डिठ्ठा पदमा जागिर खाएका विष्णुभक्त धौभडेलको परिवारमा जन्मेको हुँदा मास्टर पशुपतिभक्त धौभडेलले प्रारम्भिक शिक्षा घरमै सजिलैसित प्राप्त गरे । पिता विष्णुभक्त धौभडेल र माता श्यामकुमारी ताल्चाभण्डेल धौभडेलकी कान्छा सुपुत्रको रूपमा मास्टर पशुपतिभक्त धौभडेलको जन्म नेपाल संवत् १०३९ पोहेलाथ्व अष्टमीको दिन भएको थियो । उहाँका दुई दाइहरूको नाम सूर्यभक्त धौभडेल र कृष्णभक्त (नानीकाजी) धौभडेल थियो । बुवा सरकारी जागिरे भएकोले परिवारमा तीनजना दाजुभाइले सजिलै म्याट्रिक पास गरे । जेठो दाइ सूर्यभक्त पनि बुबा झैँ सरकारी जागिरे भई जिल्ला जिल्ला पुग्थ्ये । यता माहिलो दाइले कृष्णभक्तभन्दा पनि नानीकाजी मार्सावले नाम कमाएका थिए । मास्टर नानीकाजी तत्कालीन समयमा भक्तपुरका नामी शिक्षकमा गनिन्थे । यता मास्टर पशुपतिभक्त धौभडेल मास्टर हुनु भन्दा अगाडि सरकारी जागिरे थिए । देशमा राणाशासन छँदै उहाँले म्याट्रिकुलेशन उत्तीर्ण गर्नुभयो । र उच्चशिक्षाको लागि भक्तपुरमा कुनै ब्यवस्था थिएन, काठमाडौँमा जानुपर्थ्यो । उहाँपनि उच्चशिक्षाको लागि काठमाडौँको त्रिचन्द्र कलेज भर्ना हुनुभयो । तर पढाइकै सिलसिलामा म्याट्रिक पास भएकालाई छानी छानी जागिरमा पठाउँथ्यो । त्यही क्रममा उहाँलाई पनि राणाहरूले वीरगन्ज भन्सारमा रमाना गरिदियो । यो वि.सं. २००० सालतिरको घटना हो । वास्तवमा पैसा कमाउनेहरूको लागि यो सुर्वण अवसर थियो । भन्सारको जागिर पाउन राणाहरूको चाकडी गर्नुपर्थ्यो । बुबा विष्णुभक्त र दाइ सूर्यभक्त धौभडेलको सरकारी जागिरकै प्रभावले पाएको वीरगन्जको भन्सारको जागिर मास्टर पशुपतिभक्त धौभडेललाई रुचेन । आफ्नो जीवनको उद्देश्य पैसा कमाउनुभन्दा आफू सँग भएको ज्ञान अरूलाई बाँड्न पाए जीवन सार्थक हुनेमा विश्वस्त भएपछि वीरगन्ज भन्सारको जागिर छोड्नु भयो । यसमा उहाँका माहिलो दाइ नानीकाजी धौभडेलको ठूलो प्रभाव थियो । तर पढेलेखेका शिक्षित मान्छेलाई त्यतिक्कै बेरोजगार राखेनन् । उहाँको रुचिअनुसार वीरगन्जकै पहिलो विद्यालय त्रिचन्द्र हाईस्कुलमा नेपाली विषय पढाउने काम पाए । त्यस समयमा वीरगन्जलगायत तराईमा नेपाली भाषा त्यति बोलिँदैनथ्यो । विशेष गरी नेपालीभाषालाई पहाडिया भाषा भनी हेप्ने अवस्थामा वीरगन्जमा नेपाली विषयमा पठनपाठनको लागि तयार हुनुभयो । उहाँले विशेष गरी लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण

सम, सिद्धीचरण श्रेष्ठलगायत नेपाली भाषाका अन्य साहित्यकारहरूको कथा, कहानी, कविता, निबन्ध, रचनाहरू पाठ गरी नेपाली भाषालाई लोकप्रिय बनाउन ठूलो भूमिका खेल्नुभयो। करिब डेढ वर्षपछि अर्थात् २००२ साल मङ्सिर १४ गते पद्म शमशेर देशको प्रधानमन्त्री भएपछि भक्तपुरको शिक्षा क्षेत्रमा परिवर्तन आयो। भक्तपुरमा पहिलो पाठशाला टौमढी नारायण चोकमा संस्कृत पाठशाला मात्र थियो। त्यहाँ भक्तपुरका जागरुक विद्वान पण्डित रामशरण झाले काब्य मार्फत शिक्षा दिन्थे। सोही पाठशालालाई वि.सं. १९८१ मार्ग ८ गते भक्तपुरका शिक्षाप्रेमी शिवप्रसाद मिश्र, जगतसुन्दर मल्ल, जगत बहादुर अमात्यको पहलमा भादगाँउ इङ्लिश स्कुल स्थापना भयो। त्यहाँ कक्षा दुईसम्म पढाइ हुन्थ्यो। पछि समाजसेवी आद्याचरण राजभण्डारीको नेतृत्वमा भवानीप्रसाद मिश्र, इन्द्रप्रसाद शर्मा, विष्णुभक्त भुजु, गजसुन्दर प्रधान, सूर्यबहादुर पिवा, नारायणभक्त जोन्छे, भुवनेश्वर दैवज्ञ, सूर्यमान बिजुक्छेँ, नानीकाजी धौभडेलगायतका पहलमा उक्त स्कुल कक्षा सात सम्म सञ्चालन हुनेभयो। पछि भादगाँउ इङ्लिश स्कुललाई वि.सं. २००४ सालमा श्रीपद्म हाईस्कुल नाम दिई स्थापना गरेपछि भक्तपुरको शिक्षा क्षेत्रमा ठूलो परिवर्तन आएको थियो। यसबाट वीरगन्जमा रहनु भएका मास्टर पशुपतिभक्त धौभडेल अति खुशी हुनुभयो। आफू जन्मेको ठाउँमै हाईस्कुल भएपछि आफ्नै ठाउँको सेवा गर्न उहाँ सरुवा भई भक्तपुर आउनुभयो र श्री पद्म हाईस्कुलमा वि.सं. २००४ सालदेखि २०३४ सालसम्म अनवरत रूपमा सेवा गर्नुभयो। तत्कालीन समयमा भक्तपुरको नाम चलेको श्रीपद्म हाईस्कुलमा पढ्न पाउनु सबैको लागि ठूलो मानको विषय हुन्थ्यो। त्यहाँ कार्यरत विभिन्न शिक्षकहरूमध्ये मास्टर पशुपतिभक्त धौभडेलको नाम अग्रङ्पक्तिमा आउँछ। उहाँले अङ्ग्रेजी विषय पढाउनुहुन्थ्यो। यसको लागि पाठ्यपुस्तकबाहेक अरू अङ्ग्रेजी साहित्य पनि अध्ययन गरी विद्यार्थीहरूलाई सबल बनाउन लागिपर्नु हुन्थ्यो। फूर्सद पाउनासाथ वहाँ काठमाडौँ केल टोलस्थित मानदासको किताब पसल पुग्नुहुन्थ्यो। अङ्ग्रेजी साहित्यका पुस्तकहरू किनेर त्यसको अध्ययन गरी विद्यार्थीहरूलाई पढाउनु र अङ्ग्रेजीमा निबन्ध लेख्न दिनुहुन्थ्यो। यसरी एक निष्ठावान, लगनशील, अध्ययनशील शिक्षकको रूपमा उहाँ चिनिनुभयो। उक्त पुस्तक पसलमा एउटा मेचमा बसी दाह्रीजुँगा लामो पालेको, मोटो गोलो चस्मा लगाएको खाडीको लुगा लगाइरहेका कविकेशरी चित्तधर हृदयसित भेट भइरहन्थ्यो। सधैँ अङ्ग्रेजी पुस्तकमात्र खोज्ने मास्टर धौभडेललाई एकदिन कविकेशरीले पहिलो पटक **खुपू बाखँ** भन्ने एउटा नेपालभाषाको पुस्तक पढ्न दिनुभयो। मास्टर पशुपतिभक्त धौभडेलले जीवनमा पहिलोपल्ट नेपालभाषामा पढ्नु भएको साहित्य यही खुपु बाँखचा हो। यसमा रहेको एउटा कथा आशाया बलचाबाट मास्टर पशुपतिभक्त धौभडेल यति प्रभावित हुनुभयो कि नेपालको रविन्द्रनाथ टैगोर भनेको कवि केशरी चित्तधर हृदय नै हुन् समेत भन्नुभयो। नोवल पुरस्कार विजेता रविन्द्रनाथ टैगोरले लेख्नु भएको दि कावुलीवाला, दि पोष्ट मास्टर, दि होम कमिङ्, त्रुमा लगायतका २४ ओटा कथाहरू पढेका मास्टर धौभडेललाई आफूले पढेको आशाया बलचा कथा सबैभन्दा हृद्य छुने कथा भयो। सो कथा भोलिपल्ट विद्यालयमा विद्यार्थीहरूलाई सुनाउनुभयो। यहाँदेखि नै मास्टर पशुपतिभक्त धौभडेल समय मिलेपछि काठमाडौँ मानदासको किताब पसलबाट नेपालभाषाका पुस्तकहरू खोजीखोजी किनेर पढ्न थाल्नुभयो। वि.सं. २००७ सालमा देशमा प्रजातन्त्र आइसकेपछि शिक्षा क्षेत्रमा परिवर्तन आयो। यसको फलस्वरूप प्रवेशिका परीक्षाको पाठ्यक्रममा पूर्वीय भाषा अन्तर्गत नेपाल भाषा पनि समावेश भयो। भक्तपुरको नाम चलेका श्रीपद्म हाईस्कुल र विद्यार्थी निकेतनमा नेपालभाषाको पठनपाठन हुने भयो। नेपालभाषाको विकासको लागि लागिपरेका विभिन्न ब्यक्तित्व एवम् विद्यार्थीहरूको विशेष अनुरोध पछि उहाँले वि.सं. २०१३ सालदेखि श्री पद्म हाईस्कुलमा नेपालभाषा पनि पढाउनुभयो। नेपालभाषा घरघरमा बोलिने भएता पनि विद्यालयमा पठनपाठनको ब्यवस्था थिएन। देशमा प्रजातन्त्र आइसकेपछि पहिलो पटक विद्यालयमा नेपालभाषा समावेश गरेको अवस्थामा यस विषयका शिक्षकहरू सजिलै उपलब्ध थिएनन्। यस्तो अवस्थामा भक्तपुरस्थित श्रीपद्म हाईस्कुलमा नेपालभाषा पढाउन उहाँले ठूलो जिम्मेवारी लिनुभयो। यसको लागि उहाँले दिनरात नेपालभाषा साहित्य तथा ब्याकरण आदिको अध्ययन थाल्नुभयो। नेपालभाषाका पत्रपत्रिका, पुस्तक आदि पढ्नु भयो। वहाँ नेपालभाषा पत्रिकाको नियमित ग्राहक हुनुभयो। नेपाल ऋतु पौ, पासा, थौकन्ह्य जस्ता नेपालभाषाका पत्रपत्रिकाहरू नियमित अध्ययन गर्नुभयो। ठाउँ ठाउँमा बेलाबखत हुने गोष्ठी, सभा सम्मेलनमा भाग लिनुभयो। यसले गर्दा तत्कालीन समयका नेपालभाषाका मूर्धन्य ब्यक्तित्वहरूसित उठबस भयो। चित्तधर हृदय, योगवीरसिंह कंसाकार, कृष्णाचन्द्रसिंह प्रधान, वैकुण्ठप्रसाद लाकौल, केदारमान ब्यथित, रत्नध्वज जोशीलगायतका नेपालभाषाका मूर्धन्य साहित्यकारहरूसँगको सङ्गतले उहाँको नेपालभाषाको साहित्यप्रति रुचि झन् बढ्यो।

यसमा कविकेशरी चित्तधर हृदयको स्थान अग्रपङ्क्तिमा आउँछ। अङ्ग्रेजी भाषाप्रति अगाढ मोह भएका मास्टर पशुपतिभक्तलाई नेपालभाषाको मास्टर बनाउन कविकेशरीको ठूलो भूमिका छ। यस्तै सूर्यबहादुर पिवा, रमापतिराज शर्मा, गणेशबहादुर कर्माचार्य, तिलकप्रकाश कायस्थ, ध्रुवनारायण कायस्थ, ककाभाइ मानन्धर, रामशेखर नकर्मी, विष्णुभक्त साख, गणेशचरण राय, रामबहादुर नाखदं कायस्थ, बिजुली प्रसाद कायस्थ, सुन्दर हाडा, कृष्ण नापित, तेजेश्वरबाबु गोंग, योगेन्द्र प्रधान, पूर्ण बैद्य जस्ता भक्तपुरका विद्वानहरूसित सामिप्यता रहन गयो। नेपालभाषा साहित्य विकासको लागि वि.सं. २०१० सालमा स्थापित नेपाल साहित्य मन्दिरको सदस्य भई समय समयमा गीत, कविता, नाटक, कथा आदि साहित्य रचना गर्नुभयो। नेपाल साहित्य मन्दिरबाट हुने हरेक कार्यक्रममा सहभागी हुनुभयो।

देशमा पंचायती शासकहरूले नेपाली भाषाबाहेक अरू भाषालाई दमन गर्ने निती ल्यायो। नेपालभाषामा पत्रपत्रिका निकाल्न नपाउने भयो। रेडियो नेपालबाट नेपालभाषामा समाचार सुन्न नपाउने भयो। नेपालभाषामा खुलमखुला कार्यक्रम गर्न नपाउने भयो। यस्तो प्रतिकूल अवस्थामा केही युवाहरू लिई उहाँले नेपाल संवत् १०८२ तिर विराट नेपाल भाषा स्थापना गरी हरेक वर्ष नेपाल भाषा साहित्य सम्मेलन गर्नुभयो। यो विराट गुथिको अध्यक्ष भई नेपालभाषाको सेवा गर्नुभयो। यसरी नेपालभाषा तथा साहित्यको संरक्षण तथा सम्वर्द्धनको लागि उहाँले पुऱ्याउनु भएको योगदानको कदर गर्दै ने.सं. १११० मा नासमनामा भएको २७ औं विराट नेपाल साहित्य सम्मेलनमा वहाँलाई विराट सिरपाले सम्मान गऱ्यो। नेपालभाषा क्षेत्रका डा. योगेन्द्र प्रधान, कवि पूर्ण बैद्य, निबन्धकार तेजेश्वरबाबु गोंग, उपन्यासकार केवल कायस्थजस्ता हस्तिहरू मास्टर पशुपतिभक्त धौभडेलका विद्यार्थीहरू हुन्।

यस्तै उहाँले वि.सं. २००९ सालमा मास्टर अखण्डप्रसाद धौभडेलको नेतृत्वमा स्थापित शारदा रात्री विद्यालयमा अङ्ग्रेजी विषय पढाउनु भयो। भक्तपुरकै अर्को नाम चलेको विद्यार्थी निकेतन विद्यालयमा पनि उहाँले पढाउनु भयो। आफ्नै टोलको वरदायिणी नि.मा.वि.को सञ्चालक समितिको अध्यक्ष भई सेवा गर्नुभयो। शिक्षा क्षेत्रको विकासको लागि सदैव सर्मपित धौभडेल नेपाल भाषाका चार खम्बाहरूमा एक जगतसुन्दर मल्लले भन्नु भएझैं आफ्नो मातृभाषाबाट शिक्षा दिन पाए अझ राम्ररी सिक्छ भन्ने धारणामा विश्वस्त रहे। आफ्नो जीवनको अन्तिम क्षणसम्म पनि नेपालभाषाको विकासको लागि आफूलाई समर्पण गरिरहे। भक्तपुरमा जन्मी नेपालभाषाको विकासको लागि सर्मपित मा. जगतसुन्दर मल्ल, गणेशबहादुर कर्माचार्यजस्तै मा. पशुपतिभक्त धौभडेलले पनि नेपालभाषाको सेवा गरिरहे। हरेक वर्ष भक्तपुरलगायत ठाउँ ठाउँमा हुने साहित्य सम्मेलन, साहित्य गोष्ठी, कवि गोष्ठी, लगायतमा प्रमुख अतिथि, अतिथि, सभापति मा.पशुपतिभक्त धौभडेल हुन्थे। यसै दौरान उहाँले कयौं कविता, एकांकी नाटक, गीत, संस्मरण, जीवनी, निबन्ध, कथा, लेख तथा भाषण, मन्तब्य, भूमिका, शुभकामना आदि नेपालभाषामा सिजर्ना गर्नुभयो। अझ नेपालभाषाका कवि, निबन्धकार, उपन्यासकार, नाटककार, कलाकारहरू जन्माउनुभयो। नेपालभाषा साहित्य मार्फत शोषितपीडित जनताको आवाज बुलन्द गर्नुभयो। यसैबीच नेपालभाषाको संरक्षण र संवर्द्धनमा योगदान दिनु भएका मा.जगतसुन्दर मल्लको कदर गर्दै वि.सं. २०४२ सालमा भक्तपुर नगरपालिकाले खौमा टोलमा जगतसुन्दर मल्लको शालिक निर्माण गरी त्यसको अनावरण मा. पशुपतिभक्त धौभडेलको हातबाट गर्ने निधो गऱ्यो। यसै अनुरूप शालिक पनि तयार भयो। तर पंचायती शासकहरूले राती उक्त शालिक चोरेर लगे पछि उक्त शालिकको अनावरण हुन पाएन। लामो समयको अथक प्रयासपछि वि.सं. २०४९ साल कार्तिक शुक्ल प्रतिपदाको दिन पशुपतिभक्त धौभडेलको हातबाट नै उक्त शालिक अनावरण सम्पन्न भयो। नेपाल संवत् १११३ को नयाँ वर्षको शुभअवसरको उपलक्ष्यमा सो दिन उक्त शालिकको अनावरण भएको हो। वास्तवमा नेपालभाषाको साहित्यप्रतिको योगदान स्वरूप मा.पशुपतिभक्त धौभडेललाई जीवनको सबैभन्दा ठूलो सम्मान हो। त्यतिबेला उमेरले ८२ वर्ष भइसकेका उहाँ शारीरिक रूपले कमजोर भइसकेका थिए।

नेपाल संवत् १११३ सिल्लागा प्रतिपदा अर्थात वि.सं. २०४९ माघ २४ गते शनिवारको दिन पशुपतिभक्त धौभडेलले सदैको लागि आफ्नो जीवन त्याग्नुभयो। आज उहाँ हामी बीच हुनुहुन्न। तर उहाँको नाम नेपालभाषाको संरक्षण र संवर्द्धनको क्षेत्रमा सदैव अङ्कित रहिरहनेछ।

भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।



# समालोचनाया सिद्धान्त

## (समालोचनाया सिद्धान्त-५)

– प्रो. माणिकलाल श्रेष्ठ



### साहित्य - थ्व छु ? छाय ? गथे - २

थ्ययां न्ह्योया अध्याये धाये धुन छुं छगू साहित्यिक कृतिया पारख यायेत भिं-मभिं, बांला-बांमला धका निगू दृष्टिकोणं स्वयेमा, निगु प्रकारया कसिइ चुला स्वयेमा। थ्व विषयस बाँलाक व्याख्या याये न्ह्यो थ्व छको निं बिचा याये- साहित्ययात प्रेरणा छु ? अर्थात साहित्य वा कला कृति सिर्जना यायेत लेखक कलाकारयात प्रेरणा बिइगु बस्तु छु ? साहित्य व कलाया सिर्जनाया मूल उद्देश्य ला चायेक बा मचायेक लेखक कलाकारया थःगु मने च्वंगु खँ कनेगु इच्छा खः। मनूया मन हे थ्वजोगु, वया प्रकृति हे थ्वजोगु कि वं थम्हं खंगु, न्यंगु व सिउगु अनुभव प्वंकेत स्व हे स्वइ। विश्वे मनूया विकास जुइ धुंकालिया थ्व लखंलख दँया इतिहास व मनूया सभ्यताया दोलंदो दँया इतिहास मनूया मनं थ्व रूप काल, अले अनुभव प्वंकेगु परम्परां याना आ मनूया अनुभव धयागु हे थ्व रूपयागु जुल कि थ्व प्वंकेगु बस्तु खः, अनुभव धयागु हे भाव सञ्चारया बस्तु खः। मनुखं थःगु छुं खँ कने धका मतिइ तइगु (मनूया अभिव्यक्तिया आकांक्षा) हे साहित्यया दकले न्हापांया प्रेरणा खः।

थुकथं मनूया छुं कनेगु इच्छा ला दइ। तर कनेगु खँ तःता प्रकारया जुइ फु। थःगु व्यक्तिगत धारणा कनेगु अर्थात लेखकया आत्म अभिव्यक्तिया आकांक्षा प्रेरणा बिइबेले उजोगु प्रकारया साहित्य सिर्जना जुइ। व्यक्तिगत धारणा प्वंकेगु कविता *(पश्चिमी साहित्ये खने दुगु फुक्क प्रकारया सब्जेक्टिव् प्वैट्रिलिरिक, ओड, सन्नेट, इलिजी आदि आपालं काव्ये थ्व हे प्रेरणां ज्या याना च्वंगु दु।)* या जन्म थुकथं जुल। अथे हे मनूया स्वभावं वं थःथें जोपिं मेपिं अर्थात मनूतय् ज्याय् चिउता तइ। मनू व मनूया ज्याय् चिउता तया उगु प्रेरणां मानव जीवन सम्बन्धी साहित्यया जन्म बिई, महान नाटक साहित्य व साहित्यया आपालं उत्कृष्ट रचनायात प्रेरणा थ्व हे खः। अथे हे भ्ग्री च्वनागु विश्वे व भ्ग्रीसं सिर्जना यानागु कल्पनाया जगते नं भ्ग्री चिउता दुगुलिं नं साहित्ययात प्रेरणा दइ। थ्व विभिन्न प्रकारया प्रेरणां याना साहित्यया विभिन्न प्रकार पिहाँ वइगु खः, तर थ्व फुक्क प्रेरणाया मूल रूप छगू हे खः - मनूया भाव-सञ्चार यायेगु स्वभाव। मनू समाजे च्वनीम्ह जीव जूगुलिं थ गु खँ व्यक्त मयासे फइ मखु। मनूया सामाजिक रूपया अभिव्यक्ति यायेगु छगू माध्यम साहित्य व कला खः। अथे जूगुलिं भ्ग्रीसं धाये फु फुक्क साहित्य व कलाया स्रोत मानव-समाज खः। छुं समाजे दुने च्वंगु मानव जीवन मनूया न्ह्यपुइ प्रतिविम्ब जुइबेले साहित्य व कला कृति पिहाँ वइ।



माओ चेतुङ

'जनताया जीवन साहित्य व कलाया निम्तिं कच्चा पदार्थया खानी खः, उजोगु पदार्थ गुगु कचिगु जूसां दकले सजीव, तःमि व मौलिक।' *(माओ चेतुङ-साहित्य व कलाबारे येनान गोष्ठीइ भाषण।)* मनूया जीवन साहित्यया श्रोत खः, छगू जक स्रोत। सफू अर्थात मेगु साहित्यिक कृति नं ला साहित्यया स्रोत जुइ फु धाइपिं नं दु। अथवा न्हापा न्हापाया सफू वा मेगु देशया सफू नं ला साहित्यया स्रोत जुइ फुसेंलि साहित्यया स्रोत मनूया जीवन हे जक खः धाये जिइ मखु धयागु अमि धापू दु। तर बांलाक विचा याना सोसा 'न्हापा न्हापाया साहित्य स्रोत (मूल) मखु धार खः, न्हापाया साहित्य भ्ग्री आजुपिंसं व

विदेशया साहित्य विदेशीतयसं नं उगु युग बा थाय्या जनताया जीवने दुगु कच्चा पदार्थ कया हे दयेकूगु ख :। *(माओ चेतुङ-साहित्य व कलाबारे येनान गोष्ठीइ भाषण।)*



विनोवा भावे

थुकथं साहित्यया श्रोत नं जन-जीवन अले साहित्य च्वयेगु नं जनतां ब्वंकेत जुसेंलि साहित्यिकपिन्त दकले माःगु बस्तु खः जनताया जीवनया बांलाक ज्ञान। साहित्यिकं जन-जीवन गुलितक बांलाक थुइकेमा धयागु विषये निम्ह निगू सिद्धान्त माने याइपिं विचारकपिनि धापू थन इद्धृत याये। साहित्य नं क्रान्तिकारी जुइमा 'क्रान्तिकारी मेशिनया हे वा व पेच' थें जुइमा धयागु लेनिनवादी सिद्धान्त कया च्वना दीम्ह माओ चे-तुङ व 'साहित्यिकया मूल गुण शाश्वत सत्य' धयागु गान्धीवादी धारणा कया च्वना दीम्ह आचार्य विनोवा भावे निम्हसियागु खँ थन उद्धृत याये। निम्हसिनं नं साहित्यिकयात जन जीवनया ज्ञान मदयेक मगा धका जोड बिया दीगु दु। माओ चे-तुङं धया दीगु दु :-

'......... ज्ञान मदुगु धयागु छु ? भाषा मथूगु, अर्थात आम जनताया तःमिगु सजीव भाषा मथूगु। आपालं लेखक कलाकारपिं जनतां तापाक्क अलग च्वनीगु व शून्य जीवन छ्याना च्वनीगु जूगुलिं अमिसं जनताया भाषा मथू। ... जनताया भाषा हे बांलाक मथूसा साहित्य व कलाया सिर्जना धका हे छु न्ह्यथनेगु ? 'योग्यता क्यनेगु थाय् मदुम्ह वीर थें' छिमिगु महान सत्यया संकलन जनतां थुइ मखु। जनताया न्ह्योने छिमिसं थःत गुलि गुलि ... धका क्यनेत सनी, 'वीर' थें भ्वासि क्यना जनताय् थवजोगु खँ ज्वंकेत सनी, झन उलि उलि हे जनतां छिमित माने याइ मखु। जनतां छिमित म्हसीके बिइगु जूसा, जनता लिसे छधी जुइगु जूसा ताहाकेक व थाकुक्क थम्हं थःत खारे यायेगु संकल्प यायेमा।' *(माओ चेतुङ-साहित्य व कलाबारे येनान गोष्ठीइ भाषण।)*

अथे हे विनोवा भावें साहित्यिकपिन्त थथे धया दिलः-

'कविया निंतिं कारिन्दा जुइगु कष्ट बिइगु ज्या जुइ तर किसान जुइमासा छुं तकलीफ मदु। कुदरत नाप छधी जुइगु ज्या (धन्धा) कवियात मा। कवि जुया वंपिं ततःधंपिं मनू किसान खः, बढई ( ज्यासले ज्या याइम्ह) खः। ....... कवीर छाय् कवीर जुल ? ....... छाय् धासां व जनताया उद्योगलिसे हे छधी जुया च्वन, वं जनताया सुख दुःख थू। जनताया नुगःलिसे हे व छप्पा जुइ फत। उकिं जिं ला थथे ताया कि साहित्यिकं कित किसान जुइ फइ कि छुं उद्योग याये फइ, कि जनताया हे जक भरे च्वनीम्ह फकीर नं जुइ फइ।' *(आचार्य विनोवा भावे-साहित्यिकपिंके)*

थुकथं साहित्यिक, विनोबा भावें धया दीथें 'लँ सिउम्ह, लँ मालीम्ह व लँ क्यनीम्ह' अले माओ चे-तुङं धया दीथें 'इतिहास न्ह्यज्याकेत जनतायात गुहालि बिइम्ह' क्रान्तिकारी जुइमा।



लेनिन

साहित्य च्वयेगु हे जनतां ब्वंकेत, साहित्यया उद्देश्य हे मानव समाजया सेवा धका माने याये धुनेव छगू प्रश्न वइ – 'साहित्य व कला सुया निम्तिं ?'। साहित्य साहित्यया निंतिं वा कला कलाया निंतिं धयागु नं छगू धारणा दु, थ्व धारणाया प्रभाव थौं यक्को हे पा जुइ धुंकल। उकियात छगू अलग हे अध्याये *(स्वया दिसँ अध्याय १२)* विश्लेषण याये। साहित्य व कला हे मानव समाजया सेवा यायेत खः धका धाये धुनेव नं निता विचार वये फु। थ्व निता विचारया द्वन्द हे थौं दकले बांलाक अध्ययन यायेगु विषय खः। छता विचार दु- साहित्यया उद्देश्य हे सेवा खः, साहित्यिक मूल गुण हे सत्य, प्रेरणा हे प्रेम खः, अथे जूगुलिं साहित्यं मानव मात्रया सेवा यायेमा। थुकिया ठीक विपरीत मेगु विचार दु- साहित्यं दक्कोसिगु सेवा याये हे फइ मखु। मानव मात्रया प्रेम धयागु बस्तु हे मदु, 'सर्वे भवन्तु सुखिनः' वा सकसियां जय जुइमा धयागु कोरा कल्पना जक खः। समाजे परस्पर-विपरित हित

दत्तले छखलसिया भिं जूसा मेगु खलया मभिं जुइ । उकिं साहित्यं नं समाजया छगू अंशया जक सेवा याये फइ, कि त छगू अंशया कि मेगुया । फुक्क समाजया सेवा जुइगु सम्भव मजू 'सर्व जन' मखु 'बहु जन' या हित स्वार्थ स्वयेमा धयागु भावना न्हापा न्हापा *(थनी नीन्यासःदँ न्ह्यो बुद्ध व कुङ फू सी निम्हसिनं नं थ्व हे एशिया महादेशे समाजया आपासिया भिनीगु ज्या यायेमा धका प्रचार यात, सकसियां भिनेमा धयागु बस्तु जुइ फइ मखु धका चाल ।)* निसें खने दु, अथेसां साहित्य सुया निंतिं धका प्रश्न न्ह्यथना विश्लेषण याना दकले न्हापां व्याख्या यागु **लेनिनं** सन् १९०५ स खः । 'कोटी कोटी श्रमिक जनताया सेवा याइगु' साहित्य व कला म्हीत मागु दु धका लेनिनं साहित्य व कलायात वर्गीय दृष्टिकोणं स्वया दिल । साहित्ययात शोषक-वर्गया साहित्य व सर्वहारा साहित्य धका वर्गीकरण याना सर्वहारा साहित्यबारे लेनिनं थथे धया दिल :-

'थ्व स्वतन्त्र साहित्य जुइ, छाय् धासा थुकिं सेवा याइगु सुं छम्ह तस्सकं सन्तुष्ट नायिकायागु मखु, ह्रास जुया च्वंपिं म्हयाइपुसे च्वंपिं म्हा 'च्वय्या भिदो मन्' यागु नं मखु, थुकिं सेवा याइ देशया स्वां, देशया शक्ति व देशया भविष्य कोटी कोटी श्रमिक जनताया ।'

थ्व हे दृष्टिकोणकथं माओ चे तुङ चीनयात मागु साहित्य धका थुकथं धया दिलः- 'भीगु फुक्क साहित्य व कला जनताया निम्तिं खः, व न्हापां ला मजदुर, किसान व सिपाहीतय् निंतिं खः ।'

साहित्य सुयागु निम्तिं धयागु खँ युग व थाय् स्वया पाइ, अले थ्व सुयागु निम्तिं धका वादविवाद जुयाच्वन तिनि । च्वय् उल्लेख यानागु लेनिनया उक्ति पिहाँ वोगु खुइदं मयाक लिपा नं थौंतक नं कम्युनिष्ट मुलुके दुने नापं साहित्य थ्व हे वर्गया निंतिं धयागु खँय् ल्वापु दनि, वादविवाद मतंनि । गुगु समाज व स्थितियात गुजोगु साहित्य मा धयागु विषये नं वादविवाद वयेफु, तर छता खँ भीसं माने यायेमा *(थ्व खँ माने मयाइपिं नं दये फु, तर थौंकन्हे उजोगु विचारया म्हो हे जक प्रभाव दनि धका थ्व सफूया लेखकं ता ।)* कि 'साहित्य सुयागु निम्तिं धयागु प्रश्न आधारभूत प्रश्न खः, सिद्धान्तया प्रश्न खः' । सामन्त वर्गया सेवा याइगु साहित्य सामन्ती साहित्य खः, अथे हे पूँजीपति वर्गया हित रक्षा याइगु पूँजीवादी साहित्य नं दइ, अले थौंया शोषित वर्गया अर्थात सर्वहारा-वर्गया सेवा याइगु वा स्वार्थया प्रतिनिधित्व याइगु साहित्य-गुगुयात लेनिनं सर्वहारा साहित्य धका नां छुना बिल- नं दु ।

न्ह्यागु नं समस्याया विचार यायेबेले छगू छुं परिभाषयात वा सुं छम्ह विद्वानं धागु खँ वा छगू शास्त्रया सफुली च्वया तःगु खँ यात आधार याना न्ह्यज्यायेगु मखु, बस्तुगत तथ्य वा वास्तविकतायात आधार यायेमा । साहित्य व कलाया छु समस्या दु धका बिचा यायेबेले नं थ्व हे वस्तुयात आधार यायेमा । साहित्य वा कलाया छुं कृतिया सिर्जना याइम्ह छम्ह मन् हे खः, मन् समाजे च्वनीम्ह, थ्व विश्व व ब्रम्हाण्ड खना च्वंम्ह, थुकी च्वंगु बस्तु स्वया खना न्यना अनुभव याना उकिं थःगु धारणा दयेकीम्ह मन् । अथे जुसेंलि समाज, समाजे दुने च्वंगु अन्तर्विरोध व सङ्घर्ष, राष्ट्रिय आकांक्षा फक्कुलिसें लेखकया धारणा व भावना निर्भर जुइ । साहित्ये फुक्क बस्तुया आधार 'प्रेम' खः धायेगु ठीक मजू, छाय धासा समाजया विभिन्न अंशया स्वार्थे द्वन्द दत्तले प्रेमे नं उकिया प्रतिविम्ब दइ । समाजे विभिन्न अंश, समूह वा वर्गया द्वन्द दइबेले साहित्ये नं थ्व विभिन्न अंश, समूहया प्रतिनिधित्व याइगु साहित्य दइ, अथे सां खास याना निगू प्रकारया साहित्य दया च्वनी, प्रगतिशील साहित्य व प्रतिक्रियावादी साहित्य । थुकिया ज्वलन्त प्रमाण नेपालया साहित्य-क्षेत्रे खने दुगु खः । राणा काले नेपाले निगू प्रकारया साहित्य खने दत, छता च्याना च्वंगु मि पनीगु साहित्य, राणाया प्रशस्ती च्वइगु चाकडी साहित्य, मेगु जनतान्त्रिक सङ्घर्षया प्रतिनिधित्व याइगु साहित्य । सामन्ती समाजे धर्म, ऐन कानून फुक्क थें तुं साहित्य नं समाजे आधिपत्य कया च्वंगु समूहया स्वार्थ रक्षा याइगु साधन याना तइ । अले उकिया विरुद्ध विद्रोह याइगु क्रान्तिकारी समूहया प्रतिनिधि साहित्य नं इले बेले पिदना वो । रूसो, शेली, टम पेन्, लु शुन, टेगोरपिनि साहित्यं क्रान्तिया प्रतिनिधित्व यात । प्रतिक्रियावादी साहित्यं समाजे च्वय् लाना च्वंपिनि स्वार्थ रक्षा यायेत सनी, अले क्रान्तिकारी साहित्यया उद्देश्य थथे जुइ :

'दोलंदो धस्वाका च्वंगु पतिंया सामना जिं छ्यों धस्वाका याये,

ग्यानिम्ह थुसां थें छ्यों क्वछुका जिं मचाखाचाया सेवा याये ।

*(चीनया महान क्रान्तिकारी लेखक लु शुनया थ्व निगू पंक्तिइ 'धस्वाका च्वंगु पतिं' या मतलब प्रगतिया दुष्मनत खः, भले 'मचाखाचा' या मतलब खः जनता ।)'* (कथहँ)

वातावरण

# मार्क्सको पर्यावरणीय शिक्षा

मार्टिन इम्प्सन



पछिल्ला दुई दसकमा प्रकाशित विभिन्न कृतिहरूले कार्ल मार्क्सका कृतिमा रहेका पर्यावरणसम्बन्धी कुरालाई सतहमा ल्याएका छन् । मार्क्सले पर्यावरणको प्रश्नलाई कुनै विचार दिएका थिएनन् भन्ने भनाइलाई ती कृतिले खण्डन गरेका छन् । पुँजीवादी व्यवस्था र प्रकृतिको विनाशबारे मार्क्सको क्रान्तिकारी विचारलाई तिनले अझ उजागर गरेको छ । तथापि केही प्रश्न भने अझै अनुत्तरित छन् : मार्क्स कसरी ती विचारसम्म पुगे र उनको जीवनका विभिन्न चरणमा पर्यावरणसम्बन्धी विचारले कस्तो खालको प्रभाव पार्‍यो ?

सन् १९९० दसकको अन्त्यसम्ममा मानव समाज र प्रकृतिबीचको अन्तरक्रियाबारे मार्क्सका कृतिहरूमा या त त्यति ध्यान गएको थिएन अथवा तिनलाई गलत ढङ्गले बुझिएको थियो । **पल बुर्केट**को 'मार्क्स एन्ड नेचर' (१९९९) र **जोन बेलामी फोस्टर**को 'मार्क्स इकोलोजी' (२०००) दुई ओटा कृति प्रकाशित भएपछि भने यो विषयमा मानिसहरूको सोचाइमा केही भिन्नता आएको छ । दुवै कृतिले पर्यावरणसम्बन्धी मार्क्सका विचारलाई आधारभूतरूपमा प्रकाश पारेको छ । यसले नयाँ पुस्ताका मार्क्सवादीहरूलाई वातावरणको विषयमा चिन्तन गर्न र लेखन उत्साहित गरेको छ । **कोहे साइटो**ले मार्क्सको हालै प्रकाशित नोटबुकहरूको विस्तृत अध्ययन गरी लेखेको नयाँ पुस्तकले पर्यावरणसम्बन्धी मार्क्सका विचारलाई अझ प्रस्ट बनायो । बुर्केट, फोस्टर र अन्य सोसम्बन्धी बुझाइलाई साइटोको कृतिले अझ फराकिलो बनायो । मार्क्सको कृतिको विस्तृत अध्ययन गरिएको त्यो महत्त्वपूर्ण पुस्तकले अर्थ-राजनीतिसम्बन्धी आफ्नो अध्ययनलाई हिस्साको रूपमा समकालीन विज्ञानमा मार्क्सको लामो संलग्नताबारे प्रस्ट पारिएको छ । यही लामो संलग्नताले नै पर्यावरणसम्बन्धी मार्क्सको विचार निर्माणमा टेवा पुर्‍यायो ।

हालै **इयान अन्गस**ले समाजवादी विचारको आधार बनाउन विज्ञानमा मार्क्स र एङ्गेल्सको संलग्नताको महत्त्वबारे प्रकाश पारेका छन् ।



कार्ल मार्क्स (५ मई १८१८ - १४ मार्च १८८३)

'(मार्क्स र एङ्गेल्सले) मजदुर आन्दोलनमा सक्रिय सहभागितामार्फत संसारले कसरी काम गर्छ र कसरी परिवर्तन हुन्छ भन्ने आफ्नो विचारको परीक्षण गरे । त्यसक्रममा इतिहास, अर्थशास्त्र र प्राकृतिक विज्ञानको गहन अध्ययन गरे । उनीहरूले यो काम आफ्नो बौद्धिक उत्सुकता मेटाउनमात्र गरेका थिएनन् 'पुँजीवादको विकासका भौतिक परिस्थिति र भविष्यमा त्यसले पार्ने असरबारे विस्तृतरूपमा नबुझी पुँजीवादबारे बुझ्न र प्रतिरोध गर्न सम्भव नभएको कुरा उनीहरूलाई राम्ररी थाहा थियो ।' *(इयान एन्गस, द रेड्डर शेड अफ ग्रिन : इन्टरसेक्सन्स अफ साइन्स एन्ड सोसिएलिज्म (न्यु योर्क: मन्थली रिभ्यु प्रेस, २०१७, २६)*

पर्यावरणसम्बन्धी मार्क्सको अवधारणा बुझ्नुको अर्थ उनको भौतिकवादी तरिकाअनुसार नै उनको विचारधाराको विकासक्रमबारे बुझ्नु हो । त्यस अर्थमा सुरुको मार्क्स र उनका पछिका विचारबीच कुनै विखण्डन थिएन, बरु उनका अवधारणा र विचारको विकासको सिलसिला थियो । मार्क्सका आर्थिक लेखहरूमा यी कुरालाई ध्यान दिइएको भए पनि प्रकृतिबारे उनको यो विचारको हकमा यो सत्य भएको कुरा भने स्वीकारिएको थिएन । साइटोले भनेका छन् : 'अलग वास्तविकतामा एउटा काल्पनिक आदर्श थोपर्ने मार्क्सअघिका दार्शनिक चिन्तनभन्दा अघि बढेर मार्क्सले मानिस र प्रकृतिबीचको मूर्त सम्बन्धको विश्लेषण गर्न सिके । मानिस र प्रकृतिबीचको मूर्त सम्बन्ध एकातिर 'अन्ततः आवश्यकता' को रूपमा शाश्वत कुरा हो भने अर्कोतिर मानव समाजको विकासक्रमका हरेक उत्पादनको चरणमा श्रमको भिन्नाभिन्नै आर्थिक भूमिकाको आधारमा यो सम्बन्धको



जोन बेलामी फोस्टर



कोहे साइटो



इयान अन्गस

सामाजिक आयाम पनि छ।'

मार्क्सले एउटा यस्तो समाजको आवश्यकतालाई जोड दिएका छन् जसको 'मूल काम' भनेको 'सम्बन्धित उत्पादकबाट मानिस र प्रकृतिबीचको भौतिक अन्तरक्रियालाई सचेत रूपमा नियमन गर्नसक्छ। साइटोले यसलाई 'अवधारणामै आएको परिवर्तन' को रूपमा उल्लेखनीय परिवर्तन भनी व्याख्या गरेका छन्। तर, यसलाई मार्क्सको आफ्नो अर्थ-राजनीतिक सिद्धान्तबाट अलग बनाउन सकिन्न।

साइटोले मार्क्स 'सुरुबाटै पर्यावरणबारे चिन्तन गर्ने' थिएनन्। वास्तवमा उनलाई यस विषयमा सुरु-सुरुमा 'जानकारीको कमी' थियो। मार्क्सका सुरु सुरुका लेखनमा उल्लेखित प्रमिथसवादी सोचले उनमा विज्ञान र प्रविधिको अन्त्यहीन प्रगतिप्रतिको विश्वास थाहा पाउन सकिन्छ। कृषिको क्षेत्रमा विज्ञान र प्रविधिको प्रयोगले पृथ्वीको प्राकृतिक सीमिततालाई जित्न सकिने सोच्थे। मार्क्सले त्यत्तिबेला त्यस्तो विचार राख्नु कुनै आश्चर्यको कुरा थिएन किनभने त्यत्तिबेलाका नाम चलेका वैज्ञानिकहरू त्यसरी नै सोच्थे। यो विषयमा मार्क्सलाई महत्त्वपूर्ण प्रभाव पारेका थिए- स्कटल्याण्डका कृषिविद् **जेम्स एन्डरसन**। उनी 'उत्पादकत्व बढाउने प्रक्रियामा माटोको गुणस्तर वृद्धिको पनि भूमिका हुने' तर्क गर्थे। 'उपयुक्त बन्दोबस्तअन्तर्गत माटोको गुणस्तर वृद्धिको लागि श्रमले पनि भूमिका खेलेको हुन्छ।' मार्क्सलाई उनको तर्कले दुई कोणबाट आकर्षित गऱ्यो। पहिलो एन्डरसनको विचारले श्रममा आधारित न्यायसङ्गत कृषिसम्बन्धी उनको धारणालाई समर्थन गरेको थियो। दोस्रो कारण, यो तर्कले **थोमस माल्थस** र **डेभिड रिकार्डो**को विचारको आलोचना गर्थ्यो जसले माटोको उर्वरतामा कमीले भविष्यको सङ्कटप्रति निराशाजनक धारणालाई उत्साहित गर्थ्यो।

मार्क्सले त्यस्ता वैज्ञानिकहरूको विस्तृत अध्ययन गरेका थिए, तिनका कृतिबारे बहस र छलफल गरेका थिए, तिनमाथि आलोचनात्मक अध्ययन गरेका थिए। त्यसले विषयवस्तुलाई विस्तृतरूपमा बुझ्न उनलाई सक्षम बनाएको थियो। मार्क्सले 'प्रकृतिमाथि मनपरी दोहन गर्नु नहुने र प्राविधिक विकासमार्फत पनि प्रकृतिको रूप बिगार्न नहुने' भनी आफ्नो दृष्टिकोण विकास गरेका थिए। निष्कर्षमा उनले भनेका छन्, 'प्रकृतिमा पनि जित्न नसकिने सीमितताहरू हुन्छन्।'

यो विषयमा मार्क्सका विचारको विकासमा जर्मनीका कृषिविद् **जस्टस भोन लेबिग** (१८०३-१८७३) का कृतिहरूको महत्त्वपूर्ण भूमिका खेलेको छ। पर्यावरणसम्बन्धी मार्क्सका विचारबारे पुस्तकहरूमा लेबिगको भूमिकाबारे प्रकाश पारिएको छ। त्यतिबेलाको प्राकृतिक विज्ञानबारे आफ्नो सिद्धान्त विकास गर्न मार्क्सले लेबिगका कृतिहरू (धेरै स-साना परिवर्तनसहित लेबिगका कृतिका धेरै संस्करण प्रकाशित छन्) र लेबिगका विचारमाथि भएका वैज्ञानिक बहसको मार्क्सले गरेको गम्भीर अध्ययनबारे साइटोले विस्तृत रूपमा प्रकाश पारेका छन्।

सुरुमा मार्क्सले पर्यावरणसम्बन्धी आफ्नो विचार बनाउन लेबिगबारे अध्ययन गरेका थिएनन्। रिकार्डोजस्ता चिन्तकहरूबारे आलोचनात्मक धारणा बनाउन मार्क्सले लेबिगको अध्ययन गरेका थिए। विशेषतः मार्क्सले सीमान्त प्रतिफलको नियमबारे अध्ययन गरेका थिए। सीमान्त प्रतिफलको नियम भन्नाले माटोको सुधारको लागि रसायनिक मल वा पुँजीगत लगानी भए पनि त्यसको कृषि प्रतिफल क्रमशः घट्दै जाने नियम हो। भूमिको तिरोसम्बन्धी सिद्धान्त बुझ्न यो महत्त्वपूर्ण नियम थियो। यहाँ मार्क्सले 'कृषिको उत्पादकत्वको अनुपातिक वृद्धि हुने' विचार अघि सारेका थिए। उनले माटोको उर्वरतामा कमी र प्राकृतिक स्रोतमा सीमिततालाई प्रमुख प्रश्नको रूपमा लिएनन् किनभने उनले सरलतापूर्वक यसलाई 'पुँजीवादमा मात्र आउने समस्या'



जेम्स एन्डरसन (१७३९-१८०८)



थोमस माल्थस (१७६६-१८३४)



डेभिड रिकार्डो (१७७२-१८२३)

को रूपमा हेरेका थिए ।

तर, 'पुँजी' लेख्न थाल्दासम्म मार्क्सले आफ्नो विचारमा परिमार्जन गरिसकेका थिए । 'कृषिमा डकैती प्रणाली कृषि क्षेत्रमा भौतिक सीमितताको विशिष्ट आधुनिक परिणाम हो' भन्ने लेबिगको विचार मार्क्सले पछ्याए । लेबिगले मार्क्सलाई दुई ओटा महत्त्वपूर्ण विचार दिए : पहिलो, पुँजीवादी कृषिमा प्रकृतिको सीमितता हुन्छ । जस्तैः माटोको प्रकार, स्थानीय मौसम आदि । एक नयाँ किसानले अथाह पुँजी लगानी गरे पनि लगानीको प्रतिफल भने त्यस्ता प्राकृतिक कुराले सधैँ अवरोध सिर्जना गरेको हुन्छ । दोस्रो, लेबिगले आधुनिक कृषि प्रणालीले संस्थागतरूपमै माटोको पोषक तत्व कमजोर बनाउँछ र त्यसको पुनःस्थापना भने गर्नसक्दैन । साइटोले यो प्रक्रियाबारे जानकार भएपछि मार्क्सको 'उत्साह' बारे जोड दिएका छन् । यो प्रक्रियाले 'सहर र गाउँबीचको आपसमा विरोधी सम्बन्धको वैज्ञानिक कारण' प्रस्ट बनाएको छ ।

लेबिग र अन्य कृषि वैज्ञानिकहरू न्यायसङ्गत कृषि सम्भव भएको कुरामा मार्क्सको चित्त बुझाउन सफल भयो । सँगै त्यस्तो कृषि प्रणाली पुँजीवादी कृषि सम्बन्धबाट सम्भव नभएको कुरा पनि प्रस्ट बनायो । पुँजीवादी व्यवस्थाअन्तर्गत जब माटोको उर्वरता घट्छ, लागत बढ्छ किनभने त्यसमा सुधार मानिसको श्रममार्फत मात्र गर्नसक्छ, 'स्वतन्त्र प्राकृतिक शक्ति' हद्पेर गर्न सकिन्न । साइटोका अनुसार मार्क्समा 'पुँजीवादी व्यवस्थाअन्तर्गत पुँजीमुखी कृषिले माटोको दिगो र दीर्घकालीन सुधार गर्न सम्भव नहुने र माटोको उर्वरता बढाउन पुँजी लगानी बढ्दै गएपछि उत्पादन लागत बढ्ने आलोचनात्मक दृष्टिकोण' को विकास भइसकेको थियो । तर, पुँजीवादी कृषि नाफा बढाउन 'प्रकृतिको स्वतन्त्र शक्ति'को अधिकतम प्रयोग गरेको हुन्छ । त्यस्तो सम्बन्धलाई व्यवस्थित गर्नसक्ने न्यायसङ्गत नयाँ आर्थिक प्रणालीले मात्र माटोको उर्वरताको ऐतिहासिक ऱ्हासलाई जित्न सक्नेछ ।

लेबिग र अन्य वैज्ञानिकहरूको अध्ययनको निष्कर्षमा मार्क्सले 'मेटाबोलिक खाडल' को विकास गरे । पुँजीवादी कृषिको 'डकैती प्रणाली' बारे उनको बुझाइ अलि पछि मात्र आयो, सन् १८६० को दसकतिर । यसको कारण उनले त्यसअघि यो विषयमा अध्ययन गरेको थिएन भन्ने होइन । बरु त्यसअघि माटोको उर्वरतासम्बन्धी समस्या समाधान गर्न रसायनिक मलको क्षमतासम्बन्धी सकारात्मक विश्वासबारे लेबिगजस्ता लेखकका सकारात्मक धारणामा उनी केन्द्रित थिए ।

मार्क्सले यो उपलब्धिलाई एक हदसम्म खुसीपूर्वक लिएका थिए । सन् १८५० को दसकमा आफ्नो लन्डन नोटबुकमध्ये एउटामा उनले लेबिगको भनाइ अघि सारेका छन् : 'कृषिको यो पुनःस्थापना मल, खरानी वा हड्डीको कारण प्रभावित बन्छ वा बन्दैन भन्ने कुरा धेरै मात्रामा महत्त्वपूर्ण विषय होइन । त्यस्तो समय पनि आउनेछ, जब रसायन कारखानामा बनेको काँच बनाउने रसायन (पोटासको सिलिकेट) सँगै परालको खरानी र फोस्फोरस अम्ल मिलाइएको मलले माटोको उर्वरता बढाउनेछ ।' सन् १८५१ का नोटबुकमा उल्लेखित माटोको उर्वरा सङ्कटको पृष्ठभूमिमा यो विशुद्ध प्राविधिक समाधानप्रति मार्क्सको विश्वास 'ज्यादै उत्साहप्रद' भनी साइटोले टिप्पणी गरेका छन् । सन् १८६३ भन्दाअघि लेबिगबारे मार्क्सको अध्ययन आधुनिक कृषिबारे वास्तवमा आलोचनात्मक भई नसकेको निष्कर्ष निकाल्नु उपयुक्त हुन्छ । तथापि, 'पुँजी' मा आएर यसमा परिवर्तन भएको देखिन्छ ।

मार्क्सलाई आफ्नो बुझाइमा परिवर्तन गर्न के कुराले घच्घच्यायो ? 'पुँजी' लेख्दा मार्क्सको ध्यान पुँजीवादी व्यवस्थाअन्तर्गत श्रमलाई मानवीय आवश्यकता पूरा गर्न नभई पुँजीवादी व्यवस्थाको लागि अधिकतम धन सङ्कलन



जस्टस फ्रेहर लिबिग (१८०३-१८७३)



कार्ल फ्रास (१८१०-१८७५)

गर्न कसरी प्रयोग हुन्छ भन्नेमा केन्द्रित थियो। उनले त्यही बेला लेखेका छन्, 'पुँजीवादी व्यवस्थाले श्रमिकको जीवनमा धेरै थरी समस्याहरू जस्तै धेरै काम, मानसिक तथा शारीरिक समस्या, बाल श्रम आदि निम्त्याउने गर्छ। 'पुँजीको यो प्रभुत्व कारखानामा श्रमको पुनःसङ्गठनभन्दा पर पुग्छ। 'मानिस र प्रकृतिबीचको प्राकृतिक अन्तरक्रियालाई खलल पुग्ने गरी भौतिक विश्वमा अनेक प्रकारका विकृति देखापर्छन्।'

नयाँ ज्ञानको खोजीमा मार्क्सले कृषि विज्ञानको अध्ययनलाई निरन्तरता दिए। सन् १८५६-६६ का मार्क्सका नोटबुकहरूको अध्ययनपछि साइटोका अनुसार उनलाई लेबिगको विचारमाथि आलोचनात्मक धारणा विकास गर्न मद्दत पुग्यो। त्यत्तिञ्जेल लेबिगको विचारमा पनि परिवर्तन आइरहेको थियो। लेबिग आफै पनि पुँजीवादी कृषिको आलोचनामा प्रस्ट बन्दै थिए। कृषि उत्पादन बढाउने नाममा माटोको गुणस्तरमा सम्झौता गर्न नसकिनेमा उनी प्रस्ट थिए। उनले लेखेका थिए, 'माटोको पोषक तत्वको कारणमात्र कृषि उत्पादन बढ्ने होइन। बरु माटोको गुणलाई क्षति पुऱ्याउने तौरतरिकाको कारण कृषि उत्पादन बढिरहेको छ।' लेबिग पुँजीवादी कृषि 'डकैतीको प्रणाली' मा निर्भर हुने मतमा प्रस्ट भए। संसारभरका टापूमा जम्मा भएका जीवजन्तु र चराचुरुङ्गीको मलको प्रयोग अध्ययनपछि उनी यो मतमा दृढ बने। उनले बेलायतको कृषि उद्योगलाई बाँकी संसारको लागि रगत खाने राक्षस (भ्याम्पायर) को रूपमा व्याख्या गरे। बेलायती कृषि उद्योगले प्राकृतिक स्रोतसाधनको दोहनलाई लिएर उनले त्यस्तो उपमा दिएका थिए। त्यसरी प्राकृतिक स्रोतको दोहनले मूलतः कुनै दिगो उपलब्धि हासिल नहुने उनको विचार थियो।

यी विश्लेषणहरूलाई आधार मानेर मार्क्सले आफ्नो तर्कमा पनि परिवर्तन गरे। उनले प्रविधि र विज्ञानमा केन्द्रित 'उत्साहप्रद' मतमा त्यागे। साइटोको शब्दमा मार्क्सले 'नाफामुखी' प्रविधिले माटोमा उर्वरताको कमी र प्राकृतिक स्रोतको अभावजस्ता अनपेक्षित र विनाशकारी परिणाम निम्त्याउने' देखे। लेबिगका लेखहरू माटोको उर्वरता सङ्कट समाधान गर्न वैज्ञानिकहरूबीच व्यापक छलफल भएको थियो। उर्वरता सङ्कटको समाधान 'रसायनिक समाधान' हुनुपर्ने र लेबिगको जस्तो 'खनिज समाधान' हुनुपर्ने तर्क गर्नेबीच त्यत्तिबेला गम्भीर बहस भएको थियो। मार्क्सले जर्मनीका वैज्ञानिक **कार्ल फ्रास**का कृतिहरूको पनि अध्ययन गरे। मार्क्सको विचारमा फ्रासका विचारले 'अचेत सामाजिक झुकाव' प्रदर्शन गरेको छ। फ्रासको विचारमा माटोमा कृत्रिम मलमार्फत रसायन मिसाउनुभन्दा माटोको उर्वरता बढाउने अरू नै उपायहरू भएको बताए। जस्तैः खेतको माटो र पोषकमा प्राकृतिकरूपमा फेरबदल गर्न बाढी हुल्ने उपाय। तर महँगो रसायनिक मलमा भरपर्न नहुने उनको धारणा थियो। त्यसले पनि न्यायसङ्गत कृषि सम्भव भएको मार्क्सको बुझाइमा अझ मलजल गऱ्यो।

फ्रासको अध्ययनले मार्क्सलाई जलवायु र त्यसले कृषि र सभ्यतामा पार्ने असरको विषयमा पनि अध्ययन गर्न हौस्यायो। मार्क्सले फ्रासको पुस्तक 'क्लाइमेट एन्ड द प्लान्ट वर्ल्ड ओभर टाइम्स' (१८४७) पढे। त्यो पुस्तकमा वनविनाशले जलवायुमा पार्ने प्रभावबारे मार्क्सले अध्ययन गरे। फ्रासले आफ्नो पुस्तकमा वनविनाश र अन्य वनस्पतिको विनाशले कुनै पनि क्षेत्रको प्राकृतिक चरित्रमा 'गहिरो फेरबदल' ल्याउने कुरा लेखेका छन्। वनविनाश र मरुभूमीकरणबारे फ्रासका पुस्तकबाट मार्क्सले विस्तृत नोट बताए। जसबाट मानिस-प्रकृति मेटाबोलिज्मलाई कसरी पुँजीवादी व्यवस्थाले असर गर्छ भन्ने विषयमा मार्क्सको बुझाइलाई अझ व्यापक बनाउन मद्दत गऱ्यो। साइटोले निष्कर्ष निकालेका छन् :

'फ्रासको ऐतिहासिक अध्ययनले अघिल्लो लेबिगको माटोको उर्वरता ऱ्हाससम्बन्धी सिद्धान्तले भन्दा पर्यावरणसम्बन्धी मार्क्सको बुझाइलाई अझ फराकिलो बनायो। मानिसको कारण प्राकृतिक अन्तरक्रियामा निम्तिने दखलबारे मार्क्सको अध्ययनको लागि जलवायु परिवर्तन एउटा नयाँ र महत्त्वपूर्ण विषय थियो। 'क्लाइमेट एन्ड द प्लान्ट वर्ल्ड ओभर टाइम'ले मार्क्सलाई आधुनिक पुँजीवादी उत्पादनले मानिस र प्रकृतिबीचको अन्तरक्रियामा थप दखल पुऱ्याएको विषयमा सचेत










बनायो ।'

फ्रासले व्यापार र उद्योगले वातावरणमाथि अनिवार्यरूपमा क्षति पुऱ्याएको निराशावादी निष्कर्ष निकाले । तर, मार्क्सले उत्पादनका साधनमा प्रजातान्त्रिक नियन्त्रणमार्फत मानिस र प्रकृतिबीच अन्तरक्रियाको न्यायपूर्ण नियमनमार्फत उनीहरूबीच एकता कायम गर्नुका साथै मेटाबोलिक खाडल पुर्न सहयोग गर्ने निष्कर्ष निकाले । तर, त्यसको निम्ति पुँजीवादी व्यवस्थालाई भत्काउनुपर्ने उनको निचोड थियो ।

यसरी समकालीन वैज्ञानिकहरूको गम्भीर अध्ययन र त्यसमाथिको बहसको लामो सिलसिलापश्चात् मार्क्स आफ्नो मेटाबोलिक सिद्धान्तमा पुगे । तर, दिगो विश्वबारे अझ बढी स्पष्ट हुन हामीले पुँजीवादी व्यवस्था किन यति विनाशकारी हुन्छ भन्ने कुरा बुझ्न जरुरी छ । यहाँ आएर साइटोले पर्यावरणसम्बन्धी विचारसामु मार्क्सको अतिरिक्त मूल्यको सिद्धान्तको केन्द्रीयतालाई उपेक्षा गर्न नसकिने तर्क गर्छन् ।

पुँजीवादले नाफाको दौडको लागि मात्र पृथ्वीलाई ध्वस्त पार्छ भन्ने बुझाइ पूर्ण बुझाइ होइन । साइटोको बुझाइमा यो तर्क स्वयम् मार्क्सको भौतिकवादी विधिविपरीत हो । बरु हामीले यसको निम्ति मानिस र प्रकृतिबीचको अन्तरक्रियालाई बङ्ग्याउन पुँजीले कसरी भूमिका खेलेको हुन्छ भनी गहिराइमा अध्ययन गर्न जरुरी छ । पुँजीले सामाजिक उत्पादन र सञ्चार प्रकृति र मानिसबीचको अन्तरसम्बन्ध बिथोल्ने गरी हुने काम गरेको हुन्छ । साइटोले निकै जोडका साथ लेखेका छन्, 'पुँजीवादी व्यवस्थामा श्रमको कूल मूल्यको निर्धारण र पुँजीवादी उत्पादनको कूल वितरण मूल्यले निर्धारण गर्ने भएकोले मानिस र प्रकृतिबीचको मेटाबोलिक अन्तरक्रिया अमूर्त श्रमले निर्धारण गर्ने गर्छ ।'

पुँजीवादले प्रकृति र समाजबीचको सम्बन्धको निर्धारण धन जम्मा गर्नसक्ने क्षमताले निर्धारण गर्ने गर्छ । त्यसले प्रकृतिको दोहन र 'श्रमलाई क्षीण' बनाउने अवस्था निम्त्याउँछ । त्यसकारण आज हामीले भोगिरहेको ठूलो पर्यावरणीय सङ्कटको मूल कारण हामीसँग प्रविधि वा विज्ञानसम्बन्धी ज्ञान नभएर होइन, बरु पुँजी परिचालनको तरिका नमिलेर हो । त्यसकारण विगत एकचौथाइ शताब्दीभरि जलवायु परिवर्तन समाधानको निम्ति भएका सबै प्रयास असफल बनिरहेका छन् । ती सबै प्रयासले प्राविधिक समाधानमात्र खोजिरहेका छन् अथवा बजार संयन्त्र मिलाउन खोजिरहेका छन् वा दुवैलाई मिलाउन खोजिरहेका छन् । तर, उनीहरूले प्रकृतिसँगको अन्तरक्रियालाई विकृत बनाउने आधारभूत तरिकाबारे बुझ्न असमर्थ भएका छन् । फलतः पुँजीवादी पर्यावरणीय सङ्कट समाधान गर्न उनीहरू असफल छन् ।

कार्ल मार्क्सको 'पर्या-समाजवाद' (इकोसोसिएलिज्म) मा मानव समाज र प्रकृतिबीचको अन्तरक्रियाबारे मार्क्सको विचार अझै अपूर्ण रहेको देखाएको छ । बरु यसले विज्ञान र दर्शनबीचको गहिरो अध्ययनलाई जोड दिएको छ । मार्क्सको विचारले हामीलाई निःसन्देह पुँजीवादले वातावरणलाई कसरी ध्वस्त बनाउँछ भन्ने कुरालाई अझ स्पष्ट पार्छ । साइटोको पुस्तकले मार्क्सको पर्यावरणसम्बन्धी विचारमा क्रमिकरूपमा भएको प्रगतिलाई उजागर गरेको छ । उनको मेटाबोलिक खाडल सिद्धान्त र त्यसको महत्त्व बुझ्न यो उपयोगी छ र पढ्न जरुरी छ ।

**स्रोतः** मन्थली रिभ्यु, २०१८ (पूर्णाङ्क ६९, अङ्क ११ अप्रिल, २०१८) मजदुर-२०७९-१-२२

**नेपाली अनुवादः नीरज**

# ङालाकेगु जात्राको ज्योतिषीय महत्व र वैज्ञानिकता



डा.वीरेन्द्रप्रसाद कायस्थ




ज्योतिषविज्ञानले सूर्यको किरण पृथ्वीमा पर्ने सन्दर्भमा चार भौगोलिक दिनहरू महत्त्वपूर्ण मान्दछ। ती हुन्ः– १) मेष विषुवत् दिन (March equinox) २) दक्षिणायन आरम्भ दिन (Summer solstice) ३) तुला विषुवत् दिन (September equinox) र ४) उत्तरायण आरम्भ दिन (Winter solstice)। सिद्वान्त ज्योतिषअनुसार सूर्यको भ्रमण मार्गलाई क्रान्तिवृत भनिन्छ। क्रान्तिवृत वक्र भएकोले सूर्य ६ मास उत्तर र ६ मास दक्षिण उदय हुन्छ। यसैलाई उत्तरायण र दक्षिणायन भनिन्छ। सूर्य दक्षिणायन हुँदा देवताको रात हुन्छ भने उत्तरायण हुँदा देवताको दिन हुन्छ। देवताको दिन हुँदा भक्तपुरमा नवदुर्गा देवगणको ङालाकेगु जात्रा सुरु हुन्छ। वंशावलीअनुसार तान्त्रिक विधिबाट प्रदर्शनी हुने नवदुर्गा देवगणको ङालाकेगु जात्रा १६ औँ शताब्दीमा प्रादुर्भाव भएको मानिन्छ। राजा आनन्ददेवले भक्तपुर सहरलाई नवदुर्गा भवानीमार्फत राजधानी सहरको रूपमा प्रतिष्ठा गर्दा सदाकाल शत्रु, विपद, दैवीप्रकोप आदि अनिष्टकारी तत्त्वबाट रक्षा गर्न तथा सुख, शान्ति एवं समृद्धि फैलाउन वनमाला जातिको नेतृत्वमा तान्त्रिक देवदेवीहरूका साथ नवदुर्गा गणको ङालाकेगु नाच प्रचलनमा ल्याएको थियो। पछि विभिन्न कारणले रोकेको नवदुर्गा गणको ङालाकेगु नाच राजा भुवन मल्लले नेपाल संवत् ६३३ मा सहकाल ल्याउन प्रारम्भ गरेको उल्लेख छ।



विक्रम संवत् अनुसार माघ महिनाको पहिलो दिनलाई माघे सङ्क्रान्ति भनिन्छ। ऋतुअनुसार शिशिर ऋतु पर्दछन्। हेमन्त ऋतुको समाप्तिपछि शिशिर ऋतु सुरु हुन्छ। शिशिर ऋतुमा वर्षभरको तुलनामा धेरै जाडो हुने, हिउँ पर्ने र तुषारो जम्ने हुनाले यो ऋतुलाई हिउँद ऋतु पनि भनिन्छ। मानिस चिसो प्रति संवेदनशील हुन्छ। यो ऋतुमा मानिसहरूमा हाइपोथर्मिया, स्नोब्लाइन्डनेस, नोरोभाइरस, मौसमी उदासिनता जस्ता समस्याहरू देखापर्ने गर्दछन्।



नेपालमा परम्परागत रूपमा चलिआएका जात्रा र चाडपर्वहरू मानिसमा लाग्ने विभिन्न रोगव्याधीसँग पनि गाँसेर हेर्ने गरेको पाइन्छ। माघ महिनादेखि सुरु हुने भक्तपुरको नवदुर्गा देवीगणको ङालाकेगु जात्राले हिउँदे याम समाप्त भई

गर्मी याम सुरू हुने र यस समयमा मानिसमा झाडापखालाजस्ता विभिन्न खाले महामारी रोगहरू लाग्ने सम्भावना हुने भएकोले यस्ता रोगहरू नलागुन् भनेर जनचेतनाको सन्देश दिन नवदुर्गा गणले भक्तपुरको प्रत्येक टोलमा टोलमा पुगेर नाच देखाउने गर्छन् ।

नवदुर्गा देवगणलाई तान्त्रिक देवताको रूपमा लिने गरेका छन् । तन्त्रप्रधान नवदुर्गागणको मूल चरित्र र गुप्त रूप महिषासुर मर्दिनी दुर्गा भवानी हुन् । यी गणको जन्म, जीवन र मरणको मूल स्रोत तलेजु भवानी हो र गुप्त रूपमा उपासित रहिआएकी तलेजु भवानीको मूल रूप महिषासुर मर्दिनी दुर्गा भवानी हुन् । नेपालमा महिषासुर मर्दिनीस्वरूपा दुर्गा भवानीको विशेष पूजा-आराधना गरिन्छ । त्यसैले नवदुर्गा देवगण सांस्कृतिक, ऐतिहासिक र परम्परागत रूपले पनि अग्रणी देवता हुन् ।

## किंवदन्ती

एक समय अज्ञात शक्तिको आतङ्कले गर्दा राज्यका जनताहरूमा त्रास छाउन थाल्यो । ढिलोसम्म खेतमा काम गर्ने वातावरण नरहन थाल्यो । सबैजना प्रायः घरमै थुनिन थाले । अज्ञात शक्तिको कारण जनताहरू बिमारी हुन थाले । यस्तो स्थिति आएपछि राजा सुवर्ण मल्लले एक तान्त्रिक डाकी सम्पूर्ण अज्ञात शक्तिलाई बसमा राख्न आदेश जारी गरे । तान्त्रिकले पनि आफ्नो तन्त्र विद्याको मद्दतले सम्पूर्ण अज्ञात शक्तिलाई आफ्नो वशमा पारेर तलेजु भवानीको एक कोठामा थुनेर राख्यो । यो कुरा राजा र तान्त्रिकबाहेक अरूले थाहा नहुने गरी गोप्य राखियो । दिनहुँ पूजा गर्न तान्त्रिक उक्त कोठा जाने गर्थे । दिनहुँ गएको कारण तान्त्रिकका श्रीमतीलाई कतै सौता त ल्याएनन् भने शङ्का लागेर 'खगप्व' (चुकुलको प्वाल) बाट हेर्दा तन्त्र विद्याको शक्ति कम्जोर हुँदै गयो र सोही प्वालबाट उम्केर पूर्व दिशातिर हानियो । पछि तान्त्रिकले यो कुराको चाल पाएर हेर्न जाँदा हालको इनाचोसम्म पुगिसकेको रहेछ । तत्काल फेरि अर्को मन्त्र फुकेर पुनः अज्ञात शक्तिलाई वसमा पारे । त्यसैले उक्त स्थानमा हालसम्म तीन ओटा ढुङ्गा (स्वंग लोह) राखेको छ । जुन तलेजु, नवदुर्गा र तान्त्रिकको प्रतीक मानिन्छ । पुनः तलेजुमा राखेर विभिन्न नाचगान सिकाई भक्तपुरलाई हानि होइन कि रक्षा गर्ने वाचा गराई भक्तपुरको वरिपरि मण्डलाकार स्वरूपमा एकएक जनालाई जिम्मा लगाइदिए । यसरी अज्ञात शक्तिलाई दैवी शक्तिमा परिणत गरी देशको रक्षा गर्न लगाएका थिए । यी दैवी शक्तिलाई नै अष्टमातृका गण भनिन्छ । अष्टमातृका गणको संरक्षकको रूपमा काशी विश्वनाथ रहेको हुन्छ ।



नवदुर्गा देवगण जात्रामा द्यः ब्वेकेगु अथवा प्रसाद ग्रहण गर्ने पनि जात्रा हुन्छ । त्यस जात्रामा माछा, अण्डा, बारा, चटामारी, योमारी, भटमास, सम्हेबजी, मासुको परिकार, गेडागुडी, दही चिउरा साथै चौरासी व्यञ्जनको प्रयोग हुन्छ । पञ्चबलिको रूपमा हाँस, कुखुरा, राँगो, बोका, भेडा बलि दिने गरेको पाइन्छ । साथै मुख्य बलिको रूपमा सुँगुर लखेटेर (बाँ लिकेगु) जात्रा मनाउने चलन रहेको छ ।

नवदुर्गा देवगणलाई प्रसाद ग्रहण (द्यः ब्वेकेगु) कार्य गर्दा आफ्नो सन्तान निरोगी हुने, गरेको काम सफल हुनुको साथै कुल स्थिर हुने जनविश्वास रहेको छ । आफ्नो दिन दशा बिग्रेको बेला नवदुर्गाको दही चिउरा, पञ्चरङ्गी धागो, मूलपात्रको जल, मोहनी (कालो टीका) ग्रहण गर्दा विघ्न बाधा हट्नुको साथै निरोगी हुने विश्वास रहेको पाइन्छ । नवदुर्गा देवगणलाई घरमा भित्र्याउँदा घरमा शान्ति हुने, सबै प्रकारका डर त्रासबाट मुक्त हुने जनश्रुति रहेको पाइन्छ ।

प्रत्येक वर्ष नवदुर्गाका मूलपूजारीले तौलाछेँ टोलको भट्टाप्वा नासद्यःमा देवगण हुने सबै वनमालालाई तीन प्रमुख बाजा खिं, तः र काय तथा घँघलाहरू (घुँघरु) नास द्यः (नृत्यनाथ) का अगाडि राखी तान्त्रिक विधिपूर्वक पूजा गर्ने प्रचलन रहेको छ । नास द्यःलाई तान्त्रिक विधिअनुरूप पूजा गरेर भेडाको भोग बलि दिएपछि घँघला सिं ल ल्हायगु हस्तान्तरण गरिन्छ । बाजा र घँघला प्राप्ति गरेका वनमालाले नास द्यः अगाडि बाजा बजाई पहिलो नवदुर्गा नृत्य प्रस्तुत गर्नुपर्ने प्रचलन छ ।

नवदुर्गाभित्र सर्वप्रथम गथामुग चऱ्हेका दिन श्री महादेवको सृष्टि हुने गर्दछ । त्यसपछि गणेश चतुर्थी (चथाः)का दिन श्री गणेशको सृष्टि हुने गर्दछ भने घटस्थापनादेखि ब्रम्हायणी, महेश्वरी, कुमारी, भद्रकाली, बाराही,



इन्द्रायणी, महाकाली, महालक्ष्मी, सिम्ह, दुम्ह, श्वेत भैरव र भैरवको सृष्टि क्रमैसँग हुने गर्दछ। दसैँको समयदेखि नवदुर्गा भवानीले देशवासीहरूलाई आइपर्ने विभिन्न रोगब्याधि, सङ्कट, अनिष्ट आदिबाट रक्षा गर्नुहुन्छ भन्ने जनविश्वास छ।



प्रत्येक वर्ष नवदुर्गा नाचका लागि ख्वःप (मुकुन्डो) बनाउने गरिन्छ। यो तान्त्रिक देवीको सुरुवात भने कुम्हालेहरूको कालिमाटी दानबाट प्रारम्भ हुन्छ। चित्रकारहरूले साउन कृष्ण चतुर्दशी अर्थात् गथामुगको दिनदेखि मुकुन्डो बनाउन सुरु गर्छन्। यो दिन चित्रकारले तालाक्वका प्रजापतिसँग दाम चढाएर त्यसको आधारमा कालोमाटो लिएर आउँछन्। उक्त कालोमाटोमा विभिन्न सरसामान मिसाएर मुकुन्डो बनाइन्छ। मुकुन्डोको आकृति तयार भएपछि त्यसमा देवदेवीको चरित्र तथा विशेषताअनुसारको रङ्ग भरिन्छ। यसरी चित्रकारले करिब दुई महिना लगाएर बनाएका मुकुन्डो देखाउन दसैंको नवमीको दिन नवदुर्गा द्यःछेँबाट खः मेय् (निख्खर कालो राँगो दौडाउने) जात्रा सुरु भएपछि याछेँमा 'ख्वपा ब्वयगू' जात्रा थालिन्छ।

खःमेय् गथामुगको दिन बाँध्ने चलन छ। खःमेय् लक्षणयुक्त हुनु पर्दछ। खःमेय्को लक्षणमा ३ ओटा चक्र, पुच्छर घुँडाभन्दा तलसम्म लट्केको रातो, कैलो वा कालो निखर र आधा रौं टाउकोतिर र आधा रौं पुच्छरतर्फ घुँघुरिएको र कुनै खुन नभएको हुनुपर्छ।



नवदुर्गा देवगणका १३ ख्वपा (मुकुण्डो) लाई लस्करै राखेर प्रदर्शन गरिएकोलाई स्थानीय नेपालभाषामा 'ख्वपा ब्वयगू' जात्रा भनिन्छ। 'ख्वपा ब्वयगू' जात्रा सम्पन्न भएपछि चित्रकारले ठूला दुई डालामा एउटामा सातओटा र अर्कोमा ६ ओटा राखेर नवदुर्गा मन्दिरका पूजारी कर्माचार्यलाई हस्तान्तरण गर्छन्। पूजारी कर्माचार्यले ती मुकुन्डो कसैले नदेख्ने गरी छोपेर प्राणप्रतिष्ठाको लागि ब्रम्हायणी मन्दिर लैजान्छन्। यो प्रक्रियालाई ख्वपा खुयो



यङ्केगू (मुकुन्डो चोरेर लाने) भन्छन्।

ब्रम्हायणीमा नवदुर्गा गणहरूले विशेष तान्त्रिक पूजा गरी खम्येलाई मध्यरातमा वध गरिन्छ। खम्ये जात्रा महिषासुर वधसँग सम्बन्धित रहेको छ। पुजारीले ब्रम्हायणी मन्दिरमा खःमेय्को वधसँगै मासाहुती यज्ञ गर्छन्। यज्ञकै क्रममा तान्त्रिक विधि पुऱ्याएर प्रत्येक मुकुन्डोमा मुकुन्डोअनुसारको देवदेवीको प्राण प्रतिष्ठा गर्छन्। नवदुर्गा देवगण बनेका वनमालाहरूले बलिलिएको खःमेय्को रगत पिउँछन्। सेतो घाँजी नँ (सेतो पोसाक) मा रगतपानपछि देवगणले नाच नाच्न प्रयोग गर्ने पोसाक लगाउँछन्। पूजारीले प्रत्येक देवगणलाई मुकुन्डोमा मुकुट हालेर हस्तान्तरण गर्ने गर्छन्। मुकुटसहितको मुकुन्डो लगाएपछि देवगण बनेका वनमालाहरूसमेत देवता हुन्छ। पूजारीबाट मुकुन्डो प्राप्त गरेपछि दशमीको राति नवदुर्गा देवगण भक्तपुर दरबार क्षेत्रस्थित तलेजु पुग्छन्। तर तलेजु मन्दिरभित्र पस्दैनन्।

तलेजु आउने प्रतीक्षामा उनीहरू भक्तपुर दरबार क्षेत्रस्थित स्वर्णद्वार बाहिरै बस्छन्। बाहिर नवदुर्गा देवगण आएको जानकारी आएपछि आफ्नो पूजाआजालगायतका विधिविधान पुऱ्याई तलेजु भवानी स्वर्णद्वार बाहिर विराजमान हुन्छ। तलेजुको आगमन भए लगत्तै नवदुर्गा देवगणले पालैपालो वाद्यवादनको तालमा तलेजु भवानीको दर्शन गर्छन्। नवदुर्गा देवगणले तलेजुको दर्शन गर्ने प्रक्रियालाई तलेजुबाट नवदुर्गा देवगणले वैढ्रिक विधिबाट सिद्धि प्राप्त गरेको मानिँदै आएको छ ।

## तलेजुको पायो जात्रा

नवदुर्गा देवगणले भक्तपुर दरबार क्षेत्रसँगै टौमढीस्थित स्वतुङ्ग भैरव मन्दिर परिसरमा पनि तलेजुसँगै वैदिक विधिबाट सिद्धि लिनुपर्छ। यसरी दरबार क्षेत्रबाट स्वतुङ्ग भैरवसम्म नवदुर्गा देवगणलाई वैदिक सिद्धि दिन तलेजु भवानी आफ्नो बाहन सेतो घोडासहित टौमढी प्रस्थान गर्नुपर्छ। यसरी प्रस्थान हुने कार्यलाई पायो (खड्ग) जात्रा भनिन्छ। खड्ग तलेजु भवानीको प्रतीक हो। सोही खड्गलाई सेता घोडा पछि लगाएर पायो (खड्ग) जात्रा मनाइँदै आएको छ। चन्द्रवास अनुसार तलेजु भवानी तल्लोटोल सवारी हुँदा भक्तपुर दरबार क्षेत्रबाट खौमा, इताछेँ, तेखापुखु, वंशगोपाल, नासमना, बुल्चा हुँदै स्वतुङ्ग भैरवमा पायो जात्रा मनाइन्छ। तलेजु स्वतुङ्ग भैरव हुँदै जगन्नाथ मन्दिरस्थित दबूमा पुगेपछि नवदुर्गा देवगणले पनि स्वतुङ्ग भैरवको दर्शन गरी प्रसाद ग्रहण गरेर तलेजुको पुनः दोस्रो पटक दर्शन गर्ने प्रचलन रहँदै आएको छ। तलेजुबाट दुईपटक वैदिक सिद्धि प्राप्तिपछि नवदुर्गा देवगण पूर्णतः देवदेवी हुने छन्। त्यहाँ नवदुर्गा देवगणले दर्शन गरेपछि तलेजु टौमढीबाट बहताल हुँदै भक्तपुर दरबार क्षेत्र भई आगछेँ भित्र्याइन्छ। नवदुर्गा देवगण टौमढीबाट सुकुल ढोका हुँदै गछेँ प्रस्थान हुन्छन्।

नवदुर्गा नाचलाई स्थानीय भाषामा ङालाक्येगू भनिन्छ। जसको नेपाली अर्थ माछा मार्ने हो। नाचमा माछा मार्ने भनी मुकुण्डो लगाएका देवगणले (नाचमा देवतालाई) जिस्क्याउने भक्तालुलाई समात्ने प्रयास हुन्छ। यो जात्रामा दर्शकले सिठ्ठी बजाउँदै मुखमा हत्केलाले थप्थपाउँदै आबाबाबा गरेर जिस्क्याउने र देवगणले उनीहरूलाई लखेट्ने गरिन्छ। लखेट्दा देवगणले समाउन सके भेटी दिनुपर्ने परम्परा छ। यस अर्थमा जिस्क्याउने भक्तालुलाई माछा मानी उसैलाई समात्ने प्रयासको रूपमा यसलाई माछा मार्ने नाच भनिन्छ। यही नै जात्राको मुख्य आकर्षण समेत हो।

नवदुर्गा देवीगणको ङालाकेगु जात्रा भक्तपुर सहर र यसको वरिपरिका क्षेत्रहरूमा मनाइने उपत्यकाकै सबैभन्दा लामो समय चल्ने ऐतिहासिक महत्त्वको जात्रा हो। यो नाच प्रारम्भकालदेखि वनमाला जातिले प्रदर्शन गर्दै आएका छन्। माघे सङ्क्रान्तिको राति तन्त्रविधिद्वारा अष्टमातृकाका देवदेवीलाई आव्हान गरी श्वेत भैरवले सूर्यमढीको वाकुपति नारायणको मन्दिरमा रहेको मूर्तिलाई विधिवत पूजाअर्चना गरेपछि भोलिपल्टदेखि आषाढ कृष्ण अष्टमीसम्म लगातार छ महिना प्रदर्शन गरिन्छ। यो देवताको नाचमा देखाइने हरेक किसिमका गतिविधिहरूमा अलग्ग अलग्ग कथा र विशेषताहरू छन्। आफ्नो जिउ आफैले नै सफा गर्नुपर्दछ भन्ने शिक्षादेखि लिएर श्रीमान् श्रीमतीबीच हुनुपर्ने माया प्रेम सम्बन्धी ज्ञान, स्वास्थ्यप्रति सचेत हुनुपर्ने आदि। यो नाचमा महाकालीले राक्षसलाई वध गरी सकेपछि आफ्नो रक्ताम्य शरीर सफा गर्न नाङ्गै गण्डकी नदीमा पुग्छन्। त्यहाँ नजिकै लुकेर श्वेत भैरवले हेरिरहेका हुन्छन्। महाकालीको मनमोहक दृश्यले आकर्षित भई अगाडि गएपछि, महाकालीले श्वेत भैरवकै खास्टो खोसेर ओढेको देखाइन्छ। पछि श्वेत भैरव पनि नुहाउनका लागि गण्डकी नदीमा पुगेको वखत त्यहाँ थुप्रै माछाहरू देखा पर्दछन्। श्वेत भैरवले माछा मार्न पानी पटाउनको लागि सिम्ह र दुम्हलाई बोलाउँछन्। सिम्ह र दुम्हले पानी पटाएको नमिलेकाले आफैले पानी फालेर माछा मार्छन्। पछि सिम्ह दुम्हलाई देखाएर आफू मात्रै माछा खान्छन्। सिम्ह र दुम्हलाई देखाएर आफू मात्रै खाएका कारण श्वेत भैरवलाई पेट दुखेको देखाइन्छ। र सो पेट दुखेको फोहोर पानीले गर्दा अर्थात् सफाइ नपुगेकोले भनी पनि देखाइन्छ र उपचारको लागि बालकुमारी (इन्द्रायणी) बोलाई उपचार गरेपछि श्वेतभैरवलाई निको हुन्छ। सफाइको लागि लुगा धोएको देखाइन्छ। त्यहाँ पनि सिम्ह र दुम्हलाइ अह्राइन्छ। तर उनीहरूले लुगा फालिदिन्छन्। त्यसपछि बल्ल आफ्नो काम आफैँ गर्नुपर्दछ भनी लुगा धुने देखाइन्छ। यसरी आठ घण्टाको समय भित्र देखाइने यो नाचको सांस्कृतिक



पक्ष भने यही नै हो। यो जात्रा पूरा गर्न कुम्हाले, खड्गी, आचार्य, चित्रकार, मानन्धर, कपाली, शाक्य, ज्यापू र वनमालालगायत नौ जातिको आवश्यक पर्छ।

सिम्ह र दुम्हः हिन्दू धर्ममा सिंघनी र बाघिनीको विशेष महत्त्व रहेको छ। भक्तपुरमा निकालिने भैल प्याखंमा पनि नाचको अन्तमा सिंघनी र बाघिनी निकालिन्छ जसले नाचको सौन्दर्य अझ बढाउँछ। न्यातापोल मन्दिर अगाडि रहेका ढुङ्गाका पाँच जोडी मर्तिहरूमा १. कुटुवको जोडी, २.हातीको जोडी,३. सिंहको जोडी, ४. शार्दूलको जोडी र ५. सिंघनी र बाघिनीको मूर्ति रहेका छन्। भनिन्छ यसमा तलबाट क्रमैसँग शक्तिशाली प्राणीहरूको मूर्ति राखेको हो। यस अर्थले सिंघनी र बाघिनीलाई सबैभन्दा शक्तिशाली प्राणीको रूपमा लिइन्छ। त्यसैगरी नेत अजिमाको नाचमा पनि सिंघनी र बाघिनीको नाच रहेको छ। भक्तपुर नवदुर्गा गणमा दुई गणहरू छन् जसलाई स्थानीय भाषामा सिम्ह र दुम्ह भन्ने गरिन्छ। सम्भवत यिनीहरू पनि सिंघनी र बाघिनी नै हुन्। अष्टमातृका गणको बाहन वा रक्षकको रूपमा यसै गणमा रहेर आफ्नो नाच देखाउँदै आएका छन् भने यसमध्ये सिंघनीले डालाकेगु जात्रामा विशेष भूमिका खेल्ने गर्दछ। कसैकसैले सिम्ह र दुम्हलाई भीमसेन र द्रौपदी भन्ने पनि गरिन्छ। तर भीमसेन र द्रौपदीको स्वरूपमा भन्ने मेल खाँदैन। त्यसैगरी बौद्ध धर्ममा पनि सिंहवक्त्र र व्याघ्रवक्त्र भन्ने दुई डाकिनीहरूको चित्रण गरिएको पाइन्छ।

**पासुका ग्वःका** – पाँचथरी रङ्गबाटै ग्वःका र पासुका बन्छन्। यो मालाको रूपमा दिइन्छ। यसलाई नवदुर्गाको प्रतीकको रूपमा पनि लिने गरिन्छ। रङ्गले हाम्रो मानसिक स्वास्थ्यमा पनि सकारात्मक प्रभाव पार्छ। सौर्यमण्डलमा ९ ओटा ग्रहहरूको प्रत्यक्ष प्रभाव, यो धर्तीमा परिरहेकै हुन्छ। ती ९ ओटा ग्रहहरूको प्रतीक रङ्ग मानिन्छ। जस्तै– सूर्य रातो, चन्द्रमा र शुक्र सेतो, मंगल कलेजी, वृहस्पति पहेँलो, शनि निलो तथा बुध हरियो रङ्गको प्रतीक हो। नवदुर्गागणमा पनि पाँच रङ्ग समेटिएको पाइन्छ– रातो, हरियो, सेतो, कालो र पहेँलो। भैरव एकजना मात्रै कालो हुन्छ भने बाराही, महाकाली र कुमारी रातो हुन्छ। श्वेतभैरव, महेश्वरी र गणेश सेतो वर्णका हुन्छन्। अनि ब्रम्हायणी पहेँलो हुने गरिन्छ। सिम्ह दुम्ह भने सेतो र रातो हुने गरिन्छ। इन्द्रायणी पनि रातो देखिन्छ। अनि विष्णुवीर अर्थात् भद्रकाली भने हरियो हुन्छ। यसरी सेतो, कालो, रातो, पहेँलो र हरियो रङ्गबाट नै मुकुण्डो तयार गरेझैँ पासुका पनि बनाएको हुन्छ। देवीनाचका लागि निर्माण गरिएका मुकुटमा कर्माचार्य समुदायले तान्त्रिक प्राण प्रतिस्थापन गरेका हुन्छ। नयाँ बनाइएका मुकुटलाई भक्तपुर दरबारको तलेजुमा पुऱ्याएर आवश्यक पूजाविधि पश्चात नवदुर्गा भवानीको देवताघरमा राखिएको हुन्छ।

यो नाच तान्त्रिक विधिविधानमात्र नभएर मानवीय जीवनमा गरिने सबै संस्कारयुक्त भावप्रधानयुक्त नाच हो। यसमा बोलेरभन्दा पनि निश्चित भाव सङ्केतद्वारा संवाद प्रस्तुत गरिने गरिन्छ। नाचले मल्लकालीन समयको संयुक्त परिवारको संरचना र रहनसहनबारे जानकारी दिन्छ। जात्राले मल्लकालीन समयमा नेवार जनजीवनमा सबैसँग मिलेर बस्ने, संयुक्त परिवारमा बसी काम गर्ने भावना, ठूलालाई गरिने आदर सत्कार, सानालाई गर्ने मायाप्रेम, सामाजिक मर्यादा, रीतिरिवाज, भेषभूषा, रहनसहन, खानपिन आदिको प्रतिनिधित्व गरेको हुन्छ। समाजमा नेवार समुदायमा झल्किने शक्तिशाली पारिवारिक अनुसरणको सङ्केत यो नाचमा प्रस्तुत गरिएको हुन्छ।

यो नाचले अपहेलनाबाट नारी क्रोध, दानव संहार, चेलीबेटीको विलाप, केटाकेटीको चकचके व्यवहार, दैनिक जीवनमा गर्नुपर्ने सरसफाइ, मानव जीवनमा गर्ने बेलविवाह, दाम्पत्य जीवनमा हुने रीतिरिवाज, मतीना नाचसँग सम्बन्धित यस जात्राले समाजलाई दिशाबोध गरिरहेका छन्।

घरमुली (नंकी) संयुक्त परिवारको मुली हुनाले परिवारमा मात्रै भए पनि सबै सदस्य समान छन् भन्ने ज्ञानको बोध गराएको छ। तर घरको मूली नभए घरको धुरीलाई भए पनि सोधेरमात्र काम गर्ने हाम्रो संस्कारले नै हामीलाई 'वडाले जे गऱ्यो काम हुन्छ त्यो सर्वसम्मत' भन्ने आदर्शको पाठ सिकाएको छ। हामी आदर्श मानव बन्नु छ। कुनैलाई काखा कुनैलाई पाखा गर्ने र अनुचित शोषण गरी कुम्ल्याउने व्यक्ति देश र जनतासमक्ष नजीर बन्न कदापि सक्दैन, यस्तो गर्नु मानवता पनि होइन भन्ने दिशा–निर्देश यो नाचले गरेको



छ। घरमूली (नंकी)को दायित्व र महत्त्वसँगै तिनको भूमिकालाई हरेक दृष्टिले उच्च स्थानमा राखेको हुन्छ। यसमा मूलीले १८ गण सदस्यहरूलाई नवदुर्गा देवगृहमा भित्र्याउनेदेखि लिएर निष्काशन गर्नेसम्मको भूमिका निभाइन्छ। यस अर्थमा नेवार समुदायमा र संस्कारमा घरमूली प्रधान भन्ने सन्देश पनि यसबाट पाइन्छ।

यो नाच प्रदर्शनीका क्रममा नवदुर्गा देवगणका नकींले बिहानपख विधिपूर्वक नित्यपूजा गरी गणेशले नृत्य आरम्भ गर्ने, त्यसपछि क्रमशः ब्रम्हायणी, महेश्वरी, कुमारी, विष्णुवीरलगायतका देवगणहरूले नाच प्रदर्शन गर्ने प्रचलन छ। त्यसपछि ङालाकेगु नाच प्रदर्शनका लागि सिम्ह, दुम्ह देखा पर्छन्। पहिलो चरणमा दुम्हले मात्र ङालाकेगु गर्ने गरिन्छ र दोस्रो चरणमा साँझपख श्वेतभैरवको ङालाकेगु नाच प्रदर्शन हुन्छ।

भक्तपुरवासीहरूका लागि मनमोहक र प्रसिद्ध नवदुर्गा ङालाकेगु नाच पहिलोपटक सार्वजनिक प्रदर्शनी नगरको सुजम्हरी टोलबाट प्रारम्भ हुन्छ। त्यसपछि नाच प्रत्येक दिन फरकफरक टोलहरूमा प्रदर्शन गरिन्छ। नवदुर्गा नाच भक्तपुर नगरपालिका क्षेत्रमा मात्र २१ ठाउँमा प्रदर्शन गरिन्छ। हरेक टोलमा छुट्टाछुट्टै संस्कार गरिन्छ। ११ महिनाको समयावधिभित्र १६ संस्कार सम्पन्न गरिन्छ।

भक्तपुरको दत्तात्रय, क्वाठण्डौ, गछैँ, दछुटोल, नागपोखरी, इनाचो, गोल्मढी, याछैँमा नाच प्रदर्शन गरिन्छ। साथै टौमढी, तालाको, नासमना, गहिति, क्वाछैँ, टिबुक्छैँ, सुकुलढोका, दरबार स्क्वायर, खौमा, इताछैँलगायतका फरकफरक दिनमा टोलटोलमा प्रदर्शन गर्ने परम्परा रहेको छ। नाचलाई भक्तपुर नगरबाहेकका मध्यपुर थिमि, चाँगुनारायणलगायतका स्थानमा पनि प्रदर्शन गरिन्छ। साथै काठमाडौँको टोखामा पनि नाच देखाइन्छ साथै उपत्यका बाहिरको साँगा, काभ्रे, नाला, धुलिखेल, श्रीखण्डपुरमा पनि नाच प्रदर्शन गरिन्छ।

नवदुर्गा देवगण परिवारमा सिफोद्यः, भैरव, महाकाली, वाराही, ब्रम्हायणी, महेश्वरी, कुमारी, वैष्णवी, इन्द्रायणी, गणेश, महादेव, श्वेतभैरव, सिम्ह, दुम्ह, खिँबाजा, तः बाजा, कायबाजा, महापात्र, नकीं सम्मिलित हुन्छ।

नवदुर्गालाई मू बाहाँ भनेर सुँगुरको बलि दिइन्छ। जिउँदो सुँगुरको कोखा काटिन्छ अनि तन्तनी आलो रगत पिउने गरिन्छ। रगत पिउने कार्य नाचका भैरवबाट हुन्छ। भैरव हुने गणले बुढीऔँलाको सहाराले मात्र सुँगुरको वध गर्नुपर्छ। यसमा दैवी शक्तिको विश्वास गरिन्छ। सुँगुरलाई फोहोरी जनावरका रूपमा लिने भएका कारण त्यसको उद्धार र पवित्र बनाउन बलि दिएको विश्वास गरिन्छ। नवदुर्गा नाचको यो विशेषता हो।

गथामुगको दिन नवदुर्गा गणहरू नाचको लागि ३२ लक्षणले युक्त मान्छेको पात्र (खप्पर) खोज्न बजार निस्कन्छन् भन्ने मान्यता छ। बजारमा जो ३२ लक्षणले युक्त व्यक्ति छ त्यसको खप्परलाई तान्त्रिक विधिले निकालेर लैजाने गर्छन् भन्ने मान्यता छ। नवदुर्गाले तान्त्रिक विधिबाट पात्र निकालेका व्यक्तिको मृत्यु ६ महिनाभित्र हुन्छ भन्ने जनविश्वास छ। त्यसो त पहिलेपहिले ३२ लक्षणले युक्त व्यक्ति भेटेपछि घर बाहिर गएर नवदुर्गा गणले सो व्यक्तिको कपडा माग्ने गर्थे। जसको कपडा माग्छ त्यो व्यक्ति ३२ लक्षणले युक्त भएको ठहर हुन्थ्यो। तर कपडा नदिएको खण्डमा भने नवदुर्गा गण अर्को व्यक्तिको खोजीमा जान्थे भन्ने मान्यता छ। अहिले त्यो चलन हराइसकेको छ।

नवदुर्गाको अन्तिम नाच ज्येष्ठ शुक्ल षष्ठी अर्थात् सिठ्ठी नखःको दिन इच्छुटोलमा नाचिन्छ। यो नवदुर्गाको अन्तिम नाच हुन्छ। सोही दिन मुकुटमा प्रविष्ट गराइएको मन्त्र-कर्म फिर्ता (निष्कृय) गराउने चलन छ। मन्त्र फिर्ता गरे सँगै नवदुर्गाको मुकुटबाट जीवत्व हरण हुन्छ भन्ने मान्यता भक्तपुरवासीमा छ। सिठ्ठी नखःदेखि भलभल अष्टमीसम्म कुनै संस्कार हुँदैन। त्यो गणका सदस्यहरू देवघरमै बस्छन्। भक्तपुरवासीले भल्भल अष्टमी अघि नवदुर्गाको पूजा गर्न जाने चलन रहेको छ। यो पूजा निरन्तर एक महिना जसो चल्ने गर्दछ। हरेक घरबाट पूजा गरी यसै परिसरमा सम्मेबजी वा भोज नै खाने गरिन्छ।

## भल्भल अष्टमी (भगस्ती) र पासुका

नेपाल संवत्को तछलागा अष्टमीको दिनलाई भल्भला अष्टमी भनिन्छ। यस दिन नवदुर्गा देवगणहरूले लगाउने देवदेवीहरूको ख्वपा (मुकुन्डो) ब्रम्हायणीमा लगेर जलाइन्छ। मुकुन्डो जलाएपछि यो नाच सकिन्छ। हरेक सृष्टिको अन्त्य निश्चित छ, यो प्राकृतिक नियम हो। यही कुराको ज्ञान दिनको लागि यो पर्व मनाउने गरिन्छ, जसलाई भल्भला अष्टमी भनिन्छ। यस पर्व हर्षको भन्दा पनि दुःखद पर्वको रूपमा लिइन्छ। भलभल भन्ने शब्द संस्कृत शब्द हो। भलभल अष्टमीको शब्द सन्धिमार्फत् हुने भलभलाष्टमीलाई अपभ्रंश गराएर यो अष्टमीलाई नेवारीमा भगष्टि भनिन्छ। यसरी गथामुगको दिनबाट सुरु भएको नवदुर्गाको जीवनचक्र भगष्टिको दिन सम्पन्न गर्ने चलन छ। ब्रम्हायणीबाट सुरु भई ब्रम्हायणीमा पुगेर समाप्त हुने भएकाले देवगणहरूको मूल देवता ब्रम्हायणीलाई मान्ने गरिन्छ। अष्टमीको दिन नवदुर्गा विसर्जन गराउनुपूर्व सबै नवदुर्गा गण बाजाको ➲

# बक्सिङका राष्ट्रिय खेलाडी तथा निर्णायक दिनेश बासुकला

राजकुमार लधु

भक्तपुरमा नगरपालिकाले २०५१ सालदेखि बक्सिङलगायत अन्य पाँच खेलको प्रशिक्षण शुरु गरेपछि नेपालको खेल इतिहासमा भक्तपुरको नाम पनि राष्ट्रिय रूपमा चर्चित रह्यो । त्यतिमात्र होइन भक्तपुर



नगरपालिकाले नेपालको खेल इतिहासमा अन्तर नगर बक्सिङ प्रतियोगिता आयोजना गरी नेपालको खेलकुदमा ठूलो फड्को मार्न सफल भएको खेल थियो । यस वर्ष बागमती प्रदेशस्तरीय बक्सिङ खेलकुद प्रतियोगितामा पनि भक्तपुर नपाका ५ जना खेलाडीहरू फाइनलसम्म प्रवेश गर्न सफल भए । अतः भक्तपुरको नाम पनि बक्सिङ खेलबाट राष्ट्रिय अन्तराष्ट्रिय मेडियामा चर्चामा रहेका हामीले देखिरहेका छौँ ।

नेपालमा बक्सिङ सङ्घको आयोजना तथा भक्तपुर जिल्ला बक्सिङ सङ्घको सह–आयोजनामा २०७० सालतिर भक्तपुर ईन्द्रायणीस्थित सिबीआरमा पहिलो पटक भक्तपुरमै रेफ्री तथा जज (निर्णायक) प्रशिक्षण आयोजना गरिएको थियो । त्यस प्रशिक्षणमा भक्तपुर, ललितपुर, काठमाडौँ र विभागीय टोली सशस्त्रका गरी ४५ जनालाई 3 Star रेफ्री अनुप लामाले प्रशिक्षण दिनुभएको बक्सिङ ONE Star judge दिनेश बासुकला बताउनु हुन्छ । दिनेश बासुकलाका अनुसार भक्तपुर बक्सिङका अर्का खेलाडी जीवन कवां पनि ONE Star Refree judge छन् । दिनेश बासुकला भक्तपुर जिल्ला बक्सिङ सङ्घको सदस्यको रूपमा कार्यरत रही खेल विकासमा पनि प्रतिबद्ध छन् ।

दिनेश बासुकलाको जन्म २०४० साल असोज ७ गते भक्तपुर नपा वडा नं २ व्यासीस्थित किसान परिवारमा भएको थियो । उनको माता ज्ञानकुमारी सुवाल तथा पिता दिलकुमार बासुकला हुन् । उनको पेशा खेल खेलाउनु र प्रतियोगितको निर्णायक हुनु हो । उनको एक किराना पसल छ ।

---

➲ तालमा एक पटक नगरपरिक्रमा गर्छन् । यो दिन बज्ने बाजाको ताल अरूदिनको तुलनामा फरक हुने गर्छ । विसर्जन गर्दा नवदुर्गासँगै सिफ द्यः अर्थात् महालक्ष्मीको प्रतिमाको आधा भाग पनि नष्ट गरिन्छ । तर त्यसमा रहेका गहनाहरू भने नष्ट गरि"दैन । महालक्ष्मीको प्रतिमा पछाडिपट्टि एउटा कलश राख्ने चलन छ । कलशलाई हनुमान घाटमा विसर्जन गरेपछि नवदुर्गा गणाको औपचारिक विसर्जन हुन्छ । कलशमा माछा पनि राखिन्छ भन्ने मान्यता छ । कलशमा राखिने माछाको छुट्टै प्रतीक हुन्छ । जसरी पानीमा माछा मिलेर गायब हुन्छ, त्यसरी नै शरीर पञ्चतत्त्वमा समाहित हुन्छ भन्ने सङ्केत यसले गर्दछ । कलश विसर्जनसँगै नाचमा प्रयोग हुने सबै मुकुण्डोलाई अन्तिम संस्कारको विधि अनुसार गर्ने चलन छ । जसमा नवदुर्गामा भैरवको भूमिका निर्वाह गर्ने व्यक्तिले १२ वटै मुकुण्डोलाई दागबत्ती दिने गर्छन् । मुकुण्डो जलाए पनि गरगहना र पोसाकहरू भने जलाइँदैन । घाटबाट फर्किएपछि सबै मुकुण्डोको किरिया कर्म भैरवले गर्ने गर्छन् । नवदुर्गा विसर्जनको करिब १५ दिन पहिलेदेखि तयारी सुरु हुन्छ । तर भलभल अष्टमीभन्दा पहिलेको आइतबार वा बिहीबार नवदुर्गा गणलाई सिजा खुवाइन्छ । सिजाको नेपाली अर्थ 'अन्तिम भोजन' भन्ने हुन्छ । सिजापछि महाकाली रिसाएर देवी मन्दिरमा जाने र त्यहाँ महाकालीलाई मन्दिरमा प्रवेश नदिने अनौठो संस्कार छ । सिजापछि सोही दिन गछेँ टोलमा अवस्थित एक चोकमा लगेर गणलाई बि हि अर्थात् चिसो रगत खुवाउने चलन छ । त्यो नै नवदुर्गाको अन्तिम भोजन हो । नवदुर्गा पूर्णतः तान्त्रिक देवी हुन् । उनलाई नवदुर्गा नाचमा पूर्ण तान्त्रिक विधिबाट पूजा गरिन्छ । तर सोही नवदुर्गालाई तलेजुमा ल्याउँदा भने वैदिक विधिबाट पूजा गरिन्छ । भलभला अष्टमीको दिनदेखि नवदुर्गा नहुने भएको कारण नवदुर्गाको शक्तिसहितको धागो (पासुका) हातमा बाँध्ने चलन पनि रहेको छ । पासुका भन्नाले 'पाशु' र 'का' दुई शब्दहरू मिलेर बनेको हो । पाशु भन्नाले एकदम शक्तिशाली हो भने 'का' भन्नाले धागो हो । यस पासुकालाई पञ्चतत्त्वको रूपमा ग्रहण गर्ने गरिन्छ । यो हातमा बाँधेको धागो विजया दशमीका दिन ब्रम्हायणी जाँदा फुकालेर नदीमा बगाउने गरिन्छ । भलभल अष्टमीको दिनदेखि (अन्तिम संस्कारपछि) गथेमंगलसम्म नवदुर्गा गणका कुनै पनि सदस्यलाई मन्दिरमा प्रवेश दिइँदैन । अन्तमा, भक्तपुरमा प्रत्येक वर्ष नवदुर्गाको जन्मसँगै नेवार समुदायमा सुखद् क्षण र उत्साह उमङ्ग छाएको पाइन्छ ।



बक्सिङ प्रतियोगितामा प्रतिस्पर्धा गर्दै दिनेश

दिनेश बासुकलाको खेलको खासै प्रेरणाश्रोत छैन भन्नुहुन्छ । २०५७ सालमा एस.एल.सी. दिइसकेपछि फुर्सदको समय सदुपयोग गर्न विभिन्न ठाउँ खोज्न पुगे । उनले भक्तपुर नपाबाट कमलविनायकस्थित बक्सिङ कभर्ड हलमा बक्सिङ खेलको प्रशिक्षण दिइरहेको थाहा पाए । बक्सिङ प्रशिक्षणमा सहभागी भए ।

दिनेश बासुकलाले बक्सिङ खेलका प्रशिक्षकहरू कृष्णसुन्दर प्रजापति, गौतम सुजखु र केदार तुईतुईबाट प्रशिक्षण पाए । ६ महिना पछि २०५८ सालमा आयोजित राष्ट्रिय बक्सिङ प्रतियोगितामा ६० केजी तौल समूहमा






निर्णायक क्षमता प्रदर्शन गर्दै दिनेश

स्वर्ण पदक हात पार्न सफल भए ।

उनको उद्देश्यबारे जिज्ञासा राख्दा राष्ट्रिय खेलाडी तथा बक्सिङ ONE Star International Refree judge दिनेश बासुकला स्वस्थ शरीर निर्माण गर्न बक्सिङ खेल खेलेको हो । बक्सिङ खेल सेनामा प्रवेश गर्ने सोचले खेलेको बताउँछन् । दिनेश खेल प्रशिक्षणमा मात्र सीमित नरही श्री नं. ३६ वाहिनी अड्डाद्वारा आयोजित वाहिनीपति ट्रफी बक्सिङ खेलकुद प्रतियोगिता–२०७० मा निर्णायकको भूमिका निर्वाह गरे । उनको निर्णायक क्षमताको कदर स्वरूप उनले सन् २०१९ मा (ALBA 1 Star R and j) जज बन्न सफल भए । उनले नेपाल बक्सिङ सङ्घद्वारा २०७५ सालमा काठमाडौँ त्रिपुरेश्वरमा आयोजित प्रथम राष्ट्रिय महिला तथा पुरुष नोभिस बक्सिङ प्रतियोगिता–२०७५ मा रेफ्री जजको भूमिका निभाए ।

बागमती प्रदेशस्तरीय बक्सिङ छनौट समितिद्वारा आयोजित वीर गणेशमान सिंह स्मृति राष्ट्रिय बक्सिङ प्रतियोगितामा निर्णायकको भूमिका निभाए । उनले राखेपद्वारा ५ नं. प्रदेशमा आयोजित राष्ट्रिय खेलकुद प्रतियोगिता २०७५/२०७६ मा R j जजको भूमिका निभाए । उनले नेपाल बक्सिङ र कउयल द्वारा २०७८ साल चैत्रमा ३ दिन आयोजित IST All Nepal School boys and girls Boxing championship-2000 मा जजको भूमिका निभाई विद्यालयस्तरको खेल विकासमा पनि योगदान दिए । दिनेशले नेपाल बक्सिङ सङ्घ र ललितपुर जिल्ला बक्सिङ सङ्घद्वारा २०७६ कार्तिकमा ललितपुरमा आयोजित प्रथम १९ वर्षमुनि महिला तथा पुरुष खुला राष्ट्रिय बक्सिङ प्रतियोगितामा निर्णायकको भूमिका निभाई खेल विकासमा योगदान दिए ।

दिनेश बासुकला विगत दुई वर्ष (२०७६ साल) देखि निरन्तर सूर्यविनायक व्यारेकस्थित ज्वाला गणमा सेनालाई बक्सिङ खेलको प्रशिक्षण दिन्छन् । उनले रेफ्री जजको रूपमा नारायणहिति राजदरबारमा आयोजित गणेश गण तथा ज्वाला गणका विभिन्नस्तरका खेल प्रतियोगितामा सफल निर्णायकको भुमिका निभाए ।

राष्ट्रिय खेलाडी तथा बक्सिङ रेफ्री जज दिनेशले बलम्बुमा सम्पन्न अन्तर्राष्ट्रिय बक्सिङ प्रतियोगितामा पनि जजको भूमिका निभाए । त्यस प्रतियोगितामा भुटान, नेपाल र भारतलगायतका विभिन्न देशका खेलाडीहरूको सहभागिता रहेको उनी बताउँछन् ।

दिनेशले पृतना हेड क्वाटरद्वारा २०७५ सालमा

आयोजित पृतनाप्रति ट्रफी -२०७५ मा निर्णायक भूमिका निभाए । यस्तै गरी अन्य धेरै राष्ट्रियस्तरका प्रतियोगितामा पनि निर्णायकको भूमिका निभाएको दिनेश बताउँछन् ।

बक्सिङ किन खेल्ने भन्ने प्रश्नमा दिनेश भन्छन् - यस खेल खेलेमा आत्म-सुरक्षा गर्न सक्छ । बक्सिङ खेलेमा हतियार बोक्नु परेन, आफनो शरीर नै हतियार हो । बक्सिङ खेलमा अन्य खेलमा आवश्यक तालिमहरू पनि समावेश हुन्छ । जस्तो दौडिने, हात खुट्टा चलाउने इत्यादि । यस खेलको लागि अन्य खेलहरू फुटबल, भलिबल, पौडीको जस्तै अभ्यास गर्नु जरुरी छ ।



अन्तर्राष्ट्रिय बक्सिङ पदाधिकारीसँग दिनेश

बक्सिङ खेल्नुमा फाइदा के छ भन्ने जिज्ञासामा उनी बताउँछन्, स्वस्थ्य शरीरको निर्माण हुन्छ, आत्म सुरक्षागर्ने र आत्म बल बढ्छ । यही खेलबाट खेल क्षेत्रमा मेरो परिचय बनेको छ । राष्ट्रिय खेलाडी तथा बक्सिङ ONE Star International Refree judge बन्न पाएको छु । भक्तपुरको परिचय पनि खेलको माध्यमबाट दिन पाएकोछु ।

नयाँ पुस्ताका खेलाडीहरूलाई के सन्देश छ भन्ने प्रश्नमा दिनेश भन्छन्, स्वस्थ रहन खेल चाहिन्छ । विभिन्न खेलमध्ये यो खेल पनि प्राविधिक खेल हो । यो खेलमा



भक्तपुर नपाबाट सम्मान ग्रहण गर्दै दिनेश, २०७१

ञ. भक्तपुर नगरपालिकाको आयोजनामा २०७९ असार १६-१८ गतेसम्म भएको भक्तपुर नगरव्यापी विद्यालय स्तरीय राष्ट्रपति कप खेलकुद प्रतियोगिताको लागि भ.न.पा. १ वडाका वडा अध्यक्ष श्री श्यामकृष्ण खत्रीले रु.१,००,०००।- (अक्षेरूपी रु. एक लाख) पेश्की लिनु भएकोमा सो प्रतियोगितामा रु.१,०८,८५०।- खर्च भएको बिल भर्पाई पेश गरी पेश्की फछ्यौंट गर्न निवेदन पेश भएकोमा उक्त खर्च समर्थन गरी नपुग रकम रु.८८५०।- भुक्तानी दिई निजको नाममा रहेको **पेश्की फछ्यौंट गर्ने** निर्णय गरियो ।

# नगरपालिका गतिविधि

## स्वास्थ्यमन्त्री खापुङसँग नगर प्रमुख प्रजापतिको भेट



नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका माननीय मन्त्री भवानीप्रसाद खापुङसँग भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले असार २२ गते मन्त्रालयमा भेट गर्नुभयो। भेटमा प्रमुख प्रजापतिले नवनियुक्त स्वास्थ्यमन्त्रीलाई बधाईज्ञापन गर्नुहुँदै सफल कार्यकालको लागि शुभकामना दिनुभयो।

भेटमा मन्त्री खापुङले स्थानीय तहबाट सञ्चालित अस्पतालबाट व्यापक जनताको सेवा हुने बताउनुहुँदै अस्पतालको स्तरवृद्धि र आवश्यक सहयोग गर्न मन्त्रालय सकारात्मक रहेको बताउनुभयो। उहाँले ख्वप अस्पतालको स्थलगत अवलोकन गर्ने इच्छा जाहेर गर्नुहुँदै भन्नुभयो, 'भक्तपुर नपाबाट सञ्चालित ख्वप अस्पतालको निरीक्षण गर्न छिट्टै भक्तपुर आउनेछौं।'

भेटका क्रममा नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित १०० शय्या क्षमताको ख्वप अस्पतालबाट प्रवाहित सेवा तथा सुविधाहरूबारे अवगत गराउनुहुँदै अस्पतालले घरदैलो नर्सिङ सेवा सञ्चालनका साथै दैनिक ७०० भन्दा बढी बिरामीहरूलाई स्वास्थ्य उपचार सेवा प्रदान गर्दै आइरहेको बताउनुभयो।

सोही क्रममा ख्वप अस्पतालको लागि आवश्यक एमआरआई मेसिन, सीटी स्क्यान मेसिन, ओ.टी. लाइट, एम्बुलेन्स, ओ.टी. टेबल, इन्डोस्कोपी, कोलोनोस्कोपीलगायतका स्वास्थ्य उपकरण तथा भौतिक पूर्वाधार निर्माणको लागि आवश्यक सहजीकरण र सहयोगको लागि समेत उहाँले आग्रह गर्नुभयो।

भेटपश्चात प्रमुख प्रजापतिले मन्त्री खापुङलाई नगरपालिकाका प्रकाशन उपहारको रूपमा प्रदान गर्नुभयो। सोही क्रममा उहाँले स्वास्थ्य मन्त्रालयका सचिव रोशन पोखरेलसँग भेटी ख्वप अस्पतालको स्तरोन्नति र स्तरवृद्धिको लागि आवश्यक बजेट विनियोजनको लागि पनि निर्देशन दिनुभयो।

## सिंहध्वाखा दरबार पुनःनिर्माण मल्लकालीन शैलीमै गर्न पहल



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले असार २२ गते पुरातत्त्व विभागका महानिर्देशक दामोदर गौतमसँग भेटी भक्तपुर दरबार क्षेत्रमा अवस्थित विश्व सम्पदा सूचीमा सूचीकृत पचपन्न झ्याल दरबारसँगै जोडिएको सिंहध्वाखा दरबार पुनःनिर्माण प्राप्त पुराना प्रमाणहरूको आधारमा मल्लकालीन शैलीमा नै पुनःनिर्माण कार्य तत्काल अगाडि बढाई सहयोग गर्न लिखित अनुरोध गर्नुभयो। उहाँले उक्त दरबारको पुनःनिर्माण हालसम्म पनि अगाडि नबढ्दा भक्तपुर दरबार क्षेत्र नै अशोभनीय र जोखिमपूर्ण देखिएको हुँदा उक्त दरबार पुनःनिर्माण कार्य छिटोभन्दा छिटो अगाडि बढाउन आवश्यक भएको बताउनुभयो।

सोही क्रममा महानिर्देशक दामोदर गौतमले सिंहध्वाखा दरबार मल्लकालीन शैलीमा नै पुनःनिर्माण गर्न युनेस्को प्रधान कार्यालय पेरिसबाट हालसम्म अनुमति प्राप्त नहुँदा उक्त पुनःनिर्माण कार्य अगाडि बढ्न नसकेको बताउनुहुँदै उक्त प्रक्रिया अगाडि बढाउन भक्तपुर नगरपालिका, पुरातत्त्व विभाग र युनेस्कोबीच थप छलफलको आवश्यकता रहेको बताउनुभयो।

सोही क्रममा भक्तपुर नपा वडा नं. ७ बाट चोरी भएको वीरभद्रेश्वर मन्दिर भित्रको पार्वतीको मूर्ति शीघ्र यथास्थानमा स्थापना गर्न फिर्ता पठाउन पनि आग्रह गर्नुभयो।

भक्तपुर नपाले यस अघि नै उक्त मूर्ति फिर्ता गर्न पत्र पठाई पहल गरेको थियो।

# २ वडामा फोहोरमैला व्यवस्थापन तथा कौसी खेती तालिम



भक्तपुर नगरपालिका वडा नं. २ को आयोजनामा दुईदिने फोहोरमैला व्यवस्थापन तथा कौसी खेती तालिमको असार २३ गते प्रमुख **सुनिल प्रजापति**ले पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभएको थियो।

कार्यक्रममा प्रमुख प्रजापतिले फोहोर व्यवस्थापन र जनताको स्वास्थ्यबीच अन्तरसम्बन्ध रहेको बताउनुहुँदै कुहिने र नकुहिने फोहोर घर-घरबाटै अलगअलग रूपमा छुट्याएर दिएको खण्डमा नगरपालिकालाई फोहोरमैला व्यवस्थापनमा धेरै सहयोग मिल्ने बताउनुभयो।

प्रमुख प्रजापतिले कौसी खेती प्रविधिले विषादीरहित अन्न, तरकारी र फलफूल उत्पादनमा टेवा पुग्ने बताउनुहुँदै विद्यार्थीहरूलाई कौसी खेतीको तालिम दिन सके विद्यालयको फोहोरमैला व्यवस्थालाई प्रभावकारी बनाउन सकिने बताउनुभयो।

भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले भक्तपुर नपाले फोहोरमैला व्यवस्थापनलाई प्रमुख प्राथमिकतामा दिँदै कौसी खेती तालिममार्फत भक्तपुर नगरलाई सुन्दर नगर बनाउने प्रयास गर्दै आएको बताउनुभयो।

कार्यक्रमका प्रमुख प्रशिक्षक **सबिन ख्याजु**ले कौसी खेती तालिम प्रशिक्षक प्रशिक्षणको तालिमको रूपमा अहिले शिक्षक–शिक्षिकाहरूलाई दिइएको, शिक्षक–शिक्षिकाले विद्यार्थीहरूलाई सिकाउने र अन्ततः विद्यार्थीहरूले अभिभावकहरूलाई सिकाउने अपेक्षा रहेको बताउनुभयो।

कार्यक्रममा वडा सदस्यद्वय **मन्जुमैंया लाखाजु** र **श्यामसुन्दर मातां**ले पनि बोल्नुभएको थियो।

# आधारभूत सिलाइ, बुटिक र पाक शिक्षा तालिमका प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाको आयोजनामा २०७८ पुस १ गतेदेखि २०७९ जेठ ३१ गतेसम्म सञ्चालित ६ महिने आधारभूत सिलाइ, ६ महिने पाक शिक्षा तालिम र ६ महिने बुटिक तालिमका प्रशिक्षार्थीहरूलाई असार २३ गते एक कार्यक्रमबीच प्रमाणपत्र वितरण गर्नुभयो।

कार्यक्रममा प्रमुख प्रजापतिले सीप नभएको व्यक्ति र पढाई सँगसँगै आफ्नो योग्यताअनुसार रोजगारी नपाएका व्यक्ति सामाजिक र आर्थिक रूपमा पछि पर्ने बताउनुभयो। हातमा सीप भएको व्यक्ति जुनसुकै क्षेत्रमा अगाडि बढ्ने बताउनुहुँदै उहाँले आधुनिक युगको विकाससँगै प्राविधिक ज्ञानको आवश्यकता पनि बढ्दै गएको छ भन्नुभयो।

महिलाहरू पनि पुरुषसरह सामाजिक र राजनैतिक क्षेत्रमा अगाडि बढ्दै जान सके समाज पनि स्वतःस्फूर्त रूपमा अगाडि बढ्ने विश्वास व्यक्त गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाभित्रका सम्पदाहरू जनसहभागिता र जनश्रमदानमा पुनःनिर्माण भएकैले आज ख्वप मोडल अगाडि बढिरहेको प्रष्ट पार्नुभयो।



भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याखव**ले भक्तपुर नपाले युवाहरूलाई आत्मनिर्भर बनाउन सीपमूलक तालिमहरू सञ्चालन गर्दै आइरहेको बताउनुहुँदै भक्तपुर नपाले यस आ.व. को नीति तथा कार्यक्रममा आर्थिक अवस्था कमजोर भएका युवा तथा व्यवसायीहरूको लागि उद्यमशीलता कोषको व्यवस्था गरेको बताउनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **कृष्ण गिरी**ले बेरोजगारीको समस्या समाधान गर्न तालिमको आवश्यकता अपरिहार्य रहेको बताउनुहुँदै आत्मनिर्भरता र आत्मसम्मानको लागि पनि तालिमको महत्त्व धेरै रहेको बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नपाका कार्यपालिका सदस्य **रोशनमैंया सुवाल,** कार्यपालिका सदस्य **छोरीमैंया सुजखु** र वडा सदस्य **सुमित्रा बोहजू**, प्रशिक्षार्थीका तर्फबाट **प्रमिला लघु** र प्रशिक्षकका तर्फबाट **धर्मलक्ष्मी लघु**ले तालिमको महत्त्वबारे आ-आफ्नो धारणा राख्नुभयो ।

उक्त ६ महिने आधारभूत सिलाइ तालिममा २३ जना, ६ महिने पाक शिक्षा तालिममा २० जना र ६ महिने बुटिक तालिममा ११ जना गरी जम्मा ५४ जना प्रशिक्षार्थीहरूले तालिम प्राप्त गरेका थिए ।

# ३ वडामा फोहोर व्यवस्थापन तथा कौसी खेती तालिम



भक्तपुर नपा वडा नं. ३ को आयोजनामा असार २५ र २६ गते फोहोरमैला व्यवस्थापन तथा कौसी खेती तालिम सम्पन्न भयो । उक्त तालिमको भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले एक कार्यक्रमबीच उद्घाटन गर्नुभयो ।

# विपद्सेवी सम्मान तथा पदक



बागमती प्रदेश सरकारद्वारा भक्तपुर नगर पालिकालाई विपद्सेवी सम्मान तथा पदक असार ३० गते एक समारोहबीच हेटौँडामा प्रदान गरेको छ । बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्माले भक्तपुर नगरपालिकाका तर्फबाट भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याखवमार्फत उक्त विपद्सेवी सम्मान तथा पदक हस्तान्तरण गर्नुभएको थियो ।

# बन्दिपुर गाउँपालिकाका जनप्रतिनिधि भक्तपुर नगरपालिकामा



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**सँग तनहुँ जिल्लाको बन्दिपुर गाउँपालिकाका जनप्रतिनिधिले असार २८ गते नगरपालिकाको सभाकक्षमा भेटवार्ता गर्नुभयो ।

नगर प्रमुख प्रजापतिले बन्दिपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापाको नेतृत्वमा आएको उक्त टोलीलाई

स्वागत गर्नुहुँदै भक्तपुर नपाले आफ्ना नीति, योजना र कार्यक्रमहरू समाजवादी व्यवस्थाअनुरूप बनाउने प्रयत्न गर्दै आइरहेको छ भन्नुभयो ।

उहाँले शिक्षा क्षेत्रमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित सातओटा शैक्षिक संस्थाहरूमा हाल ७२ जिल्लाका ७ हजारभन्दा धेरै विद्यार्थीहरू अध्ययनरत रहेको, नपाले रु. ५ लाखसम्म शैक्षिक ऋण प्रदान गर्नुका साथै भूगोल, इतिहास, संस्कृति, राजनीतिशास्त्र र नेपालभाषामा उच्च शिक्षा हासिल गर्ने पी. एच. डी. सम्मका विद्यार्थीहरूलाई पूर्ण छात्रवृत्तिको व्यवस्था समेत गर्दै आइरहेको बताउनुभयो ।

सोही क्रममा बन्दिपुर गा.पा.का अध्यक्ष **सुरेन्द्रबहादुर थापा**ले बन्दिपुर गाउँपालिका गण्डकी प्रदेश तनहुँ जिल्लामा पर्यटकीय महत्त्व बोकेको, १०२ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको सानो तर विविधताले सजिएको सुन्दर गाउँपालिका भएको बताउनुहुँदै भक्तपुर र बन्दिपुर एक अर्काका परिपूरक सहर भएको बताउनुभयो ।

भक्तपुर र बन्दिपुरका कला, संस्कृति एक अर्कामा मिल्दाजुल्दा रहेको बताउनुहुँदै अध्यक्ष थापाले भक्तपुरबाट सिक्दै बन्दिपुर गापालाई सांस्कृतिक संरक्षित सहरको रूपमा विकास गर्ने उद्देश्य रहेको र बन्दिपुरका मुख्य मुख्य सडकहरूमा सवारीसाधन निषेध गर्दै ढुङ्गा छपाइको कार्यलाई जोड दिँदै आएको बताउनुभयो ।



भेटमा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व, वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँ, वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला र वडा नं. १ का वडाध्यक्ष श्यमकृष्ण खत्री तथा भक्तपुर नपाका कार्यपालिका सदस्यहरू रोशनमैंया सुवाल, छोरीमैंया सुजखू र कृष्णप्यारी भुजुको उपस्थिति रहेको थियो भने बन्दिपुर गा.पा.का उपप्रमुख पञ्चमाया गुरुङ, वैशबहादुर गुरुङ, अमिर गुरुङ र रामकृष्ण पिया, भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी र प्रशासकीय अधिकृत दामोदर सुवाललगायतको उपस्थिति रहेको थियो ।

# अनाथ बालबालिकालाई स्टेशनरी सामग्री वितरण



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगर क्षेत्रमा अध्ययनरत विभिन्न विद्यालयका ३१ जना अनाथ बालिबालिकालाई भक्तपुर नपाको तर्फबाट असार ३० गते स्कूल ब्यागसहित स्टेशनरी सामग्री वितरण गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाले आर्थिक रूपले पीछडिएका विद्यार्थीहरूलाई शिक्षा हासिल गर्नबाट वञ्चित हुन नदिन शैक्षिक ऋण तथा छात्रवृत्तिको व्यवस्था गर्दै आइरहेको बताउनुभयो ।

विद्यार्थीहरू नैतिकवान हुनुपर्नेमा जोड दिनुहुँदै उहाँले विद्यार्थीहरू आफ्नो लक्ष्य प्राप्त गर्न प्रतिबद्ध भएर अध्ययनमा लाग्नुपर्ने बताउनुभयो ।

भनपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले आर्थिक रूपले कमजोर बालबालिकाहरूलाई राम्रो शिक्षा प्रदान गर्न सके उनीहरू पनि अरू विद्यार्थीसरह व्यक्तित्व विकासमा अगाडि बढ्ने बताउनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **कृष्ण**



**गिरी**ले विद्यार्थी जीवनदेखि राम्रोसँग मिहिनेत गरी अध्ययन गर्न विद्यार्थीहरूलाई प्रेरित गर्नुभयो ।

कार्यक्रम कार्यपालिका सदस्य **रोशनमैया सुवाल**को सभापतित्त्वमा भएको थियो भने कार्यपालिका सदस्य **छोरीमैंया सुजखू** र वडा नं. ८ का वडा सदस्य **सुमित्रा बोहजू**ले पनि बोल्नुभएको थियो ।

स्टेशनरी सामाग्री वितरण कार्यक्रममा समाजसुधार, बालविकास इ. स्कूल, ब्रम्हचारिणी, बासु मावि, भीम आदर्श, वागीश्वरी, वाइजल्याण्ड र मेधा माविमा अध्ययनरत ३१ जना अनाथ बालबालिकाहरूलाई पेन, साइनपेन, सिसाकलम, बक्स, कलर बक्स, पेन्सिल कलर, स्केल, कम्पास, ड्इङ कपी, प्रोट्याक्टर, कापी, गम, कैंची, सेलो टेप, एक्ज्याम बोर्ड, स्टीक फाइल र स्कुल ब्याग वितरण गरिएको थियो ।

# व्यक्तिगत घटना दर्तासम्बन्धी तालिम



भक्तपुर नगरपालिकाको आयोजनामा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षासम्बन्धी तीनदिने अभिमुखीकरण कार्यक्रमको समापन असार ३१ गते भयो ।

उक्त समापन कार्यक्रममा भनपाका प्रमुख **सुनिल प्रजापति**ले तालिमको सही उपयोग गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै कर्मचारीहरू प्रविधि मैत्री भए छोटो समयमा प्रभावकारी काम गर्न सकिने विचार व्यक्त गर्नुभयो ।

असल नेतृत्वले गरेको काम जनता, समाज र देशको निम्ति फाइदा हुने विचार व्यक्त गर्नुहुँदै प्रमुख प्रजापतिले काम इमानदारीपूर्वक गर्नुपर्छ भन्नुभयो ।

व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा तालिमका प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गरिएको उक्त कार्यक्रममा प्रशिक्षक **जौवन कोजू**ले सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ताको चुनौतीबारे प्रकाश पार्नुभयो ।

नपाका कार्यपालिका सदस्य **रोशनमैया सुवाल**ले तालिमले काम छिटो छरितो भई वडामा आउने जनगुनासो कम हुने विश्वास व्यक्त गर्नुभयो ।

# बागमती प्रदेशका स्वास्थ्यमन्त्री निमा लामा भक्तपुर भ्रमणमा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको निमन्त्रणामा बागमती प्रदेशका स्वास्थ्यमन्त्री निमा लामाले साउन २ गते भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप अस्पताल र शैक्षिक संस्थाहरूको स्थलगत अवलोकन गर्नुभयो ।

स्वास्थ्यमन्त्री लामाको स्वागतमा आयोजित कार्यक्रममा बोल्नुहुँदै मन्त्री लामाले बागमती प्रदेशको ११९ स्थानीय तहमध्ये आफ्नो छुट्टै पहिचान र सांस्कृतिक नगरीको रूपमा चिनाउन सफल भक्तपुरको विकास र प्रगतिबाट आफू निकै प्रभावित भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप अस्पतालको लागि आवश्यक स्वास्थ्य उपकरणहरूबारे आफ्नो गम्भीर ध्यानाकर्षण भएको बताउनुहुँदै सरकारको तर्फबाट गर्नुपर्ने सहयोगको लागि दत्तचित्त भएर लाग्ने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो ।

नेपाल भ्रमणमा आउने विदेशी पर्यटकहरूले भक्तपुर भ्रमणलाई प्राथमिकतामा राखी यहाँ घुम्न आउने गरेको स्मरण गर्नुहुँदै मन्त्री लामाले भक्तपुर नपाले शिक्षा क्षेत्रमा खेलेको भूमिका प्रशंसनीय छ र अब स्वास्थ्य क्षेत्रमा पनि यस्तै प्रगति गर्दै जाने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले ख्वप अस्पताललाई १०० शय्याको स्वीकृतिको लागि सहयोग गर्नुभएकोमा मन्त्री लामा र प्रदेश सांसदहरूलाई धन्यवाद दिनुहुँदै उक्त अस्पतालले गत आ.व.मा ४५ भन्दा बढी जिल्लाका १ लाख ७० हजारभन्दा जनतालाई सस्तोमा स्तरीय स्वास्थ्य सेवा प्रदान गरेको अवगत गराउनुभयो । उहाँले ख्वप अस्पतालले

दैनिक ७०० भन्दा बढी बिरामीहरूको सेवा गरिरहेको पनि सो अवसरमा जानकारी दिनुभयो ।

ख्वप अस्पताल सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक स्वास्थ्य सामग्रीहरू सहयोगको लागि सङ्घ र प्रदेश सरकार समक्ष पटक पटक अनुरोध गरिसकेको बताउनुहुँदै उहाँले सिटीस्क्यान, एमआरआइ जस्ता स्वास्थ्य सामग्री नहुँदा जनताले धेरै दुःख पाइरहेको उल्लेख गर्नुभयो ।



कार्यक्रममा नगर प्रमुख प्रजापतिले सांस्कृतिक सहर भक्तपुरको सङ्क्षिप्त परिचय तथा विशेषताबारे अवगत गराउनुहुँदै भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेज र अस्पतालबाट प्रवाहित सेवा सुविधाबारे पनि अवगत गराउनुभयो ।

सोही क्रममा बागमती प्रदेश सभा सदस्य **सुरेन्द्रराज गोसाईले** अन्तर्राष्ट्रिय जगतबाट भक्तपुरको विकास र समृद्धिबारे राम्रो मूल्याङ्कन भइरहेको बताउनुहुँदै नगरपालिकाको आफ्नै प्रयासबाट पुनःनिर्मित भक्तपुरका सम्पदाहरू विश्वमै गौरव गर्न लायक भएको बताउनुभयो ।

प्रदेश सरकारबाट ख्वप अस्पतालको लागि हुने सहयोगले नगर र नगरवासीका साथै विभिन्न जिल्लाबाट आएका बिरामीहरूको समेत हित हुने बताउनुहुँदै उहाँले भक्तपुरको पर्यटन र संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्दै लानुपर्ने बताउनुभयो ।

कार्यक्रमपश्चात स्वास्थ्यमन्त्री लामाले भक्तपुर




नपाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालय, ख्वप कलेज, शारदा मावि, शारदा कलेज, ख्वप अस्पताल, ब्रम्हायणीस्थित ख्वप अस्पताल अन्तरंग सेवा, श्वासप्रश्वास पुनःस्थापना केन्द्र, ख्वप इन्जिनियरिङ कलेज तथा ख्वप कलेज अफ इन्जिनियरिङको अभिरुचिपूर्वक स्थलगत अवलोकन भ्रमण गर्नुभयो ।

अवलोकनका क्रममा स्वास्थ्यमन्त्री लामाले नपाबाट सञ्चालित कलेज तथा अस्पताल स्थापनाको उद्देश्य र त्यहाँबाट प्रवाहित सेवा तथा सुविधाहरूबारे जानकारी लिनुभयो ।

उक्त कार्यक्रममा नेमकिपा बागमती प्रदेशका सभासद् सृजना सैंजु, भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी र प्रशासकीय अधिकृत दामोदर सुवालको पनि उपस्थिति रहेको थियो ।

सोही क्रममा प्रमुख प्रजापतिले नगरपालिकाका प्रकाशन, काष्ठकलाको मौलिक झ्याल र कलेजका प्रकाशनहरू पनि उपहारस्वरूप प्रदान गर्नुभएको थियो ।

# शिशुस्याहार तथा बालविकास केन्द्र निरीक्षण





भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाले सञ्चालन गरिरहेको भनपा वडा नं. १ दुधपाटीमा निर्मित शिशुस्याहार तथा बालविकास केन्द्रको साउन ३ गते निरीक्षण गर्नुभयो ।

# नगर प्रमुख प्रजापतिद्वारा सम्पदा पुन:निर्माण कार्य अवलोकन



भक्तपुर दरबार क्षेत्रमा पुन:निर्माण भइरहेको जगन्नाथ मन्दिरको साउन ४ गते स्थलगत निरीक्षण गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति । पुरातत्त्व विभागले पुन:निर्माण गरिरहेको जगन्नाथ मन्दिर पुन:निर्माणका क्रममा कमसल ईँटा प्रयोग भएको गुनासो आउनासाथ प्रमुख प्रजापतिले उक्त क्षेत्रको निरीक्षण गरी सम्बन्धित सरोकारवालाहरूलाई सम्पदा पुन:निर्माणमा कुनै किसिमको लापरबाही गर्न नहुने र कमसल सामग्री प्रयोग नगर्न सचेत गर्नुभयो ।



सोही क्रममा उहाँले दरबार क्षेत्रकै भण्डारखाल र पुन:निर्माणकै क्रममा रहेको पशुपति महाद्यःको समेत निरीक्षण गर्नुभयो । उहाँले दरबार क्षेत्रमै अवस्थित बाल मन्दिर स्कुलको पनि निरीक्षण गर्नुभयो ।

> भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।

# सापारुको तयारीमा संस्कृतिकर्मीहरूको भेला




भक्तपुर नगरपालिकाले २०७९ सालको गाईजात्रा पर्व (सापारु) मा प्रदर्शन हुने परम्परागत तथा आधुनिक सांस्कृतिक विधाहरूको तयारीस्वरूप साउन ५ गते संस्कृतिकर्मीको भेला गरेको छ ।

नगरका दाफा, भजन, सांस्कृतिक टोलीलगायतको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले कोभिड महामारीका कारण दुई वर्षसम्म गाईजात्रालाई औपचारिकतामा सीमित गर्नुपरेको बताउनुहुँदै यस पटकको गाईजात्रा सभ्य, व्यवस्थित र प्रतिस्पर्धात्मक ढङ्गले सञ्चालन गर्ने उद्देश्यले संस्कृतिकर्मी भेलाको आयोजना गरेको बताउनुभयो ।



उहाँले यो वर्षको सापारुमा बढीभन्दा बढी सांस्कृतिक गतिविधिहरू प्रदर्शनीका लागि नगरवासीहरूलाई उत्साहित गर्नुपर्ने बताउनुहुँदै गाईजात्रामार्फत जनतालाई राजनीतिक र सामाजिक रूपमा सचेत बनाउँदै लानुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष

**योगेन्द्रमान बिजुक्छेँ**ले जात्रा र संस्कृति परम्परादेखि चल्दै आएको हाम्रो सभ्यता भएको बताउनुहुँदै यसको संरक्षण र प्रवर्द्धनमा सिङ्गो नगरलाई एकताबद्ध भई अगाडि बढ्नुपर्ने बताउनुभयो ।

भेलामा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले नजिकिँदै गरेको गाठामग चह्रे र सापारुमा आउन सक्ने विकृतिबारे सबैजना सचेत हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा विभिन्न विधाका संस्कृतिकर्मीहरूले संस्कृति संरक्षणमा भक्तपुर नगरपालिकाले गरिरहेको कार्यहरू प्रशंसनीय रहेको, नयाँ कलाकारहरूलाई परम्परागत नाच सिकाउन सुरु गरिसकेको, भक्तपुर महोत्सव सञ्चालन गर्नुपर्ने, सांस्कृतिक गुरुहरूको सम्मान कार्यक्रमलाई निरन्तरता दिनुपर्ने, घिन्ताङघिसी नाचमा देखिएका विकृति रोक्न नगरपालिकाले पहल गर्नुपर्ने, परम्परागत बाजाहरूको संरक्षण गर्नुपर्ने, लोप भएका संस्कृति तथा बाजागाजा उत्थान गर्न आर्थिक सहयोगको खाँचो रहेको, पर्यटकहरूलाई आकर्षण गर्न सांस्कृतिक प्रदर्शनी गर्नुपर्ने, गाइजात्रा रुटमा केबल तारहरूको उचित व्यवस्थापन गर्नुपर्नेलगायतका धारणाहरू व्यक्त गर्नुभएको थियो ।

# सल्लाघारीमा निधन भएकाहरूप्रति नगर प्रमुख प्रजापतिद्वारा समवेदना

भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारीमा साउन ८ गते दिनको करिब १२:३० बजे सल्लाको रुख ढली एक स्कुटर र मिनिबसमा सवारमध्ये चाँगु नपाका न्हुछेराम बखाद्यो, भक्तपुरका विशेष खर्बुजा र सर्लाहीको हरिवन





नपा ४ का राजकुमार भुजेल ३ जनाको निधन भएकोप्रति भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनमा समवेदना व्यक्त गर्नुभयो । उहाँले बसमा सवार १२ जना घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभयो ।

घटनाको जानकारी पाएलगत्तै प्रमुख प्रजापति घटनास्थल र बिरामीहरू रहेको इवामुरा अस्पताल पुगी मृतक र घाइतेहरूको स्थिति बुझ्नु भएको थियो । उहाँले अस्पतालका डाक्टरहरूलाई भेटी सम्भव सबै उपाय अपनाएर घाइतेहरूको उपचार गर्न निर्देशन दिनुभयो ।



उहाँले प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा, नेपाली सेनाका कर्णेल सन्तोष कार्कीसमेतसँग तत्काल सम्पर्क गरी उचित व्यवस्थापनबारे परामर्श गर्नुभयो ।

सरोकारवाला निकायबीच समन्वयपश्चात त्यस्ता घटनाहरू दोहोरिन नदिन सल्लाघारीस्थित सडकमा खतरा देखिएका सडक वरपरका रुखहरू प्रकृति प्रतिकूल नहुने गरी हटाउने सहमति भएको नगर प्रमुख प्रजापतिले जानकारी दिनुभयो ।

यस दुर्घटनालाई लिएर भक्तपुर क्षेत्र नं. २ का सांसद महेश बस्नेतले घटनाबारे सत्य तथ्य नबुझी हचुवाको भरमा भक्तपुर नगरपालिकाको लापरबाही भनी संसदमा बोल्नुभएको अभिव्यक्तिप्रति आपत्ति जनाउनुभयो ।

# ‘ख्वप सः’ को वार्षिकोत्सव

## ख्वप टीभीले भक्तपुरको गतिविधि विश्व समुदायमा पुग्ने विश्वास

भक्तपुर नगरपालिकाको रेडियो कार्यक्रम ‘ख्वप सः’ को वार्षिक कार्यक्रम साउन ९ गते एक समारोहबीच सम्पन्न भयो ।




‘ख्वप सः’ सञ्चालनको ४ वर्ष पूरा भई पाँचौं वर्षमा प्रवेश गरेको अवसरमा आयोजित उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)** ले ख्वप टीभी सञ्चालनले भक्तपुरको गतिविधि विश्व समुदायमा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

विश्वका विविध घटनाबारे सुसूचित गर्ने माध्यमको रूपमा ‘ख्वप सः’ प्रयोग हुने विश्वास व्यक्त गर्नुहुँदै उहाँले भक्तपुर र देशका अन्य नगरपालिकाबीच शिक्षा, स्वास्थ्य, विकास निर्माणलगायत विविध पक्षमा अनुभव आदानप्रदान गरिरहनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

अतिथि बिजुक्छेँले ख्वप सः कार्यक्रमका प्रस्तोता र प्राविधिक सहयोगीहरूलाई प्रशंसापत्र र मायाको चिनो वितरण गर्नुभयो ।

नेमकिपाका सचिव एवम् सांसद **प्रेम सुवाल**ले भक्तपुर नपाको मिडियाले नागरिकको नागरिक र सांस्कृतिक भावना उजागर गर्न सहयोग मिल्ने विश्वास व्यक्त गर्नुहुँदै




सांसद सुवालले झूट र भ्रमलाई चिर्नुका साथै सत्यतथ्य घटनालाई उजागर गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले भन्नुभयो, ‘ज्येष्ठ नागरिकको अनुभव लिपिबद्ध गरी भनपाको सञ्चारमाध्यमले प्रसारण गर्नुपर्छ ।’

भक्तपुर नपाका प्रमुख एवं कार्यक्रमका सभापति **सुनिल प्रजापति**ले संविधान प्रदत्त मौलिक हकको सदुपयोग गर्दै भक्तपुर नपाले रेडियो कार्यक्रम ‘ख्वप सः’ सुरु गरेको बताउनुभयो ।

भनपाका हरेक सूचना र गतिविधि सञ्चारमाध्यममार्फत प्रचारप्रसार भएकै कारण भक्तपुरवासीलगायत अन्यले समेत भनपाले गरिरहेको गतिविधिबारे जानकारी पाइरहेको उल्लेख गर्नुभयो ।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भनपाको सूचना जनतामाझ प्रवाह गर्न ‘ख्वप सः’ कार्यक्रम सञ्चालन गरिएको उल्लेख गर्नुहुँदै आगामी दिनमा नयाँ नयाँ शिक्षामूलक कार्यक्रम प्रसारणमा निरन्तरता दिने विश्वास दिलाउनुभयो ।

बागमती प्रदेश सञ्चार रजिष्ट्रार **रेवतीप्रसाद सापकोटा**ले सूचना ज्ञानको स्रोत हो, यसलाई शक्तिमा रूपान्तरण गर्नु हाम्रो कर्तव्य हो भन्नुभयो ।

भनपाको अभ्यास अन्य स्थानीय तहको लागि सिक्नलायक हुने विचार व्यक्त गर्नुहुँदै उहाँले पत्रकार कलम बोक्ने सिपाहीँ हुन् भन्नुभयो ।

प्रा.डा. **पुरुषोत्तमलोचन श्रेष्ठ**ले सम्पदाहरूको



अभिलेखीकरण गर्न सके पुनः संरक्षण गर्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले स्वागत मन्तव्य दिनुभयो भने भनपाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले धन्यवाद ज्ञापन गर्नुभयो ।

‘ख्वप सः’ कार्यक्रमका प्रस्तोता रवीन्द्रप्रसाद कुसी र सुरेश कवांले पनि कार्यक्रममा बोल्नुभएको थियो ।

# ‘सञ्चार जनतालाई सुसूचित गर्ने सशक्त माध्यम हो’

– सुनिल प्रजापति, प्रमुख



भक्तपुर नगरपालिकाको रेडियो कार्यक्रम ‘ख्वपः सः’ सञ्चालनको ४ वर्ष पूरा भई पाँचौँ वर्ष प्रवेश गरेको अवसरमा सम्पूर्णमा हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्दछौं ।

नेपालको संविधान, २०७२ ले सम्पूर्ण नागरिकलाई सञ्चारको हक प्रदान गरेको छ । संविधानको धारा १९ (१) मा ‘विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन’ भनी उल्लेख गरिएको छ ।

नेपालमा राजनैतिक परिवर्तनपछि सञ्चारमा व्यापक विकास भयो । जनता हरेक काममा सुसूचित हुने अवसर पाए । संविधान प्रदत्त मौलिक हक सदुपयोगको सिलसिलामा भक्तपुर नगरपालिकाको रेडियो कार्यक्रम ‘ख्वप सः’ सुरु भयो । आज ४ वर्ष पूरा भई पाँचौँ वर्षमा प्रवेश गर्दैछ । यस अवधिमा ‘ख्वप सः’ कार्यक्रमले विभिन्न कठिनाइहरू भोग्नुपऱ्यो । प्राविधिक र दक्ष जनशक्तिको अभाव, विषयवस्तुको समस्या हुँदाहुँदै पनि काम गर्ने साथीहरूमा कुनै किसिमको निराशा देखिएन बरु थप जोश र जाँगरका साथ उत्साहित भएर नयाँ नयाँ विषयवस्तु लिएर अघि बढ्नुभयो । उहाँहरू सबै धन्यवादका पात्र हुनुहुन्छ ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित रेडियो कार्यक्रमको प्रभावकारिता कति रहेछ भन्ने कुरा कोभिड महामारीको बेला प्रष्ट भयो । त्यतिबेला बाहिर स्टुडियोसम्म गएर अन्तरवार्ता दिने र सन्देशहरू दिने सम्भावना थिएन । जनता महामारीको ठूलो सङ्कटमा थिए । अक्सिजन अभावले कोभिड सङ्क्रमितहरू छट्पटिरहेका थिए । ठीक त्यही बेला रेडियो ‘ख्वप सः’ र अनलाइन माध्यममार्फत अक्सिजन प्लान्टको लागि जनतासँग सहयोगको आह्वान गऱ्यौँ । भक्तपुर नगरवासी मात्रै होइन, देश विदेशमा बस्नुभएका नागरिकहरूले समेत आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुभयो । एक डेढ महिनाभित्रमा ६ करोडभन्दा बढी आर्थिक सहयोग सङ्कलन भयो । आज सारा भक्तपुरवासीहरूले निःशुल्क अक्सिजन पाइरहेका छन् ।

भक्तपुर नगरपालिकाको हरेक सूचना ‘ख्वप सः’ मार्फत प्रचारप्रसार गर्ने हुँदा भक्तपुरवासीहरूमात्रै होइनन् धेरै नागरिकहरूले भक्तपुर नगरपालिकाले गरेका विविध विषयहरूबारे सुसूचित हुने अवसर पाएका छन् ।

हामी अहिले पुँजीवादी राज्य व्यवस्थामा छौँ । पुँजीवादी व्यवस्थामा सञ्चारको स्वतन्त्रता कस्तो हुन्छ भने कुरा हामीले नबुझेका होइनौँ । पुँजीवादमा प्रेस वा सञ्चार स्वतन्त्रताको अर्थ सञ्चार गृहमाथि पुँजीपति वर्गको नियन्त्रण वा कब्जा हुने गर्छ । पुँजीपति वर्ग जे चाहन्छ सञ्चारमाध्यमले त्यही प्रचारप्रसार गर्छ । सञ्चारमाध्यमहरू पुँजीपति वर्गको स्वार्थ सिद्ध गर्ने हतियार हुने गर्छ । निजी क्षेत्रको सञ्चारमाध्यम एउटा ठूलो उद्योगको रूपमा सञ्चालित हुने गर्छ । ती सञ्चारमाध्यमहरूले मनग्य नाफा कमाउनुका साथै आफ्नो वर्गको पक्षमा वकालत गरिरहेका हुन्छन् । यहाँसम्म कि निर्वाचनमा कसलाई जिताउने वा हराउने भन्ने सम्म पनि ठूला सञ्चार गृहहरूले निर्धारण गर्ने गर्छन् । गत निर्वाचनमा निर्वाचन आचारसंहिता विपरीत विभिन्न बहानामा चुनाव चिन्ह पहिलो पृष्ठमा छापेर प्रचारप्रसार गरेको हामी सबैले देखेका थियौँ ।

सञ्चारको स्वतन्त्रताको फाइदा उठाएर पुँजीपति वर्गले आफ्नो राजनैतिक स्वार्थ पूरा गर्न व्यापक लगानी गर्ने र त्यसमार्फत जनतालाई प्रभावित गर्ने गर्छ । नेपाली जनताले एमसीसीको विरोधमा देशव्यापी आन्दोलन गरे । तर ‘ठूला’ सञ्चार माध्यमहरूले देशघाती एमसीसीको विरोधका गतिविधिहरूबारे प्रचारप्रसार गरेनन् । त्यसको ठीक विपरीत ‘५० करोड डलरले नेपालको आर्थिक विकासमा टेवा पुग्ने’ जस्ता सरकारको स्वरमा स्वर मिलाइ प्रचारप्रसार गरे र राष्ट्रघाती सम्झौता संसदबाट अनुमोदन गर्न भूमिका खेले । पछि थाहा भयो, एमसीसीको प्रचारप्रसारको निम्ति मात्रै विभिन्न सञ्चार माध्यमले विज्ञापन गर्न करोडौँ रुपैयाँको सम्झौता गरेका रहेछन् । हालै संसदबाट पारित नागरिकतासम्बन्धी विधेयकले विदेशीले सहजै नागरिकता पाउने बाटो खोलिदियो । गैरआवासीय नागरिकहरूले दोहोरो नागरिकता प्राप्त गर्ने भए । नेपालको सार्वभौमिकता झन् झन् खतरामा पर्दै गएको छ । जनपक्षीय सञ्चारमाध्यमहरूले निरन्तर खबरदारी र जनतालाई सचेत पार्ने काम गरिरहनु आवश्यक छ ।

हामीलाई थाहा छ, नेपालका ठूला सञ्चारमाध्यमहरूमा कुनै न कुनै ठूलो पुँजीपतिको लगानी छ अझ कतिपयमा विदेशी लगानीसमेत भएको पनि सार्वजनिक

भएको छ। तिनीहरू आफ्नो नीति र विचारधाराको प्रचारप्रसार गर्नुका साथै सही कुरालाई लुकाउने कोसिस गर्छन्। त्यस्ता सञ्चारमाध्यमहरू जनताको आन्दोलनलाई दबाउने र गलत सावित गर्ने कोसिस गर्छन्। रुस-युक्रेन युद्धमा कतिपय सञ्चारमाध्यमहरूले एकतर्फी युक्रेनको समर्थन र रुसको विरोध गरिरहेका छन्। त्यो सरासर अमेरिकाको पक्ष लिनु हो। यो देशघाती एमसीसी अनुमोदनकै परिणाम हो। 'ख्वप सः' कार्यक्रमले निरन्तर देश र जनताको पक्षमा प्रचार गर्छ र गरिरहनेछ।

'भक्तपुर' मासिक, पाक्षिक 'ख्वप पौ', अनलाइन 'भक्तपुर खबर डट कम', फेसबुक पेज 'भक्तपुर म्युनिसिपालिटी' लगायत भक्तपुर नगरपालिकाका सञ्चारमाध्यमहरूमार्फत भक्तपुर नगरपालिकाका गतिविधिहरू र राष्ट्रिय अन्तर्राष्ट्रिय घटनाहरू प्रचारप्रसार गर्दै आएका छौँ। समयअनुसार श्रव्यदृश्यतर्फ अगाडि बढ्नुपर्ने साथीहरूको सल्लाह र सुझावअनुसार ख्वप टेलिभिजन सञ्चालनको तयारी थाल्दैछौँ।

भर्खरै प्रदेश सञ्चार मन्त्रालयबाट 'ख्वप टेलिभिजन' सञ्चालनको स्वीकृति प्राप्त भयो। त्यसको परीक्षण प्रसारणको तयारीमा छौँ। विभिन्न सञ्चारमाध्यमको प्रयोग गरी नगरपालिकाको गतिविधि सँगै जनतालाई समग्र देशको राजनीतिबाट सुसूचित गर्नु हामी आफ्नो कर्तव्य ठान्छौँ। निर्वाचनमा जनतालाई दिएको वचन पूरा गर्ने सिलसिलामा शिक्षा, स्वास्थ्य उपचार, सम्पदा संरक्षण, सरसफाइलगायतका कामहरूको साथै सञ्चार क्षेत्रमा टेलिभिजन सञ्चालनको चरणमा प्रवेश गर्दैछौँ। हामी नगरपालिकाका सबै गतिविधिहरूमा जनताको सहज पहुँच पुऱ्याउने कोसिस गर्नेछौँ। सञ्चारमाध्यमकै कारण भक्तपुर नगरपालिकाले गरेका कामहरूबारे अनुभव बुझ्न देशका धेरै नगरपालिकाका प्रमुख, उपप्रमुखलगायतका जनप्रतिनिधिहरू भक्तपुर आउनुभएको छ। यसले हामी जनप्रतिनिधिहरूले पनि अरू नगरपालिकाहरूले गरेका कामहरूबाट सिक्ने अवसर पाएका छौँ। सञ्चार जनतालाई सुसूचित गर्ने सशक्त माध्यम हो। अझ यसलाई अगाडि बढाउनु हामी सबैको जिम्मेवारी हो।

अन्तमा, 'ख्वप सः' कार्यक्रम सफल सञ्चालनका लागि निरन्तर प्रत्यक्ष र परोक्ष सहयोग गर्ने सबैमा भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक आभार एवम् धन्यवाद ज्ञापन गर्दछौँ। धन्यवाद !

*(नपा प्रमुख सुनिल प्रजापतिबाट 'ख्वप सः' को वार्षिकोत्सव कार्यक्रम (२०७९ साउन ९ गते) मा व्यक्त मन्तव्य।)*

# जनताको सूचना प्राप्त गर्ने हक सुनिश्चित बनाउन ख्वप सः



**– रजनी जोशी, उपप्रमुख**

भक्तपुर नगरपालिकाको रेडियो कार्यक्रम 'ख्वप सः' सञ्चालनको ४ वर्ष पूरा भई पाँचौं वर्ष प्रवेश गरेको अवसरमा सम्पूर्णमा हार्दिक बधाई एवम् शुभाकामना व्यक्त गर्दछौँ।

'कला–संस्कृतिको नगर', 'नाचगानको राजधानी' उपनाम पाएको यस नगरलाई पछिल्लो चरणमा भक्तपुर 'संसारको जीवित सङ्ग्रहालय' को रूपमा परिचित हुँदै आएको छ। आकारले सानो यो नगरलाई 'ज्ञान विज्ञानको केन्द्र', पर्यटकीय गन्तव्यस्थल बनाउने हाम्रा अग्रजहरूले सुरु गर्नुभएको अभियानलाई हामीले निरन्तरता दिँदैछौँ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुरको भविष्यको कल्पना गर्दै २०५९ असोजमा 'सय वर्षपछिको भक्तपुर' नामक पुस्तक प्रकाशित गर्नुभयो। त्यो पुस्तकलाई हामी जनप्रतिनिधिहरूले पथप्रदर्शक मानेर काम गर्दै आयौँ। हामी भक्तपुरलाई सफा, सुन्दर र शान्त नगरको रूपमा विकास गर्ने कोसिस गर्दैछौँ। जनताको साथ र सहयोगबाट काम गर्न हामीले सहज महसुस गरेका छौँ। जनप्रतिनिधि, कर्मचारी र जनताबीचको राम्रो समन्वयले भक्तपुर नगर आजको अवस्थामा आइपुग्न सम्भव भएको हो।

वि.सं. २०७४ सालको स्थानीय तह निर्वाचन पश्चात भक्तपुरमा मेयर, उपमेयर र १० ओटै वडामा वडाध्यक्षहरूको बहाली भयो। जनप्रतिनिधि बहाली पश्चात नगरपालिकाले जनताको साथ लिएर उदाहरणीय कार्यहरू सेवा प्रवाहमा देशकै उत्कृष्ट नगरपालिका बन्न सफल भएको छ। अघिल्लो कार्यकालको पाँच वर्षमा हामीले शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माण, सरसफाइलगायत नगर र नगरवासीहरूको जीवनसँग प्रत्यक्ष जोडिएका विषयहरूका साथै थुप्रै विकास निर्माणका कामहरू सम्पन्न गऱ्यौँ। विगत ५ वर्षमा वि.सं. २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त १२० भन्दा बढी

सम्पदाहरूको पुनःनिर्माण उपभोक्ता समितिहरूबाट सम्पन्न गऱ्यौं ।

गत वैशाख ३० गते सम्पन्न स्थानीय तहको चुनावको भक्तपुर नगरपालिकामा भएको जितलाई हामी सम्पूर्ण जनप्रतिनिधिहरूले देशभक्त जनताको जितको रूपमा लिएका छौं । र हामीले देश र जनताको हितमा काम गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

हामी सम्पूर्ण जनप्रतिनिधिहरूले हरेक कामहरू जनताको साथ लिएर गर्दै आएका छौं । हामीले गरेका यी र यस्ता कामहरूबारे सारा नगरवासीहरूलाई सुसूचित गर्नुपर्ने हामीले हाम्रो कर्तव्य ठानेका छौं । जनतामाझ सूचना प्रवाह गर्न भक्तपुर नगरपालिकाले ख्वप सः विगत चार वर्षदेखि सञ्चालन गर्दै आएका छौं । यो कार्यक्रम भक्तपुर नगरपालिकाले भक्तपुर एफएममार्फत हप्ताको तीन दिन प्रसारण गर्दै आएका छौं । यसप्रकार जनताले नगरपालिकाले गरिरहेको कामको बारे सूचना प्राप्त गर्ने हकलाई सुनिश्चित बनाउन हामीले ख्वप सः कार्यक्रम सञ्चालन गरेका छौं । नगरपालिकाले गरिरहेको काम देश विदेशका राजनीतिक, सांस्कृतिक, शैक्षिक आदिबारे भक्तपुर एफएममार्फत ख्वप सःबाट प्रसारण भइरहेको यहाँहरूमा जानकारी गराउन चाहन्छु । तथा यसप्रकारले जनतालाई सुसूचित गर्न सहयोग गर्नुहुने भक्तपुर एफएम परिवारलाई भक्तपुर नगरपालिका आभार व्यक्त गर्दछ । साथै ख्वप सः युनिटले चार वर्षमा आफ्नो अथक मिहिनेत र प्रयासबाट भक्तपुरको आवाज ख्वप सःलाई सहयोग पुऱ्याउनुभएकोमा ख्वप सः युनिटलाई बधाई एवम् धन्यवाद दिँदै भक्तपुर नपाको नयाँ नयाँ शिक्षामूलक कार्यक्रमहरू प्रसारणमा निरन्तरता दिनुहुनेछ भन्ने विश्वास लिएकी छु । धन्यवाद !

*(नपा उपप्रमुख रजनी जोशीबाट 'ख्वप सः' को वार्षिकोत्सव कार्यक्रम (२०७९ साउन ९ गते) मा व्यक्त मन्तव्य ।)*

**आफू बस्ने घर, चोक, टोल र नगर**
**हाम्रो लागि हामी आफै सफा गरौं ।**
**सफाइ गर्दा इज्जत घट्दैन**
**बरू सभ्य भइन्छ र**
**रोगबाट समेत मुक्त हुन्छ ।**

## ख्वप अस्पताल जनताको अस्पताल



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले अस्पतालमा कार्यरत चिकित्सक तथा कर्मचारीहरूले जनताको भावना बुझेर असल व्यवहारका साथ काम गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको आयोजनामा त्यहाँ कार्यरत कर्मचारीहरूलाई उत्प्रेरणा कार्यक्रममा साउन ९ गते बोल्नुहुँदै उहाँले कसैलाई आलोचना गर्नु भनेको उसको व्यवहारलाई सुधार गर्नको लागि भएका बताउनुभयो ।



अरूको प्रशंसा गरेर अगाडि बढ्ने होइन, आफ्नो कार्यमा गर्व गरेर अगाडि बढ्न सिक्नुपर्छ भन्नुहुँदै प्रमुख प्रजापतिले ख्वप अस्पताल जनताको अस्पताल हो भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले पनि बोल्नुभएको थियो ।

## नगर प्रमुख प्रजापतिद्वारा भक्तपुरका सामुदायिक विद्यालयहरू निरीक्षण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले साउन ११ गते भक्तपुर नगरपालिकाभित्र रहेका सामुदायिक विद्यालयहरू बालसेवक आधारभूत विद्यालय, चण्डेश्वरी आ.वि. र आदर्श आजाद माविको स्थलगत निरीक्षण गर्नुभयो । सो क्रममा उहाँले विद्यालयका प्रअसँग भेटी विद्यालयको शैक्षिक अवस्था, विद्यार्थी संख्या र विद्यालयका चुनौती र समस्याहरूबार े अवगत हुनुभयो ।

# चन्द्रागिरी नगरपालिकाका जनप्रतिनिधि भक्तपुर भ्रमणमा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग चन्द्रागिरी नगरपालिका वडा नं. ६ का वडाध्यक्ष सन्जय सिग्देल सम्मिलित जनप्रतिनिधि टोलीले साउन ८ गते भेट गर्नुभयो ।

भेटमा उहाँहरूबीच शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माण र फोहोर व्यवस्थापनबारे अनुभव आदानप्रदान भएको छ ।

भेटमा नगर प्रमुख प्रजापतिले सहरी क्षेत्रको फोहोर व्यवस्थापन झनै चुनौतीपूर्ण बन्दै गइरहेको अवस्थामा भक्तपुर नपाले मौलिक, आधुनिक र मिश्रित प्रविधिको माध्यमबाट फोहोरको उचित व्यवस्थापनमा जोड दिँदै आएको बताउनुभयो । उहाँले फोहोरलाई स्रोतबाटै कम गर्ने र छुट्याई सङ्कलन गर्ने नीतिअनुसार भक्तपुर नगरपालिकाले प्रत्येक घरमा २/२ ओटा बाल्टिन र कम्पोष्ट बिन वितरण गर्नुका साथै कम्पोष्ट मल बनाउन सघन रूपमा नगरवासीहरूलाई कौसी खेती र फोहोर मैला व्यवस्थापनका तालिमहरू सञ्चालनलाई निरन्तरता दिँदै आएको बताउनुभयो ।

चन्द्रागिरी नपाका वडाध्यक्ष सिग्देलले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सरसफाइलगायतका क्षेत्रमा गरिरहेको काम चन्द्रागिरी नपाले पनि अवलम्बन गर्न चाहेको बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले उक्त टोलीलाई नपाका प्रकाशनहरू प्रदान गर्नुभएको थियो भने भक्तपुर नपा वातावरण तथा पर्यटन समितिका सदस्य एवम् ५ वडाका वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले खादा ओढाई स्वागत गर्नुभएको थियो ।

भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँ, ४ का वडाध्यक्ष उपेन्द्र सुवाल, भक्तपुर नपा वातावरण तथा पर्यटन समितिका सदस्यहरू र चन्द्रागिरी नपा वडा नं. ९ का वडाध्यक्ष अच्युत अधिकारी, वडा नं. २ का वडाध्यक्ष भाइकृष्ण तामाङ, कार्यपालिका सदस्य संगिता महर्जन र वातावरण तथा विपद् सदस्य सचिव भद्रा अर्यालको पनि उपस्थिति रह्यो ।

# घोडाघोडी नगरपालिकाका जनप्रतिनिधिबाट भक्तपुर अवलोकन भ्रमण



कैलाली जिल्लाको घोडाघोडी नगरपालिकाका प्रमुख खड्गबहादुर रावतले भक्तपुर नगरपालिकाको अवलोकन भ्रमण गर्नुभएको छ । सोही क्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग घोडाघोडी नपाका प्रमुख रावत सम्मिलित जनप्रतिनिधि टोलीले साउन ९ गते भेट गर्नुभयो ।

उहाँहरूबीच शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माण, विकास मोडलका विषयमा भएका विविध गतिविधिहरूबारे अनुभव आदानप्रदान भयो ।

भेटमा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजले गुणस्तरीय प्राविधिकहरू उत्पादन गर्दै आइरहेको बताउनुहुँदै हरेक वर्ष ती दुई कलेजबाट ४३२ जना इन्जिनियरहरू उत्पादन गर्दै आइरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'सम्पदा पुनःनिर्माण र जीर्णोद्धारको काम ठेक्काबाट गर्न नहुनेमा हामी स्पष्ट छौँ । भक्तपुर नपाले जनताको आर्थिक तथा भौतिक सहयोग र श्रमदान जुटाई

उपभोक्ता समितिमार्फत पारदर्शी ढङ्गले गुणस्तरीय काम सम्पन्न गर्दै आउनु नै हाम्रो विशेषता बनेको छ।'

त्यस्तै घोडाघोडी नपाका प्रमुख खड्गबहादुर रावतले भक्तपुर नपाको उपभोक्ता मोडल अत्यन्त प्रभावकारी रहे तापनि घोडाघोडी नपामा उपभोक्ता समितिमार्फत काम गर्न समस्या रहेकोबारे प्रकाश पार्नुभयो। विकासको मूल आधार नै शिक्षालाई मानेको बताउनुहुँदै उहाँले घोडाघोडी नगरपालिकामा विभिन्न भाषा, संस्कृति, रीतिरिवाज तथा चालचलन भएका समुदायको बसोबास रहेको बताउनुभयो। उहाँले भक्तपुर नपाबाट सञ्चालित शैक्षिक संस्था, ख्वप अस्पताल र इन्जिनियरिङ शिक्षाबारे जिज्ञासा राख्नुभएको थियो।

भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, प्रशासकीय अधिकृत दामोदर सुवाल, घोडाघोडी नपा १ का वडाध्यक्ष घनश्याम ओझा, वडा नं. ३ का वडाध्यक्ष कृष्ण गौतम, प्रमुख प्रशासकीय अधिकृत दिपककुमार आचार्यलगायतको उपस्थिति थियो। प्रमुख प्रजापतिले उहाँहरूलाई भादगाउँले टोपी र खादाले स्वागत गर्नुभएको थियो भने भक्तपुरको मौलिक मयूरको झ्याल र नपाका केही प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभएको थियो।

## नगर प्रमुख प्रजापति र लेटाङ नपाका प्रमुख लावतीबीच भेट



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**सँग मोरङ जिल्लाको लेटाङ नगरपालिकाका नगर प्रमुख **भूपेन्द्रकुमार लावती**ले साउन १० गते भेटघाट गर्नुभएको छ। नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाको अवलोकन भ्रमणमा आउनुभएको उक्त टोलीलाई भादगाउँले टोपी र नपाको लोगो अङ्कित परम्परागत खादाले स्वागत गर्नुभयो।

भेटमा प्रमुख प्रजापतिले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य र सम्पदा पुनःनिर्माणमा गरिरहेको गतिविधिहरूबारे जानकारी गराउनुभयो।

भक्तपुर नपाले समाजवादी देशहरूबाट सिक्दै काम गरिरहेको बताउनुहुँदै उहाँले स्वास्थ्य क्षेत्रमा अरु नपाले भन्दा पृथक ढङ्गले नगरवासीहरूको सेवा गर्ने कोसिस गरिरहेको चर्चा गर्नुभयो।

उहाँले भूगोल, इतिहास, संस्कृति, राजनीतिशास्त्र र नेपालभाषालगायतका विषयमा विद्यार्थीहरूको आकर्षण घट्दै गइरहेको सन्दर्भमा भक्तपुर नपाले यी विषयहरूमा उच्च शिक्षा हासिल गर्न पी. एच. डी. सम्मका विद्यार्थीहरूलाई पूर्ण छात्रवृत्तिको व्यवस्था गर्दै आइरहेको र भक्तपुर नपाबाट सञ्चालित कलेजहरूले वार्षिक ६ करोडभन्दा बढी छात्रवृत्ति प्रदान गर्दै आइरहेको छ भन्नुभयो।

भेटमा नगर प्रमुख लावतीले लेटाङ नपाले आफ्ना नगरवासीहरूलाई मातृभाषामै सेवा प्रदान गरिरहेको बताउनुहुँदै लेटाङ पर्यटनको सम्भावना बोकेको ठाउँ भएको हुँदा भक्तपुर नपासँग सहकार्य गर्दै अगाडि बढ्न चाहेको बताउनुभयो। भौगोलिक विषमता यस नपाको मुख्य विशेषता रहेको बताउनुहुँदै उहाँले ९ ओटा वडामा विभाजित यस नगरपालिका पर्यटकीय सम्भावना धेरै भएको नगरपालिका भएको बताउनुभयो।

उहाँले भक्तपुर नपाले शिक्षा र स्वास्थ्य क्षेत्रमा गरिरहेको काम अन्य स्थानीय तहको लागि उदाहरणीय भएको बताउनुहुँदै भक्तपुर नपाबाट लेटाङले पनि सिक्न चाहेको बताउनुभयो।

भेटमा उपस्थित सङ्घीय सांसद **घनश्याम खतिवडा**ले भक्तपुर र लेटाङबीच भावनात्मक सम्बन्ध रहेको बताउनुहुँदै भक्तपुरसँग भगिनी सम्बन्ध कायम गर्न उत्सुक भएको बताउनुभयो। उहाँले संसदमा विचाराधीन ख्वप विश्वविद्यालय विधेयक पारित गर्न छिटोभन्दा छिटो पहल गर्नुपर्नेमा जोड दिनुहुँदै नगरपालिकाले ख्वप विश्वविद्यालय सञ्चालन गरे देशकै लागि नमुना कार्य हुने बताउनुभयो।

भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला, प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, प्रशासकीय अधिकृत दामोदर सुवाल, बित्त आयोगका सदस्य विपिन निरौला, लेटाङ २ वडाका वडाध्यक्ष तेजप्रसाद तिमिल्सिना र लेटाङका प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम घिमिरेलगायतको उपस्थिति थियो।

लेटाङ नपाका जनप्रतिनिधिहरूले भक्तपुर नपाबाट सञ्चालित कलेज र अस्पतालहरूको स्थलगत अवलोकन गर्नुभएको थियो ।

नगर प्रमुख प्रजापतिले प्रमुख लावतीलाई मयूरको झ्याल र नपाका प्रकाशनहरू मायाको चिनोस्वरूप प्रदान गर्नुभएको थियो ।

## धनगढीका मेयर गोपाल हमाल भक्तपुर नपामा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग कैलालीको धनगढी उपमहानगरपालिकामा २०७९ को स्थानीय तहको चुनावमा स्वतन्त्र रूपमा विजयी हुनुभएका नगर प्रमुख गोपाल हमालले साउन ११ गते भेट गर्नुभयो । भक्तपुर नपाको शिक्षा, स्वास्थ्य र विशेषगरी फोहर मैला व्यवस्थापनबारे अध्ययन भ्रमणमा आउनुभएका हमाललाई नगर प्रमुख प्रजापतिले नगरपालिकाद्वारा सञ्चालित विविध गतिविधिहरूबारे प्रष्ट पार्नुभयो ।

भेटमा प्रमुख प्रजापतिले स्वास्थ्य क्षेत्रमा जनताको सहज पहुँचको लागि भक्तपुर नपाले स्वास्थ्य केन्द्र हुँदै अहिले १०० शय्याको ख्वप अस्पतालमार्फत अन्तरंग सेवा सुरु गरि सकेको अवगत गराउनुहुँदै ख्वप अस्पतालबाट व्यापक जनताले सस्तो र स्तरीय स्वास्थ्य सेवा पाइरहेको चर्चा गर्नुभयो ।

भक्तपुर नपाले आजभन्दा ४ वर्ष अघिदेखि कुहिने र नकुहिने फोहोर अलग अलग दिन सङ्कलन गर्दै आएको र हाल कुहिने फोहोरबाट कम्पोष्ट मल निर्माण गरी किसानहरूलाई सस्तोमा बिक्री समेत सुरु गरिसकेको उहाँले बताउनुभयो ।

विकास निर्माणको सन्दर्भमा भक्तपुर नपाले जनताको आर्थिक तथा भौतिक सहयोग र श्रमदान जुटाई उपभोक्ता समितिमार्फत पारदर्शी ढङ्गले गुणस्तरीय निर्माण गर्दै आइरहेको बताउनुहुँदै उहाँले भक्तपुर नपा युवा तथा विद्यार्थीहरूलाई लक्षित गर्दै सञ्चालित सीपमूलक तालिमले रोजगारी सिर्जना भएको बताउनुभयो ।

त्यस्तै धनगढी उपमहानपाका प्रमुख हमालले सबैसँग सहकार्य गर्दै अगाडि बढिरहेको बताउनुहुँदै धनगढी उपमहानपाले वडा क्लिनिकको अवधारणाअनुसार गर्भवती महिलाहरूको लागि यसै आर्थिक वर्षदेखि विशेषज्ञसहित १९ ओटै वडामा अल्ट्रासाउण्ड, इसीजी र ल्याबको स्वास्थ्य सेवा निःशुल्क रूपमै सुरु गरेको बताउनुभयो ।

उहाँले भक्तपुर नपाको सरसफाइ र फोहोर व्यवस्थापनको चर्चा व्यापक रहेको हुँदा यहाँबाट सिक्ने उद्देश्यले भक्तपुर आएको बताउनुहुँदै जनतालाई स्थानीय सरकारको औचित्यता पुष्टि हुने ढङ्गले जनप्रतिनिधिहरूले काम गर्नुपर्छ भन्नुभयो ।

उक्त भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, धनगढी उपमहानपाबाट महेशप्रसाद दाहाल र रूपक जोशीको उपस्थिति रहेको थियो ।

प्रमुख प्रजापतिले नगर प्रमुख हमाललाई खादा र भादगाउँले टोपीले स्वागत गर्नुभएको थियो भने उहाँलाई मयूरको झ्याल र नपाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभएको थियो ।

सोही क्रममा उहाँहरूले भक्तपुर नपाबाट सञ्चालित ख्वप कलेज, ख्वप अस्पताल र ख्वप इन्जिनियरिङ कलेजको समेत स्थलगत अवलोकन भ्रमण गर्नुभएको थियो ।

## सांसद एकबाल मियाँद्वारा ख्वप सर्कलका कलेज र ख्वप अस्पतालको अवलोकन भ्रमण



लोकतान्त्रिक समाजवादी पार्टीका माननीय सांसद एकबाल मियाँले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल, ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेजको साउन १२ गते स्थलगत अवलोकन भ्रमण गर्नुभयो।

सोही क्रममा भक्तपुर भ्रमणमा आउनुभएका सांसद मियाँले भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग भेट भयो र उहाँहरूबीच भक्तपुर नपाले शिक्षा र स्वास्थ्य क्षेत्रमा पुऱ्याइरहेको योगदानबारे विचार आदानप्रदान भयो।

भक्तपुर नपाबाट सञ्चालित शैक्षिक संस्था र ख्वप अस्पतालको स्थलगत अवलोकनपश्चात भएको भेटमा सांसद मियाँले ख्वप विश्वविद्यालय विधेयकलाई अगाडि बढाउन र संसद र संसदीय समितिबाट पारित गराउन आफ्नो तर्फबाट आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

भक्तपुर नपाले गरिरहेको काम निकै उत्साहप्रद भएको बताउनुहुँदै उहाँले ख्वप विश्वविद्यालय विधेयक पारित गराउन संसदीय टोलीलाई यी संरचनाहरूको स्थलगत भ्रमणको लागि आफूले पहल गर्ने बताउनुभयो।

अवलोकनका क्रममा सांसद मियाँले भक्तपुर नपा देशकै उत्कृष्ट र नमुना नगरको रूपमा पाएको उल्लेख गर्नुहुँदै नगरपालिकाको देश र जनतामा समर्पित सेवाबाट अत्यन्त प्रभावित भएको र ख्वप विश्वविद्यालयको स्थापना तथा अन्य विकास निर्माण कार्यहरूमा आफूले हरसम्भव सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो।

सोही क्रममा नगर प्रमुख प्रजापतिले नगरवासीहरूको स्वास्थ्यलाई उच्च प्राथमिकतामा राख्दै भक्तपुर नपाद्वारा सञ्चालित १०० शय्याको ख्वप अस्पतालमा दैनिक ७ सयभन्दा बढी बिरामीहरूलाई स्वास्थ्य उपचार सेवा प्रदान गर्दै आएको बताउनुभयो।

ख्वप अस्पताललाई सुविधासम्पन्न अस्पतालको रूपमा विकास गर्ने प्रयासरत रहेको अवगत गराउनुहुँदै प्रमुख प्रजापतिले समाजवादी देश क्युबाबाट सिकेर भक्तपुर नपाले सस्तोमा स्तरीय शिक्षा प्रदान गर्ने कोसिस गर्दै आइरहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ७ ओटा शैक्षिक संस्थामा हाल ७२ जिल्लाका करिब ७ हजार विद्यार्थीहरू अध्ययनरत रहेको बताउनुहुँदै ख्वप विश्वविद्यालय सञ्चालन गर्ने भक्तपुरवासी जनताको चाहनाअनुसार नगरपालिकाले ख्वप विश्वविद्यालय विधेयक पारित गर्न निरन्तर पहल गर्दै आइरहेको बताउनुभयो।

उक्त भेटमा सैनिक आवासीय महाविद्यालय सल्लाघारीका प्रमुख सेनानी सन्तोष कार्की, निर्माण व्यवसायी राजकिशोर साहको पनि उपस्थिति थियो।

# गाईजात्रा प्रदक्षिणा मार्गमा तारहरू व्यवस्थित गरिने



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा २०७९ सालको गाईजात्रा (सापारु) पर्वलाई व्यवस्थित र मर्यादित रूपमा सम्पन्न गर्न गाईजात्रा प्रदक्षिणा मार्गमा रहेका विद्युत, टेलिफोन, इन्टरनेट र केबुल नेटवर्कका तारहरू व्यवस्थित गर्ने विषयमा साउन १२ गते सरोकारवालाहरूको बैठक बस्यो।

बैठकले प्रसिद्ध गाईजात्रा (सापारु) पर्वलाई व्यवस्थित र मर्यादित रूपमा सञ्चालन गर्न सरोकारवाला सबै पक्षबाट आ–आफ्नो भूमिका निर्वाह गर्ने, गाईजात्रा प्रदक्षिणा मार्ग र महत्त्वपूर्ण चोक तथा सडकहरूमा अस्तव्यस्त रूपमा राखिएका बिजुली, टेलिफोन तथा इन्टरनेट र केबुल नेटवर्कका तारहरू यही २०७९ साउन २० गतेभित्र सम्बन्धित पक्षले आ–आफ्ना तारहरू व्यवस्थापन गर्ने निर्णय गऱ्यो।

भक्तपुर नगरमा अस्तव्यस्त राखिएका तारहरूको व्यवस्थापनमा आवश्यक समन्वय तथा अनुगमन कार्य गर्न भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वको संयोजकत्वमा सात सदस्यीय समिति गठन गर्ने निर्णय गऱ्यो।

उक्त बैठकले गाईजात्रा प्रदक्षिणा मार्गमा अस्तव्यस्त राखिएका तारहरू साउन २० गतेपछि नगरपालिकाले नै हटाउने र त्यस क्रममा हुने खर्च तथा जरिवाना सम्बन्धित पक्षबाट असुल उपर गर्ने निर्णय गरियो।

बैठकले गाईजात्रा अवधिभर लोडसेडिङ नगर्न नेपाल विद्युत प्राधिकरणसँग अनुरोध गर्ने र गाईजात्रा पर्वमा प्रदर्शन गरिने घिन्ताङघिसी नाच तथा सांस्कृतिक प्रदर्शनीहरू देश–विदेशका सबै नागरिकले सहज ढङ्गबाट अवलोकन गर्न पाउने सुविधाको लागि टेलिभिजन, सामाजिक सञ्जालमार्फत प्रत्यक्ष प्रसारणको व्यवस्था गर्न सबैलाई अनुरोध गर्ने निर्णय गरेको थियो।

# भक्तपुरका प्रहरी उपरीक्षक शिवकुमार श्रेष्ठको बिदाइ



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरबाट सरुवा हुनुभएका महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक शिवकुमार श्रेष्ठलाई साउन १३ गते बिदाई गर्नुभयो । सोही क्रममा प्रमुख प्रजापतिले प्रउ श्रेष्ठलाई मयूरको झ्याल र नपाका केही प्रकाशनहरू मायाको चिनोको रूपमा प्रदान गर्नुभयो ।

# भक्तपुर नपाबाट ज्येष्ठ नागरिक परिचयपत्र निःशुल्क जारी हुने

मिति २०७९।४।११ गते बुधबार साँझ Bhaktapurians facebook page मा 'भक्तपुर नगरपालिकामा वृद्धहरूको लागि गाडीमा छुट लिनको लागि कार्ड बनाउँदा रु. १०००।– लियो र त्यसको कुनै रसिद दिइएन । त्यो कार्ड बनाउँदा १००० शुल्क लिन्छ र ? लिन्छ भने रसिद किन दिइएन होला ?' लेखी विरेन्द्र मानन्धर भन्ने व्यक्तिले पोष्ट गरेको र यसबारे ५०, ६० जनाले भिन्न, भिन्न कमेन्ट गरी नगरपालिकामा भ्रष्टाचार भएको भन्ने सन्देश जाने गरी भ्रम फैलाएको विषयमा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।

सो सम्बन्धमा उक्त समाचार प्रकाशन भएको भोलिपल्ट मिति २०७९।४।१२ गते कार्यालय समय शुरु हुनासाथ बिहान १०:०० बजे नै सोधपुछ गरी उक्त भ्रमपूर्ण समाचार पोष्ट गर्ने विरेन्द्र मानन्धरको मोबाइल नं. पत्ता लगाई सम्पर्क गर्दा निज मानन्धरले सो विषयमा सत्यतथ्य पत्ता लगाउन मद्दत गर्ने र सम्बन्धित जेष्ठ नागरिकका साथ नगरपालिकामा आउने वचन दिएको थियो । तर दिउँसो निर्धारित समयसम्म पनि नगरपालिका कार्यालयमा नआएपछि पुनः मोबाइल सम्पर्क गर्दा उक्त जेष्ठ महिलालाई बिहानै सम्बन्धित मान्छेले बोलाएर पैसा फिर्ता दिएको भनी खबर गरेकोमा निज मानन्धरलाई पैसा फिर्ता दिए पनि गलत नियतले पैसा लिएर फिर्ता दिने व्यक्ति चिन्न सहयोग गरिदिनु हुन अनुरोध गरेका थियौँ र निज मानन्धरले दिउँसो नगरपालिकामा आई सहयोग गर्ने वचन दिएको थियो ।

तर दिउँसो ३:४५ बजेसम्म पनि निज मानन्धर नपामा नआए पछि पुनः फोन गरी बोलाउँदा सम्बन्धित जेष्ठ महिला दिउँसो आएर जेष्ठ नागरिक परिचय पत्र बनाएर लगिसकेको र पैसा लिने व्यक्तिले पैसा फिर्ता गरिसकेको र उक्त पैसा लिने व्यक्ति नपाको कर्मचारी नभएकोले समस्या समाधान भइसकेको हुँदा नपामा आइराख्न आवश्यक नभएको बतायो । त्यसो भए ँबअभदययप एबनभ बाट भएको भ्रमपूर्ण, भ्रष्टाचार र नगरपालिकाको बद्नाम गर्ने उद्देश्यले प्रकाशित समाचारको खण्डन गर्न भन्दा संशोधन गर्ने वचन दिए पनि खण्डन नगरी उक्त पोष्ट नै फेसबुक पेजबाट हटाएको थियो । निज मानन्धरले जानकारी दिएअनुसार मिति २०७९।४।१२ गते दिउँसो २:४५ बजे लक्ष्मी देवी मानन्धर नामका भ.न.पा. वडा नं. ९ का जेष्ठ नागरिकले परिचय पत्र बनाएर लगेको छ । सोही अनुसार निजको निवेदनमा उल्लेख भएको निजको मोबाइलमा सम्पर्क गर्दा निज लक्ष्मी देवी मानन्धरले नै मोबाइल उठाएको र कुराकानीको क्रममा निज जेष्ठ महिलाले लेखनदास निरन्जन थापालाई ज्येष्ठ नागरिक परिचय पत्र बनाउन रु. १०००।– दिएर निवेदन लेख्न लगाएको बताएको थियो । निज थापा भ.न.पा. प्रशासन शाखामा आई उक्त लक्ष्मी देवी मानन्धरको जेष्ठ नागरिक परिचय पत्र बनाउन बुझ्न आउँदा सम्बन्धित कर्मचारीले सम्बन्धित जेष्ठ नागरिक वा एकाघरको परिवारजनबाट मात्र निवेदन दिई परिचयपत्र बनाउन सकिने र जेष्ठ नागरिक परिचयपत्र बनाउने विषयमा नै यस नगरपालिकामा रु. १०००।– भ्रष्टाचार भएको भनी सामाजिक सञ्जालमा समाचार आइरहेको विषय समेत सचेत गराएको थियो । त्यसपछि निज लेखनदास थापाले आफूले उक्त जेष्ठ महिलासँग लिएको रु. १०००।– सम्बन्धित महिलालाई बोलाई रकम फिर्ता गरेको थियो । त्यसलगत्तै उक्त जेष्ठ महिलालाई नपामा आफूसँगै लिएर आई नगरपालिकाबाट निःशुल्क उपलब्ध गराइएको निवेदन भरी ज्येष्ठ नागरिक परिचयपत्र बनाएर लगिएको थियो । यस विषयमा समाचार सम्प्रेषण गर्ने विरेन्द्र मानन्धर, जेष्ठ महिला लक्ष्मी देवी मानन्धर र लेखनदास थापासँग उक्त समाचारसम्बन्धी बुझ्दा निम्न व्यहोराहरू भएको प्रष्ट भएको छ ।

**क)** मिति २०७९।४।११ गते जेष्ठ नागरिक लक्ष्मी

देवी मानन्धरले लेखनदास निरन्जन थापालाई भेटी गाडीमा छुट लिनको लागि परिचयपत्र बनाउन निवेदन लेख्न लगाई निजलाई रु. १०००।– दिइ उक्त निवेदन लिई भनपा ९ नं. वडा कार्यालय गएको ।

**ख)** सम्बन्धित वडा कार्यालयबाट नगरपालिकाबाट नै जेष्ठ नागरिक परिचय पत्र जारी हुने बताएपछि निवेदन सच्याई मिति २०७९।४।१२ गते भ.न.पा. कार्यालय आएको र सम्बन्धित कर्मचारीले सम्बन्धित व्यक्ति वा एकाघरको परिवारलाई मात्र परिचय पत्र बुझाउन सकिने र यही सम्बन्धमा रु. १०००।– अनियमितता भएको भनी सामाजिक सञ्जालमा समाचार आएको विषयमा समेत निज थापालाई सचेत पारेको र त्यसपछि निज लेखनदास थापाले उक्त जेष्ठ महिलालाई रकम फिर्ता गरी ज्येष्ठ नागरिक परिचयपत्र बनाउन नपाको कार्यालयमा आएको र जेष्ठ नागरिक परिचय पत्र निज थापा हस्ते बुझी लगेको ।

**ग)** सो सम्बन्धमा सामाजिक सञ्जालमा समाचार पोष्ट गर्ने विरेन्द्र मानन्धरसँग फोन गरी बुझ्दा बिहान ११:०० बजेतिर निज जेष्ठ महिलाले उक्त रकम फिर्ता पाएको र दिउँसो ३:४५ बजेसम्ममा उक्त महिलाले जेष्ठ नागरिक परिचय पत्र प्राप्त गरिसकेको र उक्त रु. १०००।– न.पा.को कर्मचारीले नलिएको र लेखनदासले फिर्ता गरिसकेको र समस्या समाधान भइसकेको भनी जानकारी गराइएको ।

**घ)** निज विरेन्द्र मानन्धरलाई सो सम्बन्धमा सामाजिक सञ्जालमा पोष्ट गरेको झूटो समाचार सच्याई खण्डन गरी सही कुरा पोष्ट गर्न भन्दा निजले मौखिक रूपमा सहमति जनाए पनि पछि उक्त पोष्ट नै सामाजिक सञ्जालबाट हटाइएको ।

**ङ)** यसरी सो घटनासम्बन्धी अनुसन्धानको क्रममा जेष्ठ नागरिक परिचय पत्र बनाउने जेष्ठ नागरिक भ.न.पा. वडा नं. ९ का लक्ष्मी देवी मानन्धर रहेको र निजसँग रु. १०००।– लिने र पछि फिर्ता गर्ने लेखनदास निरन्जन थापा रहेको तथा विरेन्द्र मानन्धर भन्ने व्यक्तिले Bhaktapurians facebook मार्फत सामाजिक सञ्जालमा बिना आधार र प्रमाण भक्तपुर नगरपालिकाको बदनाम गर्ने र सम्बन्धित कर्मचारीहरूको चरित्र हत्या गर्ने उद्देश्यका साथ भ्रष्टाचारजस्तो अत्यन्त गम्भीर आरोप लाग्ने किसिमका समाचार पोष्ट र कमेन्टसमेत गरी झूटलाई सत्य प्रमाणित गर्ने प्रयास गरेको ।

**च)** माथि उल्लेखित सबै बुँदाहरूबाट मिति २०७९।४।११ गते विरेन्द्र मानन्धरले Bhaktapurians facebook page मा प्रकाशित गरेको 'भक्तपुर नगरपालिकामा वृद्धहरूको लागि गाडीमा छुट लिनको लागि कार्ड बनाउँदा रु. १०००।– लियो र त्यसको कुनै रसिद दिइएन । त्यो कार्ड बनाउँदा १००० शुल्क लिन्छ र ? लिन्छ भने रसिद किन दिइएन होला ?' भन्ने समाचार कपोलकल्पित, भ्रामक, आधारहीन र तथ्यहीन भएको र सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गर्दै सबै सरोकारवालाहरूलाई सञ्चार माध्यमको दुरूपयोग गरी कुनै व्यक्ति वा संस्थाको बदनाम नगर्न समेत सचेत पार्न चाहन्छौँ ।

**छ)** अतः सम्पूर्ण नगरवासी र सम्बन्धित पक्षहरूलाई भक्तपुर नगरपालिका सम्बन्धी कुनै पनि किसिमका गम्भीर र दीर्घकालीन असर पर्ने किसिमका सामाचारहरू बिनाआधार र प्रमाण प्रचारप्रसार नगरिदिनुहुन र कसैले त्यस्ता कुनै समाचार सम्प्रेषण गरेमा भक्तपुर नगरपालिका कार्यालय, सम्बन्धित शाखा, उपशाखा र सम्बन्धित कर्मचारीहरूसँग प्रत्यक्ष रूपमा बुझ्नुहुन अनुरोध गर्दछौँ र यस्ता भ्रमपूर्ण र निराधार सामाचारबाट कोही पनि प्रभावित नहुनसमेत अनुरोध गर्दछौँ ।

**ज)** **पुनश्चः** यस नपाबाट जेष्ठ नागरिक परिचयपत्र आवेदन फाराम र परिचय पत्र निशुल्क वितरण भइरहेको व्यहोरासमेत सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गर्दछौँ ।

**भक्तपुर नगरपालिका**
**प्रशासन शाखा**

# सापारुको तयारीस्वरूप लेखक, कवि र कलाकारहरूको भेला




भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुरको प्रसिद्ध गाईजात्रा (सापारु) पर्व को तयारीस्वरूप साउन १६ गते लेखक, कवि र कलाकारहरूको भेला गरेको छ ।

भेलामा बोल्नुहुँदै नगर प्रमुख **सुनिल प्रजापति**ले सांस्कृतिक प्रदर्शनीमार्फत कलाकारहरूले भ्रष्टाचारको विरोध गर्न आफ्नो कलाकारिताको प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

जनतालाई राजनैतिक र समसामयिक विषयमा सचेत पार्ने माध्यमको रूपमा ऐतिहासिक कालदेखि सदुपयोग भइरहेको स्मरण गर्नुहुँदै सम्पूर्ण कवि, कलाकार र लेखकहरूलाई यस वर्षको गाईजात्रा पर्वमा समसामयिक विसंगतिलगायतका विषयहरूमा नाटक, कविता र कलाकारिता प्रस्तुत गरी जनतालाई सचेत पार्न आग्रह गर्नुभयो ।

गाईजात्रा पर्वलाई जनचेतना फैलाउने अभियानको रूपमा सञ्चालन गर्नुपर्नेमा जोड दिनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाको काममा रचनात्मक सल्लाह सुझाव दिई अझ उत्कृष्ट बनाउन सबैले साथ सहयोग गर्नुपर्ने बताउनुभयो ।



भक्तपुर नपाकी उपप्रमुख **रजनी जोशी**ले देशको कला संस्कृति जगेर्ना गर्नु सबैको दायित्व भएको बताउनुहुँदै गाईजात्रामार्फत यहाँको संस्कृति र सभ्यता झल्किने हुँदा सबैले सभ्य तरिकाले यस पर्वलाई मनाउनुपर्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले गाईजात्रामा राम्रो विचारको प्रचार गरी समाजमा व्याप्त विकृति र विसंगतिको उजागर गर्न लेखक कलाकारहरूले आ-आफ्नोतर्फबाट भूमिका खेल्नुपर्ने बताउनुभयो ।

भेलामा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले समाजमा नागरिक भावना जागृत गराउनु आवश्यक भएको बताउनुहुँदै लेखक कलाकारहरूले सामाजिक विकृति हटाउन प्रयास गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा उपस्थित लेखक तथा कलाकारहरू **आशाकुमार चिकंबन्जार, विष्णुगोपाल कुसी, लक्ष्मीप्रसाद चवाल र विश्वनाथ प्रजापति**ले गाईजात्रामा हुने सांस्कृतिक प्रतियोगितालाई परिस्कृष्त बनाउन आ-आफ्नो राय-सुझावहरू राख्नुभएको भयो ।

# सहयोगको लागि धन्यवाद






भक्तपुर नगरपालिकाको भगिनी सहर चीनको स्वसासित शान्नान सहरबाट भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको लागि आवश्यक स्वास्थ्य सामग्रीहरूमध्ये १ थान भेन्टिलेटर, १ थान ओटी टेबुल र १ थान ओ.टी. लाईट सहयोग स्वरुप प्राप्त भएको छ । उक्त सहयोगको लागि शान्नान नगर प्रमुख र नगरवासीहरूलाई भक्तपुर नपाका नगर प्रमुख सुनिल प्रजापतिले धन्यवादज्ञापन गर्नुभयो ।

# वृक्षारोपण

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा भक्तपुर नपा वडा नं ७ को आयोजनामा महेश्वरीस्थित पाँचाख्यमा साउन ७ गते भएको वृक्षारोपण कार्यक्रमका केही झलक


















# नियमित पाक्षिक सरसफाइ

भक्तपुर नगरपालिकाको आयोजनामा नियमित पाक्षिक सरसफाइ कार्यक्रम अन्तरगत श्रावण १५ गते महेश्वरी पीठ परिसरमा सरसफाइ गरियो ।














# विजयीलाई बधाई र मतदातालाई धन्यवाद

## 'नेमकिपा सिद्धान्तहीन गठबन्धनमा लागेको छैन'

– सुनिल प्रजापति



भक्तपुर नगरपालिकामा नवनिर्वाचित जनप्रतिनिधिहरूलाई बधाई एवं शुभकामना कार्यक्रम सेवा निवृत्त शिक्षक समाज भक्तपुरको आयोजनामा जेठ ७ गते गरियो ।

दोस्रो कार्यकालका निम्ति पुनः निर्वाचित नगर प्रमुख **सुनिल प्रजापति**को प्रमुख आतिथ्यमा सम्पन्न भएको उक्त कार्यक्रममा उहाँले भक्तपुरलाई उत्कृष्ट नगर बनाउन सेवा निवृत्त शिक्षक समाजलगायत सम्पूर्ण नगरवासीसँग हातेमालो गर्दै अघि बढ्ने वचनबद्धता प्रकट गर्नुभयो ।

कुर्सीको लागि विचारलाई बन्धक राखी गरिएको गठबन्धन सिद्धान्तहीन छ, नेमकिपा त्यस्तो गठबन्धनमा नलागेको प्रस्ट पार्नुहुँदै उहाँले देशघाती एमसीसीको चुनावमा मात्र हैन, आगामी दिनमा पनि निरन्तर विरोध गरिरहनेमा जोड दिनुभयो ।

दोस्रो कार्यकालको पहिलो काम नगरवासीको लागि खानेपानीको समस्या समाधान गर्न केयूकेएलको कटुन्जेको खानेपानी ट्याङ्की निरीक्षण गरेको बताउनुहुँदै नगर प्रमुख प्रजापतिले नगरमा पानी पठाउन कुनै ढिलो नगर्न अनुरोध गरेको बताउनुभयो ।

विपक्ष राजनीतिक दलहरूबाट रचनात्मक आलोचनाको अपेक्षा गर्नुहुँदै उहाँले भन्नुभयो, 'हामी जनताको सेवामा समर्पित छौँ, हाम्रो काम खुला पुस्तक सरह पारदर्शी छ, हामी अनुभवीको अनुभव, बुद्धिजीवी विद्वत्वर्गको सल्लाह–सुझावको उचित कदर गर्छौं ।'

स्थानीय निकायमा जनप्रतिनिधि नभएको बेलामा इथुलीमा ख्वप विश्वविद्यालयको लागि जग्गा अधिग्रहण गर्न लाग्दा त्यसबेला माओवादीहरूले विरोध गरे, अहिले त्यहाँ न विश्वविद्यालय बन्यो न किसानसँग जग्गा नै बाँकी रह्यो, सबै प्लटिङ भएको विगत सम्झँदै उहाँले अहिले पनि सञ्चालन भइरहेको नर्सिङ कक्षा माओवादी शिक्षामन्त्रीले रोकेको हुँदा शिक्षाप्रति माओवादी दृष्टिकोण कस्तो रहेछ भन्ने स्पष्ट हुन्छ, यो कोणबाट हेर्दा ख्वप विश्वविद्यालय रोक्ने प्रचण्ड नै हो भन्ने पुष्टि हुन्छ भन्नुभयो ।

कार्यक्रममा पुनःनिर्वाचित उपप्रमुख **रजनी जोशी**ले अग्रजहरूकै पथ पछ्याउँदै आफूहरू अघि बढ्ने बताउनुहुँदै चलिरहेको नर्सिङ कक्षा रोक्नु निकृष्ट काम भनी टिप्पणी गर्नुभयो ।

नवनिर्वाचित वडाध्यक्षहरूको तर्फबाट वडा नं. ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले निवृत्त शिक्षक समाजबाट नगरको शिक्षा क्षेत्रमा सहयोगको अपेक्षा गरेको भन्नुहुँदै नयाँ पुस्तामा नैतिक शिक्षा कम हुँदै गएकोमा सबैले चिन्तन गर्नुपर्ने बताउनुभयो ।

आयोजक समाजका अध्यक्ष **अम्बिकामान मानन्धर**को सभापतित्वमा भएको उक्त कार्यक्रममा उपाध्यक्ष **रामगोपाल कर्माचार्य**, कोषाध्यक्ष **विश्वराम कवां**, सदस्यहरू **ज्ञानसागर प्रजापति, रत्नकेशरी कक्षपति र तुल्सीराम ग्वाछा**ले बधाई एवं शुभकामना मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा नवनिर्वाचित जनप्रतिनिधिहरूलाई खादा ओढाई सम्मान गरिएको थियो ।

## २ वडा एकाइ समिति

नेपाल मजदुर किसान पार्टी २ वडा एकाइ समितिको आयोजनामा २०७९ वैशाख ३० गते सम्पन्न स्थानीय तहको



निर्वाचनमा नेमकिपाका उम्मेदवारहरु अत्यधिक बहुमतले विजयी भएका जनप्रतिनिधिहरुलाई बधाई तथा मतदाता सहयोगीहरुलाई धन्यवादज्ञापन कार्यक्रम असार २५ गते भयो ।

## ७ वडा एकाइ समिति



नेपाल मजदुर किसान पार्टी ७ वडा एकाइ समितिको आयोजनामा स्थानीय तहको निर्वाचनमा अत्यधिक बहुमतले विजयी नेमकिपाका जनप्रतिनिधिहरुलाई बधाई तथा मतदाता सहयोगीहरुलाई धन्यवादज्ञापन कार्यक्रम असार २५ गते भयो ।

## जिल्ला अभिभावक सङ्घ नेपाल



अभिभावक सङ्घ नेपाल जिल्ला कार्य समिति भक्तपुरको आयोजनामा सङ्घका पूर्व सदस्यहरू श्यामकृष्ण खत्री र उपेन्द्र सुवाल २०७९ सालको स्थानीय तहको निर्वाचनमा अत्याधिक मतले वडाध्यक्षमा विजय हुनु भएकोमा बधाई ज्ञापन कार्यक्रम अभिभावक महासङ्घ नेपालका अध्यक्ष सुप्रभात भण्डारीको प्रमुख आतिथ्यमा एक समारोहबीच साउन ६ गते भयो ।

# नवदुर्गाको आगंछेँ भक्तपुर नपालाई हस्तान्तरण



भक्तपुर नपा साविक ११ नं. वडा हाल वडा नं. ५ टौमढीको स्वाँमला मार्गभित्र अवस्थित सार्वजनिक पसःछेँ चोकमा रहेको कित्ता नं. १६७ को नवदुर्गा देवगणको उद्‌गम आगंछेँ भक्तपुर नगरपालिकालाई हस्तान्तरण गरिएको छ ।

नवदुर्गा आगंछेँलाई गुठी, पर्व र पूजा अर्चना आदि प्रयोजनमा आगंछेँका गुथियारहरूलाई प्रयोग गर्न दिने गरी गुथियार सरोजप्रसाद वैद्यसमेतका गुथियारहरूले उक्त आगंछेँ भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिलाई मिति २०७९ साउन १६ गते सोमबार हस्तान्तरण गर्नुभएको थियो ।

लामो समयदेखि संरक्षणको अभावमा लोपोन्मुख अवस्था रहेको उक्त आगंछेँ संरक्षणको लागि आगंछेँका गुथियारहरूले उक्त जग्गा भक्तपुर नपालाई हस्तान्तरण गर्ने निर्णय गरेको गुथियार सरोजप्रसाद वैद्यले बताउनुभयो ।

सार्वजनिक सम्पदा संरक्षणको जिम्मा नगरपालिकालाई दिएकोमा नगर प्रमुख प्रजापतिले आगंछेँका सम्पूर्ण गुथियारहरूलाई धन्यवादज्ञापन गर्नुहुँदै भक्तपुर नपाले नवदुर्गा देवगणको आगंछेँलाई विशेष महत्त्व दिई संरक्षण र सम्बर्द्धन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# विविध समाचार

## अध्यक्ष बिजुक्छेँ र चिनियाँ नेताबीच भेट



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) सँग नेपालको चारदिने भ्रमणमा आउनुभएका चिनियाँ कम्युनिस्ट पार्टीको विदेश विभाग प्रमुख लिऊ चियनछाओले असार २९ गते भक्तपुरमा शिष्टाचार भेट गर्नुभयो ।

भेटमा अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले चिकपाको विदेश विभाग प्रमुख लिऊ चियनछाओलाई स्वागत गर्दै नेपाल–चीन प्राचीन सम्बन्ध रहेको बताउनुभयो । नेपाल–चीन मित्रतालाई जनताको तहमा विकास गर्नु आवश्यक छ । चिनियाँ कम्युनिस्ट पार्टीको अनुभवबाट नेपालले पनि शिक्षा लिन सकिने उल्लेख गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले नेमकिपाको उद्देश्य देश र जनताको हित भएको बताउनुभयो ।

उहाँले भन्नुभयो,'प्रचारमा ठूलो पार्टी हुनुभन्दा निःस्वार्थरूपले जनताको सेवा गर्नु जरुरी छ । नेमकिपाले चुनावलाई देश र जनताको पक्षमा उपयोग गर्छ र चुनावबाट समाजवाद आउँछ भन्ने विश्वास गर्दैन ।'

नेमकिपाले सङ्घीय र प्रदेश संसदमा पनि जनताको प्रतिनिधित्व गर्दै साम्राज्यवादविरुद्ध सङ्घर्ष गर्दै आएको उल्लेख गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले स्थानीय तहमा पनि निःस्वार्थरूपमा जनताको सेवा गरिरहेको उल्लेख गर्नुभयो ।

उहाँले अगाडि भन्नुभयो, 'जनताको पक्षमा काम गर्न भुइँ तहबाटै सुरु गर्नुपर्छ भन्ने विश्वासका साथ पार्टीका साथीहरू लागिरहनुभएको छ । थाइवान, तिब्बत, सिनचियाङ,



हङकङ चीनको अभिन्न अङ्ग हो । नेपाल–चीन सम्बन्धमा दुवै देशले एक अर्कालाई आन्तरिक मामिलामा अहस्तक्षेप नीति लिएको छ । चिनियाँ विकास निर्माणको कार्य विनासर्त समयमै पूरा भएको छ । चीनको उच्चस्तरीय भ्रमणले विदेशी चलखेललाई निरुत्साहित गरेको छ ।'

भेटमा चिनियाँ कम्युनिस्ट पार्टी विदेश विभाग प्रमुख लिऊ चियनछाओले नेमकिपाजस्तै चिकपाको उद्देश्य पनि निःस्वार्थरूपमा देश र जनताको सेवा गर्ने भएको बताउनुभयो ।

'चीनप्रति नेपाली राजनीतिक दलहरू र जनताको सकारात्मक भावनाबाट हामी उत्साहित छौँ । नेमकिपा नेपालको एउटा महत्त्वपूर्ण राजनीतिक शक्ति हो । दुई पार्टीबीचको सम्बन्धलाई बलियो बनाउँदै अझ अगाडि बढाउनु आवश्यक छ' उहाँले उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, 'चीन छिमेकी देशहरूको सम्बन्धमा आन्तरिक मामिलामा अहस्तक्षेप, आपसी सम्मान, आपसी हितको सिद्धान्तबाट अगाडि बढिरहेको छ । एक चीन नीतिमा समर्थन गर्नुभएकोमा अध्यक्षज्यूलाई धन्यवाद छ । नेपाली भूमिलाई चीनविरुद्ध प्रयोग गर्न नदिने नेपाली जनताको अडानको हामी प्रशंसा गर्दछौँ ।

'सन् २०१९ मा राष्ट्रपति सि चिनफिङको नेपाल भ्रमणको क्रममा भएको दुईपक्षीय सम्झौताको भावनाअनुरूप नेपाल – चीन सम्बन्ध अगाडि बढ्ने विश्वास गर्छु । कठिन समयमा नेपाल–चीनबीच सहयोग आदान प्रदान भइरहेको छ ।' उहाँले थप्नुभयो ।

उहाँले भन्नुभयो, 'भक्तपुरका जनताको आफ्नै स्रोत साधनबाट भूकम्पबाट क्षति भएको सम्पदाको पुनःनिर्माण हुनु राम्रो हो । विदेश विभागको प्रमुखको जिम्मा सम्हालेपछि नेपालजस्तो सुन्दर देशमा आफ्नो पहिलो भ्रमण तय भएकोमा गौरव अनुभूति भएको छ ।'

अध्यक्ष बिजुक्छेँले चिनियाँ कम्युनिस्ट पार्टीको विदेश

विभाग प्रमुख लिऊलाई पार्टीको प्रकाशन र मयूर झ्याल उपहार प्रदान गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टी र चिनियाँ कम्युनिस्ट पार्टीबीच भएको उक्त भेटघाटमा नेपाल मजदुर किसान पार्टीको तर्फबाट सचिव प्रेम सुवाल तथा केन्द्रीय सदस्य सुनिल प्रजापतिको पनि उपस्थिति थियो भने चिनियाँ कम्युनिस्ट पार्टीको तर्फबाट कार्यवाहक राजदूत वाङ सीन, चिकपा विदेश विभागका उपनिर्देशक चङ योउया र विदेश विभाग प्रमुख लिऊका स्वकीय सचिव वन चाङताको पनि उपस्थिति थियो ।

## चिनियाँ प्रतिनिधिमण्डलबाट भक्तपुर नगर अवलोकन



नेपालको चारदिने भ्रमणमा आउनुभएका चिनियाँ कम्युनिस्ट पार्टीको विदेश विभाग प्रमुख लिऊ चियनछाओले असार २९ गते भक्तपुर नगरको अवलोकन भ्रमण गर्नुभयो । चिनियाँ प्रतिनिधिमण्डललाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीलगायत जनप्रतिनिधिहरूले भक्तपुर दरबार स्क्वायरको मूलद्वारमा स्वागत गर्नुभएको थियो ।

विदेश विभाग प्रमुख लिऊ चियनछाओले दरबार



स्क्वायर र टौमढीमा भूकम्पमा क्षति भएका सम्पदाको पुनःनिर्माणबारे अभिरुचिपूर्वक अवलोकन गरी जानकारी लिनुभएको थियो ।

प्रमुख लिउले भक्तपुर दरबार क्षेत्रमा अवस्थित सांस्कृतिक सम्पदाहरू बद्री नारायण मन्दिर, केदारनाथ मन्दिर, लाल बैठक, वत्सला मन्दिर, स्वर्णद्वार, पच्पन्न झ्याल दरबार, सिद्धिलक्ष्मी मन्दिर, शिलु महादेव, पहाँछैं, चतुर्ब्रम्ह महाबिहार हुँदै टौमढीस्थित पाँचतले मन्दिर, भैरवनाथ मन्दिर, बेताल द्यःछेँ लगायतको रुचिपूर्वक अवलोकन गर्नुभयो ।

उहाँले २०७२ सालको विनासकारी भूकम्पले यहाँका सम्पदाहरूमा पुऱ्याएको क्षतिको विषयमा जानकारी लिनुका साथै सम्पदा पुनःनिर्माण तथा जीर्णोद्धारमा भक्तपुर नगरपालिकाले गरेको काम निकै प्रशंसनीय भएको बताउनुभयो ।

## शिक्षा समितिमा योगमाया र ख्वप विश्वविद्यालयबारे छलफल

प्रतिनिधिसभाको शिक्षा तथा स्वास्थ्य समितिमा योगमाया आयुर्वेद विश्वविद्यालयबारे साउन २ गते छलफल भयो ।

शिक्षामन्त्रीको जिम्मेवारी सम्हालिसकेका माओवादी केन्द्रका गिरिराजमणि पोखरेलले भक्तपुर नगरपालिकाले सञ्चालन गर्ने ख्वप विश्वविद्यालय स्थानीय तहको नमुनाको रूपमा विधेयक पारित गर्नुपर्ने र चिकित्सा शिक्षा १५ लाख रुपियाँमा अध्ययन गराउन नगरपालिकाको योजना कार्यान्वयन गर्न उत्साहित गर्नुपर्ने उल्लेख गर्नुभयो ।

सांसद पोखरेलले डा. अर्जुन कार्कीको प्रस्तावअनुसारको विश्वविद्यालय पनि पारित गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

एमालेका सांसद योगेश भट्टराईले विसं १९२४ मा भोजपुरमा जन्मनुभएकी, आसामतिर गएकी र नेपाल फर्केर अरूण नदीमा जलसमाधि भएकी योगमायाको नाममा विश्वविद्यालय स्थापना गर्नु उपयुक्त भएको विचार राख्नुभयो ।

एमालेका सांसद तिलबहादुर महत क्षेत्रीले त्रिभुवन विश्वविद्यालयसँगै आयुर्वेद विश्वविद्यालय पनि स्थापना हुनुपर्ने उल्लेख गर्दै ख्वप विश्वविद्यालय र डा. अर्जुन कार्कीको प्रस्तावको विश्वविद्यालय विधेयक पनि पारित हुनुपर्नेमा जोड दिनुभयो ।

नेकाका सांसद तथा पूर्वशिक्षामन्त्री चित्रलेखा

यादवले आयुर्वेदभित्र अमृत भएको उल्लेख गर्दै ख्वप विश्वविद्यालय विधेयक पारित गर्न आफू सकारात्मक भएको उल्लेख गर्नुभयो ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले योग भारतले दाबी गरेको हुँदा ध्यान नेपालले दाबी गर्ने उल्लख गर्दै ख्वप विश्वविद्यालय र नेपाल विश्वविद्यालय विधेयक पारित गर्ने तयारी गरेको उल्लेख गर्नुभयो ।

समिति सभापति जयपुरी घर्तीले योगमाया विश्वविद्यालय विधेयकको दफावार छलफल साउन ३ गते बिहान ११ बजे बस्ने र अर्को बैठकमा ख्वप विश्वविद्यालय र नेपाल विश्वविद्यालय डा. अर्जुन कार्कीको प्रस्तावलाई पनि अघि बढाउने जानकारी गराउनुभयो ।

---

काठमाडौँ, ३ साउन । नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले प्रतिनिधिसभाको शिक्षा तथा स्वास्थ्य समितिको बैठकमा योगमाया आयुर्वेद विश्वविद्यालय विधेयकमाथि आफ्नो संशोधन पेश गर्दै भन्नुभयो, 'सरकारले माध्यमिक शिक्षा निःशुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा निःशुल्क गर्नुपर्दछ । योगमाया आयुर्वेद विश्वविद्यालय विधेयकबाट यो काम सुरु गर्नु उपयुक्त हुनेछ ।...

ख्वप विश्वविद्यालय विधेयकबारे पनि माननीय सभापति, मन्त्री र माननीय सदस्यहरू सकारात्मक हुनुहुन्छ । ख्वप विश्वविद्यालय विधेयकसम्बन्धी दस्तावेज र विधेयक यो समितिमा पेश गरेको छ ।

२०६८ सालमै व्यवस्थापिका-संसदले उपसमिति गठन गरी यो विधेयक निर्माण गरी स्वीकृति दिन सिफारिस गरेको हो । ख्वप विश्वविद्यालय विधेयक जतिसक्दो छिटो पारित गरौँ ।

यसबीचमा मदन भण्डारी, महर्षि जनक, नेपालगञ्जलगायत विश्वविद्यालय पारित भयो । अब योगमाया पारित हुँदै छ । गिरिजाप्रसाद विश्वविद्यालय विधेयक पनि आउने समाचार छ । ख्वप विश्वविद्यालय विधेयकमात्र रोक्नुपर्ने कारण छैन ।'

तर, केही शैक्षिक माफियाहरूको चङ्गुलमा परेका शिक्षा मन्त्रालयका अधिकारीहरूले नेपाल मजदुर किसान पार्टीको तर्फबाट पेश भएका संशोधनलाई बेवास्ता गरेर विदेशीसमेत विद्या परिषद्को अध्यक्ष हुन पाउने गरी समितिबाट विधेयक पारित गराएको र ख्वप विश्वविद्यालय विधेयकलाई विलम्ब गर्ने तानाबाना बुनेको समाचार सिंहदरबार परिसरमा चर्चा छ ।

# सङ्घीय सरकारले नदी सफाइको लागि अधिकार सम्पन्न समिति गठन गर्नुपर्छः– प्रमुख प्रजापति



बागमती सभ्यता संरक्षण सम्बन्धी सर्वोच्च अदालतमा विचाराधीन परमादेश मुद्दामा अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिलगायत र काठमाडौँ उपत्यकाभित्रका सबै स्थानीय तहहरूलाई प्रतिवेदनसहित मिति २०७९ असार २७ गते उपस्थित हुन आदेश भएअनुसार भक्तपुर नपाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत भक्तपुर नपाले बागमती खोलामा मिसिने हनुमन्ते खोला र खासाङखुसुङ खोला सुधार, ढल निकासको पानी प्रशोधनपश्चात मात्र खोलामा मिसाउन यस नगरपालिका र सम्बन्धित सरोकारवाला सङ्घ संस्थाबाट भइरहेको कार्य विवरण र यस नगरपालिकाबाट फोहोर मैला व्यवस्थापनको लागि भइरहेको १७ बुँदे कार्यविवरणसहितको प्रतिवेदन सर्वोच्च अदालतमा प्रस्तुत गर्नुभयो ।

जनहित संरक्षण मञ्च प्रो. पब्लिकको तर्फबाट अधिवक्ता प्रकाशमणि शर्मासमेतले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतलाई विपक्षी बनाई सर्वोच्च अदालतमा दायर गरेको रिट निवेदनका सम्बन्धमा छलफलको लागि बोलाइएकोमा प्रमुख प्रजापतिले काठमाडौँ उपत्यकामा बग्ने नदीहरू सफा गर्ने हो भने उपत्यकाका नगरपालिकाहरूको छुट्टा छुट्टै प्रयासले सम्भव नहुने हुँदा त्यसको लागि सङ्घीय सरकारले नदी सफाइको लागि अधिकार सम्पन्न समिति गठन गर्नुपर्छ भन्नुभयो । उहाँले बागमती नदी सुधारको नाउँमा उठाइएको अर्बौं बजेट सबै नगरपालिकाहरूलाई समानुपातिक वितरण गरी खर्च गर्ने व्यवस्था मिलाउनुपर्ने र उक्त रकम बैंकमा राखेर नदी सफा नहुने बताउनुभयो ।

भक्तपुर नगरपालिका खोला सुधार र वातावरण

सुधारको लागि अत्यन्त संवेदनशील भएर लागिरहेको उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले आ.व. २०७९/८० को लागि खोला सुधार गर्न रु. १ करोड ९५ लाख बजेट विनियोजन गरेको जानकारी दिनुभयो।

उहाँले नगरवासीहरूलाई स्वस्थ राख्न जनचेतनामूलक कार्यक्रमहरू नियमित रूपमा गरिरहेको उल्लेख गर्नुहुँदै आधारभूत विद्यालयका विद्यार्थीहरूलाई स्थानीय पाठ्यक्रममार्फत सरसफाइ र वातावरण सुधारको लागि सचेत पार्ने कार्य गरिरहेको स्पष्ट पार्नुभयो।

बागमती सभ्यता संरक्षणमा रहेका सहायक नदी हनुमन्ते खोलाको दुवै किनारमा बाटो निर्माण नभएको तर हनुमन्ते खोला अन्तर्गत राम मन्दिर (काउण्टर) देखि चुपिंघाटसम्म खोलाको किनारमा ५३.२ मिटर रिटेनिङ वाल लगाएको र हनुमानघाटदेखि छिपा ताँ (पुल) सम्म खोलाबाट ३११५.५० घनमिटर माटो पन्छाइसकेको तथा घर टहरा निर्माण नभएको र हनुमन्ते खोला किनारका ऐतिहासिक सम्पदाको संरक्षण गर्ने योजना रहेको छ, उहाँले भन्नुभयो।

प्रमुख प्रजापतिले हनुमन्ते खोलाको अधिकांश स्थानको दुवै किनारमा पीआईडी, अनामनगर मार्फत ढल निकासको लागि पाइप बिछ्याउने कार्य भइरहेको, नगर क्षेत्र भित्र दैनिक नियमित रूपमा सरसफाइ कार्य तथा सोबाट आउने फोहोरमैलालाई नियमित रूपमा व्यस्थापन कार्य गर्दै आएको, नगरको पुरानो बस्तीमा दैनिक ६ ओटा ट्राइसाइकलले र नयाँ बस्ती क्षेत्रमा ४ ओटा सवारी साधनबाट घरदैलोबाटै कुहिने र नकुहिने फोहोर अलग अलग छुट्याई ल्याएको फोहोर सङ्कलन गरी व्यवस्थापन स्थलसम्म ढुवानी गर्ने कार्य नियमित भइरहेको, घरदैलोबाट सङ्कलन भएको कुहिने फोहोरलाई कम्पोष्ट मल बनाउने र नकुहिने फोहोरमा पुनः प्रयोगीय वस्तुहरू छुट्याउन लगाई बिक्री गर्ने कार्य भई आएको, सार्वजनिक स्थलहरूमा फोहोर नफाल्न र फालेमा नियमानुसार जरिवाना हुने व्यहोराको विभिन्न स्थानहरूमा बोर्डहरू राखी सुसूचित गरी आएको र कौसी खेती सम्बन्धी तालिम सञ्चालन गरी घरबाट निस्कने फोहोरलाई घरमै व्यवस्थापन गर्ने, न्यूनीकरण गर्ने साथै कुहिने फोहोरलाई घरमै कम्पोष्ट बिनमा मल बनाउने तालिम सञ्चालन भएको र सहुलियतमा कम्पोष्ट बिन बिक्री वितरण गर्दै आएको, हरेक महिनाको १ र १५ गते पाक्षिक सरसफाइ कार्यक्रम अन्तर्गत नगरका विभिन्न सम्पदा स्थललगायतका ठाउँमा सफाइ कार्यक्रम गरिँदै आएकोलगायतका बुँदाहरूमा सम्मानित अदालतको इजलासमा प्रष्ट पार्नुभयो।

उक्त प्रतिवेदनमा नगर क्षेत्रको सरसफाइ र वातावरण प्रदूषण नियन्त्रणका लागि भक्तपुर नगरपालिका क्षेत्रको सरसफाइ सम्बन्धी ऐन, २०७६ र भक्तपुर नगरपालिका वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी ऐन, २०७७ पारित गरी उक्त ऐनहरूमा व्यवस्था भएको प्रावधानअनुसार नगर क्षेत्रको सरसफाइ तथा वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी कार्यहरू गरिँदै आएको अवगत गराउनुभयो।

साथै भक्तपुर नगरपालिका क्षेत्रमा रहेको भक्तपुर औद्योगिक क्षेत्रमा ध्वनि, धूलो, रसायन, वातावरण र अन्य प्रदूषणमूलक उद्योग सञ्चालन गर्न प्रतिबन्ध लगाएको, साविक प्लास्टिक, रङ, टेक्सटाइल उद्योगलाई क्रमशः हटाउँदै लगिने र स्थानीय श्रम र सीपमा आधारित हस्तकला र अन्य उद्योगलाई प्राथमिकता दिइने गरी भक्तपुर नगरपालिकाको भौतिक पूर्वाधार तथा निर्माण मापदण्ड सम्बन्धी विनियम २०६० मा व्यवस्था रहेको र सोही अनुसार गरिँदै आएको बताउनुहुँदै भक्तपुर नगरपालिका क्षेत्रमा तोकिएको क्षेत्रमा बाहेक अन्य क्षेत्रमा अस्पतालजन्य फोहोर विसर्जन गर्न निषेध गर्ने प्रावधानसहित भक्तपुर नगरपालिका क्षेत्रको सरसफाइ सम्बन्धी ऐन, २०७६ व्यवस्था भएको र सोही अनुसार अस्पतालहरूलाई अवगत गराई आएको प्रष्ट पार्नुभयो।

काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाह, ललितपुर महानपाका उपप्रमुख मञ्जली शाक्य बज्राचार्य, मध्यपुर नपाका प्रमुख सुरेन्द्र श्रेष्ठ, गोकर्णेश्वर नपाका प्रमुख दिपककुमार रिसालले हनुमन्ते खोला सरसफाइको विषयमा प्रगति प्रतिवेदन अदालत समक्ष प्रस्तुत गर्नुभएको थियो।

## 'स्थानीय तह अधिकार सम्पन्न र बलियो भए प्रजातन्त्रको जग बलियो हुन्छ' : प्रमुख प्रजापति



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले मन्त्री र सांसदहरूले खल्तीबाट निकालेका योजनाअनुसार काम गरेसम्म देशमा योजनाबद्ध विकास सम्भव नहुने बताउनुभयो ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको आयोजनामा असार २४ गते भएको दुईदिने 'चौथो राष्ट्रिय सम्मेलन' मा 'सङ्घीय व्यवस्थामा नीति, योजना र सेवा प्रवाह' विषयमा भएको कार्यक्रममा बोल्नुहुँदै प्रदेशले जनताको हितमा योजनाबद्ध कामलाई अगाडि बढाउन नसक्दा प्रदेशको औचित्यमाथि नै प्रश्न उठिरहेको बताउनुभयो ।

कार्यक्रममा प्रस्तुत कार्यपत्रमाथि टिप्पणी गर्नुहुँदै उहाँले विकेन्द्रीकरण र स्वायत्तताको पूर्ण कार्यान्वयन भएमा नेपालको लागि सङ्घीयता आवश्यक नभएको विचार राख्नुहुँदै स्थानीय तह अधिकार सम्पन्न र बलियो भएमा प्रजातन्त्रको जग बलियो हुने र जनता पनि बलियो हुने धारणा राख्नुभयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिका शिक्षा, स्वास्थ्य, सम्पदा पुन:निर्माण तथा सरसफाइलगायतका क्षेत्रहरूमा गर्दै आएको अभ्यास र अनुभवबारे सङ्क्षिप्तमा जानकारी गराउनुहुँदै संविधान र कानुनले प्रदान गरेको अधिकार क्षेत्रभित्र रही भक्तपुर नगरपालिकाले हालसम्म ४८ ओटा ऐन, कानुन, कार्यविधिहरू निर्माण गरी कार्यान्वयन समेत गर्दै आइरहेको प्रष्ट पार्नुभयो ।



छलफलमा उठेका जिज्ञासाहरूमाथि प्रष्ट पार्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाले स्वायत्तताको अभ्यास गर्दै आफ्ना हरेक गतिविधि पारदर्शी ढङ्गले जनतासमक्ष प्रस्तुत गर्दै आएको बताउनुहुँदै भक्तपुर नपाको आफ्नै स्रोतबाट भूकम्पबाट क्षतिग्रस्त १२४ ओटा सम्पदा पुन:निर्माण सम्पन्न गर्न सक्नु आफैमा गौरवको विषय बनेको बताउनुभयो ।

कार्यक्रमका सभाध्यक्ष **पिताम्बर शर्मा**ले शासक दलमा केन्द्रीय मानसिकता रहेसम्म देशमा सङ्घीयताको मर्मअनुसार नीति, योजना र सेवा प्रवाह असम्भव हुने बताउनुभयो ।

प्रदेशलाई आफ्नो उपादेयता पुष्टि गर्ने ठाउँ अभाव रहेको बताउनुहुँदै उहाँले सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय, सहअस्तित्व, संवाद, सहजीकरण र छलफलको आवश्यकता रहेको बताउनुभयो । शासक दलबीच पदको निम्ति नभई देश विकासको निम्ति प्रतिस्पर्धा हुनुपर्छ भन्नुहुँदै उहाँले सङ्घीयता असफल हुनुमा शासक दल र कर्मचारीतन्त्र दोषी रहेको बताउनुभयो ।

त्यस्तै नेपाल सरकारका पूर्वसचिव **प्रतापकुमार पाठक**ले 'सङ्घीय व्यवस्थामा नीति, योजना र सेवा प्रवाह' विषयमा कार्यपत्र प्रस्तुत गर्नुहुँदै नीति निर्माणमा नागरिकको अर्थपूर्ण सहभागिताको लागि अभियान सञ्चालन गर्नुपर्ने र स्थानीय तहमा राजनीतिक उद्यमशीलताको संस्कार तथा पेशागत सक्षमताको विकासको आवश्यकता औंल्याउनुभयो ।

# भक्तपुर अस्पतालको न्युनत्तम सेवा मापदण्डबारे संयुक्त मूल्याङ्कन



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सरकारी अस्पतालहरूले समयसापेक्ष ढङ्गले सेवा सुविधा बढाउँदै लानुपर्ने बताउनुभएको छ ।

भक्तपुर अस्पतालको आयोजनामा असार २७ गते भएको भक्तपुर अस्पतालको न्युनत्तम सेवा मापदण्ड (एम.एस.एस) बारे भएको संयुक्त मूल्याङ्कन कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले सरकारले स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न सके धेरै जनता लाभान्वित हुने बताउनुभयो ।

भक्तपुर अस्पताल बागमती प्रदेशकै नमुना अस्पतालको रूपमा स्थापित हुनु आफैमा गौरवको विषय भएको बताउनुहुँदै उहाँले पछिल्लो दिनमा भक्तपुर अस्पतालमा उपचार सेवादेखि लिएर जनशक्ति, उपकरण र व्यवस्थापनसमेत सुदृढ र बलियो बन्दै गएको उहाँले बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित १०० शय्या क्षमताको ख्वप अस्पताललाई सुविधासम्पन्न अस्पतालको रूपमा विकास गर्न यही वर्षदेखि सिटी स्क्यान सेवा सञ्चालन गर्ने योजना रहेको बताउनुहुँदै उहाँले ख्वप अस्पताललाई नमुनाका रूपमा विकास गर्ने लक्ष्यका साथ अगाडि बढिरहेको बताउनुभयो ।

भक्तपुर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट **श्रीधर अर्याल**ले नेपालकै दोस्रो जेठो भक्तपुर अस्पतालमा उपलब्ध सेवा सुविधा र चुनौतीहरूबारे जानकारी गराउनुहुँदै भक्तपुर अस्पताल सबैको साझा अस्पताल भएको हुँदा यसको विकास र प्रगतिमा सबैले हातेमालो गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा सङ्घीय स्वास्थ्य मन्त्रालयका **पवनकुमार साह**ले भक्तपुर अस्पतालको गुणस्तर सुधारको लागि न्युनत्तम सेवा मापदण्डबारे समीक्षा गर्दै अस्पतालको सबल पक्ष र कमजोर पक्षबारे अवगत गराउनुभयो ।

# बिमा रकम सोधभर्ना छिटै गरिने



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले स्वास्थ्य बिमा बोर्डका कार्यकारी निर्देशक दामोदर बसौलासँग भेटी ख्वप अस्पताल र स्वास्थ्य बीमा बोर्डबीच भएको सम्झौताअनुसार ख्वप अस्पतालबाट बिमामा आबद्ध सेवाग्राहीहरूलाई प्रदान गर्दै आएको सेवाबापतको सोधभर्ना प्राप्त हुन बाँकी रकम निकासा गर्ने विषयमा असार २२ गते छलफल गर्नुभयो ।

प्रमुख प्रजापतिले हालसम्म स्वास्थ्य बिमा बोर्डबाट ६ करोड ६४ लाख ३८ हजार ४५२।८६ रुपैयाँ सोधभर्ना प्राप्त गर्न बाँकी देखिएको र सो रकम निकासाको लागि आग्रह गर्नुहुँदै सोधभर्ना समयमै प्राप्त नहुँदा अस्पताललाई आर्थिक समस्या परेको बताउनुभयो । उहाँले स्वास्थ्य बिमा कार्यक्रमले सरकारी अस्पतालहरूलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुहुँदै व्यापक जनता यस सेवाबाट लाभान्वित भइरहेकोमा समयमै बीमा रकम सोधभर्ना गर्न बोर्ड क्रियाशील हुनुपर्ने बताउनुभयो ।

भेटमा कार्यकारी निर्देशक दामोदर बसौलाले स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गतको पैसा भुक्तानी र बजेट निकासा समयमै नहुँदा धेरै अस्पतालहरूले स्वास्थ्य बिमा कार्यक्रम पत्र पठाएर सेवा बन्द गर्ने गरेको बताउनुहुँदै भुक्तानीको प्रक्रिया अगाडि बढिरहेको र आगामी आसोजसम्ममा भुक्तानी गरिसक्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले बीमितको सङ्ख्या बढ्दै जाँदा समयमै भुक्तानी गर्न नसकिएको बताउनुभयो ।

# पब्लिक क्याम्पस सङ्घद्वारा वागीश्वरी कलेज र विद्यार्थी ग्वाछा सम्मानित




वागीश्वरी कलेज र विद्यार्थी बबिता ग्वाछालाई पब्लिक क्यामपस सङ्घले असार २६ गते आयोजित एक कार्यक्रमबीच सम्मान गरेको छ ।

पब्लिक क्याम्पस सङ्घको ३२ औं वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रममा २०७६ सालमा सामुदायिक क्याम्पसहरूमध्येबाट व्यवस्थापन सङ्कायमा नेपाल प्रथम हुनुभएकोले गणेशमान पालिके स्मृति कोषबाट नगद रु. १५ हजारसहित प्रशंसा पत्रबाट विद्यार्थी ग्वाछा र वागीश्वरी कलेजलाई सम्मान गरेको हो ।

कार्यक्रममा प्रमुख अतिथि विश्वविद्यालय अनुदान आयोगका सदस्य सचिव शंकर प्रसाद भण्डारीले युवा जनशक्ति विदेशमुखी भएकोमा चिन्ता व्यक्त गर्नुहुँदै विश्वविद्यालय अनुदान आयोग शिक्षालाई उत्पादनमुखी बनाउन केन्द्रित रहेको जानकारी दिनुभयो ।

# लोकेश्वर साकोसको शिक्षा शिविर



लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि.को शिक्षा तथा बचत उप-समितिको आयोजनामा संस्थाका नयाँ सदस्यहरूको लागि शिक्षा शिविर संस्थाको प्राङ्गणमा सम्पन्न भयो। संस्थाका अध्यक्ष राजन जतिको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा उहाँले आर्थिक कारोबार सँगसँगै सामाजिक सेवा र सदस्यहरूलाई विभिन्न सीपमूलक तालिमहरू पनि संचालन गर्दै आइरहेको बताउनु भयो।

संस्थाका संचालक सदस्य एवं शिक्षा तथा बचत उप-समितिका संयोजक सूर्यनारायण फाँजुको सभापतित्वमा भएको उक्त कार्यक्रममा कोषाध्यक्ष पुण्यराम स्वंगमिखा, सजिब मानन्धर, मन्जुमैया लाखाजु र प्रबन्धक प्रशान्त मानन्धर लगायतले पनि बोल्नुभएको थियो।

# देशको स्वाधीनता र सार्वभौमसत्तामा आँच हुने काम गर्न नहुने




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)** ले प्रजातान्त्रिक आन्दोलन दबाउने, जातीय विभेदको राजनीति गर्ने र मजदुर किसान आन्दोलन दमन गर्नेहरू फासीवादी हुन् भन्नुभयो।

तौलाछेँ युवा समूह, भक्तपुरद्वारा साउन ७ गते आयोजित बृहत् युवा भेला तथा भक्तपुर नपाका नपाका प्रमुख, उपप्रमुख र भनपा वडा नं. ९ का जनप्रतिनिधिहरूको बधाई कार्यक्रममा अध्यक्ष बिजुक्छेँले राष्ट्रिय पुँजीपति वर्गले राष्ट्रको निम्ति काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्रा कोषले देशलाई उँच-नीच बनाउने जाल रचिरहेको उल्लेख गर्नुहुँदै उहाँले देश अरूको भरमा रहेसम्म आत्मनिर्भर नहुने विचार व्यक्त गर्नुभयो।

नेपालको प्रधानमन्त्री हुने नहुने निर्णय दिल्लीको हातमा रहेको दृष्टान्त उल्लेख गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले देशलाई कसरी जोगाउने भन्नेतर्फ सबैको ध्यान जानुपर्नेमा जोड दिनुभयो।

अन्तर्राष्ट्रिय समुदायले दबाब दियो भनेर देशको स्वाधीनता र सार्वभौमसत्तामा आँच आउने काम गर्न नहुने विचार उहाँले व्यक्त गर्नुभयो।

नेपालको कृषि अर्थतन्त्र बिगार्न संरा अमेरिका र भारत लागिरहेको प्रसङ्ग उल्लेख गर्नुहुँदै देशै रहेन भने राष्ट्रिय पुँजीपति वर्गको अस्तित्व पनि समाप्त हुन्छ भन्नुभयो।

राष्ट्रिय पुँजीपति वर्गकै सहयोगमा चीनमा क्रान्ति भएको प्रसङ्ग उल्लेख गर्नुहुँदै अध्यक्ष रोहितले राष्ट्रिय पुँजीपति वर्गले आवश्यक कलकारखाना, उद्योगधन्दा खोलेर जनताका आधारभूत आवश्यकता पूरा गर्ने, देशको विकासमा सहयोग पुऱ्याउन सक्ने विचार व्यक्त गर्नुभयो।

राष्ट्रिय पुँजीपति वर्गले देशमा उद्योग खोले विदेशी सामान ल्याउनुपर्ने छैन, देशको पैसा विदेशिने छैन, उहाँले भन्नुभयो।

अध्यक्ष रोहितले भन्नुभयो, 'देश र जनताको सेवा गर्ने भावना भएसम्म राष्ट्रिय पुँजीपति वर्गले स्थान पाइरहन्छ, हामीमा देशभक्त भावना भएसम्म देशको स्थिति बिग्रिने छैन।'

नेमकिपाका केन्द्रीय सदस्य एवं भनपाका प्रमुख **सुनिल प्रजापति**ले यथास्थितिवादीहरूले समाज परिवर्तन गर्न नसक्ने चर्चा गर्नुहुँदै पद र पैसाको निम्ति सिद्धान्त र

विचार छोड्ने राजनीति पुँजीवादी चिन्तन हो भन्नुभयो ।

समाज परिवर्तनको निम्ति अघि बढ्ने, जेल नेल भोग्ने, दुःख कष्ट खाने व्यक्तिहरूलाई कहिल्यै बिर्सन नहुने विचार राख्नुहुँदै उहाँले पैसा र डिग्रीको निम्ति काम गरे परिवर्तन सम्भव छैन, समाज र देश बनाउने जिम्मा मेरो पनि हो भनी हामी अघि बढ्नुपर्छ, उहाँले भन्नुभयो ।

बन्दुकको गोलीले जित्न नसक्नेलाई गुलियो पोतेको विषले जित्ने प्रसङ्ग उल्लेख गर्नुहुँदै उहाँले एउटा गलत निर्णयले सबै सम्पत्ति आफ्नो कब्जामा लिनसक्ने हुँदा युवा व्यवसायी तथा व्यापारीहरू चनाखो हुनुपर्छ भन्नुभयो ।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले युवाहरू सकारात्मक परिवर्तनका संवाहक हुन्, अग्रजहरूको मार्गनिर्देशनमा जनताको लागि जनताको साथमा नपाले काम गरिरहेको स्पष्ट पार्नुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष **ज्ञानसागर प्रजापति**ले समाजको सकारात्मक परिवर्तनको निम्ति युवाहरू सबल भएको विचार व्यक्त गर्नुहुँदै भक्तपुरको एकता र अपनत्वको भावना अझै खाँचो छ भन्नुभयो ।

हामीले आफ्नो धरातल बिर्सनु हुँदैन । देश बचाउने र बनाउने जिम्मा हामी युवाहरूको पनि हो, हामीमा आर्थिक पुँजीसँगै सामाजिक सेवा भावना पनि चाहिन्छ, उहाँले भन्नुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रवीन्द्र ज्याखव**ले भक्तपुर नगरलाई सभ्य, सुन्दर र शिक्षित समुदाय बनाउन युवाहरूको पनि उल्लेख्य देन भएको चर्चा गर्नुहुँदै घोषणापत्रको प्रतिबद्धता एक-एक गरेर पूरा गर्ने विश्वास व्यक्त गर्नुभयो ।

विदेशी नागरिकले सजिलैसँग नेपाली नागरिकता पाउने व्यवस्थाले भोलि नेपालको सार्वभौमसत्ता खतरामा पर्नसक्ने खतरा पनि उहाँले औंल्याउनुभयो ।

तौलाछेँ युवा समूहका अध्यक्ष एवं कार्यक्रमका सभापति **रत्नप्रसाद प्रजापति**ले युवा भेलाको औचित्यताबारे प्रकाश पार्नुभयो भने **बलराम प्रजापति, दीपेन्द्र प्रजापति**ले पनि बोल्नुभएको थियो ।

**झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।**

# नेमकिपाको मत देशघाती नागरिकता विधेयकको विपक्षमा



सबै नेपालीलाई नेपाली नागरिकताको प्रमाणपत्र दिनु जरूरी छ । यसको अर्थ नेपाली नागरिकताको प्रमाणपत्र बस र सिनेमाको टिकटजस्तै बाँड्ने होइन । नेपालको नागरिकता समस्या समाधान गर्न खुला सीमा बन्द गर्नु जरूरी छ । नेपाली सेनाले खुला सीमा बन्द गर्नुपर्ने विषय उठाएको छ । आकाशको सीमा पनि अध्ययन गर्ने पनि विषय उठाएको छ । देशको सार्वभौमिकताको निम्ति खुला सीमा बन्द गर्नु जरूरी छ । खुला सीमाले असल सम्बन्ध कायम हुनेछैन । नेपाली जनताले थाहा पाएर यी विषय उठाउँदै आएका हुन् ।

खुला सीमा बन्द गर्न जम्मा ४७ अर्ब रूपैयाँ लाग्ने रहेछ । यो रकम त **सरकारले असारमा गरेको दुई दिनको विकास बजेट खर्चमात्र हो ।** दुई दिनको विकास बजेट खर्चले देशको सिमाना रक्षा हुने र नागरिकताको समस्या समाधान हुने भए किन नगर्ने ? **आमा र बुबा दुवै वंशजको नेपाली नागरिकका छोराछोरीलाई मात्र वंशजको नेपाली नागरिकता दिनुपर्छ ।** जन्मको आधारमा दिइएको नागरिकता विदेशीले पनि पाएको हुँदा छानबिन गरी खारेज गर्नु जरूरी छ ।

निर्वाचन, सरकारी सेवा, राजनीतिक नियुक्ति, उद्योग-व्यापारको लागि वंशजको नेपाली नागरिकता आवश्यक हुने व्यवस्था गर्नु आवश्यक छ । नेपालको भूराजनीतिक अवस्थितिअनुसार नेपालीलाई विदेशीसँग विवाह गर्न निरूत्साहित गर्नुपर्दछ । नेपालीसँग विवाह गरेका विदेशी महिला वा पुरूषलाई २० वर्षपछि मात्र नेपालको कृत्रिम नागरिकता दिन सकिने व्यवस्था जरूरी छ । यस्तो नागरिकता लिनेले नेपालको भाषा र संस्कृतिबारे लिखित र अन्तर्वार्ता परीक्षा उत्तीर्ण गर्नुपर्ने प्रावधान आवश्यक छ ।

नागरिकताबारे कुन देशमा कस्तो व्यवस्था गरियो, त्यो महत्त्वपूर्ण होइन। **नेपालको हितमा हामीले नागरिकताको कानुन बनाउनु जरूरी छ।** सरकारले नयाँ नागरिकता **विधेयक छलफलको लागि समितिमा नपठाउने र प्रतिनिधिसभाको यो बैठकबाट पारित गराउने तयारी गरेको देशको हितमा छैन।** सम्बन्धित समितिमा विधेयक पठाउनु जरूरी छ र यो विधेयक सार्वभौमिकतासँग सम्बन्धित भएको हुँदा जनतासँग छलफल गर्ने गरी कार्यसूची बनाउनु जरूरी छ।

सन् १९५० को शान्ति र मैत्री सन्धिअगाडि अहिलेको जस्तो नेपाल-भारत खुला सिमाना थिएन। २०६३ सालपछि नेपालमा जन्मेको भनी ३ जनाले गरेको मुचुल्काको आधारमा विदेशीलाई जन्मको आधारमा नागरिकता दिइयो। यो छानबिन नगरी विधेयक अगाडि लैजानु हुँदैन। संविधान निर्माणको प्रतिवेदन, २०६६ मा १५ वर्ष नेपालमा बसोबास गरेको र विदेशी नागरिकता त्यागेपछि मात्र नेपालको नागरिकता दिने उल्लेख छ।

राज्य व्यवस्था समितिले यसअघि प्रतिवेदन तयार गर्दा नेपालीसँग विवाह गरेका विदेशी महिलालाई ७ वर्षपछि मात्रै अङ्गीकृत नेपाली नागरिकता दिने प्रस्ताव गऱ्यो। भारतमा ७ वर्ष, भुटानमा सन्तानले नागरिकता पाएपछि, बंगलादेशमा ५ वर्ष, मालदिभ्समा १२ वर्ष, अमेरिकामा ३ वर्ष र बेलायतमा निरन्तर त्यहाँ बसेपछि मात्र नागरिकताको लागि निवेदन दिन पाउने प्रावधान छ। यसर्थ, **नेपालमा २० वर्षपछि अङ्गीकृत नेपाली नागरिकता दिने प्रावधान राख्नु उपयुक्त हुन्छ।** २०३६ सालको जनमतसङ्ग्रहपछि नेपालमा नागरिकता खुकुलो पारियो। **शासक दलहरूले हरेक आन्दोलन र परिवर्तनपछि नागरिकता खुकुलो पार्दै आएको ठीक होइन।**

नेपालीसँग विवाह गरेका विदेशी महिलाको कारण तुलनात्मकरूपले त्यति असर नपरे पनि विदेशी पुरूषसँग विवाह गरेका नेपाली महिलाको कारण देशलाई थप नोक्सान हुनसक्ने स्थिति छ। त्यसबेला शासक दलका नेताहरू कोही पनि प्रधानमन्त्री र मन्त्री बन्न पाउने छैनन्।

**राष्ट्रियताको नाउँमा नेपालमा हिटलर, मुसोलिनी र मोदी जन्मिने खतरा छ।** अहिलेको राष्ट्रियताको परिभाषाले प्रजातन्त्रको हत्या हुने भएको हुँदा सरकारले सन्तुलित राष्ट्रियतालाई ध्यान दिई नेपालीलाई देशभक्त बनाउनु जरूरी छ। राष्ट्रियताको विभिन्न अर्थ लाग्छ। राष्ट्रियता भन्नु नै सारा देश हो भनेर बुझ्नु जरूरी छ। एउटा जाति र भाषालाई मात्र राष्ट्रियताको रूपमा लिनुहुँदैन। राष्ट्रियता साम्राज्यवादको रूपमा पनि आएको छ।

पुँजीवादका दुई धार छन् – एउटा प्रजातन्त्र र अर्को फासीवाद। हामीले प्रजातन्त्रलाई सच्चा प्रजातन्त्रकै रूपमा अगाडि बढाउनुपर्छ, फासीवादको रूपमा होइन। पुँजीवाद अहिले राम्रो चटकको रूपमा आएको छ। यो पुँजीवादले शासक पार्टीका विभिन्न व्यक्तिलाई प्रधानमन्त्रीको रूपमा निकालिरहेको छ। यसबाट शासक पार्टीहरू सचेत हुनु जरूरी छ। नेपाल मजदुर किसान पार्टीले यो विधेयकलाई जस्ताको तस्तै पारित गर्नसक्दैन।

*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले २०७९ साउन ६ गते प्रतिनिधिसभा बैठकमा नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक २०७९ माथिको छलफलमा भाग लिँदै राख्नुभएको मन्तव्य-सं)*

## देशघाती नागरिकता विधेयक पारित

काठमाडौँ, ६ साउन। नेपाल नागरिकता ऐन, २०६३ संशोधन विधेयकलाई प्रतिनिधिसभाको बहुमतबाट पारित गरियो।

विधेयक निर्णयार्थ प्रस्तुत हुँदा नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले विपक्षमा मत दिनुभयो।

विधेयकको पक्षमा सत्ता गठबन्धनका नेका, माओवादी केन्द्र, एकीकृत समाजवादी, जसपा, लोसपाले मत दिएका थिए। प्रमुख प्रतिपक्षी एमालेका सांसदहरूले संशोधनसहित विरोधमा मन्तव्य दिए पनि विधेयक निर्णयार्थ पेश हुँदा मौन समर्थन गरेका थिए।

नेपाल मजदुर किसान पार्टीले विदेशी महिलाले नेपालीसँग विवाह गरेको २० वर्षपछि नेपालको कुनै एक भाषा र संस्कृतिमा परीक्षा उत्तीर्ण गरेमात्र अङ्गीकृत नेपाली नागरिकता पाउन सक्ने संशोधन पेश गरेको थियो।

गैरआवासीय नेपाली नागरिकलाई आर्थिक, सांस्कृतिक, सामाजिक अधिकारसहितको नेपाली नागरिकता तत्काल दिन नहुने नेपाल मजदुर किसान पार्टीको संशोधन थियो।

नागरिकता विधेयक पारित गर्नुअघि गृहमन्त्री बालकृष्ण खाण एमालेको संसदीय दलमा गएर छलफल गरेको बताइन्छ।

माओवादी केन्द्र र एकीकृत समाजवादीको समर्थनमा नेकाका शेरबहादुर देउवाको नेतृत्वमा पाँचदलीय गठबन्धन सरकार गठन भएपछि एमसीसी सम्झौता पारित गर्ने, अरूण-४ भारतलाई दिने र नागरिकता विधेयक पारित गर्नेलगायत देशघाती काम भइरहेको तर्फ जनता सचेत हुनु जरूरी छ।

## नवदुर्गा देवगण तथा मन्दिर व्यवस्थापन संस्थाको प्रथम अधिवेशन



'नवदुर्गा नाचको प्राचीन इतिहास लिपिबद्ध गरी अभिलेखीकरण गर्दै नयाँ पुस्तालाई त्यसको ऐतिहासिक र सांस्कृतिक महत्त्वबारे जानकारी दिई त्यसको निरन्तरता दिइनुपर्छ ।'

उक्त कुरा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले साउन १४ गते नवदुर्गा देवगण जात्रा तथा मन्दिर व्यवस्थापन संस्थाको प्रथम अधिवेशनमा बताउनुभएको हो ।

उहाँले देवगणमा बस्नेहरूले जात्रासँगै शिक्षामा पनि जोड दिनुपर्ने बताउनुहुँदै शिक्षामा पछि परेमा समाज नै पछि पर्छ भन्नुभयो ।

'आफ्नो स्वास्थ्यको ख्याल राखीमात्रै खानेपिउने गर्नुपर्छ । एक दुई जनाले जथाभावी गर्दा सिङ्गो समुदायकै इज्जतमा धक्का पुग्न सक्छ' उहाँले स्वास्थ्यप्रति सचेत हुन आग्रह गर्नुभयो ।

नवदुर्गा द्योछेँ घर नगरपालिकाले नै उपभोक्ता समितिमार्फ बनाई सहयोग गरेको उल्लेख गर्नुहुँदै उहाँले नवदुर्गा नाच स्थानीय जनताको मात्र नभई देशको संस्कृति र महत्त्वपूर्ण सम्पदा भएको बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले नवदुर्गाको जात्रा सम्बन्धमा हरेक क्षेत्रमा वडा समितिले साथ र सहयोग गर्दै आएको बताउनुहुँदै आगामी दिनमा पनि निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

नेपाल माली समाजका सभापति **अमरनारायण माली**ले भक्तपुरको नवदुर्गा जात्रा, काठमाडौँको १२ वर्षे जात्रा र कीर्तिपुरको बाघ भैरव जात्रा मालीहरूले नै चलाउँदै आएको स्पष्ट पार्नुहुँदै संस्कार र संस्कृति आफ्नो पहिचान भएको हुँदा त्यसलाई जोगाइराख्नुपर्छ भन्नुभयो ।

पूर्ववडाध्यक्ष विष्णुबहादुर मानन्धरले नवदुर्गा जात्रालाई निरन्तरता दिन आफ्नो निजी घर नै दान दिएको बताउनुहुँदै आत्मनिर्भर भएर चल्नुपर्छ भन्नुभयो ।

अर्का पूर्ववडाध्यक्ष **कृष्णभक्त लवजू**, **इन्द्रबहादुर बनमाला**लगायतले नवदुर्गा नाचको ऐतिहासिक महत्त्वबारे स्पष्ट पार्नुभएको सो कार्यक्रम संस्थाका अध्यक्ष **बिजेश बनमाला**को सभापतित्वमा भएको थियो । संस्थाका सचिव **रत्नमान बनमाला** र कोषाध्यक्ष **रिजय बनमाला**ले संस्थाको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । प्रतिवेदनअनुसार संस्थाको नाउँमा विभिन्न बैङ्क तथा सहकारी संस्थामा रहेको रकम जम्मा ६५,२१,२४९/- (पैंसठी लाख एकाइस हजार दुई सय उन्नचास) रहेको छ । नवदुर्गाले वर्षभरि विभिन्न २० ओटा विधाहरूमा गर्ने खर्च विवरण पनि कार्यक्रममा प्रस्तुत गरिएको थियो ।

## सङ्घीयता कार्यान्वयनमा देखिएका चुनौती र समाधानका उपायहरूबारे नगर प्रमुखहरूसँग छलफल



सङ्घीय संसद राष्ट्रिय सभा सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिको आयोजनामा काठमाडौँ उपत्यकाभित्रका नगर प्रमुखहरूसँग भएको सङ्घीयतासम्बन्धी राजनीतिक, वित्तीय, प्रशासनिक, संरचनागत पक्षहरूलगायत सङ्घीयता कार्यान्वयनको अवस्था, समस्या/चुनौती र समाधानका उपायका सम्बन्धमा साउन १६ गते छलफल कार्यक्रम भयो ।

कार्यक्रममा राष्ट्रिय सभा सदस्य तथा सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितिका संयोजक डा. खिमलाल देवकोटाले नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार प्रष्ट पारेको बताउनुहुँदै संवैधानिक व्यवस्थाअनुसार सङ्घ, प्रदेश र स्थानीय तह आ-आफ्नो क्षेत्रमा स्वायत्त र स्वतन्त्र संस्था रहेको बताउनुभयो ।

उहाँले २०७९ जेठ १९ गतेको राष्ट्रियसभा बैठकबाट सर्वसम्मत रूपमा स्वीकृत भएको सङ्कल्प प्रस्तावमा उल्लेख भएअनुसार सङ्घीयता कार्यान्वयन सम्बन्धमा राजनीतिक, वित्तीय, प्रशासनिक, संरचनागतलगायत सबै पक्षको अध्ययन गरी राष्ट्रिय सभामा प्रतिवेदन पेस गर्न आवश्यक राय-सुझाव सङ्कलनको लागि छलफल कार्यक्रमको आयोजना गरेको अवगत गराउनुभयो ।

कार्यक्रममा गण्डकी प्रदेश सरकारको पहिलो मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले सङ्घीयता बौद्धिक जगतबीच छलफल र आवश्यक गृहकार्यबिना पारित हुँदा सङ्घीयता कार्यान्वयन पक्ष निकै चुनौतिपूर्ण बनिरहेको बताउनुभयो । राष्ट्रिय सभा आफैमा सङ्घीयताको सभा भएको बताउनुहुँदै उहाँले अन्तर प्रदेश परिषद्को बैठक नियमित रूपमा बस्नुपर्ने र वर्तमान अवस्थामा जिल्ला समन्वय समितिको औचित्यता र आवश्यकता नरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सङ्घीयता नेपालको लागि राज्य सञ्चालनको नयाँ प्रणाली र अभ्यास भएको बताउनुहुँदै बौद्धिक जगत र जनताबीच सङ्घीयताबारे व्यापक छलफल र अन्तरक्रियाबिना पारित भएको हुँदा आज कार्यान्वयनमा सकस भइरहेको बताउनुभयो ।

प्रदेश सरकार जनताको सेवा सुविधामा भन्दा मन्त्री र मन्त्रालयको सङ्ख्या बढाउनेतर्फ ध्यान दिनाले प्रदेश सरकारप्रति जनताको नकारात्मक दृष्टिकोणको विकास भएको बताउनुहुँदै प्रदेशले आफ्नो औचित्यता पुष्टि गर्नेतर्फ ध्यान दिनुपर्ने बताउनुभयो ।

उहाँले सङ्घीय शासन व्यवस्था कार्यान्वयनमा आएपछि विगतका जिल्लास्तरीय सबै संरचनाहरू खारेज भई पालिकास्तरमा आउनुपर्ने बताउनुहुँदै संवैधानिक व्यवस्थाअनुसार सङ्घ, प्रदेश र स्थानीय तह आ-आफ्नो क्षेत्रमा स्वायत्त र स्वतन्त्र भएको र संविधानको धारा ६० मा 'सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजश्व उठाउन सक्नेछन्' भन्ने व्यवस्था रहेको बताउनुभयो ।

जिल्ला शिक्षाको सम्पूर्ण जिम्मेवारी स्थानीय तहलाई दिनुपर्ने बताउनुहुँदै उहाँले सीटीइभिटी अन्तर्गतका प्राविधिक तथा व्यवसायिक विद्यालय पनि स्थानीय तहअन्तर्गत नै सञ्चालनमा ल्याइनुपर्नेमा जोड दिनुभयो ।

ललितपुर महानपाका प्रमुख **चिरीबाबु महर्जन**ले प्रदेशहरूले जनताको हितमा योजनाबद्ध कामलाई अगाडि बढाउँदै प्रदेशको औचित्यता प्रष्ट पार्नुपर्ने बताउनुहुँदै ललितपुर महानगरपालिकाले ऐलानी, पर्ति र सार्वजनिक जग्गा संरक्षण गर्दै उक्त क्षेत्रहरूमा हरियाली प्रवर्द्धनमा जोड दिँदै आएको बताउनुभयो ।

उहाँले सार्वजनिक खरिद ऐन २०६३ मै संशोधनको आवश्यकता रहेको बताउनुहुँदै विकसित देशहरूबाट सिकेर नेपालमा सङ्घीयताको सफल कार्यान्वयनतर्फ जोड दिनुपर्ने बताउनुभयो ।

त्यस्तै काठमाडौँ महानपाका उपप्रमुख **सुनिता डंगोल**ले नेपालमा सङ्घीयता सफल रूपमा कार्यान्वयन हुन समय लाग्ने बताउनुहुँदै प्रदेशले समयमै आवश्यक कानुनहरू निर्माण नगर्दा धेरै स्थानीय तहहरूलाई काम गर्न असहज महसुस गरेको बताउनुभयो ।

कार्यक्रममा शंखरापुर नपाका पूर्व प्रमुख **सुवर्ण श्रेष्ठ**, ललितपुर महानपाका उपप्रमुख **मन्जली शाक्य**, बुढानिलकण्ठ नपाका प्रमुख **मीठाराम अधिकारी**, सूर्यविनायक नपाका प्रमुख **जीवन खत्री** र शंखरापुर नपाका उपप्रमुख **सबिता श्रेष्ठ**ले सङ्घीयतालाई मुलुककै उत्कृष्ट व्यवस्थाको रूपमा लिई यसको कार्यान्वयन पक्ष बलियो बनाउँदै लानुपर्ने, सार्वजनिक खरिद ऐन आवश्यकताअनुसार संशोधन गर्नुपर्ने, पहुँचको आधारमा स्थानीय तहहरूमा बजेट विनियोजन हुनु गलत भएको, जिल्ला समन्वय समिति खारेज गर्नुपर्नेलगायतका धारणाहरू व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा समितिका सदस्यहरू सांसद **प्रकाश पन्थ, उदयबहादुर बोहोरा, डा. विमला राई पौडेल, रामचन्द्र राई, मायाप्रसाद शर्मा** र **प्रमिलाकुमारी**लगायतले स्थानीय तहहरूमा सङ्घीयता कार्यान्वयनका चुनौतीहरूबारे आ-आफ्ना जिज्ञासाहरू राख्नुभएको थियो ।

भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।

# का. शोभा प्रधान (बिजुक्छैँ) को श्रद्धाञ्जली सभा



नेपाल कर्मचारी समाज र नेपाल नगरपालिका कर्मचारी एशोसियसनको संयुक्त आयोजनामा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छैँ (रोहित) की जीवनसङ्गिनी, नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय कोषाध्यक्ष एवं नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय सदस्य शोभा प्रधानको निधनमा असार २४ गते नगरपालिकाको सभाकक्षमा श्रद्धाञ्जली सभा भयो।

उक्त सभामा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले देश र समाजको सेवामा काम गर्ने व्यक्ति जनताको मन र स्मरणमा बस्न सफल हुने बताउनुहुँदै जीवनको अन्तिम समयमा पनि उहाँले खुशीसाथ मुस्कुराएर बिदा हुनुभएको स्मरण गर्नुभयो।

क्यान्सर आफैमा खतरनाक रोग भएको र यस रोगविरुद्ध जनचेतना अभियान सञ्चालन गर्न नगरपालिकाले हरेक वर्ष क्यान्सर रोग परीक्षण शिविरहरू सञ्चालन गर्दै आइरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले उहाँको राजनीतिक क्रियाशीलता र सादा जीवन उच्च विचारका कारण आज उहाँ हामीमाझ नभए पनि अमर हुनुभएको छ भन्नुभयो।

प्रमुख प्रजापतिले भन्नुभयो, 'महिलाहरूको सक्रियताले समाजलाई अगाडि बढाउन धेरै समय लाग्दैन। का. प्रधानले छोटो जीवन तर सार्थक जीवन बाँच्नुभएको छ।'

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं बाग्मती प्रदेशसभा सदस्य **सृजना सैंजू**ले का. शोभा प्रधान एक असल शिक्षिका र पञ्चायती व्यवस्थाको विरुद्ध र प्रजातन्त्र स्थापनाको लागि सङ्घर्षरत क्रान्तिकारी महिला नेतृ हुनुहुन्थ्यो भन्नुभयो।

भक्तपुरमा हुने क्यानसर रोगविरुद्ध हुने जनचेतना कार्यक्रमहरूमा उहाँको क्रियाशीलता आफैमा उत्साहप्रद भएको बताउनुहुँदै सांसद सैंजुले देश र जनताको सेवा नै धर्म हो भन्ने विचार उहाँमा भएको बताउनुभयो।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले स्व. प्रधानप्रतिको श्रद्धाञ्जली भनेकै उहाँको सपना पूरा गर्न सबैजना प्रतिबद्ध भएर लाग्नु हो भन्नुहुँदै महिलाहरूलाई राजनीतिक रूपमा सङ्गठित बनाउन उहाँको योगदान उल्लेखनीय भएको बताउनुभयो।

कार्यक्रमका सभापति एवम् नेपाल कर्मचारी समाज र नेपाल नगरपालिका कर्मचारी एशोसिएसनका अध्यक्ष **गौतमप्रसाद लासिवा**ले का. रोहितको राजनीतिक जीवन सफल बनाउन शोभा प्रधानको उल्लेखनीय भूमिका रहेको बताउनुभयो।

कार्यक्रममा नेपाल कर्मचारी समाजका सचिव **शिवराम धुख्वा**ले पनि बोल्नुभएको थियो भने नेपाल नगरपालिका कर्मचारी एशोसियसनका सदस्य **रामकृष्ण प्रजापति**ले का. शोभा प्रधानको जीवनी वाचन गर्नुभएको थियो।

## का. शोभा प्रधानको जीवन, व्यक्तित्व र योगदानको चर्चा

नेपाल क्रान्तिकारी महिला सङ्घ केन्द्रीय समितिका कोषाध्यक्ष, प्रेरणादायी शिक्षिका, समर्पित कार्यकर्ता शोभा प्रधानको श्रद्धाञ्जली कार्यक्रम असार ३१ गते भयो।

नेक्रामसङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा भएको उक्त कार्यक्रममा वक्ताहरूले शोभा प्रधानको जीवन, व्यक्तित्व र योगदानबारे चर्चा गर्नुभयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले



देश र जनतामा समर्पित हुनेहरूलाई जनताले प्रेम गर्नुका साथै सदा सम्झिरहने बताउनुभयो ।

व्यक्तिगत जीवनलाई महत्त्व नदिई जनताको सेवामा लाग्नुभएका शोभा भाउजू जनताको हृदयमा अमर रहनेछ, उहाँले भन्नुभयो ।

एकपटक क्यान्सर रोगलाई पराजित गर्नुभएका शोभा भाउजूले त्यस रोगविरूद्ध जनचेतना अभियानमा एक अभियन्ताको रूपमा सक्रिय हुनुभएको केन्द्रीय सदस्य प्रजापतिले स्मरण गर्नुभयो ।

उहाँले भन्नुभयो, 'राजनीतिक गतिविधिमा शोभा प्रधानको क्रियाशीलता र श्रमिक वर्गीय महिला आन्दोलनमा प्रधानको भूमिका र योगदानबाट हामीले शिक्षा लिनुपर्छ ।'

प्रमुख प्रजापतिले भन्नुभयो, 'शोभा प्रधानले छोटो तर, सार्थक जीवन बाँच्नुभयो । भाउजूको जीवन, क्रान्तिकारी विचार र भद्र व्यवहारबाट हामीले सिक्न जरूरी छ । श्रमिक वर्गका महिलाहरूको सक्रियता र वैचारिक सुस्पष्टताले मात्र समाज साँचो अर्थमा अगाडि बढ्छ । नेपालको कामदार वर्गीय महिला आन्दोलनमा शोभा प्रधानले पुऱ्याउनुभएको योगदान सराहनीय छ ।'

केन्द्रीय सदस्य प्रजापतिले शोभा प्रधानको सहनशील, धैर्य, उच्च आत्मबलसहित जीवनका हरेक अप्ठ्याराहरूसँग सामना गर्ने, क्यान्सरजस्तो डरलाग्दो रोगसँग हाँसीहाँसी सामना गर्ने व्यवहार प्रत्येक महिलाहरूको निम्ति प्रेरणाको स्रोत हुनेछ भन्नुभयो ।

नेमकिपाका अर्का केन्द्रीय सदस्य एवं बागमती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले शोभा प्रधानलाई प्रकाशमा नआई पर्दा पछाडिबाट पार्टीलाई योगदान गर्ने सच्चा पार्टी कार्यकर्ताको रूपमा सम्झनुभयो ।

उहाँले भन्नुभयो, 'नामको पछाडि कहिल्यै नलाग्ने शोभा प्रधानले पार्टी कार्यकर्ताहरूको निम्ति असल अभिभावक, शिक्षकहरूका निम्ति आदर्श व्यक्तित्व र महिला कार्यकर्ताको निम्ति प्रेरणाको स्रोत हुनुहुन्थ्यो ।'

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष **ज्ञानसागर प्रजापति**ले शिक्षा क्षेत्र र शैक्षिक आन्दोलनमा शोभा प्रधानको योगदानबारे चर्चा गर्नुभयो ।

'शोभा प्रधानले शिक्षण पेसाजस्तो चोखो पेसा अँगाली विद्यार्थीका निम्ति दोस्रो आमाको भूमिका निर्वाह गर्नुभयो । शैक्षिक क्षेत्रको विकृति हटाई भक्तपुरको शिक्षा गुणस्तरीय बनाउन अहोरात्र खट्ने शोभा प्रधानले कहिल्यै सुविधाको कुरा गर्नुभएन । बरू, विपत्तिमा परेका मानिसहरूलाई सघाउन चन्दा सङ्कलन गर्ने, रोगसँग लड्न आवश्यक कोष खडा गर्ने पुण्य कार्य गर्नुभयो', उहाँले भन्नुभयो ।

नेक्रामसङ्घका केन्द्रीय सदस्य **रोशनमैँया सुवाल**ले अक्षरसमेत नचिनेका भक्तपुरका महिलाहरूलाई साक्षर बनाउन प्रौढ कक्षा सञ्चालनमा शोभा प्रधानको अगुवाइ र २०४५ सालको 'भक्तपुर काण्ड' मा पार्टीलाई जोगाउन प्रधानले पुऱ्याउनुभएको योगदानबारे चर्चा गर्नुभयो ।

क्यान्सर रोग विशेषज्ञ डा. **आरती शाह**ले शोभा प्रधानले २०५६ सालमा सामना गर्नुपरेको स्तन क्यान्सर र क्यान्सरविरूद्ध उहाँको प्रतिरोध लडाइँबारे सङ्क्षिप्त चर्चा गर्नुहुँदै उच्च मनोबल र आत्मबलका कारण प्रधान छिट्टै सक्रिय जीवनमा फर्कनुभएको बताउनुभयो ।

डा. शाहले स्तन क्यान्सर र पाठेघरको क्यान्सर हुन नदिन विशेषगरी महिलाहरूले अपनाउनुपर्ने सजगताबारे चर्चा गर्नुभयो ।

आयोजक समितिका संयोजक **सृजना सैँजू**को सभापतित्वमा भएको उक्त कार्यक्रममा **योगेन्द्रमान बिजुक्छेँ, सुवेग बिजुक्छेँ, गंगा वैद्य**लगायतले बोल्नुभएको थियो ।

कार्यक्रममा शोभा प्रधानको सङ्क्षिप्त परिचयसहितको वृत्तचित्र प्रदर्शनी गरिएको थियो ।


भक्तपुर नगरपालिकाद्वारा सञ्चालित



एम्बुलेन्स
र
शव वाहन
को लागि
सम्पर्क फोन : ६६१३ २००

# संक्षेपमा




## रिकीशी प्राङ्गारिक मल

भक्तपुर नगरपालिकाले घरदैलोबाट सङ्कलन गरेको कुहिने फोहोरलाई सीएनबीएम (CNBM) प्रविधिबाट उत्पादन गरेको रिकीशी प्राङ्गारिक मल (कम्पोष्ट मल)। यो मल प्रति २० किलोको रु. ४००/- मा बिक्री गरिन्छ।

## वडाको काम सडकबाट




चाँगुनारायण नगरपालिका-६ कार्यालयले नगरकोट सडकमै नागरिकलाई सेवा दिँदै। **विगत नौ वर्षदेखि भक्तपुर नगरकोट सडक निर्माण अलपत्र पार्नेलाई कारबाही** गरी सडक निर्माण गर्न माग गर्दै वडाध्यक्ष धनबहादुर लामाले सडकमै सेवा दिनुभएको हो। तस्बिर : रमेश गिरी/रासस

## श्रीलङ्काकामा सङ्कट

देश आर्थिक रूपमा टाट पल्टेपछि श्रीलङ्काका हजारौँ



आक्रोशित प्रदर्शनकारीहरू राष्ट्रपति निवासमा प्रवेश गरेपछि राष्ट्रपति गोटावाय राजापाक्ष निवासबाट भाग्न बाध्य भए।

राष्ट्रपति राजापाक्षले मुलुकको सङ्कट समाधान गर्न नसकेकाले पदमा बसिरहन नमिल्ने भन्दै उनको राजीनामाको माग गर्दै विशाल विरोध प्रदर्शन भयो।

प्रदर्शनकारीहरूले प्रधानमन्त्री विक्रमासिङ्घेको घरमा आगजनी समेत गरेका थिए।

श्रीलङ्कामा आर्थिक सङ्कटसँगै राजनीतिक सङ्कट पनि उत्पन्न भएको छ।

पछि, राष्ट्रपति गोटाबाया राजपाक्षेले सिङ्गापुर पुगेर पदबाट राजीना दिए भने प्रम विक्रमासिङ्घे राष्ट्रपतिमा निर्वाचित भए।

## भक्तपुर नपाको पर्यटक सेवा शुल्कबाट आम्दानी



भक्तपुर नगरपालिकाले आर्थिक वर्ष २०७७/०७८ मा ५३ हजार ५६० जना पर्यटकको आगमन भएको र पर्यटक सेवा शुल्कबाट झन्डै ४ करोड ९५ लाख आम्दानी गरेको छ।

भक्तपुर पर्यटन सेवा केन्द्रले दिएको जानकारीअनुसार आ.व. २०७७/०७८ मा गैरसार्क पर्यटक २२,०८७ र सार्क पर्यटक ३१,४७३ गरी कूल ५३५६० जना रहेका थिए।

मजदुर दैनिकबाट

## भारतमा दोस्रो महिला राष्ट्रपति



भारतको पन्ध्रौँ राष्ट्रपतिमा द्रौपदी मुर्मु निर्वाचित भएकी छिन् । उनको शपथग्रहण साउन ९ गते भयो ।

मतपरिणामअनुसार मुर्मुले दुई हजार आठसय २४ र उनका प्रतिद्वन्द्वी यशवन्त सिन्हाले एक हजार आठसय ७७ मत प्राप्त गरेका थिए । निर्वाचनमा चार हजार सातसय ५४ मत मत खसेको थियो जसमा ५३ मत बदर भएको थियो । अल्पसङ्ख्यक जातीय समुदायकी मुर्मु भारतको पहिलो आदिवासी र दोस्रो महिला राष्ट्रपति भएकी छन् । यस अघि प्रतिभा पाटिल राष्ट्रपति भएकी थिइन् ।

पूर्वी राज्य उडिसाकी ६४ वर्षिया मुर्मु सन् २०१५ देखि २०२१ सम्म झारखण्ड राज्यको राज्यपाल थिइन् । सन्थाल जातिकी अल्पसङ्ख्यक सदस्य उनको समुदायका मानिस पूर्वी नेपालको झापा र मोरङमा बसोबास गर्दै आएका समाचार संस्था एपीले जनाएको छ ।

राजनीतिमा प्रवेश गर्नु अघि उनी विद्यालय शिक्षिका थिइन् । भारतीय जनता पार्टीबाट दुई पटक सांसद भएकी उनका बुबा र हजुरबुवा उडिसाको मयुरभञ्ज जिल्लाको बैदापोसीमा गाउँका प्रमुख थिए ।

कोरोनाबाट बच्न पटक पटक

साबुन पानीले हात धोऔं ।

शारीरिक दूरी कायम गरौं ।

## नेपालमा कोरोना सङ्क्रमण

साउन १५ गते

परीक्षण प्रयोगशाला : १०९ (सरकारी- ५९ / निजी- ५०)

परीक्षण सङ्ख्या : ५८,१६,५८१

सरकारी- २८,२५,६३७ / निजी- २९,९०,९४४

खोप लगाउने जम्मा: ४,९३,९१,९३७

पहिलो- २,१५,५०,१६० / पूर्ण- २,०५,७९,३६५ / बुस्टर-७२,६२,४१२

कूल सङ्क्रमित : ९,८६,५९६ (सन् २०२०।११ देखि २०२२।७।३१)

निको भएका सङ्ख्या : ९,७०,०६२

मृत्यु भएको सङ्ख्या : ११,९६७

### प्रदेशगत सङ्क्रमित विवरण (सन् २०२२।११ – २०२२।७।३१)

| प्रदेश | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| प्रदेश नं. १ | ९,४२९ | ७,०८१ | १६,५१० |
| मधेस | ४,४९६ | १,५५० | ६,०४६ |
| बागमती | ५८,३१३ | ४९,६८३ | १०७९९६ |
| गण्डकी | ७,१०३ | ५,०७६ | १२,१७९ |
| लुम्बिनी | ५,५२७ | ३,७७१ | ९,२९८ |
| कर्णाली | ८०१ | ३९३ | १,१९४ |
| सुदूरपश्चिम | ३,२२१ | १,७२१ | ४,९४२ |
| जम्मा | ८८,८९० | ६९,२७५ | १५८,१६५ |

### उमेरगत सङ्क्रमित (सन् २०२०।११ – २०२२।७।३१)

| उमेर | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ० देखि १० | १३०९७ | ९३५६ | २२४५३ |
| ११ देखि २० | ३७०५३ | २७५५६ | ६४६०९ |
| २१ देखि ३० | १३६७१९ | १०८७५७ | २४५४७६ |
| ३१ देखि ४० | १४९५८६ | ९६०२५ | २४५६११ |
| ४१ देखि ५० | १०११९८ | ६४०२७ | १६५२२५ |
| ५१ देखि ६० | ७१७०५ | ४८४३९ | १२०१४४ |
| ६१ देखि ७० | ३९१८६ | २८८१९ | ६८००५ |
| ७१ देखि ८० | १९८४९ | १५५५९ | ३५४०८ |
| ८० भन्दा माथि | ८७०६ | ६६४२ | १५३४८ |
| जम्मा | ५७७०९९ | ४०५१८० | ९८२२७९ |

### काठमाडौं उपत्यकाको विवरण (सन् २०२०।११ देखि २०२२।७।३१)

| जिल्ला सङ्क्रमित | पुरुष | महिला | जम्मा | निको | मृत्यु |
|---|---|---|---|---|---|
| काठमाडौं | १८६,९०३ | १४०,७५७ | ३२७,६६० | ३२२७६४ | २३०६ |
| ललितपुर | ३५,२५८ | ३१,५२९ | ६६७८७ | ६५५१९ | ७४८ |
| भक्तपुर | २०,७१४ | १७,६०० | ३८३१४ | ३७८४२ | ४४९ |
| जम्मा | २४२,८७५ | १८९८८६ | ४३२७६१ | ४२६१२५ | ३५०३ |

स्रोत : स्वास्थ्य मन्त्रालय (इन्टरनेट)

# कृषि प्रधान देश छ मेरो



–सुनिता गाइरी

रिमि र झिमि पानी है
पर्‍यो रमायो यो मन ।
खेतका गह्रा पानीले
भरिए समाय बनाउन ।

रोपारहरू असारे गीत
गाउन थालेछन् ।
बाउसेहरू हिलोमा हेर
रमाउन थालेछन् ।

त्यो बाँझो खेत
जोतेर अब,
फलाउँछु सुन म
आशाका लहर सबका
मनमा जगाउँछु अब म ।

घाम र पानी छलेर
अब अन्न फलाउँछु
कृषि प्रधान देश हो मेरो
आत्मनिर्भर बनाउँछु ।

पराई भूमिमा टेक्ने
रहर कति नि छैन नि
दिनहुँ युवा विदेशिँदा त
मन सारै रुन्छ नि ।

आफ्नो भूमि सारै नै
प्यारो लाग्छ मलाई त
यहीं माटो खोस्री
मलिलो पार्छु फलाउँछु जगत ।

# केही गजल

–नरेन्द्रप्रसाद जोशी



फटाहा अचेल निर्धक्क हिँड्छन् सज्जनले डराउनु परेको छ
जालीझेलीहरुको माझबाट 'सत्य' आज हराउनु परेको छ
जो व्यक्ति टाढैबाटढल झैं श्वास श्वास गन्हाउँछ
के गर्नु सामीप्य उसकै आज मनपराउनु परेको छ
सिमाना नाघीनैतिकताको पाइला लम्काउँदैछन् कोही
आखाँ उसको उधार्न घाँटी सुकाइ कराउनु परेको छ
अहंकारी व्यक्तिको न कैल्यै भलो भएथ्यो न अब हुन्छ
अब ऊ बाट उसको अहंकार च्यूत गराउनु परेको छ ।

दानमा छ भने महादन त्यो हो रक्तदान
जीवनदान रक्तदान हो रक्तदान जीवनदान
अबर्णनीय छ थोपा थोपा रक्तको मूल्य
आश मरिसकेकालाई दिन्छ जीवनदान
जीवातमा श्रेष्ठ मानको बलिदान
ठूलोमा केहीछ भने यही हो यागदान

विज्ञापनमा आज चाउचाउले मार्‍यो
नेताजीको त्यो हाउभाउले मार्‍यो
उर्लिरहेको छ छाल आज देशमा
देश चलाउनेहरुकै दाउले मार्‍यो
चारवर्ष भैसक्यो नबढेको तलब
आज तेलको बजार भाउले मार्‍यो
बोली मीठो खुब बोल्नुहुन्छ नेताजी
कानून कुल्चने त्यो पाउले मार्‍यो

नाङ्गो आङ भोका पेट आहारा माग्छ
टुहुरा यी हातहरु सहारा माग्छ
कर्तव्य तिम्रो के हुनु थियो के भयो
'आमा' ! हरेकसँग आज भाडा माग्छ
औंशीको यो कालरात्री चिर्नलाई
कोही बादलभित्रको सितारा माग्छ
'मझधार' मा छ देश डुबानम छ
शान्तिको सास फेर्न किनारा माग्छ

An Undertaking of Bhaktapur Municipality

## Khwopa Hospital

### District Wise

| | | 2077 | | | | | 2078 | | | | | | | | | | | | 2079 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| S.N | District | Mansir | Poush | Margh | Fhagun | Chaitra | Baishak | Jestha | Ashad | Shawran | Bhadra | Ashoj | Kartik | Mansir | Poush | Margh | Fhagun | Chaitra | Baishak | Jestha | Ashad |
